# नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना: नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही महसुल, कर, पोत, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न वा हेरफेर गर्न तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित कानूनलाई संशोधन समेत गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०६४" रहेकोछ ।

(२) यस ऐनको दफा १, २, ३, ४, ५, ९ र ११ संवत् २०६४ साल असार २८ गतेदेखि र अन्य दफाहरु संवत् २०६४ साल साउन १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. भन्सार महसूल : (१) विदेशबाट नेपाल राज्यभित्र पैठारी हुने मालवस्तुहरुमा अनुसूची-१ बमोजिम भन्सार महसूल लगाइने र असुल उपर गरिनेछ ।

(२) नेपाल राज्यबाट विदेशमा निकासी हुने माल वस्तुहरुमा अनुसूची-२ बमोजिम भन्सार महसूललगाइने र असुल उपर गरिनेछ ।

३. भन्सार सेवा दस्तुर : नेपाल राज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल राज्यमा पैठारी हुने मालवस्तुको प्रति प्रज्ञापनपत्रमा निकासी वापत पाँच सय रुपैयाँ र पैठारी वापत एक सय रुपैयाँ भन्सार सेवा दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

तर निकासी महसूल लाग्ने मालवस्तुहरु, कूटनैतिक तथा महसूल सुविधामा निकासी वा पैठारी हुने मालवस्तुहरु तथा महसूल तिरी अस्थायी पैठारी हुने मालवस्तुहरु र पाँचहजार रुपैयाँसम्म मूल्यको निकासी वा पैठारी हुने मालवस्तुहरुमा यो दस्तुर लाग्ने छैन ।

४. कृषि सुधार शुल्क : आर्थिक वर्ष २०६४/६५ मा अनुसूची-१ को दफा १७ मा उल्लिखित मालवस्तु पैठारी हुँदा पैठारी मूल्यमा आठ प्रतिशतका दरले कृषि सुधार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

तर त्यस्ता मालवस्तुहरुको पैठारी हुँदा भन्सार महसूल लाग्ने रहेछ भने त्यस्तो पैठारीमा कृषि सुधार शुल्क लाग्ने छैन ।

५. अन्तःशुल्कः आर्थिक वर्ष २०६४/०६५ मा नेपाल राज्यभित्रको मिल वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थ वा पैठारी भएका मालवस्तु वा सेवामा अनुसूची बमोजिम अन्तःशुल्क लगाईने र असुल उपर गरिनेछ ।

६. मूल्य अभिवृद्धि कर : आर्थिक वर्ष २०६४/०६५ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाईने र असुल उपर गरिनेछ ।

७. सेवा कर : आर्थिक वर्ष २०६४/६५ मा :-

(१) नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामुदायिक अस्पतालहरुले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका अन्य निकायहरुले प्रदान गर्ने स्वास्थ्य सेवाहरुमा जारी बीजक मूल्यको पाँच प्रतिशतका दरले सेवा कर लगाईने र असूल उपर गरिनेछ ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिबाट निजी क्षेत्रद्वारा संचालित विद्यालयहरुबाट संकलन गरिने मासिक शिक्षण शुल्कको पाँच प्रतिशत सेवा कर वापत असुल उपर गरिनेछ । त्यस्तो सेवा करबाट संकलित रकम ग्रामिण क्षेत्रका सरकारी अनुदान प्राप्त विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक र विद्यालयको भौतिक पूर्वाधार विकासको लागि खर्च गरिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको सेवा कर त्यस्तो सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायले विजक जारी गरी असुल उपर गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम सेवा कर असुल गर्ने व्यक्ति, संस्था वा निकायले असूल गरेको रकम र सोको विवरण चौमासिक रुपमा प्रत्येक चौमासिक अवधि समाप्त भएको २५

दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र कर दाखिला नगरेमा वार्षिक १० प्रतिशत ब्याज र विवरण दाखिला नगरेमा प्रति विवरण रु.१,०००/- असुलउपर गरिनेछ । तीन महिनासम्म पनि बाँकी सेवा कर नबुझाउने व्यक्ति, संस्था वा निकायद्वारा संचालित कारोबारलाई कर अधिकृतले बन्द गर्न आदेश दिन सक्नेछ ।

(६) उपदफा (१) र (२) बमोजिमको सेवा करको प्रशासन र कार्यविधि आन्तरिक राजस्व विभागले तोके बमोजिम हुनेछ ।

८. सवारी साधन कर : आर्थिक वर्ष २०६४/०६५ मा अनुसूची-३ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

९. रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर : आर्थिक वर्ष २०६४/०६५ मा अनुसूची-४ बमोजिम रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

१०. चलचित्र विकास शुल्क : आर्थिक वर्ष २०६४/०६५ मा अनुसूची-५ बमोजिम चलचित्र विकास शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. स्थानीय विकास शुल्क : (१) आर्थिक वर्ष २०६४/०६५ मा नेपालराज्य भित्र पैठारी हुने मालवस्तुमा भन्सार महसूल प्रयोजनका लागि कायम हुने मूल्यको डेढ प्रतिशतका दरले स्थानीय विकास शुल्क लगाई पैठारी गर्दाकै अवस्थामा असुल उपर गरिनेछ ।

तर अनुसूची-६ मा उल्लेख भएका मालवस्तुमा स्थानीय विकास शुल्क लाग्ने छैन ।

(२) उपदफा (१) बमोजिम असुल गरेको शुल्क स्थानीय विकास शुल्क कोषमा जम्मा गरिनेछ । कोषमा जम्मा हुने रकमको छ खण्डको एक खण्ड रकम नगरपालिकाहरुले भुक्तानी गर्नु पर्ने सडक बत्तीको विद्युत महसूल भुक्तानी गर्न प्रयोग गरिनेछ र बाँकी रकम कार्य संचालन र विकास निर्माणको लागि खर्च गर्ने गरी नगरपालिकाहरुलाई वितरण गरिनेछ ।

१२. प्रदुषण नियन्त्रण शुल्क : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मिति देखि काठमाडौं उपत्यकाभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रति लिटर पचास पैसा

नेपाल आयल निगमको बिक्री मूल्यमा प्रदुषण नियन्त्रण शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम असुल गरेको शुल्क छुट्टै कोष खडा गरी जम्मा गरिनेछ । सो रकम वातावरण संरक्षण गर्ने प्रयोजनको निमित्त प्रदुषण नियन्त्रण गर्ने कार्यमा खर्च गरिनेछ ।

१३. टेलिफोन स्वामित्व शुल्क : (१) आर्थिक वर्ष २०६४/०६५ मा टेलिफोन जडान गर्ने ग्राहकबाट टेलिफोन स्वामित्व शुल्क वापत एक हजार रुपैयाँ असुल उपर गरिनेछ । टेलिफोनको स्वामित्व परिवर्तन भएको अवस्थामा टेलिफोनको स्वामित्व प्राप्त गर्ने व्यक्तिबाट समेत त्यस्तो शुल्क असुल उपर गरिनेछ ।

तर अग्रिम भुक्तानी हुने (प्रि-पेड) मोवाइल टेलिफोनको हकमा प्रत्येक सिमकार्ड र रिचार्ज कार्डको मूल्यमा दुई प्रतिशतका दरले टेलिफोन स्वामित्व शुल्क लाग्नेछ ।

१४. पर्यटन सेवा शुल्क : (१) नेपाल राज्यबाट हवाईमार्ग भई बाहिर प्रस्थान गर्ने प्रत्येक विदेशी नागरिकबाट नेपाल पर्यटन बोर्डले प्रति व्यक्ति पाँचसय रुपैयाँ पर्यटन सेवा शुल्क लगाई असुल उपर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम उठाएको पर्यटन सेवा शुल्क नेपाल पर्यटन बोर्डले आफ्नो कोषमा जम्मा गरी नेपाल पर्यटन बोर्ड ऐन, २०५३ र सो अन्तर्गत बनेका नियम एवं विनियमका अधीनमा रही पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यमा खर्च गर्न पाउनेछ ।

तर बोर्डले पर्यटन प्रवर्द्धन सम्बन्धी कार्य गर्दा आफूलाई प्राप्त भएको रकमको पन्ध्र प्रतिशतसम्म रकम मात्र आफ्नो प्रशासनिक कार्यमा खर्च गर्न पाउनेछ ।

(३) उपदफा (२) बमोजिमको कोषको लेखा परीक्षण पर्यटन विकास बोर्डले महालेखा परीक्षकबाट गराउनु पर्नेछ ।

१५. आकस्मिक लाभ कर : आर्थिक वर्ष २०६४/०६५ मा चिट्ठा, उपहार, पुरस्कार, जितौरी तथा अन्य कुनै पनि आकस्मिक लाभ बापतको नगद भुक्तानीमा र जिन्सी भए प्रचलित बजार मूल्य कायम गरी सो बापत हुने भुक्तानीमा भुक्तानीकै अवस्थामा भुक्तानीकर्ताले भुक्तानी

रकमको पच्चीस प्रतिशतका दरले आकस्मिक लाभ कर कट्टी गरी पन्ध्र दिनभित्र आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेछ । यसरी दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले शुल्क लगाइने र असुल उपर गरिनेछ । यसरी लागेको कर र शुल्क दाखिला नभएमा सरकारी बाँकी सरह भुक्तानीकर्ता वा भुक्तानी पाउने व्यक्तिबाट असुल उपर गरिनेछ ।

तर साहित्य, कला, संस्कृति, खेलकुद, पत्रकारिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासन क्षेत्रमा योगदान पुऱ्याए बापत प्राप्त हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका पुरस्कारमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आकस्मिक लाभ कर नलाग्ने गरी छुट दिन सक्नेछ ।

१६. क्यासिनो रोयल्टी : (१) आर्थिक वर्ष २०६४/०६५ मा नेपाल राज्यमा रहेका प्रत्येक क्यासिनोले वार्षिक एक करोड सत्तरी लाख रुपैयाँ रोयल्टी तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्यासिनोले तिर्नु पर्ने वार्षिक रोयल्टी बापत मासिक दामासाहीले हुन आउने रकम प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र रोयल्टी नबुझाउने क्यासिनोलाई वार्षिक पन्ध्र प्रतिशतका दरले शुल्क समेत लगाई रोयल्टी रकम असुल उपर गर्नु पर्नेछ । तीन महिनासम्म पनि बाँकी रोयल्टी र शुल्क नबुझाउने क्यासिनोलाई कर अधिकृतले क्यासिनो बन्द गर्न आदेश दिन सक्नेछ ।

(४) यस दफा बमोजिम असुल उपर गर्नु पर्ने रोयल्टी र शुल्क दाखिला नभएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१७. दूरसंचार सेवा दस्तुर : आर्थिक वर्ष २०६४/०६५ मा दूरसंचार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महसूलको दश प्रतिशत रकम दूरसंचार सेवा दस्तुर बापत ग्राहकबाट असूल उपर गरिनेछ । ग्राहकबाट असूल उपर गरिने यस्तो दस्तुर रकम दूरसंचार सेवा उपलब्ध गराउने निकायले मूल्य अभिवृद्धि कर साथ दाखिला गर्नु पर्नेछ ।

तर इण्टरनेट सेवा तथा पेजर सेवा प्रदायकहरुलाई यस्तो दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दूरसंचार सेवा उपलब्ध गराउने अनुमति प्राप्त व्यक्तिहरु बीच एकले अर्कोको नेटवर्क प्रयोग गरे बापत तिर्नु पर्ने शुल्क (इन्टर कनेक्सन चार्ज) मा यस्तो दस्तुर लाग्ने छैन ।

(३) उपदफा (१) बमोजिमको दस्तुर दूरसंचार सेवा उपलब्ध गराउने अनुमति प्राप्त व्यक्तिले असुल गरी मूल्य अभिवृद्धि कर सहित प्रचलित कानून बमोजिमको म्यादभित्र दाखिला गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दाखिला गर्नु पर्ने दस्तुर म्यादभित्र नबुझाएमा त्यस्तो बाँकी रकममा मासिक पाँच प्रतिशतका दरले थप दस्तुर लाग्नेछ ।

१८. सडक निर्माण, सम्भार तथा सुधार दस्तुर : (१) आर्थिक वर्ष २०६४/०६५ मा शहरी सडक निर्माण तथा सम्भार गर्नको लागि देहायका सवारी साधन दर्ता गर्दाका बखत देहाय बमोजिमको दरमा शहरी सडक निर्माण तथा सम्भार दस्तुर लगाइने र असुल उपर गरिनेछ :-

| सवारीको किसिम | दर प्रति सवारी |
| --- | --- |
| (क) कार, जीप, भ्यान, माइक्रोबस | मूल्यको दुई प्रतिशत |
| (ख) मोटरसाइकल | चार हजार रुपैयाँ |

तर, कूटनैतिक नियोग तथा कूटनैतिक सुविधा प्राप्त व्यक्ति र एम्बुलेन्स वा शव बाहनलाई यस्तो दस्तुर लाग्ने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “मूल्य” भन्नाले आन्तरिक खरिदको हकमा मूल्य अभिवृद्धि कर सहितको बीजक मूल्य र पैठारीको हकमा भन्सार महसूल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर तथा भन्सार विन्दुमा लाग्ने सबै प्रकारका दस्तुर र शुल्क समावेश भएको मूल्य सम्झनु पर्छ ।

(२) आर्थिक वर्ष २०६४/०६५ मा विदेशबाट नेपाल राज्यमा पैठारी हुने पेट्रोल र डिजेलमा सडक मर्मत तथा सुधार गर्न प्रति लिटर पेट्रोलमा दुई रुपैयाँ र प्रति लिटर डिजेलमा एक रुपैयाँ सडक सुधार दस्तुर भन्सार विन्दुमै लगाइने र असुल उपर गरिनेछ।

१९. वन पैदावार शुल्क : (१) नेपाल सरकारद्वारा सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएका राष्ट्रिय वन मध्ये उपभोक्ता समूहले तराईका जिल्लामा प्रचलित कानून बमोजिम कार्य योजना बनाई निकालिएको साल र खयरका काठ उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनका लागि बिक्री गरेमा त्यसरी बिक्री गरी प्राप्त भएको रकम मध्ये पन्ध्र प्रतिशत रकम आर्थिक वर्ष २०६४/०६५ मा वन पैदावार शुल्क वापत नेपाल सरकारको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनको लागि काठ बिक्री गरी उपभोक्ता समूहले प्राप्त गरेको रकम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन, वातावरण संरक्षण र स्थानीय विकाससंग सम्बन्धित कार्यमा खर्च गर्नु पर्नेछ।

२०. दर घटाउन वा छूट दिन सक्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन र प्रचलित कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महसूल र करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसूल र कर आंशिक वा पूर्णरुपमा छूट दिन सक्नेछ।

२१. प्रक्रिया सरलीकरण गर्न तथा बाधा अड्काउ फुकुवा गर्न सक्ने : आयकर ऐन, मूल्यअभिवृद्धि कर ऐन, अन्तःशुल्क ऐन, भन्सार ऐन तथा आर्थिक ऐनको कार्यान्वयनको क्रममा हड्ताल, दैवी प्रकोप, प्राकृतिक विपत्तीको कारणले उल्लिखित ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नसकिने अवस्था सिर्जना भएमा वा कुनै जटिलता देखिएमा वा बाधा अड्काउ पर्न गएमा अर्थ मन्त्रालयले अवधि थप गर्ने, प्रक्रिया सरलीकरण गर्ने तथा कानूनको व्याख्या गरी बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

२२. बक्यौता फछ्र्यौट समिति : (१) प्रचलित कानून बमोजिम चुक्ता हुन बाँकी रहेका बक्यौता करहरु (भन्सार महसूल, आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, मनोरन्जन कर, ठेक्का कर, बिक्री कर,

हवाई उडान कर, होटल कर, घरजग्गा कर) असूल उपर गर्न तथा मिन्हाको सिफारिस गर्न नेपाल सरकारले अधिकार सम्पन्न एक उच्च स्तरीय बक्यौता फछ्यौंट समिति गठन गर्न सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम बक्यौता असुल उपर गर्ने प्रयोजनको लागि सम्बन्धित ऐन, नियमहरुद्वारा प्रदान गरिएको अधिकार प्रयोग गर्नेछ ।

(३) साविकमा कर निर्धारण भई वा प्रचलित कानूनबाट कर दायित्व सिर्जना भई आर्थिक वर्ष २०५८/५९ सम्ममा लगत कायम भएको बक्यौता कर मध्ये उपयुक्त कारण र आधारबाट असूल हुन नसक्ने देखि मनासिब माफिकको कारण र आधार सहित समितिले मिन्हा हुन सिफारिस गरेमा प्रति लगत पाँच हजार रुपैयाँसम्म अर्थ मन्त्रालयले र पाँच हजार रुपैयाँ भन्दा वढी दश हजार रुपैयाँसम्म नेपाल सरकारले मिन्हा दिन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको अधिकांश स्वामित्वमा रहेका संस्थान, कम्पनी, विकास समिति, निजीकरण भईसकेका सरकारी संस्थान तथा विघटन वा खारेज भईसकेका सरकारी संस्थान वा कम्पनीले तिर्न बुझाउन बाँकी रहेको बक्यौता कर रकम असूल हुन नसक्ने मनासिब माफिकको कारण र आधार सहित मिन्हाको लागि समितिले सिफारिस गरेमा नेपाल सरकारले मिन्हा दिन सक्नेछ ।

(५) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

२३. व्याज, शुल्क तथा जरिवाना मिन्हा हुनेः (१) आर्थिक वर्ष २०५९/६० सम्म बक्यौता कायम भई तिर्न बुझाउन बाँकी रहेको आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, मनोरन्जन कर, ठेक्का कर, बिक्री कर, हवाई उडान कर, होटल कर, घरजग्गा करको बक्यौता रकम २०६४ पुस मसान्तसम्म बुझाएमा सोमा लाग्ने व्याज जरिवाना, शुल्क तथा थप दस्तुर मिन्हा हुनेछ ।

२४. घर बहाल आयको घोषणा सम्बन्धी विशेष व्यवस्था : कुनै प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०६२/०६३ सम्ममा आर्जन गरेको घर बहाल आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने आयकर तिर्न बाँकी भए, त्यस्तो आय घोषणा गरी सो आयको १५ प्रतिशतले हुने रकम

२०६४ साल पुस मसान्तसम्म बुझाएमा बाँकी कर, शुल्क तथा ब्याज मिन्हा हुनेछ ।

२५. कार्पेट र गार्मेन्ट उद्योगहरु सम्बन्धी विशेष व्यवस्था : काठमाडौं उपत्यका (काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला) भित्र संचालित कार्पेट र गार्मेन्ट उद्योगका कारखाना अन्यत्र कुनै जिल्लामा स्थानान्तरण गरेमा त्यस्ता उद्योगलाई स्थानान्तरण गरेको आय वर्ष समेत पाँच आय वर्षको आयमा लाग्ने करमा पचहत्तर प्रतिशत छुट हुनेछ ।

२६. विवरण ढिला बुझाए बापतको शुल्क मिन्हा सम्बन्धी व्यवस्था : आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आर्थिक वर्ष २०६२/६३ को स्वयं कर निर्धारण विवरण वा विवरण ढिला बुझाए बापत लाग्ने शुल्क नबुझाएका पूर्वानुमानित कर तिर्ने व्यक्तिको हकमा एक सय रुपैयाँ प्रति महिनाको दरले हुने रकम र अन्य करदाताको हकमा एक सय रुपैयाँ प्रति महिनाको दरले हुने रकम वा कुनै आय वर्षको आय गणना गर्दा कुनै रकम कटाई पाउने भए सो नकटाई र कुनै रकम समावेश गर्नु पर्ने भए समावेश गरी हुने निर्धारण योग्य आयको रकमको शुन्य दशमलव एक प्रतिशत प्रति वर्षका दरले हुने रकम मध्ये जुन बढी हुन्छ सो रकम वा विवरण २०६४ साल पुस मसान्तसम्म बुझाएमा बाँकी शुल्क मिन्हा हुनेछ ।

२७. बीमा व्यवसाय सम्बन्धी विशेष व्यवस्था : सामान्य बीमा व्यवसाय गर्ने व्यक्तिले आय वर्ष २०६३/०६४ सम्मका कुनै आय वर्षमा बीमा नियमावली, २०४९ को व्यवस्था बमोजिम जगेडा कोषमा राखेको रकममा संशोधित कर निर्धारण गर्दा लागेको कर, शुल्क तथा ब्याज मिन्हाको लागि २०६५ साल असार मसान्तभित्र आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया पूरा गरी निवेदन दिएमा त्यस्तो कर शुल्क तथा ब्याज मिन्हा दिइनेछ ।

२८. मिन्हा पाएको ब्याज र हर्जाना सम्बन्धी विशेष व्यवस्था :कुनै व्यक्तिले व्यावसायिक प्रयोजनको लागि कुनै वर्ष लिएको ऋणमा सो वर्ष वा पछाडिका कुनै वर्षमा तिर्नु पर्ने ब्याज वा हर्जाना नतिरेपनि एक्रुअल आधारमा आय गणना गर्दा खर्चकट्टी लिएको तर सो ब्याज वा हर्जाना मध्ये मिन्हा पाएको वा अन्य कुनै कारणले तिर्नु नपर्ने भएको रकम सो वर्षको आयमा समावेश गरी कर नतिरेको भए

त्यस्तो आय रकमको २० प्रतिशतले हुने रकम २०६४ पुस मसान्तभित्र चुक्ता गरेमा बाँकी कर, शुल्क र ब्याज मिन्हा हुनेछ ।

२९ इलेक्ट्रोनिक क्यास रजिष्ट्रर र फिस्कल प्रिन्टरमा भएको खर्च सम्बन्धी विशेष व्यवस्था : करयोग्य कारोबार गर्ने व्यक्ति मध्ये आन्तरिक राजस्व विभागले तोकेको कुनै व्यक्तिले आर्थिक वर्ष २०६४/०६५ भित्र सो विभागले तोकेबमोजिमको इलेक्ट्रोनिक क्यास रजिष्ट्रर वा फिस्कल प्रिन्टर खरीद गरी प्रयोग गरेमा ती वस्तु खरीद गर्दाको बीजकमूल्य बराबरको सम्पूर्ण रकम सो व्यक्तिले सोही वर्ष आफनो आय गणना गर्दा खर्चकट्टी गर्न पाउनेछ ।

३०. स्टीकर टाँस्ने मेशिनमा भएको खर्च सम्बन्धी विशेष व्यवस्था : मदीरा, बियर तथा चुरोट उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनमा अन्तःशुल्क स्टीकर टाँस्न आर्थिक वर्ष २०६४/०६५ भित्र खरीद गरी प्रयोग गरेको मेशीनको बीजक मूल्य बमोजिमको सम्पूर्ण रकम सो वर्षको आफ्नो आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ ।

३१. चलचित्र विकाश शुल्क सम्बन्धी विशेष व्यवस्था : नेपालभित्र संचालित चलचित्र घरहरुले २०६३ साल असार मसान्तसम्मको बुझाउन बांकी चलचित्र विकाश शुल्क २०६४ साल पुस मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरीवाना मिन्हा हुनेछ ।

३२. ईंटा उद्योगको अन्तःशुल्क बक्यौतासम्बन्धी विशेष व्यवस्था : ईंटा उद्योगहरुले २०६३ साल असार मसान्तसम्मको बुझाउन बाँकी अन्तशुल्क २०६४ साल पुस मसान्तभित्र बुझाएमा सोमा लाग्ने दस्तुर तथा जरीवाना मिन्हा हुनेछ ।

३३. सहकारी संघ/संस्थालाई लाग्ने शुल्क, व्याज सम्बन्धी विशेष व्यवस्थाा : सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (२) बमोजिम कर नलाग्ने सहकारी संस्था वा संघ बाहेकका सहकारी संस्था वा संघले सम्बन्धित निकायमा पेश गरेको स्वीकृत लेखा परीक्षकबाट भएको लेखापरिक्षण प्रतिवेदनको आधारमा आय वर्ष २०६२/०६३ सम्मको आयविवरण र सोमा लाग्ने आयकर २०६४ साल पुस मसान्त भित्र दाखिला गरेमा लाग्ने शुल्क तथा ब्याज छुट हुनेछ ।

३४. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधन : राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को,-

(१) दफा ११ को उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएकोछ :-

"(ख१) राजस्व चुहावटको कसूर गर्ने व्यक्तिको चल अचल सम्पत्ति रोक्का गर्नु पर्ने मनासिब कारण भएमा त्यस्तो सम्पत्ति रोक्का गर्न सक्नेछ ।"

(२) दफा १३ पछि देहायको दफा १३क थपिएको छ :-

"१३क. अन्य विभागलाई लेखी पठाउन सक्ने : (१) राजस्व चुहावटको सम्बन्धमा अनुसन्धान अधिकृतले अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम निर्धारण गर्नु पर्ने आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क वा भन्सार महसुल निर्धारण गर्दा लापरवाही वा हेलचक्रयाई वा अन्य कुनै कारणबाट त्रुटी हुन गएको पाएमा अनुसन्धान अधिकृतले सो कुरा उल्लेख गरी विभाग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान अधिकृतको प्रतिवेदन पेश हुन आए पछि विभागले त्यस्तो कर, अन्तःशुल्क वा भन्सार महसुलको निर्धारणमा भएको त्रुटी सच्याउन सम्बन्धित विभागलाई लेखी पठाउनेछ ।

(३) उपदफा (२) बमोजिम त्रुटी सच्याउनको लागि लेखी आएमा सो बमोजिम त्रुटी सच्याउने कर्तव्य सम्बन्धित विभागको हुनेछ ।"

३५. मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को,-

(१) दफा २ को,-

(क) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएकोछ :-

"(च१) "कम्पनी वा निकायको समूह" भन्नाले देहायको अवस्था विद्यमान भएको कम्पनी वा निकायको समूह मानिनेछ :-

(क) निकायको समूहमा सम्बद्ध व्यक्ति वा प्रतिनिधि सदस्यद्वारा कुनै व्यवसाय सञ्चालन गरेमा,

(ख) कुनै वस्तु वा सेवाको आपूर्ति निकायको समूहद्वारा आफ्नो सम्बद्ध कुनै निकाय वा अर्को निकायको समूहलाई आपूर्ति गरेमा,

(ग) निकायको समूह वा समूहको सदस्यलाई कुनै वस्तु वा सेवाको आपूर्ति गरेमा,

(घ) कुनै दुई वा दुईभन्दा वढी निकायहरुको व्यापार सञ्चालनको स्थायी ठेगाना एकै ठाउमा भएमा, वा

(ङ) कुनै एक व्यक्ति वा केही व्यक्तिको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निकायको समूहमा नियन्त्रण भएमा ।

(ख) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएकोछ :-

"(ज) "प्रतिफल" भन्नाले वस्तु वा सेवाको आपूर्ति गर्दा सोको मूल्य वापत प्राप्त हुने कुनै पनि कुरा सम्झनु पर्छ ।"

(ग) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएकोछ :-

"(ज१) "ऋण सम्झौता" भन्नाले हायर पर्चेज सम्झौता वा वित्तिय पट्टा सम्झनु पर्छ ।"

(घ) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएकोछ :-

"(ट१) "विद्युतीय माध्यम" भन्नाले कम्प्यूटर, इन्टरनेट, इ–मेल, फ्याक्स, विद्युतीय क्यास मेशिन (इलेक्ट्रोनिक क्यास

रजिष्ट्रर), फिस्कल प्रिन्टर समेतका स्वीकृत माध्यमहरुलाई जनाउँछ।"

(ङ) खण्ड (न) को सट्टा देहायको खण्ड (न) राखिएकोछ :-

"(न) "कर अधिकृत" भन्नाले यस ऐनको प्रयोजनको लागि नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत, प्रमुख कर अधिकृत र प्रमुख कर प्रशासक सम्झनु पर्छ र सो शब्दले विभागका शाखा अधिकृत, निर्देशक र उप-महानिर्देशक वा यस ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले तोकेको अन्य कुनै अधिकृत समेतलाई जनाउनेछ।"

(२) दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछ :-

"४. कर अधिकृतको अधिकार क्षेत्र : (१) कर अधिकृतको अधिकार क्षेत्र नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(२) कर अधिकृतलाई आफ्नो कार्यक्षेत्र वाहेकका अन्य क्षेत्रका करदाताको कारोबार समेत निरीक्षण र अनुगमन गर्ने गरी विभागका महानिर्देशकले तोक्न सक्नेछ।"

(३) दफा ५क. को सट्टा देहायको दफा ५क. राखिएकोछ :-

"५क.कारोबारको स्वामित्वको हस्तान्तरणमा कर नलाग्ने: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता भएको व्यक्तिले आफूले गर्दै आएको कारोबार अन्य कुनै दर्ता भएको व्यक्तिलाई बिक्री गरेमा वा मृत्यु भै हकवालाको नाममा कारोबार हस्तान्तरण भएमा त्यसरी हुने स्वामित्वको हस्तान्तरणमा कर लाग्ने छैन। त्यसरी कारोबार बिक्री गर्दा वा हस्तान्तरण गर्दा दर्ता भएको व्यक्तिले सो

कुराको जानकारी तोकिए बमोजिम विभागलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कानून बमोजिम दर्ता हुनु पर्ने वा भएको कुनै उद्योग वा व्यवसायको हस्तान्तरण भएमा स्वामित्व प्राप्त गर्नेले हस्तान्तरण गर्नेको कानूनद्वारा निर्दिष्ट करको दायित्व व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (२) को अधीनमा रही स्वामीत्व प्राप्त गर्नेले यस ऐन बमोजिम तोकिएको अवधिसम्म (हस्तान्तरण हुन अघि र पछिसम्मको) त्यस्तो उद्योग वा व्यवसायको कारोवारको लेखा, खातावही तथा हिसाव किताब सुरक्षित राख्नु पर्ने दायित्व वहन गर्नु पर्नेछ ।"

(४) दफा ६ को उपदफा (२) को खण्ड (ग) मा देहायको स्पष्टीकरण थपिएकोछ :-
"स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि देहायका अवस्थामा प्राप्त गरेको मानिनेछ :-

(क) कपिराइट्स, पेटेन्ट, लाइसेन्स, ट्रेडमार्क र यस्तै समान प्रकृतिका अधिकारहरु,

(ख) विज्ञापन सेवा,

(ग) प्राविधिक सेवा, इन्जिनियरिङ सेवा, प्राविधिक सेवा प्रदान गर्ने आपूर्तिकर्ताको सेवा, कानूनी सेवा, लेखा सम्बन्धी सेवा, तथ्यांक तथा तथ्यांक प्रशोधन सेवा, सूचनाको सेवा र यस्तै समान प्रकृतिको सेवा,

(घ) उपदफा (१) को सेवा प्रदान गर्दा वा कुनै दायित्व वा अनुवन्धन स्वीकार गर्दा वा सो अनुवन्धनको आंशिक वा पूर्ण अंशको

अभ्यास गर्दा वा त्यस्तो अधिकारको प्रयोग गरी कुनै व्यावसायिक क्रियाकलाप गर्दा, वा

(ङ) सेफ डिपोजिटको सुविधाको कार्य वाहेक बीमा वा पुर्नबीमाको सेवा"

(५) दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ:-

"(१) यस ऐन बमोजिम लाग्ने करको दर तेह्र प्रतिशतको एकल दर हुनेछ ।"

(६) दफा ८ पछि देहायको दफा ८क. थपिएकोछ :-

"८क. <u>बैंक प्रत्याभूतिको व्यवस्था</u>: (१) उद्योग सञ्चालन भएको अन्तिम विगत बाह्र महिना को कूल बिक्रीको साठ्ठी प्रतिशत भन्दा बढी निकासी गर्ने उद्योगले निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ पैठारी गर्दा तथा वण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलको लागि पैठारी गर्ने मालसामानमा लाग्ने कर वापत सम्बन्धित भन्सार कार्यालयमा बैंक प्रत्याभूति राखी पैठारी गर्न सकिनेछ ।

तर वण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलले पैठारी गर्ने बाहेक अन्य निकासीकर्ताले यस्तो सुविधा प्राप्त गर्न कच्चा पदार्थबाट तयारी सामान बनाई निकासी गर्दा बीस प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको बैंक प्रत्याभूति विभागले तोकेको प्रकृया बमोजिम सम्बन्धित भन्सार कार्यालयबाट फुकुवा गरिनेछ ।"

(३) यस दफा बमोजिमको सुविधा प्राप्त गर्ने व्यक्तिले दफा २४ को उपदफा (४) बमोजिमको सुविधा पाउने छैन ।

(७) दफा ९ को सट्टा देहायको दफा ९ राखिएकोछ :-

"९. सानो कारोबार गर्ने व्यवसायीलाई छूट : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको रकम सम्मको वार्षिक कर लाग्ने कारोबार गर्ने साना व्यवसायीलाई दर्ता गर्नु नपर्ने र विवरण पेश गर्नु नपर्ने तथा अन्य प्रक्रियाहरु पूरा गर्नु नपर्ने गरी तोकिए बमोजिम छूट दिन सकिनेछ ।

तर सानो कारोबार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोबार दर्ता गर्न चाहेमा दफा १० बमोजिम प्रकृया पूरा गरी दर्ता गराउन सक्नेछ ।

(८) दफा १० को,-

(क) उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएका छन्:-

"(१) कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु हुनु भन्दा अघि कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) कुनै व्यक्तिले कारोबार गरेको वस्तुमा कर लाग्ने भएमा वा कुनै व्यक्तिले महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्चर, फर्निसिङ्ग, अटोमोवाइल्स, इलेक्ट्रोनिक्स वा मार्वलको कारोबार गरेमा त्यसरी कर लागेको वा कारोबार गरेको मितिले तीस दिन भित्र त्यस्तो कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।"

(ख) उपदफा (४) मा रहेको "निवेदन" भन्ने शब्दको सट्टा "दरखास्त" भन्ने शब्द राखिएको छ ।

(९) दफा १०क. खारेज गरिएकोछ ।

(१०) दफा १०क. पछि देहायको दफा १०ख. थपिएकोछ :-

१०ख. अस्थायी दर्ता सम्बन्धी विशेष व्यवस्थाः (१) अस्थायी रुपमा आयोजना गर्ने प्रदर्शनी, मेला तथा अन्य यस्तै कारोबारको हकमा कारोबार शुरु हुनु भन्दा अगावै आयोजक तथा सो आयोजनामा कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने मूल्यअभिवृद्धि करमा दर्ता नभएका व्यवसायी मूल्यअभिवृद्धि करमा दर्ता हुनु पर्नेछ । यसरी दर्ता हुनेको हकमा कर अधिकृतले सुरक्षण वापत धरौटी माग्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साविकदेखि मूल्यअभिवृद्धि करमा दर्ता भएको व्यवसायीले सो कार्यक्रममा राख्ने वस्तु स्टक ट्रान्सफर गरी लैजान पाउनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रमको लागि मात्र दर्ता भएको करदाताले आयोजना गरेको प्रर्दशनी, मेला समाप्त भएको ७ दिन भित्र कारोबारको विवरण पेश गरी लाग्ने सम्पूर्ण कर समेत दाखिला गरी अस्थायी दर्ता खारेज गर्नु पर्नेछ ।

(११) दफा ११ को,-

(क) उपदफा (१) को,

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछ :-

"(ग) साझेदार संस्था भए त्यस्तो साझेदारी संस्था विघटन भएमा वा साझेदारको मृत्यु भएमा"

(२) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएकोछ:-

"(घ१) लगातार एक वर्षसम्म शून्य विवरण दिने वा विवरण नै नदिई बसेका करदाता भएमा,"

(३) दफा ११ को उपदफा (१क) पछि देहायको उपदफा (१ख) थपिएकोछ :-

"(१ख) दर्ता खारेजीको लागि कर विवरण पेश भएको १५ दिन भित्र करदाताले लेखा परीक्षणको लागि आफ्नो कागजातहरु पेश गर्नुपर्नेछ र कर अधिकृतले त्यस्ता करदाताको लेखा परीक्षण गरी तीन महिना भित्र दर्ता खारेजी गरी वा दर्ता खारेजी नहुने भए सो को जानकारी करदातालाई दिनु पर्नेछ । सो अवधि भित्र कर अधिकृतले दर्ता खारेज नगरेमा वा दर्ता खारेज हुने भनी निर्णय नगरेमा सो अवधि पछिको कर विवरण करदाताले पेश गर्नु पर्ने छैन ।"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ:-

"(३) पहिले कर कट्टी सुविधा लिई सकेका वस्तुहरुमध्ये दर्ता खारेज हुँदाका बखत बाँकी रहेको मौज्दात (पूँजीगत सामान समेत) लाई बजार मूल्यमा आपूर्ति गरेको मानिनेछ र सो बमोजिम कर निर्धारण गरी असुल गरिनेछ ।

<u>स्पस्टिकरण</u> यस उपदफाको प्रयोजनको लागि "पूँजीगत सामान" भन्नाले कुनै सम्पत्ति वा सम्पत्तिको कुनै भाग र करलाग्ने कारोवारमा प्रयोग हुने सम्पत्तिलाई जनाउँछ ।"

(ग) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएकोछ :-

"(४) कर लाग्ने कारोवार हुंदा कुनै कुरा गरेको वा नगरेको कारणले यस ऐन बमोजिम गर्नु पर्ने कार्य तथा दायित्व भएमा सो करदाताको दर्ता खारेज हुदैमा त्यस्तो दायित्वको असरबाट उन्मुक्ति पाउने छैन ।"

(१२) दफा १२ पछि देहायको दफा १२क. थपिएकोछ :-

"१२क. काठको कारोबारमा कर लाग्ने मूल्य: (१) राष्ट्रिय वनको काठ लिलामी, छोडपूर्जी, वा चिरान आदेश पाएको समयमध्ये जुन पहिले हुन्छ सो समयमा त्यस्तो काठको रोयल्टी रकम वा लिलाम रकममा जुन बढी हुन्छ सो रकममा कर लगाई असुल उपर गरिनेछ ।

(२) निजी आवादी, निजीवन वा सामुदायिक वनको काठ व्यापारिक प्रयोजनको लागि बिक्री गरेमा रोयल्टी नलाग्ने भए पनि उपदफा (१) मा व्यवस्था भए बमोजिम राष्ट्रिय वनको काठ सरह नै कर लाग्नेछ ।"

(१३) दफा १४ को,-

(क) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर, दश लाख रुपैयाँ भन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले दर्ता नभएको भएपनि आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको बीजक जारी गर्नु पर्नेछ ।"

(ख) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६) र (७) राखिएका छन् :-

"(४) दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु विभागले तोकेको क्षेत्र वाहिर ढुवानी गर्नेले कर बीजक साथमा राख्नु पर्नेछ ।

(५) विभागले करदातालाई क्याश मेसिन वा कम्प्युटरको प्रयोग गरी बीजक जारी गर्न आदेश दिन सक्नेछ । यसरी विभागले आदेश दिंदा अपनाउनु पर्ने प्रकृया महानिर्देशकले तोके बमोजिम हुनेछ ।

(६) विभागले सूचना प्रकाशन गरी वा लिखित आदेश दिई तोकेको कुनै व्यक्तिले कुनै वस्तुको सोही सूचना वा आदेशमा तोकेको वस्तुको तोकेको समयावधिका लागि त्यस्तो वस्तुको खुद्रा विक्री मूल्य सार्वजनिक गर्नु पर्ने गरी तोक्न सक्नेछ ।

यस्तो सूचना वा आदेश प्राप्त भए पछि खुद्रा विक्री मूल्य सार्वजनिक नगरी कुनै वस्तुको विक्री वा हस्तान्तरण गर्न पाउने छैन ।

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले त्यस्तो वस्तुको दर्ता नभएको व्यक्तिलाई विक्री गर्दा सार्वजनिक भएको मूल्यमा तोकिएको ढाँचामा वीजक जारी गरी उपभोक्ता तहको कर समेत असुल उपर गराउने व्यवस्था गरिनेछ ।

तर उपदफा (६) बमोजिम नतोकिएको कुनै व्यक्तिले स्वेच्छाले यस उपदफा अनुसारको तोकिएको ढाँचामा विजक जारी गर्न सक्नेछ ।"

(१४) दफा १५ को उपदफा (२) पछि देहायको उपदफा (३) राखिएकोछ :-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय निकाय वा नेपाल सरकारले कर लाग्ने वस्तु बा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्नेछ ।"

(१५) दफा १६ को उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछ :-

"(१क.) विभागले करदाताको कम्प्युटर तथ्यांक आधार (डाटावेश) मा निरन्तर पहुँच प्राप्त गर्न सक्नेछ ।"

(१६) दफा १६ को उपदफा (३) पछि देहायको उपदफा ३(क) थपिएकोछ ।

"(३क) कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने दर्ता नभएका व्यक्तिले प्रत्येक आर्थिक वर्षको लागि खरिद बिक्री खाता आफैले प्रमाणित गराई राख्नु पर्नेछ । त्यस्तो खाता कर अधिकृतले जुनसुकै बखत जाँच गर्न सक्नेछ ।"

(१७) दफा १६क. को सट्टा देहायको दफा १६क. राखिएकोछ :-

"**१६क. कम्प्यूटर प्रशोधित अभिलेख प्रमाणको रुपमा ग्राह्य हुने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि करको प्रयोजनको निमित्त अन्यथा प्रमाणित भएमा बाहेक विभाग वा अन्तर्गतका कार्यालयमा रहेका कम्प्यूटरबाट प्रशोधित करदाता सम्बन्धी अभिलेख प्रमाणको रुपमा ग्राह्य हुनेछ ।

(२) विभागले सूचना प्रकाशन गरी विद्युतीय माध्यमबाट बीजक जारी गर्ने, लेखा राख्ने, कर विवरण पेश गर्ने तथा भुक्तानी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।"

(१८) दफा १६क. पछि देहायको दफा १६ख. थपिएकोछ :-

"**१६ख. नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्ने :** आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानी नोक्सानी भएको वस्तुमा तिरेको मूल्य अभिवृद्धि कर तोकिए बमोजिम कट्टी गर्न पाइनेछ ।"

(१९) दफा १७को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसायिक वा व्यक्तिगत दुवै प्रयोजनको लागि प्रयोग हुन सक्ने तोकिएका वस्तुहरुका हकमा कर कट्टी गर्न नपाउने वा आंशिक रुपमा मात्र कर कट्टि गर्न पाउने व्यवस्था गर्न सकिनेछ ।

(ख) उपदफा (५क) को सट्टा देहायको उपदफा (५क) राखिएकोछ :-

"(५क) उपदफा (२) को अधीनमा रही वित्तीय पट्टा अन्तर्गत ऋण सम्झौता गरी पैठारी वा खरीद गरिएका पूँजीगत वस्तुहरुमा तिरेको कर सम्बन्धित करदाताले कट्टी गर्न पाउनेछ ।"

(ग) उपदफा (५क) पछि देहायको उपदफा (५ख) थपिएकोछ :-

"(५ख) दफा १२क. र दफा १५ को उपदफा (३) बमोजिम तिरेको कर सम्बन्धित करदातालाई कट्टी गर्न दिइनेछ ।"

(घ) दफा १७ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएकोछः-

"(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि लगातार छ महिनासम्म कर विवरण पेश नगर्ने करदाताको नाम सार्वजनिक गरिनेछ र त्यस्ता करदाताको करकट्टी गर्नु पर्ने रकम वाँकी भए निलम्वन गर्न र निजको दर्ता समेत निलम्वन गर्न सकिनेछ ।"

(२०) दफा १८ को ,-

(क) उपदफा (१) मा रहेका "कर अधिकृत समक्ष" भन्ने शब्दहरु पछि "वा हुलाकबाट रजिष्ट्री गरी" भन्ने शब्दहरु थपिएकाछन् ।

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछ :-

"(१क.) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आन्तरिक राजस्व कार्यालय नभएका जिल्लाका करदाताले आफूले कर विवरण बुझाउनु पर्ने महिनाको पन्ध्र गतेभित्र सोही जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने कर रकम बुझाई कर विवरण पेश गर्न सक्नेछ । यसरी प्राप्त हुन आएको कर विवरण तथा कर भुक्तानीको विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयले सात दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्नेछ ।"

(२१) दफा १९ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) करदाताले उपदफा (१) मा उल्लिखित म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा बांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ ।"

(ख) उपदफा (३) झिकिएकोछ ।

(ग) उपदफा (४) मा रहेका "वा (३)" भन्ने अक्षर तथा अंक झिकिएका छन् ।

(घ) उपदफा (५) मा रहेका "र (३)" भन्ने अक्षर तथा अंक झिकिएका छन् ।

(२२) दफा २० को,-

(क) उपदफा (१)को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएकोछ :-

"(च) न्यून विजकीकरण गरी समूह कम्पनीमा आपूर्ति भएमा ।"

(ख) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएकोछ :-

"(४) उपदफा (१) बमोजिम कर निर्धारण गर्दा कर विवरण पेश गरेको मितिले चार वर्षभित्र कर निर्धारण गरिसक्नु पर्नेछ । सो अवधिभित्र कर निर्धारण हुन नसकेमा पेश भएको विवरण नै स्वतः मान्य भएको मानिनेछ ।"

(ग) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएकोछः-

"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले झुट्टा लेखा वा बिजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने जुनसुकै वखत विभागले पुनः कर निर्धारण गर्न आदेश दिन सक्नेछ ।"

(२३) दफा २१ को,-

(क) उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछ :-

"(ग) करदाताको सम्पूर्ण वा केही सम्पत्ति एकै पटक वा पटक पटक गरी सिलबन्दी वोलपत्र वा सार्वजनिक बढाबढद्धारा लिलाम विक्री गरेर ।"

(ख) उपदफा (२) झिकिएकोछ ।

(२४) दफा २२ पछि देहायको दफा २२क. थपिएकोछ :-

"२२क. कर छल्ने योजना विरुद्धको व्यवस्था : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि करको फाइदा लिने बदनियतले देहायको कुनै कार्य गरेमा, कर मुक्ति योजना गरी कर छल्ने दुरुत्साहन गरेको मानी महानिर्देशकले त्यस्तो करदाताको कर निर्धारण गरी कर असुल उपर गर्ने आदेश कर अधिकृतलाई दिन सक्नेछ :-

(क) यस ऐनमा भएको व्यवस्थाको दुरुपयोग गरी कर छल्ने बदनियतले कुनै योजना तथा कार्य गरी करको दायित्व कम गरेमा,

(ख) कुनै व्यक्ति वा निकायले कर दायित्व कम गर्ने बदनियतले कुनै कार्य गरेमा वा सो गर्ने उद्देश्यले सम्झौता गरेमा ।

(२५) दफा २३ख. पछि देहायको दफा २३ग. र २३घ. थपिएका छन :-

"२३ग. न्यून बीजकीकरणका वस्तु खरिद गर्ने : (१) कुनै व्यक्तिले प्रचलित बजार मूल्य भन्दा बिक्री मूल्य कम देखाई न्यून बीजकीकरण गरी कुनै वस्तु बिक्री गरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी न्यून बीजकीकरण गरी बिक्री गरेको त्यस्तै प्रकृतिको मौज्दातमा बाँकी रहेको वस्तु कर अधिकृतले रोक्का राखी न्यून बीजकीकरण गरी बिक्री गरेको मूल्यमा विभाग वा आन्तरिक राजस्व कार्यालयले खरिद गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विभाग वा कार्यालयले वस्तु खरिद गर्दा वा गराउँदा त्यस्तो व्यक्तिले वस्तु बिक्री गर्न मञ्जुर नगरेमा विभाग वा कार्यालयले त्यस्तो वस्तु आफ्नो कब्जामा लिई न्यून बीजकीकरण गरी बिक्री गरेको मूल्यको आधारमा गणना गरी त्यस्तो व्यक्तिले भुक्तानी लिन आएको बखत भुक्तानी दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम खरिद गरेको वा खरिद गर्न लगाएको वस्तु महानिर्देशकले

तोकेको मूल्य तथा प्रकृया अनुसार बिक्री गर्न वा गराउन सकिनेछ ।"

२३घ. <u>खानतलासी, कब्जा वा धरौट माग गर्न सकिने:</u> (१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कर छली कारोबार गरेको र तुरुन्तै केही कारबाही नगरेमा अभियुक्त भागी जाने वा कसूरको सबुत प्रमाण गायब हुने सम्भावना देखेमा महानिर्देशकको स्वीकृति लिई कर अधिकृतले देहायका कामहरु गर्न गराउन सक्नेछ :-

(क) कारोबार स्थलमा शिलवन्दी गर्न ,

(ख) विद्युतीय उपकरण तथा सो को अभिलेख कब्जा गर्न,

(ग) कसूर गरेको भन्ने कुराको विश्वास लागेको व्यक्तिबाट छलिएको कर बराबरको रकम पर्चा खडा गरी नगद धरौट वा जेथा जमानी माग गर्न ।

(२) यस ऐन बमोजिम कसूरको तहकिकातको सम्बन्धमा कर अधिकृतलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ ।"

(२६) दफा २४ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएकोछ ।

"(५) उपदफा (३) वा (४) बमोजिम कुनै निवेदन परेमा फिर्ता दिनु पर्ने ठहरिएको रकम कर अधिकृतले तुरुन्त फिर्ता दिनेछ र निवेदन परेको मितिले उपदफा (४) बमोजिम भए ३० दिन भित्र र उपदफा (३) बमोजिम भए ६० दिन भित्र फिर्ता नगरिएमा त्यस्तो रकममा नेपाल सरकारले तोकिए बमोजिम ब्याज समेत दिनु पर्नेछ ।"

(२७) दफा २५ को,-

(क) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछः-

"(क) नेपाल सरकार, परराष्ट्र मन्त्रालयले कूटनैतिक मान्यता प्रदान गरेको नेपालको कूटनीतिज्ञलाई विदेशी राष्ट्रले पारस्परिकताको आधारमा वा क्षेत्रीय, अन्तर्राष्ट्रिय नियोग तथा संस्थामा कार्यरत कूटनैतिक सुविधा प्राप्त व्यक्तिलाई कर छूटको सुविधा प्रदान गरेको रहेछ भने नेपाल राज्य स्थित त्यस्तो राष्ट्र, क्षेत्रीय, अन्तर्राष्ट्रिय नियोग तथा संस्थाको कूटनीतिज्ञले आफूले उपभोग गरेको हदसम्म नेपाल राज्यभित्र तिरेको करको रकम ।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछः-

"(१क.) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कूटनैतिक निकाय वा कूटनीतिज्ञले कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको कर एक पटकमा एक हजार पाँचसय रुपैयाँभन्दा कमको खरिदमा फिर्ता गरिनेछैन ।"

(२८) दफा २५ पछि देहायको दफा २५क. थपिएकोछ :-

"२५क. विदेशी पर्यटकले खरिदमा तिरेको कर फिर्ता हुनेः नेपाल भ्रमण गरी हवाई मार्गबाट फर्कने विदेशी पर्यटकले पन्ध्र हजार रुपैयाँ भन्दा बढीको कर लाग्ने वस्तु खरिद गरी आफूसँग लगेमा विभागले तोकेको प्रकृया अनुसार त्यस्तो वस्तुमा तिरेको कर फिर्ता दिइनेछ । यस्तो फिर्ता हुने रकमको तीन प्रतिशत रकम सेवा शुल्क वापत कट्टा गरिनेछ ।"

(२९) दफा २६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) को प्रयोजनको लागि ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ ।"

(३०) दफा २८ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछ :-

(१क) नेपाल भित्र उत्पादन भएको वा तयार भएको मालवस्तुहरु भन्सार कार्यालयबाट निकासीको प्रकृया पूरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कारणले पुनः पैठारी गरी ल्याई सोही मालवस्तु पैठारी भएको ३ महिना भित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाको बखत लाग्ने मुल्य अभिवृद्धि कर धरौटीमा राखी छाड्न सकिनेछ र त्यस्तो मालवस्तु पुनः निकासी भएपछि उक्त धरौटी फिर्ता दिइने छ । यसरी धरौटीमा राखिएको र फिर्ता गरिएको रकमको विवरण सम्बन्धित भन्सार कार्यालयले आन्तरिक राजस्व विभागमा दिनु पर्नेछ ।

(३१) दफा २९ को,-

(क) उपदफा (१) को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) यो ऐन वा यस ऐन बमोजिम बनेको नियम बमोजिम करपाटी नराखेमा प्रति हप्ता दुई हजार र तोकिएको ठाउँमा राख्नु पर्नेमा नराखे एक हजार जरिवाना"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) दफा १४ को उपदफा (१) र (४) को व्यवस्था उलंघन गरेमा प्रत्येक पटक पाँच हजार रुपैयाँ जरिवाना

गरी लाग्ने कर समेत असुल गरिनेछ ।"

(३) खण्ड (छ) पछि देहायको (छ१) थपिएकोछः-

"(छ१) "दफा १६ को उपदफा (३क) उल्लंघन गरेमा प्रत्येक पटक एक हजार रुपैयाँ"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछः-

"(१क.) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले विभागले तोकेको आधारमा कर बिगोको पच्चीस प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।"

(ग) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) कुनै व्यक्तिले देहाय बमोजिमका कुनै कसुर गरेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर बिगोको शतप्रतिशत रकम जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ :-

(क) झुट्टा लेखा वा विजक वा अन्य कागजात तयार गरेमा,

(ख) जालसाजी गरी कर छलेमा,

(ग) दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गरेमा,

(घ) दफा २३ग. उल्लंघन गरेमा,

(ङ) दफा ३० को उल्लंघन गरी कारोबार गरेमा ।"

(३२) दफा २९ पछि देहायको दफा २९क. थपिएकोछः-

"२९क. विभागले जरिवानाको रकम दाखिला गर्न आदेश दिन सक्ने : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आफूले दफा २९ को उपदफा (२) मा उल्लेख भएको अन्य कुनै एक वा एकभन्दा बढी कसूर गरेको भनी कारबाहीको प्रकृया शुरु हुनु अगावै लिखित रुपमा स्वीकार गरेमा त्यस्तो कसूर गरे वापत लाग्ने जरिवाना रकममा नबढ्ने गरी जरिवाना रकम दाखिला गर्न विभागले त्यस्तो व्यक्तिलाई आदेश दिन सक्नेछ ।

(२) विभागले उपदफा (१) बमोजिमको आदेश दिंदा त्यस्तो आदेशमा त्यस्तो कसूरको विवरण, बुझाउनु पर्ने जरिवाना रकम र जरिवाना रकम बुझाउनु पर्ने मिति खुलाउनु पर्नेछ ।

(३) विभागले यस दफा बमोजिम दिएको आदेश अन्तिम हुनेछ ।"

(३३) दफा ३० पछि देहायको दफा ३०क. थपिएकोछ :-

"३०क. पुनः कर निर्धारणको लागि आदेश दिन सक्ने : (१) कर निर्धारण भई नसक्दै सो कर निर्धारण सम्बन्धी कुनै कारबाही अनियमित हुन लागेको छ वा भएको छ भन्ने कुरा महानिर्देशकलाई प्राप्त सूचनाबाट देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृतलाई निर्देशन दिन वा अन्य कुनै कर अधिकृतलाई सो काम गर्न आदेश दिन सक्नेछ ।

(२) कर अधिकृतले लापरवाही वा बदनियतसाथ कर निर्धारण गरी करको दायित्व घट्न गएको

देखिएमा महानिर्देशकले त्यस्तो कर निर्धारण आदेशमा संशोधन गर्न शुरु कर निर्धारण भएको मितिबाट चार वर्षभित्र आदेश दिन सक्नेछ ।"

(३४) दफा ३१क. को सट्टा देहायको दफा ३१क. राखिएकोछ :-

"३१क. प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्ने : (१) कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले तीस दिनभित्र त्यस्तो निर्णय विरुद्ध विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गई कुनै करदाताले म्याद थपको लागि म्याद गुज्रिएको मितिले सात दिनभित्र निवेदन दिएमा विभागले म्याद गुज्रेको मितिबाट बढीमा तीस दिनको म्याद थप गर्न सक्नेछ ।

(३) करदाताले उपदफा (१) बमोजिम दिएको निवेदन समेतका प्रमाण कागजात छानबीन गर्दा निवेदकको निवेदन जिकिर सत्य देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले सो कर निर्धारण आदेश बदर गरी पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृतलाई निर्देशन दिन वा कुनै कर अधिकृतलाई सो काम गर्न आदेश दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र सो निवेदन उपर विभागले निर्णय दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र विभागले निर्णय नदिएमा सम्बन्धित व्यक्तिले दफा ३२ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(६) उपदफा (१) बमोजिम निवेदन दिने करदाताले निर्धारित कर रकम मध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम दाखिला गर्नु पर्ने रकम निवेदन दिनु भन्दा अगाडी नै बढी दाखिला गरेको रहेछ भने त्यस्तो रकमले खामेसम्मको रकम कटाई बाँकी रकम मात्र धरौटी राख्न सकिनेछ ।"

(३५) दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएकोछ :-

"३२. राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने :- (१) दफा ३० बमोजिम महानिर्देशकले गरेको निलम्बनको आदेश वा दफा ३१क. को उपदफा (४) बमोजिम विभागले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिरणमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिन भित्र पुनरावेदनको सूचनाको एक प्रति विभागमा दर्ता गराउनु पर्नेछ ।"

(३६) दफा ३२ पछि देहायको दफा ३२क. थपिएकोछः-

"३२क. पूर्वादेश : (१) कुनै व्यक्तिले यो ऐन लागू हुने अवस्था बारे कुनै द्विविधा निराकरणका लागि विभाग समक्ष लिखित रुपमा निवेदन दिएमा विभागले सो व्यक्तिलाई लिखित रुपमा सूचित गरी विभागको धारणा तोकिए बमोजिम पूर्वादेशद्वारा जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको कार्यान्वयनका सम्बन्धमा देखापरेको कुनै द्विविधा सम्बन्धी विषय अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भई सकेको अवस्थामा त्यस्तो विषयमा विभागले उपदफा (१) बमोजिमको पूर्वादेश जारी गर्न सक्ने छैन ।"

(३७) दफा ३४ पछि देहायको दफा ३४क. थपिएकोछ :-

"३४क. विशेषज्ञको सेवा लिन सक्ने : नेपाल सरकारले कर परीक्षण सम्बन्धी कार्यको लागि सम्बन्धित विशेषज्ञको सेवा लिन सक्नेछ र त्यस्तो विशेषज्ञका सम्बन्धमा दफा ३७ मा उल्लिखित सरकारी गोप्यता सम्बन्धी व्यवस्था लागू हुनेछ।"

(३८) दफा ४० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"४०. **पुरस्कार:** (१) कुनै करदाताले आफ्नो करको दायित्वको सम्पूर्ण वा केही अंश छलेको वा छल्न कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई त्यस्तो सूचनाको आधारमा असूल उपर गरिएको करको रकम मध्ये निजले पेश गरेको प्रमाणबाट निर्धारण भए जतिको कर रकमको बीस प्रतिशत बराबरको रकम महानिर्देशकको निर्णयले पुरस्कार दिन सक्नेछ।"

(३९) अनुसूची-१ र अनुसूची-२ को सट्टा देहायका अनुसूची-१ र अनुसूची-२ राखिएका छन् :-

**"अनुसूची -१**
**(दफा ५ को उपदफा (३) संग सम्बन्धित)**
कर छुट हुने वस्तु तथा सेवाहरु

समूह १ : आधारभूत कृषि उत्पादनहरु

(क) धान, चामल, गहूँ, मकै, जौ, कोदो, फापर, दलहन, दाल, पिठो, सुजी, ग्रिट्स, धानको चिउरा, चना, बोडी, केराऊ, सिमी तथा यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरु र तिनको अवशेष,

(ख) हरियो तथा ताजा सागसब्जी, ताजा फलफूल, ताजा फूल, कन्दमूल तथा फलफूल, तरकारी र कन्दमूलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरु । (होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक),

(ग) अप्रशोधित नगदेबाली (जस्तै उखु, कपास, अलैंची, अदुवा र सूठो, सनपाट, किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, प्रांगारिक मल प्रयोग गरी उत्पादन भएको प्रमाणित अर्थोडक्स चिया, चियाको पैकिङ वट्टा (टि चेष्ट), कफिको गेडा, भटमास, बदाम, हलेदो र पिना ।

(घ) जडीबुटी (तिनको सार समेत) ।

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरु

(क) धारा तथा टेङ्करबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी,

(ख) दाउरा र गोल,

(ग) नून ।

(घ) मट्टितेल

समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी, बोका, भेंडा, चौंरी, राँगा, बँदेल, सुंगुर, खरायो र तिनको अप्रशोधित काँचो खाद्य परिकारहरु,

(ख) गाई, भैंसी, बाखी र तिनको ताजा दूध (पास्चराईज्ड समेत), दही, मौरी तथा मौरी राख्ने घार

(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरु, तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरु र अण्डा,

(घ) ताजा वा सुकाएको माछा (प्याकिङ्ग गरिएको बाहेक) ।

समूह ४ : कृषि सामग्रीहरु

(क) बाली, घाँस वा फूलको विरुवाको बीउ बीजन, विरुवाको कलमी तथा विउ विजनको रुपमा प्रयोग हुने गानो जरा ।

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री,

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरु : जमीन खन्ने तथा सफा गर्ने कुटो, कोदालो र सावेल, हाते औजारहरु, हाते आरा बाहेक झारपात तथा काठ काट्ने हाते औजारहरु, अन्नको गेडा झार्ने र भूस सफा गर्ने हाते औजारहरु, पशुहरुको चारा काट्ने हाते औजारहरु तथा हलोमा प्रयोग गरिने फाली ।

(घ) वालीनालीको लागि मात्र प्रयोग हुने भन्सार दरबन्दीको भाग ३८ का किटनाशक, ढुसीनाशक, झारपातनाशक, मुसानाशक औषधी

(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरु, मत्स्य इन्कुवेटर, सिंचाई कार्यमा प्रयोग हुने २ हर्षपावर देखि ८ हर्षपावरसम्म शक्ति भएको इन्जिन सहितको पम्पिङ सेट र सो को साथमा रहेको ३० मिटरसम्मको होज पाइप

(च) भन्सार दरवन्दीको भाग २३ अन्तर्गतका पशुपंक्षिको दाना र फिडसप्लिमेण्ट । हड्िको धुलो र माछाको धुलो ।

(छ) सामान्य भाडावर्तन बाहेकका कुखुराको दाना खुवाउने विशेष प्रकारको भाँडा र कुखुराको पानी पिउने विशेष किसिमका भाँडा ।

समूह ५ : औषधि उपचार र यस्तै स्वास्थ्य सेवाहरु

(क) स्वास्थ्य सेवा,
(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरु र भ्याक्सिन,
(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरु,
(घ) पशु उपचार तथा मानवीय उपचारका औषधिहरु र गर्भ निरोधक साधनहरु,

(ङ) मुटुको उपचारमा प्रयोग हुने पेसमेकर, स्टेण्ट, मुटुको भल्व, अशक्त र अपाङ्ग व्यक्तिहरुको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरु,

(च) एक्स-रे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सिजन ग्याँस, व्याण्डेज

(छ) औषधि उद्योगको कच्चा पदार्थ :- हार्मोनाइज्ड कोडको भाग २८ भित्र पर्ने औषधि उद्योगले प्रयोग गर्ने धातुका लवणहरु, अक्साइडहरु र हाइड्रोअक्साइडहरुका अतिरिक्त भाग २९ अन्तर्गत पर्ने औषधिका कच्चा

पदार्थ (औषधिको सक्रिय तत्व) औषधि उद्योगले औषधि उत्पादनको लागि प्रयोग हुने कच्चा पदार्थ र प्याकिंग मेटेरियल,

समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्व विद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरु,
(ख) नाफा आर्जन गर्ने उद्देश्य नभएको व्यावसायिक वा पेशागत तालीम वा पुनर्ताजगी तालीमहरु,
(ग) विद्यालय तथा विश्व विद्यालयहरुले प्रदान गर्ने शिक्षण सेवा ।

समूह ७ : किताब, अखवार र मुद्रित सामग्रीहरु

(क) पुस्तक, पात्रो, अखवार, पत्रपत्रिका र त्यसको मुद्रण तथा प्रकाशन,
(ख) अखवारी कागज ।

समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरु र तत्सम्बन्धी सेवा,
(ख) सांस्कृतिक कार्यक्रम,
(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान (राष्ट्रिय निकुञ्ज) को प्रवेश शुल्क ।

समूह ९ : यात्रुबाहक यातायात तथा ढुवानी सेवाहरु

हवाई यात्रा, यात्रुबाहक यातायात (केवुलकार बाहेक) तथा ढुवानी सेवाहरु (आपूर्तिसँग सम्बन्धित ढुवानी बाहेक) ।

समूह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक, नमूनाकार, अनुवादक, दोभाषेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा, विदेशमा जनशक्ति आपूर्ति गर्ने सेवा ।

समूह ११ : अन्य वस्तु तथा सेवा

१. हुलाक सेवा (नेपाल सरकारबाट संचालित मात्र)
   (क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवा,

(ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरु,

(ग) हुलाक टिकट,

(घ) नेपाल सरकारद्वारा प्रदान गर्ने सेवाहरु,

२. अन्तः शुल्क टिकट, क्यास मेशिन र राहदानी ।

३. वित्तिय सेवा र जीवन बीमा सेवा

४. बैंक नोट, सिक्का तथा चेक बुक

(क) नेपाली नोटको छपाई तथा निष्काशन,

(ख) नेपाल राज्य बाहिरबाट नेपाल राज्य भित्र हुने बैंक नोटको आपूर्ति,

(ग) चेक बुक ।

५. सुन, चाँदी

(क) सुन, सुनका सिक्का र सुनका गहना र हीरा जवाहरात,

(ख) चाँदी, चाँदीका सिक्का, चाँदीका तैयारी वस्तु र गरगहना ।

६. विद्युत आपूर्ति

७. कच्चा ऊन ।

८. ब्याट्रीबाट चल्ने टेम्पो, तिनका चेसिस र ब्याट्री ।

९. बैकल्पिक उर्जा केन्द्रको सिफारिसमा बायो ग्याँस, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने संयन्त्र तथा उपकरणहरु र सोमा प्रयोग हुने सोलार फोटोभोल्टिक फ्ल्याट प्लेट तथा ट्यूवलर ब्याट्री ।

१०.हवाईजहाज, हेलीकप्टर तथा तिनका इञ्जिन दमकल, एम्बुलेन्स र शव बाहन ।

११. जुट ब्याचिङ आयल, जुटका उत्पादनहरु ।

१२. भन्सार दरवन्दीको भाग ८४ का ५ प्रतिशत सम्म भन्सार महशुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मील मेशिनरी एवं यन्त्र उपकरणहरु, मोल्डिंग गर्ने साँचो (पार्टपूर्जा वाहेक) ।

१३. ऊनी गलैंचा तथा गलैंचाको ऊनी धागो कताई, रङ्गाई, धुलाई र बुनाई ।

१४. शतप्रतिशत सूतिको साडी, लुगिं, धोती (मर्दार्ना/जनाना) पेटानी, गम्छा र सुती धागोमा (संकेत नं. ५२०५ र ५२०७) ।

१५. स्वेदशमै हातले बुनिने स्वीटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक बाहेक) ।

१६. नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरु ।

१७. भिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको भन्सार महसूल नलाग्ने व्यक्तिगत प्रयोजनका वस्तुहरु ।

१८. कपडा, सलाई (काठको काटी मात्र), र टायर-ट्युब उद्योगहरुले आफ्नो उत्पादनको उक्त सामान बिक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउंदा बाँकी बुझाउनु पर्ने देखिएको कर बराबरको रकम विभागले तोकेको प्रकृया बमोजिम ती उद्योगलाई फिर्ता दिइनेछ ।

१९. चिनी र मैदा उद्योगले आफ्नो उत्पादनको सामान (चिनी र मैदा) बिक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनु पर्ने देखिएको कर बराबरको रकम विभागले तोकेको प्रकृया बमोजिम पचास प्रतिशत मात्र फिर्ता दिइनेछ ।

२०. मोवाइल उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ताले मोवाइलको कच्चापदार्थ वा तयारी सामानमा तिरेको कर त्यस्ता सामान बिक्री गरेको प्रमाण पेश गरेमा विभागले तोकेको प्रक्रिया बमोजिम पचास प्रतिशत फिर्ता दिइने छ ।

२१. ३ मेगावाट सम्मका साना जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने नेपालमा उत्पादन नहुने यन्त्र उपकरणहरु पैठारी गर्दा बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको स्वीकृतिमा

सञ्चालन हुनेको हकमा सो केन्द्रको र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुने देखिबाहेक ३ मेगावाट सम्मका अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा मूल्य अभिवृद्धि कर छूट गरिनेछ ।

२२. विदेशी नियोग तथा दातृ संस्थाले कुटनैतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरुप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैंङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सवारी साधन आयोजना समाप्ति पछि अर्थ मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा परिवर्तन गरी सरकारी निकायमा हस्तान्तरण गर्दा मूल्य अभिवृद्धि कर लाग्नेछैन ।

२३. कुटनैतिक नियोग, परियोजना र अन्य निकायहरुले ( सरकारी एवं गैरसरकारी संघ संस्था) महसुल सुविधामा पैठारी गरेका शुरु उत्पादन वर्षले १५ वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्रयाप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा मूल्य अभिवृद्धि कर लाग्ने छैन ।

२४. निजी प्रयोगको लागि नेपाली नागरिकले मूल्य अभिवृद्धि कर छुटमा आयात गरिएका सवारीसाधनका धनीको मृत्यू भई सवारीसाधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा विभागको स्वीकृतिको आधारमा त्यस्ता सवारी साधनहरुमा लाग्ने मूल्य अभिवृद्धि कर छूट हुनेछ ।

२५. वण्डेड वेयर हाउस वा नगद धरौटी (पासबुक) को सुविधा नलिएका उद्योगहरुले आफूले निकासी गर्ने मालवस्तु उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ सहायक कच्चा पदार्थ एवं नेपालमा उत्पादन नहुने प्याकिङ मेटेरियल पैठारी गरी सोबाट उत्पादित तयारी

मालवस्तु तोकिएको अवधिभित्र तोकिएको प्रक्रिया अनुसार निकासी गरेमा त्यस्ता कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं प्याकिङ मेटिरियल पैठारी गर्दा भंसार विन्दुमा लागेको कर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिए बमोजिमका मालवस्तुमा तोकिए बमोजिमको मितिदेखि तोकिए बमोजिमको समदरमा भन्सार विन्दुवाटै मूल्य अभिवृद्धि कर फिर्ता दिइनेछ ।

२६. कर लाग्ने वस्तुमा कुनै छूट वा कर फिर्ता दिन मनासिव देखेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छूट दिन सक्नेछ ।

समूह १२ : भवन र जग्गा

घर तथा जग्गाको खरिद बिक्री तथा बहाल (होटल, गेष्टहाउस जस्तो व्यवसायिक रुपमा सञ्चालित निकायले उपलब्ध गराउने सेवा बाहेक) ।

समूह १३ : बाजी, क्यासिनो र चिट्ठा

बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्बन्धी क्रियाकलाप, चिट्ठा ।

द्रष्टव्यः

कर छुट गरिएका वस्तु तथा सेवाको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम आवश्यकता अनुसार भन्सार विभागसंग परामर्श लिई विभागले गर्न सक्नेछ ।

## अनुसूची-२
**(दफा ७ को उपदफा (२) संग सम्बन्धित)**
**शून्य दर लाग्ने वस्तु तथा सेवा**

१. नेपाल राज्यबाहिर निर्यात हुने वस्तु : वस्तुको आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा-

(क) नेपाल राज्य बाहिर निर्यात गरेको, वा

(ख) नेपाल राज्य बाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको, वा

(ग) नेपाल राज्य बाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।

२. नेपाल राज्य बाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवा :

(क) नेपाल राज्यभित्र बसोबास भएको व्यक्तिले नेपालमा कुनै व्यवसायिक कारोबार, व्यवसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपाल राज्य बाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,

(ख) नेपाल राज्यभित्र बसोबास भई दर्ता भएको व्यक्तिले नेपाल राज्य बाहिर बसोबास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।

३. नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कुटनैतिक सुविधा प्राप्त व्यक्ति वा नियोगले तथा महसूल सुविधा प्राप्त कुटनैतिक नियोगमा कार्यरत व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवा ।

४. साविकको कुनै सन्धि वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छुट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिसमा ती सन्धि वा सम्झौता बहाल रहेसम्म दर्ता भएका करदातासंग स्थानीय खरिद गरेमा त्यस्तो आपूर्तिमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

५. प्रचलित कानून बमोजिम स्थापना भएको विशेष आर्थिक क्षेत्रमा सञ्चालन भएको उद्योगलाई बिक्री गरिने कच्चा पदार्थ तथा उत्पादित सामान ।

६. वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सिफारिसमा सौर्य शक्तिबाट उर्जा उत्पादन गर्ने सयन्त्र तथा उपकरणमा प्रयोग हुने व्याट्री स्वदेशी उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट आपूर्ति गर्ने भएमा बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सिफारिस र विभागले तोकेको प्रक्रिया बमोजिम सो कारोबारमा सून्य दरको सुविधा प्रदान गरिनेछ ।

७. ३ मेगावाटसम्मका साना जल विद्युत आयोजनाका लागि आवश्यक पर्ने यन्त्र उपकरण स्थानीय उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट आपूर्ति गर्ने भएमा बैकल्पिक उर्जा प्रबर्धन केन्द्रबाट स्वीकृत हुनेको हकमा सो केन्द्रको र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतमिा सञ्चालन हुने देखिबाहेक ३ मेगावाट सम्मका अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिस र विभागले तोकेको प्रक्रिया बमोजिम सो कारोबारमा शुन्य दरको सुविधा प्रदान गरिनेछ ।

८. घरेलु तथा साना उद्यमीहरुले स्वदेशमा उत्पादन गरेका मूर्तिकला, चित्रकला, बस्तुकला र त्यस्तै प्रकारका अन्य हस्तकलाहरुका सामान नेपालका स्वीकृत निर्यात गृह (एक्सपोर्ट ट्रेडिङ्ग हाउस) मार्फत विदेश निकासी गरेमा त्यस्ता सामान उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थमा तिरेको मूल्यअभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया पूरा गरे पछि फिर्ता दिईनेछ ।

३६ अन्तःशुल्क ऐन, २०५८ मा संशोधनः अन्तःशुल्क ऐन, २०५८ को,-

(१) दफा २ को,-

(क) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएकोछ :-

"(ञ) "कारखाना मूल्य" भन्नाले अन्तःशुल्क लाग्ने वस्तुमा अन्तःशुल्क वा अन्य कुनै कर नजोडी त्यस्तो वस्तु उत्पादन गर्न लाग्ने खर्च र प्रतिष्ठानको नाफा मात्र जोडी निर्धारण भएको मूल्य सम्झनु पर्छ ।"

(ख) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएकोछ :-

"(छ) उत्पादन" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु निर्माण गर्ने, बनाउने वा तयार गर्ने कार्य सम्झनु पर्छ ।"

(ग) खण्ड (ज) पछि देहायका खण्ड (ज१) थपिएकोछ :-

"(ज१) "सूर्तिजन्य वस्तु" भन्नाले सूर्ति वा सूर्तिजन्य पदार्थका तत्वहरु मिश्रित धुम्रपान, चपाउने, मुखमा राख्ने पानपराग, खैनी वा यस्तै पदार्थहरु सम्झनु पर्छ र सो शब्दले चुरोट, बिडी, सिगार आदिलाई समेत जनाउँछ।"

(घ) खण्ड (त) पछि देहायका खण्ड (थ), (द), (ध), (न), (प) र (फ) थपिएका छन् :-

"(थ) "मदिरा" भन्नाले अन्न फलफुल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको शुन्य दशमलव पाँच प्रतिशत भन्दा वढी अल्कोहल भएको पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्वीस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, साइडर, पेरी, मिड, माल्ट, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, ई.एन.ए. र हेड्स स्प्रिट समेतलाई जनाउँछ।"

"(द) "तयारी मदिरा" भन्नाले आयतनमा सन्ताउन्न दशमलव तीन आठ प्रतिशत भन्दा कम अल्कोहलको मिश्रणबाट बनेका सवै प्रकारका मादक द्रवहरु जनाउँछ।

(ध) "एल.पी" भन्नाले लण्डन प्रुफमा शुद्ध ईथानोलको शक्तिलाई जनाउँछ।

(न) "एल.पी लिटर" भन्नाले प्रति लिटरमा सन्ताउन्न दशमलव तीन आठ प्रतिशत शुद्ध ईथानोलको मात्रालाई जनाउँछ।

(प) "यू.पी." भन्नाले लण्डन प्रुफ भन्दा कम शक्तिलाई जनाउँछ।

(फ) "ओ.पी." भन्नाले लण्डन प्रुफ भन्दा वढी शक्तिलाई जनाउँछ ।"

(२) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. अन्तःशुल्क लगाउने र असुल उपर गर्ने (१) अनुसूचीमा उल्लेख भए बमोजिमका वस्तु प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन गर्दा, पैठारी गर्दा र सेवा बिक्री गर्दा सो अनुसूची बमोजिमको अन्तःशुल्क देहाय बमोजिम लगाइने र असुल उपर गरिनेछ :-

(क.) मदिरा, चुरोट र वियरको हकमा प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन गर्दाको बखत,

(ख) स्वयं निष्काशन प्रणाली अन्तर्गत बिक्री हुने वस्तुको हकमा वस्तु निष्काशन भएपछि तथा सेवाको हकमा बीजक जारी भएपछिको महिनाको पच्चीस गतेभित्र अन्तःशुल्क दाखिला गर्नु पर्नेछ ।"

तर,

(१) अन्तःशुल्क लाग्ने पैठारी गरिएका सवारी साधनको हकमा व्यापारिक प्रयोजनको लागि स्थानीय बिक्रीमा समेत अन्तःशुल्क लगाइने र असुल उपर गरिनेछ ।

(२) व्यापारिक प्रयोजनका लागि अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको खरिदमा वा पैठारीमा तिरेको अन्तःशुल्क त्यस्तो बस्तु वा सेवा बिक्री गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ ।

(२) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्काशन गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ ।

(३) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्याद भित्र नतिरेमा तिर्न बाँकी रकममा प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ ।

(३) दफा ३ पछि देहायको दफा ३क., ३ख. र ३ग. थपिएका छन् :-

"३क. नेपाल बाहिर निकासी गरेमा अन्तःशुल्क नलाग्नेः (१) प्रतिष्ठानले नेपाल बाहिर निकासी गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि मदिरा, चुरोट र वियर प्रतिष्ठानबाट निकासी गर्दा लाग्ने अन्तःशुल्क रकम वापत नगद धरौटी वा बैंक प्रत्याभूति राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको नगद धरौटी वा बैंक प्रत्याभूतिको फुकुवा वा फिर्ताको प्रकृया विभागले तोके बमोजिम हुनेछ ।

(४) नेपालभित्र उत्पादन भएका, वा तयार भएका मालवस्तुहरु नेपाल बाहिर निर्यात भैसकेपछि सम्बन्धित पार्टीले लिन अस्विकार गरी वा अन्य कुनै कारणले पुनः पैठारी गरी ल्याएको अवस्थामा सोही मालवस्तु पैठारी भएको ३ महिनाभित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउंदाका बखत लाग्ने अन्तःशुल्क धरौटीमा राखी त्यस्तो मालवस्तु पुनः निकासी भएपछि धरौटी रकम सम्बन्धित भन्सार कार्यालयले फिर्ता दिनेछ ।

३ख. कर मुक्त पसलको बिक्रीमा अन्तःशुल्क नलाग्नेः (१) स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेड वेयर हाउस र डयूटी फ्रि सप) ले बिक्री गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु खरिद गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क वापत नगद धरौटी वा बैंक प्रत्याभूति राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको नगद धरौटी वा बैंक प्रत्याभुतिको फुकुवा वा फिर्ताको प्रकृया विभागले तोके बमोजिम हुनेछ ।

३ग. अन्तःशुल्क बुझाउने दायित्वः यस ऐन बमोजिम अन्तःशुल्क बुझाउने दायित्व देहाय बमोजिमको व्यक्तिमा हुनेछ :-

(क) देशभित्र उत्पादन हुने वस्तु वा सेवाको हकमा उत्पादक,

(ख) पैठारी हुने वस्तुमा सो वस्तु प्राप्त गर्ने विल अफ लेडिङमा उल्लेख भएका व्यक्ति,

(ग) अन्तःशुल्क लाग्ने पदार्थ लिलाम भएकोमा सो लिलाम सकार्ने व्यक्ति,

(घ) अन्तःशुल्क नलाग्ने वस्तु (डयूटी फ्रि) पुनःविक्री वा अन्य प्रयोजनमा प्रयोग भएमा वा अन्तःशुल्क नलाग्ने अवस्थाबाट लाग्ने अवस्थामा परिवर्तन भएमा त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्ति ।"

(४) दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) स्वीकृति लिई निष्काशन गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा र गुणस्तरको परीक्षण कार्यालयले जुनसुकै बखत गर्न सक्नेछ । अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी भएमा वा गुणस्तरमा उल्लेखनीय रुपबाट फरक परेमा राजस्व चुहावट भएको जति बिगो रकममा पच्चीस प्रतिशत थप गरी असुल गरिनेछ ।"

(५) दफा ४ पछि देहायको दफा ४क. थपिएकोछ :-

४क. अन्तःशुल्क छूट हुने : (१) विदेशी नियोग तथा दातृ संस्थाले कुटनैतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरुप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सवारी साधन आयोजना समाप्ति पछि अर्थ मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा परिवर्तन गरी सरकारी निकायमा हस्तान्तरण गर्दा अन्तःशुल्क लाग्ने छैन ।

(२) कुटनैतिक नियोग, परियोजना र अन्य निकायहरुले (सरकारी एवं गैरसरकारी संघ संस्था) महसुल सुविधामा पैठारी गरेका शुरु उत्पादन वर्षले १५ वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्रयाप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा अन्तःशुल्क लाग्ने छैन ।

(३) निजी प्रयोजनकोलागी आंशिक भन्सार महसुल सुविधामा आयात गरिएका सवारी साधनका धनीको मृत्यु भै उक्त सवारी साधनलाई निजको पति वा पत्निको नाममा नामसारी गर्दा अन्तःशुल्क छूट हुनेछ ।

(६) दफा ७ को,-

(क) उपदफा (१) को,-

(१) खण्ड (क),

(क) उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएकोछ :-

"(१) उत्पादकले अन्तःशुल्क लाग्ने वस्तु बिक्री गर्दा निर्धारण गरेको कारखाना मूल्य, वा"

(ख) उपखण्ड (१) पछि देहायको उपखण्ड (१क.) थपिएकोछ :-

"(१क.) सेवाको हकमा सेवा बिक्री गर्दाको मूल्य,"

(२) खण्ड (ख) मा रहेका "निर्धारण गरिएको मूल्य" भन्ने शब्दहरुको सट्टा "निर्धारण गरिएको मूल्यमा भन्सार महसूल समेत थप गरी कायम हुन आएको मूल्य" भन्ने शब्दहरु राखिएकाछन् ।

(ख) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएकाछन् :-

"(४) एनहाइड्रस इथानोल, रेक्टिफाईड स्पिरिट वा इ.एन.ए. उत्पादन गर्ने उद्योगले प्रयोग गर्ने अन्न, मोलासिस वा खुदोबाट प्राप्त हुनु पर्ने इथानोल, स्प्रिट वा इ.एन.ए.को उत्पादन प्रतिलब्धि दरको निर्धारण तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको प्रतिलब्धि दर भन्दा घटी उत्पादन भएको देखिएमा त्यस्तो फरक परिमाणको इथानोल, स्पिरिट वा इ.एन.ए. बाट उच्चतम कोटीको मदिरा उत्पादन भएको मानिनेछ ।"

(७) दफा ८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले

पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा संचय गर्न वा अन्तः शुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुंदैन ।

(८) दफा ८ को उपदफा (२) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछः-

"तर परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनैतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा अन्तःशुल्क ईजाजत लिनु पर्ने छैन ।"

(९) दफा १२ को उपदफा (३) को खण्ड (घ) मा देहाय बमोजिमको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछः-

"तर त्यस्तो निलम्वन सात दिन भन्दा बढीको अवधिको लागि गर्न पाइने छैन र त्यसरी निलम्वन गरेको साठी दिन भित्र निर्णय गरी सक्नु पर्नेछ ।"

(१०) दफा १४ को उपदफा (१) खण्ड (क), (ख) र (ग) को सट्टा देहायको खण्ड (क), (ख) र (ग) राखिएकाछन्ः-

"(क) सुराक दिने व्यक्तिलाई बिगोको दश प्रतिशत,

(ख) वस्तु मात्र पक्री पेश गर्ने व्यक्तिलाई बिगोको बीस प्रतिशत ।

(ग) दशी तथा मानिस सहित पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत,

तर सूचना वा सुराक दिने व्यक्ति एकभन्दा बढी भएमा त्यस्ता व्यक्तिहरु बीच पुरस्कारको बाँडफाँड दामासाहीले गरिनेछ ।"

(११) दफा १६ को,-

(क) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

"(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी गरेमा,"

(ख) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएकोछ :-

"(५) कसैले देहायका कसुर गरेमा त्यस्ता व्यक्तिलाई कसुरको मात्रा हेरी पाँच हजार

रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना हुनेछ :-

(क) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु बिक्री वा सञ्चय गरेमा,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने सेवा प्रदान गरेमा,

(ग) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गरेमा ।"

(१२) दफा १७ पछि देहायका दफा १७क. थपिएकोछः-

"१७क. किस्तावन्दीमा तिर्ने व्यवस्था : कुनै करदाताले बक्यौता अन्तःशुल्क किस्तावन्दीमा बुझाउन पाउ भनी लिखित अनुरोध गरेमा एक वर्षको लागि किस्तावन्दीमा वुझाउने गरी अनुमति प्रदान गर्न सकिनेछ ।"

(१३) दफा १९ को सट्टा देहायको दफा १९ राखिएकोछ :-

"१९ "पुनरावेदनः (१) यस ऐन बमोजिम अन्तःशुल्क अधिकृतले गरेको निर्णय उपर पैतीस दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिनभित्र पुनरावेदनको सूचनाको एक प्रति विभागमा दर्ता गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिएको कारणबाट दफा १६ को उपदफा (१) मा उल्लिखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन ।"

(१४) दफा २३ को उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछ :-

"(१क.) उपदफा (१) बमोजिम निवेदन दिंदा अन्तःशुल्क तथा जरिवाना रकम असुल गर्न आदेश भएकोमा आदेश भएको मध्ये अविवादित अन्तःशुल्क तथा जरिवाना रकम पूरै दाखिला गरी विवादित अन्तःशुल्क तथा जरिवाना रकमको एक तिहाईले हुने रकम नगद धरौटी राख्नु पर्नेछ ।"

(१५) दफा २३ पछि देहायको दफा २३क. थपिएकोछ :-

२३क. अन्तःशुल्क लाग्नेः ”राजा तथा राजपरिवारका सदस्यहरुबाट अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको खरीद विक्री कार्य भएमा यस ऐन बमोजिम अन्तःशुल्क लाग्नेछ ।”

(१६) दफा २५ पछि देहायको दफा २५क. थपिएकोछ,-

“२५क. निर्देशिका बनाई जारी गर्न सक्ने : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही विभागले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ ।”

(१७) दफा ४ को उपदफा (१)को खण्ड (क) र ११ मा रहेका “निकासी” भन्ने शब्दको सट्टा “निष्काशन” शब्द राखिएकोछ ।

(१८) दफा १३ को उपदफा (१), १४ को उपदफा (१) र १५ मा रहेका “अन्तःशुल्क कार्यालय” को सट्टा “आन्तरिक राजस्व कार्यालय” भन्ने शब्दहरु राखिएका छन् ।

(१९) अन्तःशुल्क ऐन, २०५८ मा देहायको अनुसूची थपिएकोछ :-

## अनुसूची
## (दफा ३ संग सम्बन्धित)
## अन्तःशुल्क दरबन्दी

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| १ | खुदो (मोलासेस) | १७०३.१०.०० र १७०३.९०.०० | प्रति क्वीण्टल | रु. ३५।- |
| २ | सख्खर (गुड), कालो सख्खर, खाडसारीवाट निस्कने रसकट (पैठारीमा मात्र) | १७०१.११.९० | प्रति क्वीण्टल | रु. ६५।- |
| ३ | प्लाष्टिकका प्याक गर्ने सामान | ३९२३.१०.९० | मोल प्रतिशत | ५ प्रतिशत |
| ४ | प्लाष्टिकका प्याक गर्ने सामान | ३९२३.२१.०० | मोल प्रतिशत | ५ प्रतिशत |
| ५ | प्लाष्टिकका प्याक गर्ने सामान | ३९२३.२९.०० | मोल प्रतिशत | ५ प्रतिशत |
| ६ | प्लाष्टिकका प्याक गर्ने सामान | ३९२३.९०.०० | मोल प्रतिशत | ५ प्रतिशत |
| ७ | प्लाष्टिकको अन्य सामानः | ३९२६.९०.९० | मोल प्रतिशत | ५ प्रतिशत |
| ८ | तयारी फलफूलको रस :- | | | |
| | (क) सुन्तलाको रस (अरेन्ज जुस) | २००९.१९.००, २००९.११.०० र २००९.१२.०० | प्रति लिटर | रु.२।- |
| | (ख) अंगुरको रस (ग्रेपफ्रुट जुस) | २००९.२९.००, र २००९.२१.०० | प्रति लिटर | रु.२।- |
| | (ग) अन्य कुनै जंवीर जाती (सिटरस) को एक फलको रस | २००९.३९.०० र २००९.३१.०० | प्रति लिटर | रु.२।- |
| | (घ) भुइकटरको रस (पाइनेपल जुस) | २००९.४९.००, र २००९.४१.०० | प्रति लिटर | रु.२।- |
| | (ङ) गोलभेडाको रस (टमाटो जुस) अंगुरको रस (ग्रैप जुस) अंगुरको काँचो रस (ग्रैप मस्ट) समेत | २००९.६९.००, २००९.५०.०० र २००९.६१.०० | प्रति लिटर | रु.२।- |
| | (च) स्याउको रस (एपल जुस) | २००९.७९.०० र २००९.७१.०० | प्रति लिटर | रु.२।- |
| | (छ) अन्य कुनै एउटै फलफुल वा वनस्पतिको रस | २००९.८०.०० | प्रति लिटर | रु.२।- |
| | (ज) रसको मिश्रण | २००९.९०.०० | प्रति लिटर | रु.२।- |

| | | | | |
|---|---|---|---|---|
| ९ | चूना मिश्रण भएको निकोटिनयुक्त वा निकोटिनरहित पान मसलाहरु र यस्तै अन्य पदार्थहरु | २१०६.९०.२० | प्रति किलो | रु. २००।- |
| १० | कत्था | १४०४.९०.०० | प्रति किलो | रु. १००।- |
| ११ | पेय पदार्थ | | | |
| | (क) अल्कोहल रहित सबै किसिमको पेय पदार्थहरु | २२०२.९०.०० | प्रति लिटर | रु.२।- |
| | (ख) शुन्य दशमलव पाँच प्रतिशत भन्दा कम अल्कोहल मिश्रित हल्का पेय पदार्थ | २२०२.९०.०० | प्रति लिटर | रु.४।- |
| | (ग) ०.५ प्रतिशत देखी १ प्रतिशतसम्म अल्कोहल मिश्रित हल्का पेय पदार्थ | | प्रति लिटर | रु.६।- |
| १२ | वियर | २२०३.००.०० | प्रति लिटर | रु .५०।- |
| १३ | कण्ट्री बियर (छ्याङ) | २२०६.००.१० | प्रति लिटर | रु. १५।- |
| १४ | स्वदेशमा निर्मित वाईन (चुत्रो, स्याउ र ऐसेलुबाट, निर्मित १२ प्रतिशतसम्म अल्कोहलको मात्रा भएको) वा स्वदेशी साईडर | २२०४.२९.०० | प्रति लिटर | रु. ४५।- |
| १५ | १२ प्रतिशतसम्म अल्कोहल भएका वाइन र वियर बाहेकका अन्य पेय पदार्थहरु (पैठारीमा) | - | प्रतिलिटर | रु.१२५।- |
| १६ | १२ प्रतिशतसम्म अल्कोहल भएका वाइन (पैठारीमा) | २२०४.१०.००, २२०५.९०.००<br>२२०४.२१.००<br>२२०४.२९.००<br>२२०४.३०.००<br>र २२०५.१०.०० | प्रति लिटर | रु. १४०।- |
| १७ | १२-१७ प्रतिशतसम्म अल्कोहलको मात्रा भएको वाइन | २२०४.१०.००, २२०५.९०.००<br>२२०४.२१.००<br>२२०४.२९.००<br>२२०४.३०.००<br>र २२०५.१०.०० | प्रतिलिटर | रु. १४०।- |

| | | | | |
|---|---|---|---|---|
| १८ | १७ प्रतिशतभन्दा बढी अल्कोहल भएको वाइन, जडिबुटी मिश्रित मदिरा, कक्टेल (अल्कोहलिक /अल्कोहलिक/नन्अल्कोहलिक मिश्रण) तथा अन्य फर्मेण्टेड मदिराहरु | २२०४.१०.००, २२०५.९०.०० २२०४.२१.०० २२०४.२९.०० २२०४.३०.०० २२०५.१०.०० र २२०६.००.९० | प्रति लिटर | रु. १४५।- |
| १९ | सेम्पेन, सेरी, मिड, पेरी, साइडर । | २२०६.००.९० र २२०४.१०.०० | प्रतिलिटर | रु. १४५।- |
| २० | डिनेचर्ड स्प्रिट (८० देखि ९९ प्रतिशतसम्म अल्कोहल भएको) | २२०७.२०.०० | प्रति लिटर | रु. ३०।- |
| २१ | थिनर, सल्भेण्ट | ३८१४.००.०० | प्रति लिटर | रु. २०।- |
| २२ | एनहाइड्रस इथानोल (९९ प्रतिशत भन्दा बढी अल्कोहल भएको) | २२०७.१०.०० | प्रति लिटर | रु. ६।- |
| २३ | आयतनमा ५७.३८ प्रतिशतदेखि ८० प्रतिशतसम्म अल्कोहल भएको मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने सबै प्रकारका मादक द्रवहरु | | | |
| | (क) वाइन तथा ब्राण्डीको कच्चा पदार्थ | २२०८.२०.१० | प्रति लिटर | रु. १००।- |
| | (ख) ह्विस्कीको कच्चा पदार्थ | २२०८.३०.१० | प्रति लिटर | रु. १००।- |
| | (ग) रम एण्ड टाफीयाको कच्चा पदार्थ | २२०८.४०.१० | प्रति लिटर | रु. १००।- |
| | (घ) जीन र जेनेभाको कच्चा पदार्थ | २२०८.५०.१० | प्रति लिटर | रु. १००।- |
| | (ङ) भोड्काको कच्चा पदार्थ | २२०८.६०.१० | प्रति लिटर | रु. १००।- |
| | (च) लिकर्स र कर्डियल्सको कच्चा पदार्थ | २२०८.७०.१० | प्रति लिटर | रु. १००।- |
| | (छ)अन्य मदिराको कच्चा पदार्थ (स्प्रीट समेत) | २२०८.९०.१० | प्रति लिटर | रु. १००।- |
| २४ | आयतनमा ८० प्रतिशतभन्दा बढी अल्कोहल भएका मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने रेक्टिफाइड स्प्रिट | २२०७.१०.०० | प्रति लिटर | रु. ३०।- |
| २५ | ई.एन.ए. | २२०७.१०.०० | प्रति लिटर | रु. ४०।- |

| | | | | |
|---|---|---|---|---|
| २६ | तयारी मदिरा | | | |
| | (क) वाइन तथा ब्राण्डी<br>(१) २५ यु.पि. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.२०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २७०।-<br>रु. ३६०।- |
| | (२)३० यु.पि. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.२०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २५२।-<br>रु. ३६०।- |
| | (ख) ह्वीस्की | | | |
| | (१) २५ यु.पि. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.३०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २७०।-<br>रु. ३६०।- |
| | (२) ३० यु.पि. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.३०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २५२।-<br>रु. ३६०।- |
| | (ग) रम एण्ड टाफिया | | | |
| | (१) २५ यु.पि. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.४०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २७०।-<br>रु. ३६०।- |
| | (२) ३० यु.पि. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.४०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २५२।-<br>रु. ३६०।- |
| | (घ) जीन र जेनेभा | | | |
| | (१) २५ यु.पि. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.५०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २७०।-<br>रु. ३६०।- |
| | (२) ३० यु.पि. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.५०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २५२।-<br>रु. ३६०।- |
| | (ङ) भोड्का | | | |
| | (१) २५ यु.पि. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.६०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २७०।-<br>रु. ३६०।- |

| | | | | |
|---|---|---|---|---|
| | (२) ३० यु.पि. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.६०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २५२।-<br>रु. ३६०।- |
| | (च) लिकर्स र कर्डियल्स | | | |
| | (१) २५ यु.पि. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.७०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २७०।-<br>रु. ३६०।- |
| | (२) ३० यु.पि. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.७०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २५२।-<br>रु. ३६०।- |
| | (छ) अन्य तयारी मदिरा | | | |
| | (१) १५ यु.पि. शक्तिको (४८.७८ प्रतिशत अल्कोहलको मात्रा भएको ) | २२०८.९०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. ३६१।२५<br>रु. ४२५।- |
| | (२) २५ यु.पि. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.९०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २७०।-<br>रु. ३६०।- |
| | (३) ३० यु.पि. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.९०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. २५२।-<br>रु. ३६०।- |
| | (४) ४०यु.पि. शक्तिको (३४.४४ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.९०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. १२६।-<br>रु. २१०।- |
| | (५) ५० यु.पि. शक्तिको (२८.७० प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.९०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. ४७५०<br>रु. ९५।- |
| | (६) ७० यु.पि. शक्तिको (१७.२२ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.९०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु. ७८०<br>रु. २६।- |
| | तर आयातित मदिराको हकमा माथि उल्लेखित दरबन्दीमा तोकिएको अल्कोहलको मात्रामा एक प्रतिशतसम्म फरक भएमा सोही दरबन्दी लाग्नेछ र एक प्रतिशतभन्दा बढी फरक भएमा नजिकको उच्चदरको दरबन्दी अनुसार अन्तःशुल्क लगाई असूल उपर गरिनेछ। | | | |

| | | | | |
|---|---|---|---|---|
| २७ | चुना मिलाई खाने प्याकिङ्ग गरिएको कोरा सुर्ति | २४०३.९१.०० | प्रति कि. ग्राम | रु. १३०।- |
| २८ | सुर्तीबाट तयार भएको सबै प्रकारको जर्दा र खैनी, | २४०३.९१.०० | प्रति कि. ग्राम | रु. २००।- |
| २९ | नस तथा सूर्तिको धूलो मिसिएको दाँत माझ्ने वस्तु | २४०३.९९.०० | प्रति.कि ग्राम | रु. १९०।- |
| ३० | तयारी विडी | २४०३.१०.९० | प्रति एम | रु. ५०।- |
| ३१ | पाइप सूर्ति | २४०३.१०.१० | प्रति कि.ग्राम | रु. ५२५।- |
| ३२ | सवै प्रकारको सिगार | २४०२.१०.०० र २४०२.९०.०० | प्रति खिल्ली | रु. ३।- |
| ३३ | फलामे डण्डी | ७२१३ र ७२१४ (उपशीर्षक ७२१४.९९.१० बाहेक) | प्रति मे.टन. | रु. १०००।- |
| ३४ | मार्वल | २५१६.९०.००, २५१६.२०.००, २५१५.१२.००, २५१५,२०.००, २५१६.१२.०० र ६८०२.२१.०० देखि ६८०२.९९.०० सम्म | मोल प्रतिशत | ५ प्रतिशत |
| ३५ | ग्लेज टायलहरु | ६९०८ | मोल प्रतिशत | ५ प्रतिशत |
| ३६ | चाउ चाउ (नुडल्स) र तिनको टुक्राटाक्री, म्याकारोनी र पास्ता | १९०२ | प्रति के.जि. | रु. ७५० |
| ३७ | मासु, माछाका तयारी परिकारहरु (टिनप्याक) | भाग १६ | मोल प्रतिशत | ५ प्रतिशत |
| ३८ | कुकुर, बिरालोको खाना | २३०९.१०.०० | मोल प्रतिशत | ५ प्रतिशत |
| ३९ | चुरोट (सूर्तिबाट तयार भएको सवै प्रकारको चुरोट) | | | |
| | (१) ७० मि.मि. सम्मको लम्वाईमा | | . | |
| | (क) फिल्टर नभएको | २४०२.२०.०० | प्रति एम | रु. १७५।- |
| | (ख) फिल्टर भएको | २४०२.२०.०० | प्रति एम | रु. ३६०।- |
| | (२) ७० भन्दा बढी ७५ मि.मि. सम्मको लम्वाईमा (फिल्टर भएको) | २४०२.२०.०० | प्रति एम | रु. ४६०।- |
| | (३) ७५ भन्दा बढी ८५ मि.मि. सम्मको लम्वाईमा (फिल्टर भएको) | २४०२.२०.०० | प्रति एम | रु. ६००।- |

| | | | | |
|---|---|---|---|---|
| | (४) ८५ मि.मि. भन्दा बढी लम्वाईमा (फिल्टर भएको) | २४०२.२०.०० | प्रति एम | रु. ७९५।- |
| ४० | सिमेण्ट | | | |
| | (क) पोर्टल्याण्ड सिमेण्ट सेतो (रंगी वा रंगविहिन) | २५२३.२१.०० | प्रति मे.टन | रु. १५०।- |
| | (ख) पोर्टलैण्ड सिमेण्ट (खैरो) | २५२३.२९.०० | प्रति मे.टन | रु. १५०।- |
| | (ग) अलुमिनियस सिमेण्ट | २५२३.३०.०० | प्रति मे.टन | रु. १५०।- |
| | (घ) अन्य हाइड्रोलिक सिमेण्ट | २५२३.९०.०० | प्रति मे.टन | रु.१५०।- |
| ४१ | सबै प्रकारका पेन्ट्स | ३२०८, ३२०९, ३२१० | मोल प्रतिशत | ५ प्रतिशत |
| ४२ | (क) सबै प्रकारका (सेरामिक) ईटाहरु (आन्तरिक उत्पादन बाहेक) | ६९०४.१०.०० | प्रति हजार | रु. ५२५।- |
| ४३ | रङ्गिन टेलिभिजन | ८५२८.७२.०० | मोल प्रतिशत | ५ प्रतिशत |
| ४४ | रङ्गिन टेलिभिजनका पार्टपूर्जाहरु मात्र | ८५२९.९०.१० | मोल प्रतिशत | ५ प्रतिशत |
| ४५ | रङ्गिन टेलिभिजनका पिक्चर टुयुबहरु | ८५४०.११.०० | मोल प्रतिशत | ५ प्रतिशत |
| ४६ | सवारी साधनहरु : | | | |
| | (क) कार, जीप र भ्यानहरु (भन्सार शीर्षक ८७०२ र ८७०३) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | ३५ प्रतिशत |
| | (ख) माइक्रोबसहरु (११ देखि १४ सिटसम्म भएको (भन्सार शीर्षक ८७०२) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | ३५ प्रतिशत |
| | (ग) डवल क्याव पिकअप (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | ३५ प्रतिशत |
| | (घ) तीन पांग्रे गाडीहरु (अटोरिक्सा) (भन्सार शीर्षक ८७०३) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | ३५ प्रतिशत |
| | (ङ.) सिंगल क्याव पिकअप (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | २० प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| | (च) डेलिभरी भ्यान (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | १५ प्रतिशत |
| | (छ) मिनिबसहरु (१५ देखि २५ सिटसम्म भएको) (भन्सार उपशीर्षक ८७०२१०२०) | | मोल प्रतिशत | १५ प्रतिशत |
| | (ज) मिनिबसहरु (१५ देखि २५ सिटसम्म भएको) (भन्सार उपशीर्षक ८७०२९०.२०) | | मोल प्रतिशत | १० प्रतिशत |
| | (झ) भन्सार शीर्षक ८७०२ मा पर्ने (१५ देखि २५ सिटसम्म भएको) मिनिवसका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | १० प्रतिशत |
| | (ञ) मोटरसाइकल (भन्सार शीर्षक ८७११) | | मोल प्रतिशत | १० प्रतिशत |

(१) अन्तःशुल्क दरबन्दीमा माथि जुनसुकै कुरा लेखिएको भएतापनि एम्बुलेन्स, शव वाहन र ब्याट्रिबाट चल्ने टेम्पोको चेसिसमा अन्तःशुल्क लाग्ने छैन ।

(२) अन्तः शुल्क लाग्न सक्ने वस्तुहरुको व्याख्या तथा हार्मोनाइज्ड कोड तोक्ने काम आवश्यकता अनुसार भन्सार विभागसंग परामर्श लिई विभागले गर्न सक्नेछ ।

(३) सवारीसाधनको पैठारीमा तिरेको अन्तःशुल्क रकम उक्त सवारीसाधन विक्री गर्दा तिनुपर्ने अन्तःशुल्कमा कट्टा गर्न दिइनेछ ।

(४) उद्योगले पैठारी गर्ने शीर्षक ७२१३ को उपशीर्षक ७२१३.९१.१० को M.S Wire Rod in Coil कच्चा पदार्थमा उद्योग विभागको सिफारिशमा अन्तःशुल्क छुट दिइनेछ ।

(५) अन्तःशुल्क दरबन्दी प्रयोजनको लागि निर्धारित आठ अंकको उपशीर्षकलाई तथ्यांक प्रयोजनको लागि महानिर्देशकले अंक थप गर्न सक्नेछ ।

(६) मार्वलको स्थानीय उत्पादनमा अन्तःशुल्क लाग्ने छैन ।

३७. आयकर ऐन, २०५८ मा संशोधन : आयकर ऐन, २०५८ को,-

(१) दफा २ को,-

(क) खण्ड (त) पछि देहायको खण्ड (त१) थपिएकोछ :-

"(त१) "कारोबार" भन्नाले कुनै आयवर्षको रोजगारी, लगानी वा व्यवसायको आय गणना गर्ने प्रयोजनको लागि दफा ७, ८ वा ९ बमोजिम समावेश गरिने जम्मा रकम बराबरको कारोबार सम्झनु पर्छ ।"

(ख) खण्ड (द) को,-

(१) उपखण्ड (२) पछि देहायको उपखण्ड (२क.) थपिएको छ :-

"(२क.) कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित,"

(२) उपखण्ड (३) मा रहेका "निजी भवन" भन्ने शब्दहरु अघि "जग्गा तथा" भन्ने शब्दहरु थपिएकाछन् ।

(ग) खण्ड(ध)को सट्टा देहायको खण्ड (ध)राखिएकोछ :-

"(ध) "छुट पाउने संस्था" भन्नाले देहायका निकाय सम्झनु पर्छ :-

(१) कर छुट पाउने संस्थाको रुपमा विभागमा दर्ता भएका देहाय बमोजिमका निकाय :-

(क) नाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी संस्था,

(ख) सामाजिक वा खेलकूद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले सो संस्था वा त्यसका सदस्यहरुले लाभ नलिने गरी गठन भएको

अव्यवसायी (एमेच्योर) खेलकूद संस्था,

(२) निर्वाचन आयोगमा दर्ता भएको राजनैतिक दल,

(३) गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समिति,

तर छुट पाउने संस्थाको उद्देश्य अनुसार कार्य सम्पन्न हुँदा वा कुनै व्यक्तिद्वारा सो संस्थालाई प्रदान गरिएका सम्पत्ति वा सेवा वापतको कुनै भुक्तानी गर्दा बाहेक सो संस्थाको सम्पत्ति र सो संस्थाले प्राप्त गरेको रकमबाट कुनै व्यक्तिलाई कुनै फाइदा पुऱ्याएको भए त्यस्तो संस्थालाई कर छुट हुने छैन ।"

(घ) खण्ड (भ) को उपखण्ड (५) मा रहेका "(१), (२) र (३)" भन्ने अंक र अक्षरको सट्टा "(१), (२), (३) र (४)" भन्ने अंक र अक्षर राखिएकाछन् ।

(ङ) खण्ड (श) को उपखण्ड (१) र (२) को सट्टा देहायका उपखण्ड (१) र (२) राखिएकाछन्ः-

"(१) जमिनबाट पानी, खनिज पदार्थ वा अन्य जीवित वा निर्जीव स्रोत निकाल्ने अधिकार प्राप्त गरे वापतको भुक्तानी, वा

(२) जमिनबाट समग्र वा आंशिक रुपमा निकालिएको प्राकृतिक स्रोत र खनिज पदार्थको जीवित वा निर्जीव स्रोतको परिमाण वा मूल्यका आधारबाट गणना गरिएको रकम ।"

(च) खण्ड (स) को सट्टा देहायको खण्ड (स) राखिएकोछ :-

"(स) "भाडा" भन्नाले घर बहाल समेतका मूर्त सम्पत्तिको बहाल तथा पट्टा अन्तर्गत गरिएका प्रिमियम लगायतका सबै भुक्तानी सम्झनु पर्छ ।

तर यस शब्दले प्राकृतिक स्रोत वापत भएको भुक्तानीलाई जनाउने छैन ।"

(छ) खण्ड (क ख) को सट्टा देहायको खण्ड (क ख) राखिएकोछ :-

"(क ख) "लगानी" भन्नाले देहाय बमोजिम बाहेक एक वा एक भन्दा बढी सम्पत्ति धारण गर्ने वा त्यस्तो सम्पत्ति लगानी गर्ने कार्य सम्झनु पर्छ :-

(१) सम्पत्तिमा स्वामित्व राख्ने व्यक्तिबाट निजी प्रयोगमा ल्याइएको सम्पत्ति राख्ने कार्य,

(२) रोजगारी वा व्यवसाय ।

तर गैर व्यावसायिक करयोग्य सम्पत्ति राख्ने कार्य लगानी मानिनेछ ।"

(ज) खण्ड (क ङ) को,-

(क) उपखण्ड (१) को देहाय (ख) को पहिलो हरफमा रहेका "कुनै आय वर्षको" भन्ने शब्दहरु झिकिएकाछन् ।

(ख) उपखण्ड (३) को देहाय (ख) को अन्तमा "वा," भन्ने शब्द थपिएको छ ।

(ग) उपखण्ड (४) को देहाय (क) को अन्तमा "वा," भन्ने शब्द थपिएको छ ।

(घ) उपखण्ड (४) पछि देहायको उपखण्ड (४क.) थपिएकोछ :-

"(४क.) नेपाल सरकार,"

(ङ) उपखण्ड (६) को दोस्रो हरफमा रहेको "र" भन्ने शब्दको सट्टा "वा," भन्ने शब्द राखिएकोछ ।

(झ) खण्ड (क झ) को उपखण्ड (२) मा रहेको "प्रिमिमय" भन्ने शब्दको सट्टा ऋण दायित्व अन्तर्गतको छुट, प्रिमियम" भन्ने शब्दहरु राखिएकाछन् ।

(ञ) खण्ड (क ञ) मा रहेका "गरिएको वा" भन्ने शब्दहरु झिकिएकाछन् ।

(ट) खण्ड (क ठ ) पछि देहायको खण्ड (क ठ १) थपिएकोछ :-

"(कठ१) "विद्युतिय माध्यम" भन्नाले कम्प्यूटर, फयाक्स, इमेल, इन्टरनेट, विद्युतिय क्यास मेशिन, फिस्कल प्रिन्टर समेत विभागले तोकेका अन्य स्वीकृत माध्यम सम्झनुपर्छ । "

(ठ) खण्ड (क ण) मा रहेका "उपखण्ड (४)" भन्ने शब्द र अङ्कको सट्टा "उपखण्ड (५)" भन्ने शब्द र अङ्क राखिएकोछ ।

(ड) खण्ड (क न) पछि देहायको खण्ड (क न १) थपिएकोछ :-

"(क न१) "समायोजित करयोग्य आय" भन्नाले कुनै व्यक्तिको कुनै आयवर्षको कर योग्य आयको गणना गर्दा दफा १२ बमोजिम कुनै रकम नघटाई तथा दफा १४ को उपदफा (२), दफा १७ वा १८ बमोजिम कट्टी नगरी गणना गरिएको करयोग्य आय सम्झनु पर्छ ।"

(ढ) खण्ड (क ब ) मा रहेको "पन्ध्र" भन्ने शब्दको सट्टा "दश" भन्ने शब्द राखिएकोछ ।

(ण) खण्ड (क ल) मा रहेका "कार्यसंग सम्बन्धित" भन्ने शब्दहरु झिकि सोही खण्डमा रहेका "कुनै

निकाय” भन्ने शब्दहरुको पछि “खण्ड (म) बमोजिमको” भन्ने शब्दहरु थपिएकाछन् ।

(२) दफा ४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

“(१) कुनै आय वर्षका लागि दफा ३ मा उल्लिखित कुनै व्यक्तिले दाखिला गर्नु पर्ने करको रकम सो दफाको खण्ड (क), (ख) र (ग) मा उल्लिखित कुनै एक वा एक भन्दा बढी व्यक्तिको हैसियतले सो व्यक्तिले दाखिला गर्नु पर्ने करको जम्मा रकम बराबर हुनेछ ।”

(ख) उपदफा (२) मा रहेका “दफा ५१ वा ७१” भन्ने शब्द र अङ्क पछि “वा दुबै दफा” भन्ने शब्दहरु थपिएकाछन् ।

(ग) उपदफा (३) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछ :-

“(ग) रोजगारदाताले भुक्तानी गरेको औषधि उपचार खर्च वापतको कर मिलान र रोजगारदाताले नै भुक्तानी गरिदिएको अवकाश योगदान मात्र घटाउन दावी गरेको तथा दफा १२ बमोजिम चन्दा वापत खर्च घटाउन दावी नगरेको ।”

(घ) उपदफा (४) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१.) थपिएकोछ :-

“(क१) औषधी उपचार खर्च वापत दफा ५१ बमोजिम तथा अग्रिम कर कट्टी वापत दफा ९३ बमोजिम कर मिलान गर्न दावी नगरेको,”

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

“(ख) व्यवसायबाट प्राप्त आय एक लाख पचास हजार रुपैयाँ र

व्यवसायको कारोबार पन्ध्र लाख रुपैयाँ भन्दा बढी नभएको, र"

(ङ) उपदफा (६) मा रहेका "दफा ८८" भन्ने शब्द र अङ्कको सट्टा "दफा ८७, ८८ र ८९" भन्ने शब्द र अंकहरु राखिएकाछन् ।

(३) दफा ५ मा रहेका "दफा १२ वा ६३" भन्ने शब्दहरु पछि "वा दुबै दफा" भन्ने शब्दहरु थपिएका छन् ।

(४) दफा ६ को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "दफा ११ वा ६४" भन्ने शब्दहरु पछि "वा दुबै दफा" भन्ने शब्दहरु थपिएकाछन् ।

(५) दफा ७ को उपदफा (१) मा रहेका " आयमा गणना गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "आय हुनेछ" भन्ने शब्दहरु राखिएकाछन् ।

(६) दफा ९ को उपदफा (१) मा रहेका "मानी गणना गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "हुनेछ" भन्ने शब्द राखिएकोछ ।

(७) दफा १० को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएकोछः-

"(झ) नेपाल सरकारको जुनसुकै प्रकारको आय ।"

(८) दफा ११ को, -

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई संचालन भएको कृषि वा वन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिबुटी खेती तथा प्रशोधन, तरकारीका वीउ विजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कबुलियति वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वन सम्बन्धी व्यवसायहरु जस्ता कृषि तथा वनजन्य उद्योगहरु, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषिसम्बन्धी वीउ विजन, कीटनाशक औषधि, मल

तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्नेबाहेक) को कारोवार गर्ने सहकारी संस्था तथा ग्रामीण समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्था वा संघको आयमा कर लाग्ने छैन । यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत कर लाग्ने छैन ।"

स्पष्टीकरण : "ग्रामिण समुदाय" भन्नाले नगरपालिका क्षेत्र र सो क्षेत्रसंग जोडिएका गाउँ विकास समिति बाहेकको क्षेत्र सम्झनु पर्छ ।

(ख) उपदफा (३) पछि देहायको उपदफा (३क), (३ख) र (३ग) थपिएका छन् :-

"(३क) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगको आयमा लाग्ने आयकर र त्यस्ता उद्योगले वितरण गर्ने लाभांशमा लाग्ने करमा देहाय बमोजिम छुट हुनेछ :-

(क) हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार शुरु गरेको मितिले दश वर्षसम्म लाग्ने आयकरको शत प्रतिशत र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको पचास प्रतिशत,

(ख) अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरको शत प्रतिशत र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको पचास प्रतिशत,

(ग) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा लाग्ने कर कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म शत प्रतिशत र त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशत,

(घ) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगका विदेशी लगानीकर्ताले विदेशी प्रविधि वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन गरेको आयमा लाग्ने आयकर पचास प्रतिशत ।

(३ख) दुर्गम क्षेत्रमा स्थापित उद्योगको आयमा लाग्ने आयकर उद्योग सञ्चालन भएको मितिले दश वर्षसम्म शत प्रतिशत छुट हुनेछ ।

(३ग) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सूचना प्रविधि पार्क भित्र स्थापित सूचना प्रविधि मूलक उद्योगको आयमा लाग्ने करको पच्चीस प्रतिशत छुट हुनेछ ।

(ग) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएकोछ :-

"(४) उपदफा (१), (२), (३) को खण्ड (क), उपदफा (३) को खण्ड (ख), उपदफा (३क)., (३ख) र (३ग), अनुसूची-१ को दफा १ को उपदफा (१२) र अनुसूची-१ को दफा २ को उपदफा (३) बमोजिमका व्यक्तिले आयको गणना गर्दा अन्य छुट्टै व्यक्तिद्वारा सो आय मात्र प्राप्त गरे सरह मानी सो आयको गणना गर्नु पर्नेछ ।"

(घ) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएकोछ :-

"(५) एउटै आयको सम्बन्धमा माथि उल्लेखित उपदफाहरु बमोजिम एकभन्दा वढी छुट पाउन सक्ने अवस्था भएको व्यक्तिले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउनेछ ।"

(ङ) उपदफा (६) पछि देहायको उपदफा (७) राखिएकोछ :-

"(७) उपदफा (३क) र (३ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि सोही उपदफाहरुमा उल्लिखित उद्योग वा व्यवसाय सञ्चालन गर्न प्रयोग भएका सम्पत्तिहरु साविकमा अन्य व्यक्तिले सोही किसिमको वा अन्य किसिमको उद्योग वा व्यवसाय सञ्चालन गर्न प्रयोग गरेको पुरानो सम्पत्तिहरु भए सो उपदफाहरु बमोजिमको सुविधा प्राप्त हुने छैन ।"

(९) दफा ११ पछि देहायको दफा ११क. थपिएकोछ :-

" ११क. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा लाग्ने कर पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गर्नका लागि नेपाल सरकार र कुनै व्यक्तिका बीच कुनै सम्झौता भएमा सो सम्झौता गर्दाका वखत कायम भएको कर सम्वन्धी यस ऐनले व्यवस्था गरेको करका सुविधाहरु त्यस्तो पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने व्यक्तिले सम्झौता अवधि भर त्यस्तो कर सम्वन्धी सुविधा उपभोग गर्न पाउनेछ ।

(१०) दफा १२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम कुनै आय वर्षमा घटाउन पाउने खर्च एक लाख रुपैयाँ वा सो व्यक्तिको सो वर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ सोभन्दा बढी हुने छैन ।"

(११) दफा १२ पछि देहायको दफा १२क. थपिएकोछः-

"१२क. सम्पदा संरक्षण र खेलकूदको विकासमा गरेको खर्च : कुनै कम्पनीले कुनै आय वर्षमा विभागको पूर्व स्वीकृति लिई नेपाल राज्य भित्र रहेका प्राचीन, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्वर्द्धन गर्ने वा खेलकूदको सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा गरेको खर्च मध्ये दश लाख रुपैंयाँसम्मको रकम वा निर्धारण योग्य आयको दश प्रतिशतले हुने रकम मध्ये जुन घटी हुन्छ सो रकम आफ्नो सो वर्षको करयोग्य आय गणना गर्दा घटाउने दावी गर्न सक्नेछ ।"

(१२) दफा १४ को,-

(क) उपदफा (१) मा रहेको "सो व्यक्तिको " भन्ने शब्दहरु पछि "व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको" भन्ने

शब्दहरु थपी सोही उपदफाको खण्ड (ख) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(ख) उपदफा (२) को,-

(क) अन्तमा रहेका "सो उपदफा बमोजिम कट्टी गर्न पाउने कूल व्याज रकम देहायका रकमहरुको जम्मा भन्दा बढी हुनेछैन" भन्ने वाक्यांशको सट्टा "नियन्त्रण गर्ने व्यक्ति वा सम्बद्ध व्यक्तिलाई व्याज भुक्तानी गरेमा उपदफा (१) बमोजिम कट्टी गर्न पाउने त्यस्तो व्याज रकम देहायका रकमहरुको जम्मा भन्दा बढी हुनेछैन" भन्ने वाक्यांश राखिएकोछ ।

(ख) खण्ड (ख) मा रहेका "करयोग्य आयको" भन्ने शब्दहरुको सट्टा "समायोजित करयोग्य आयको" भन्ने शब्दहरु राखिएकाछन ।

(१३) दफा १५ को,-

(क) स्पष्टीकरण (ग) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर कारखानाको शिरोभार लागतमा मर्मत तथा सुधार र ह्रास कट्टी वापतको कुनै रकम समावेश हुने छैन ।"

(ख) स्पष्टीकरण (घ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर परिवर्तनशील कारखाना शिरोभार लागतमा मर्मत तथा सुधार र ह्रास कट्टी वापतको कुनै रकम समावेश हुने छैन ।"

(१४) दफा १६ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपदफा बमोजिम गर्न पाउने खर्च कट्टी गर्दा सो आय वर्षको अन्त्यमा

रहेको सम्पत्तिको समूहको ह्रास आधार रकमको सात प्रतिशतभन्दा बढी हुने छैन ।"

"तर हवाई यातायात सेवा उपलब्ध गराउने व्यक्तिले नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम हवाईजहाजको पूर्ण परीक्षण गर्दा लागेको मर्मत सम्भार खर्चमा यो सीमा लागू हुने छैन ।"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ :-

"(३) उपदफा (२) बमोजिमको सीमाको परिणाम स्वरुप कट्टी गर्न नपाइने मर्मत तथा सुधार वापत कुनै अधिक खर्च वा सोको भाग आगामी आयवर्षको शुरुमा सम्बन्धित सम्पत्तिको समूहको ह्रास आधार रकममा जोड्न पाउनेछ ।"

(१५) दफा १७ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षमा सो उपदफा बमोजिम कट्टा गर्न पाउने खर्चको सीमा गणना गर्दा सो व्यक्तिबाट सञ्चालित सबै व्यवसायको समायोजित करयोग्य आयको पचास प्रतिशतभन्दा बढी हुने छैन ।"

(ख) उपदफा (३) मा रहेको "भागलाई" भन्ने शब्दपछि "आगामी आयवर्षको शुरुमा" भन्ने शब्दहरु थपिएकाछन् ।

(१६) दफा १८ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षमा सो उपदफा बमोजिम कट्टा गर्न पाउने खर्चको सीमा गणना

गर्दा सो व्यक्तिबाट सञ्चालित सबै व्यवसायको समायोजित करयोग्य आयको पचास प्रतिशतभन्दा बढी हुने छैन ।"

(ख) उपदफा (३) मा रहेको "कुनै भागलाई" भन्ने शब्दहरु पछि "आगामी आयवर्षको शुरुमा" भन्ने शब्दहरु थपिएकाछन् ।

(१७) दफा १९ को उपदफा (१) मा रहेका "गर्न पाउनेछ" भन्ने शब्दहरुको सट्टा "गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएकाछन् ।

(१८) दफा २० को,-

(क) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

"(ख) सो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात आय वर्षहरुको कट्टी हुन नपाएको नोक्सानी ।

तर सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजनाहरु, विद्युत गृह निर्माण, उत्पादन र प्रशारण गर्ने आयोजनाहरु र नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको हकमा विगत बाह्र वर्षको कट्टी हुन नपाएको नोक्सानी ।"

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिले अन्य कुनै लगानीबाट व्यहोर्नु परेको सो वर्षको कट्टी हुन नपाएको नोक्सानी र सो व्यक्तिको सो लगानी र अन्य कुनै लगानीबाट व्यहोर्नु परेको विगत सात आय वर्षहरुको कट्टी हुन नपाएको नोक्सानी कट्टी गर्न पाउनेछ । "

(ग) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएकोछ :-

"(८) कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीको आयमा पूरा वा आंशिक कर छुट प्राप्त

गरेको भए त्यस्तो आय वर्षमा भएको नोक्सानी पछाडिका आय वर्षमा सारी लैजान (क्यारी फरवार्ड) पाउने छैन ।"

(१९) दफा २१ को स्पष्टीकरण (क) को देहाय (१) मा रहेका "प्राकृतिक व्यक्तिको लागि भएको खर्चहरु" भन्ने शब्दहरुको सट्टा "प्राकृतिक व्यक्तिको निजी खर्चहरु" भन्ने शब्द राखिएकोछन् ।

(२०) दफा २४ को,-

(क) उपदफा (२) मा रहेका "व्यक्तिले गरेको आयको गणनामा" भन्ने शब्दहरुको सट्टा "व्यक्तिको आय गणना गर्दा" भन्ने शब्दहरु राखी सोही उपदाफको उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएकोछः-

"(२) त्यस्तो दायित्वको मूल्य यथार्थपरक ढङ्गले अनुमान गर्न सकिने भएकोमा, र"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्ग सम्बन्धी प्रचलित कानूनका अधीनमा रही नेपाल राष्ट्र बैंकले तोकेको लेखाङ्कनलाई विभागले मान्यता दिन सक्नेछ।"

(ग) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएकोछ :-

"(४) व्यवसाय वा लगानीबाट भएको कुनै व्यक्तिको आय एक्रुयल आधारमा गणना गर्दा सो व्यक्तिले आफूले पाउनु पर्ने कुनै भुक्तानी समावेश गरेकोमा वा आफूले व्यहोर्नु पर्ने कुनै भुक्तानी कट्टा गरेकोमा सटही दरको फरकको कारण समेतले गर्दा सो व्यक्तिले भुक्तानी पाउँदा वा भुक्तानी दिंदा

फरक पर्न गएमा फरक रकमलाई भुक्तानी प्राप्त हुँदा वा दिंदा समायोजन गर्नु पर्नेछ ।"

(२१) दफा २५ को उपदफा (१) को खण्ड (क) मा रहेका "रकमको सोधभर्ना" भन्ने शब्दहरुको सट्टा "रकम फिर्ता" भन्ने शब्दहरु राखिएकाछन् ।

(२२) दफा २७ को उपदफा (१) को खण्ड (क) मा रहेका "द्रव्य (मनी) वा" र सोही खण्डमा रहेका "द्रव्य र" भन्ने शब्दहरु झिकिएकाछन् ।

(२३) दफा २९ को सट्टा देहायको दफा २९ राखिएकोछ :-

"२९. अप्रत्यक्ष भुक्तानीहरु : कुनै व्यक्तिले भुक्तानीकर्ता वा निजसंग सम्बद्ध व्यक्तिले गरेको भुक्तानीबाट अप्रत्यक्ष रुपले फाइदा लिएमा वा भुक्तानी प्राप्त गर्ने अन्य व्यक्ति तोकेकोमा विभागले लिखित रुपमा सूचना जारी गरी त्यस्तो फाइदा लिने वा त्यस्तो अन्य व्यक्ति तोक्ने व्यक्तिलाई नै सो भुक्तानी प्राप्त गर्ने व्यक्तिको रुपमा मान्न सक्नेछ ।"

(२४) दफा ३२ को उपदफा (३) मा रहेको "बिक्रेताले" भन्ने शब्द झिकिएकोछ ।

(२५) दफा ३८ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएकोछ :-

"(२) सो सम्पत्ति प्राप्त भएको कारणले सो व्यक्तिको आय गणना गर्दा समावेश गरिनु पर्ने कुनै रकम ।"

(२६) दफा ३९ को उपदफा (१) को खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "कर लागेको रकम" भन्ने शब्दहरुको सट्टा "भुक्तानी" भन्ने शब्द राखिएकोछ ।

(२७) दफा ४१ को,-

(क) खण्ड (क) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएकोछ :-

"(२) सो सम्पत्ति पुनः निसर्ग हुँदा यो दफा बमोजिम निसर्ग भएको बखतसम्म सो सम्पत्ति वापत

गरिएका खूद खर्चहरु (नेट आउट गोइङ्ग) प्राप्ति रकम बराबरको रकम भए सरह मानिनेछ।"

(ख) खण्ड (ख) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएकोछ :-

"(२) सो दायित्व पुनः निसर्ग हुँदा यो दफा बमोजिम निसर्ग भएको समयसम्म उपखण्ड (१) बमोजिम दायित्व वापत गरिएका खुद आम्दानीहरु खर्च रकम बराबरको भए सरह मानिनेछ।"

(२८) दफा ४५ को उपदफा (२) मा रहेका "कर लाग्ने" भन्ने शब्दहरुको सट्टा "करयोग्य" भन्ने शब्द राखिएकोछ।

(२९) दफा ५० को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि आश्रितलाई भरण पोषण गर्नु पर्ने वासिन्दा विधवा वा विधूरलाई दम्पत्ति सरह मानिनेछ।"

(३०) दफा ५४ को,-

(क) उपदफा (१) को,-

(१) खण्ड (क) मा रहेका "शेयरवालालाई" भन्ने शब्दहरु पछि "वितरण गरेमा" भन्ने शब्दहरु थपिएकाछन्।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

"(ख) अन्य निकायहरुले वितरण गरेमा कर लाग्ने छैन।"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपदफा बमोजिम कर

कट्टी भई प्राप्त भएको लाभांश वितरण गरेमा कर लाग्ने छैन ।"

(ग) उपदफा (४) झिकिएकोछ ।

(३१) दफा ५७ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछ:-

"(१क.) उपदफा (१) मा उल्लेख भए बमोजिमको कुनै निकायको पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तनको गणना गर्ने प्रयोजनको लागि सो निकायको देहाय बमोजिमको स्वामित्वलाई मात्र समावेश गरिनेछ :-

(क) सो निकायको कूल स्वामित्वको एक प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरवालाले ग्रहण गरेको स्वामित्व, र

(ख) सो निकायको कूल स्वामित्वको एक प्रतिशत भन्दा कम स्वामित्व ग्रहण गर्ने शेयरवाला मध्ये सो निकायको कूल स्वामित्वको एक प्रतिशत भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरवालाको सम्बद्ध व्यक्तिले ग्रहण गरेको स्वामित्व ।"

(ख) उपदफा (२) को खण्ड (ग) मा रहेका " दफा ५९ वा ६०" भन्ने शब्द र अंकहरु झिकिएको छ ।

(३२) दफा ५८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) कुनै निकायले देहायको सबै अवस्थाहरु कायम राखी गरेको प्रबन्धलाई लाभांश कर घटाउन गरेको प्रबन्ध मानिनेछ :-

(क) सो निकायको संचित, चालू वा अपेक्षित मुनाफा भएमा,

(ख) हित प्राप्त गर्ने कुनै व्यक्तिले सो निकायको कुनै हित प्राप्त गर्छ र सो हित

प्राप्तकर्ता वा निजको सम्बद्ध व्यक्तिले सो निकायको हालको वा साबिकको हिताधिकारीलाई वा निजको सम्बद्ध व्यक्तिलाई हित प्राप्तिसंग सम्बन्धित भए वा नभएपनि र हित प्राप्तीको समयमा भुक्तानी भए वा नभएपनि कुनै भुक्तानी गरेकोमा,

(ग) सो भुक्तानी पूर्ण वा आंशिक रुपमा निकायको मुनाफामा प्रतिबिम्बित भएमा, र

(घ) सो निकायले सो हित प्राप्तकर्तालाई लाभांश वितरण गरेकोमा र सो लाभांशले पूर्ण वा आंशिक रुपले सो मुनाफालाई समावेश गरेमा ।"

(३३) दफा ५९ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछ :-

"(१क.) नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधीनमा रही बैकिङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकमको बढीमा पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गरिनेछ । यसरी जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखिएमा मिन्हा हुने छैन र सो कोषमा रहेको रकम पूँजिकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिएमा जुन वर्ष बाँडफाँड गरिएकोछ सोही वर्षको आयमा समावेश गरिनेछ ।"

(ख) उपदफा (२) र (३) झिकिएको छ ।

(३४) दफा ६० को,-

(क) उपदफा (२) को खण्ड (ख) को उपखण्ड (२) पछि देहायको उपखण्ड (३) थपिएकोछ :-

“(३) जोखिम व्यहोर्ने कोषमा राखेको देहाय बमोजिमको रकमको योग

(क) कुनै वर्षको नाफा नोक्सान हिसाबमा देखाइएको खुद बीमा शुल्कको ५० प्रतिशतसम्मको रकम, र

(ख) कुनै वर्षको अन्त्यमा दाबी भुक्तानी बापत बाँकी रकमको ११५ प्रतिशतसम्मको रकम ।

तर, यस उपखण्ड बमोजिम कुनै वर्ष खर्चकट्टी लिएको रकम आगामी आय वर्षमा बीमा व्यवसायको आय गणना गर्दा आयमा समावेश गर्नु पर्नेछ ।”

(ख) उपदफा (३) र (४) झिकिएका छन् ।

(३५) दफा ६१ को,-

(क) उपदफा (२) को खण्ड (ख) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएकोछ :-

“(२) बीमितलाई फिर्ता भएको खण्ड (क) को उपखण्ड (१) मा उल्लिखित प्रिमियम ।”

(ख) उपदफा (३) मा रहेका “खर्चहरुमा समावेश गर्नु पर्नेछ” भन्ने शब्दहरुको सट्टा “खर्च मानिने छैन” भन्ने शब्दहरु राखिएकाछन् ।

(३६) दफा ६३ को,-

(क) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

“तर नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोषले अवकाश कोष राख्न चाहेमा त्यस्तो कोषले र कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापना भएको कर्मचारी सञ्चय कोषले अवकाश कोष सञ्चालन गरेमा त्यस्तो कोषको लागि स्वीकृति लिनु पर्ने छैन ।”

(ख) उपदफा (२) मा रहेका “आयबाट घटाई पाउन दाबी गर्न सक्नेछ” भन्ने शब्दहरुको सट्टा “आयको

गणना गर्दा घटाई पाउन दावी गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएकोछ ।

(३७) दफा ६४ को उपदफा (३) मा रहेका "कम्पनीलाई लाग्ने" भन्ने शब्दहरुको सट्टा अनुसूची- १ को दफा २ को उपदफा (१) मा उल्लिखित" भन्ने शब्दहरु राखिएकाछन् ।

(३८) दफा ६५ को ,

(क) उपदफा (१) मा रहेका "हितबाट भएको" भन्ने शब्दहरु पछि "वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी" भन्ने शब्दहरु थपिएकाछन् ।

(ख) स्पष्टीकरणको अन्तमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर, हिताधिकारीको योगदान नहुने कुनै कोष (नन् कन्ट्रीबुटरी फण्ड ) बाट भएको भूक्तानीलाई स्वीकृति नलिएको अवकाश कोषमा रहेको हित बापत भएको लाभ मानिने छैन । "

(३९) दफा ६६ खारेज गरिएकोछ ।

(४०) दफा ६७ को उपदफा (६) को खण्ड (झ) को उपखण्ड (२) मा रहेका "सो कार्यहरु" भन्ने शब्दहरुको सट्टा "रोजगार" भन्ने शब्द राखिएकोछ ।

(४१) दफा ७१ मा रहेको स्पष्टीकरणको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

"(ख) "नेपालको करको औसत दर" भन्नाले कुनै आय वर्षमा कुनै विदेशी कर मिलान गर्नु अगावैको दफा ३ को खण्ड (क) मा उल्लिखित व्यक्तिले सो वर्षमा दाखिला गर्नु पर्ने करको रकमलाई सो व्यक्तिको सो आयवर्षको करयोग्य आयले भाग गरी हुन आउने रकमलाई एकसयले गुणन गर्दा हुन आउने दर सम्झनु पर्छ ।"

(४२) दफा ७२ को उपदफा (२) मा रहेका "विभाग मातहतमा" भन्ने शब्दहरुको पछि "ठूला करदाता कार्यालय वा" भन्ने शब्दहरु थपिएका छन् ।

(४३) दफा ७४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) करदाताले यस ऐन बमोजिमका कर्तव्यहरु पालना गर्नु पर्नेछ।"

(४४) दफा ७७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) विभागले कुनै व्यक्तिले विभागमा पेश गर्नु पर्ने सूचना वा विवरण वा कागजात विद्युतीय माध्यमबाट पेश गर्नु पर्ने गरी तोक्न सक्नेछ।"

(४५) दफा ७८ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"७८. (१) यस ऐनको अधीनमा रही कुनै व्यक्तिको पहिचान गर्ने प्रयोजनका लागि विभागले सो व्यक्तिलाई स्थायी लेखा नम्बर नामक एउटा परिचय संख्या जारी गर्नेछ।

तर विभागबाट स्वीकृत प्राप्त निकायले यस ऐनको प्रक्रिया पु-याई यस्तो स्थायी लेखा नम्बर प्रदान गर्न सक्नेछ। यसरी जारी गरिएको स्थायी लेखा नम्बर प्राप्त गर्ने करदाताले विभागले तोकेको अवधिसम्म आयात निर्यातको कारोवार गर्न सक्ने छैन।"

(ख) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएका छन् :-

"(४) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (३) बमोजिम तोकेको व्यक्तिले कारोबार गर्नु भन्दा पहिले स्थायी लेखा नम्बर लिनु पर्नेछ।

(५) उपदफा (१), (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी लेखा नम्बर नलिएको कारणबाट करको दायित्वबाट फुर्सद पाउने छैन।"

(४६) दफा ८१ को,-

(क) उपदफा (२) मा रहेको "कम्तीमा" भन्ने शब्द

झिकिएकोछ ।

(ख) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएकोछ :-

"(४) विभागले कुनै व्यक्तिले उपदफा (१) बमोजिम राख्नु पर्ने कागजातहरु विद्युतीय माध्यमबाट राख्न पाउने गरी स्वीकृति दिन सक्नेछ ।"

(४७) दफा ८५ को उपदफा (१) को अन्त्यमा देहायको वाक्यांश थपिएकोछ :-

"यसरी तिर्नु पर्ने कर विद्युतीय माध्यमबाट समेत तिर्नु पर्ने गरी विभागले तोक्न सक्नेछ ।"

(४८) दफा ८८ को,-

"(क) उपदफा (१) मा रहेका "सेवा शुल्क भुक्तानी गर्दा र सो व्यक्ति स्वीकृत अवकाश कोष भएमा कुनै" भन्ने शब्दहरुको सट्टा "सेवा शुल्क, कमिशन वा बिक्रि बोनस र" भन्ने शब्दहरु राखी सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएकोछ :-

तर देहायका भुक्तानीमा देहायका दरले कर कट्टी गर्नु पर्नेछ :-

(१) नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले,

(२) वासिन्दा रोजगार कम्पनीले गैर वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमिशनमा पाँच प्रतिशतका दरले,

(३) वायुयानको लिज (पट्टा) वापतको रकम भुक्तानी गर्दा दश प्रतिशतका दरले, र

(४) मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको एक दशमलब पाँच प्रतिशतका दरले"

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको देहायका भुक्तानी गर्दा देहायका दरले कर कट्टी गर्नु पर्नेछ :-

(क) लाभांश भुक्तानी गर्दा बासिन्दा व्यक्तिलाई भुक्तानी गरेकोमा भुक्तानी रकमको पाँच प्रतिशत र गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गरेकोमा भुक्तानी रकमको दश प्रतिशत,

(ख) लगानी बीमाको लाभ र व्यक्तिगत दुर्घटना वापतको क्षतिपूर्ति भुक्तानी गर्दा भुक्तानी रकमको पाँच प्रतिशत, वा"

(ग) स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा लाभ रकमको पाँच प्रतिशत । "

(ग) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बासिन्दा बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचिकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी वण्ड वापत देहाय बमोजिमको ब्याज वा ब्याज स्वरुपको कुनै रकम भुक्तानी दिंदा कुल भुक्तानी रकममा पाँच प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ :-

(क) नेपालमा स्रोत भएको, र

(ख) व्यवसाय सञ्चालनसंग सम्बन्धित नभएको ।"

(घ) उपदफा (४) को,-

(१) खण्ड (क) पछि देहायका खण्ड (क१.) थपिएकोछ :-

"(क१.) पत्रपत्रिकामा प्रकाशित लेख रचना वापतको भुक्तानी र प्रश्नपत्र तयार गरे वापत तथा उत्तर पुस्तिका जांच गरे वापतको भुक्तानी ।"

(२) खण्ड (ग) पछि देहायको खण्ड (घ) र (ङ) थपिएकोछ :-

"(घ) क्रेडिट कार्ड जारी गर्ने बैङ्कलाई तिरेको इण्टररिजनल इण्टरचेन्ज शुल्क ।

(ङ) नेपाल सरकार र विदेशी सरकार वा नेपाल सरकार पक्ष भएको अन्तर्राष्ट्रिय संस्था वीच भएको कुनै सम्फौता बमोजिम नेपाल सरकारले विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थालाई भुक्तान गरेको ब्याज वा शुल्क ।"

(४९) दफा ८९ मा देहाय बमोजिम स्पष्टीकरण थपिएकोछः-

"स्पष्टीकरण :- यस दफाको प्रयोजनको लागि "ठेक्का वा करार" भन्नाले कुनै वस्तु वा श्रमिकको आपूर्ति वा मूर्त सम्पत्ति वा संरचनाको निर्माण वा जडान वा स्थापना गर्ने सम्बन्धमा गरिएको करार वा सम्फौता तथा विभागले ठेक्का वा करार भनी तोकेको कार्यलाई सम्फनु पर्छ र त्यस्तो करार वा सम्फौताले निर्माण वा जडान वा स्थापनासंग सम्बन्धित सेवा समेतलाई समेटेको भए सो सेवा वापतको भुक्तानी समेत करार अन्तर्गतको भुक्तानी मानिनेछ ।"

(५०) दफा ८९ पछि देहायको दफा ८९क. थप थपिएकोछः-

"८९क. बासिन्दा निकायमा रहेको हितको निसर्गबाट प्राप्त लाभमा कर कट्टी : कुनै वर्षमा प्रचलित कानून बमोजिम दर्ता भई धितोपत्रको खरीद बिक्रिको कारोबार गर्ने बासिन्दा निकाय बाहेक अन्य कुनै व्यक्तिलाई कुनै बासिन्दा निकायमा रहेको हितको निसर्गबाट लाभ हुन गएमा दफा ३७ बमोजिम गणना गरिएको त्यस्तो लाभमा देहाय बमोजिम अग्रीम करकट्टी गर्नु पर्नेछ :-

(क) धितोपत्र बोर्डमा सूचिकरण भएको निकायको हितको निसर्गबाट प्राप्त लाभको हकमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको दश प्रतिशत र अन्यको हकमा लाभ रकमको पन्ध्र प्रतिशत,

(ख) धितोपत्र बोर्डमा सूचिकरण नभएको निकायको हितको निसर्गबाट प्राप्त लाभको हकमा जुन निकायको हित निसर्ग भएको हो सोही निकायले वासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको दश प्रतिशत र अन्यको हकमा लाभ रकमको पन्ध्र प्रतिशत ।"

(५१) दफा ९० को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछः-

"(१) अग्रिम कर कट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र विभागले तोकेको तरिका र ढाँचामा विभागमा विवरण दाखिला गर्नु पर्नेछ ।"

(ख) उपदफा (५) मा "देहाय बमोजिम अग्रिम कर कट्टी गर्ने व्यक्तिले कर कट्टी नगरेमा वा दाखिला नगरेमा सो कर कट्टी हुने व्यक्ति" भन्ने शब्दहरुको सट्टा "देहाय बमोजिमको अवस्थामा अग्रिम कर कट्टी हुने व्यक्ति" भन्ने शब्दहरु राखिएकोछ ।

(ग) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएकोछ :-

" (८) कुनै व्यक्तिले उपदफा (१) वा (२) बमोजिम दाखिल गर्नु पर्ने विवरण वा कर दाखिल नगरेको वा कुनै व्यक्तिका सम्बन्धमा उपदफा (५) को अवस्था रहेको कुरामा विभाग विश्वस्त भएमा दाखिल नगरेको वा घटी दाखिला गरेको रकम र दफा ११९ बमोजिमको ब्याज दाखिला गर्न आदेश दिन सक्नेछ । तर त्यस्तो आदेश दिनु भन्दा पहिले उचित कारण खोली सो आदेशका सम्बन्धमा सफाइको सबुत प्रमाण पेश गर्न १५ दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछ । "

(५२) दफा ९२ को उपदफा (१) को,-

(क) खण्ड (ग) को अन्त्यमा “र व्यक्तिगत दुर्घटना बापतको क्षतिपूर्तिको भुक्तानी“ भन्ने शब्दहरु राखिएकोछ ।

(ख) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएकोछ :-

“(ङ) दफा ८८ को उपदफा (३) मा उल्लेख भए बमोजिम बैंक, वित्तीय संस्था वा ऋण पत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचिकृत भएका कम्पनीले भुक्तानी दिएको देहाय बमोजिमको ब्याज :-

(१) नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसंग सम्बन्धित नभएको प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको,

(२) दफा २ को खण्ड (ध) बमोजिमको कर छुट पाउने संस्थालाई भुक्तानी गरेको,”

(ग) खण्ड (च) पछि देहायका खण्ड (छ) र (ज) थपिएकाछन् :-

“(छ) नेपाल सरकार वा स्वीकृत अवकाश कोष वा स्विकृति नलिएको अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानीहरु समेत सबै प्रकारका अवकाश भुक्तानीहरु , र

(ज) बैठक भत्ता, पटके रुपमा अध्यापन गराए वापतको भुक्तानी ।”

(५३) दफा ९४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा राखिएकोछ :-

“(१) कुनै व्यवसाय वा लगानीबाट कुनै आय वर्षमा निर्धारणयोग्य आय भएको वा हुने व्यक्तिले

देहाय बमोजिम तीन किस्तामा कर  दाखिला गर्नु पर्नेछ :-

| दाखिला गर्नु पर्ने मिति | दाखिला गर्नु पर्ने रकम |
|---|---|
| पुस महिनाको अन्त्यसम्म | अनुमानित करको ४० % रकम मध्ये तिर्न बाँकी कर रकम |
| चैत महिनाको अन्त्यसम्म | अनुमानित करको ७० % रकम मध्ये तिर्न बाँकी कर रकम |
| असार महिनाको अन्त्यसम्म | अनुमानित करको १०० % रकम मध्ये तिर्न बाँकी कर रकम |

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि,-

(क) "अनुमानित कर" भन्नाले किस्ताबन्दीमा कर दाखिला गर्नु पर्ने कुनै व्यक्तिले कुनै वर्षको किस्ताबन्दी कर दाखिला गर्नु पर्ने समयमा दफा ९५ बमोजिम गणना गरेको किस्ताबन्दीको अनुमानित कर सम्झनु पर्छ।

(ख) "तिर्न बाँकी कर रकम" भन्नाले अनुमानित करको यस उपदफामा किस्तामा दाखिला गर्न तोकिएको प्रतिशतले हुने रकमबाट देहायको कूल जम्मा रकम घटाउँदा नपुग हुने रकम सम्झनु पर्छ :-

(१) सम्बन्धित किस्ता दाखिला गर्नु पर्ने मिति अगाडि यस दफा बमोजिम पूर्व किस्ताद्वारा सो आय वर्षमा दाखिला गरेको कर रकम,

(२) सो आय वर्षमा सम्बन्धित किस्ता दाखिला गर्नु पर्ने मिति अगाडि कुनै व्यक्तिको परिच्छेद-१७

बमोजिम सो वर्षमा सो व्यक्तिको आय गणना गर्दा समावेश हुने भुक्तानीहरुबाट कट्टी भएको कर रकम,

(३) किस्ता बुझाउनु पर्ने मितिभन्दा अगाडि सो वर्षमा कर कट्टी गर्ने एजेण्ट वा कर कट्टी हुने व्यक्तिले उपखण्ड (२) मा उल्लिखित भुक्तानीबाट दफा ९० को उपदफा (३) बमोजिम कर कट्टी भएको मानिने रकम विभागमा दाखिला गरेको भए त्यस्तो कर रकम, र

(४) किस्ता बुझाउनु पर्ने मिति भन्दा अगाडि सो व्यक्तिले गरेको स्वीकृत औषधि उपचार खर्चको सम्बन्धमा सो व्यक्तिले दफा ५१ बमोजिम दाबी गर्न सक्ने औषधि उपचार खर्चको कर मिलान रकम ।"

(ख) उपदफा (२) मा रहेका "बुझाउनु पर्ने किस्ताको रकम" भन्ने शब्दहरुको सट्टा "बुझाउनु पर्ने समग्र किस्ताको जम्मा" भन्ने शब्दहरु राखिएका छन् ।

(५४) दफा ९५ को,-

(क) उपदफा (१) मा रहेका "सोको विवरण" भन्ने शब्दहरु पछि "विभागबाट" भन्ने शब्द थपिएकोछ ।

(ख) उपदफा (७) मा रहेका "वा उपदफा (६) बमोजिम करको किस्ता बुझाउन कुनै व्यक्तिले अनुमान पेश गर्नु नपर्ने गरी तोकिएकोमा" भन्ने शब्दहरु झिकिएकाछन् ।

(५५) दफा ९६ को उपदफा (२) को,-

(क) खण्ड (क) को उपखण्ड (४) र (५) झिकिएकाछन् ।

(ख) खण्ड (ग) को उपखण्ड (१) झिकिएकोछ ।

(५६) दफा ९७ को,-

(क) शुरुमा रहेका “विभागले लिखित आदेश दिएमा बाहेक” भन्ने शब्दहरुको सट्टा “विभागले लिखित रुपमा आदेश दिएमा वा सार्वजनिक रुपमा सूचना प्रकाशन गरी आदेश दिएमा बाहेक” भन्ने शब्दहरु राखिएकाछन् ।

(ख) खण्ड (ख) को अन्त्यमा रहेको “वा” भन्ने शब्द झिकिएकोछ ।

(ग) खण्ड (ग) को अन्त्यमा रहेको “प्राकृतिक व्यक्ति ।” भन्ने शव्दहरुको सट्टा “प्राकृतिक व्यक्ति, वा” भन्ने शव्दहरु राखिएका छन् ।

(घ) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएकोछ :-

“(घ) अनुसूची-१ को दफा १ को उपदफा (११) बमोजिम कर दाखिला गर्ने सवारीसाधन धनी प्राकृतिक व्यक्ति भएमा त्यस्तो प्राकृतिक व्यक्ति ।”

(५७) दफा १०० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

“(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९६ को उपदफा (५) मा उल्लिखित अवस्थामा विभागले कुनै आय वर्ष वा सो वर्षको अंशको लागि दफा ९६ को उपदफा (२) को खण्ड (क) को उपखण्ड (१), (२), र (३) मा उल्लिखित रकमको आधारमा न्यायोचित रुपले सो व्यक्तिको कर निर्धारण गर्न सक्नेछ । “

(५८) दफा १०१ को उपदफा (६) मा रहेका “सात दिनको” भन्ने शब्दहरुको सट्टा “पन्ध्र दिनको” भन्ने शब्दहरु राखिएकाछन् ।

(५९) दफा १०६ को उपदफा (१) मा रहेका “कर विभागले” भन्ने शब्दहरुको सट्टा “विभागले” भन्ने शब्द राखिएकोछ ।

(६०) दफा ११० पछि देहायको दफा ११०क. थपिएकोछ :-

“११०क. किस्ताबन्दीमा वक्यौता कर असूली :- कुनै व्यक्तिको वक्यौता रकम दफा १११ बमोजिम मुद्दा चलाउन अगावै किस्ताबन्दीमा तिर्न लिखित अनुरोध गरेमा मनासिव माफिकको म्याद दिई किस्ताबन्दीमा तिर्न कर अधिकृतले स्वीकृत दिन सक्नेछ ।”

(६१) दफा ११३ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ :-

“(३) कुनै व्यक्तिले उपदफा (१) बमोजिम रकम फिर्ता पाउन तोकिए बमोजिम विभागमा निवेदन दिएमा विभागले निवेदन परेको मितिले साठी दिनभित्रमा फिर्ता गर्नु पर्नेछ ।”

(६२) दफा ११४ को उपदफा (१) को,-

(क) खण्ड (क) पछि देहायको उपखण्ड (क १) थपिएकोछ :-

“(क१) दफा ९० को उपदफा (८) बमोजिम गरिएको निर्णय वा दिइएको आदेश ।”

(ख) खण्ड (ङ) मा रहेका “करको निर्धारण” भन्ने शब्दहरु पछि “वा दफा १०५ को उपदफा (५) बमोजिमको लिलाम बिक्री खर्चको निर्धारण” भन्ने शब्दहरु थपिएकाछन् ।

(६३) दफा ११५ को,-

(क) उपदफा (६) मा रहेका “तिर्नु पर्ने करको पचास प्रतिशत” भन्ने शव्दहरुको सट्टा “अविवादित करको सम्पूर्ण रकम र विवादित करको एकतिहाई” भन्ने शव्दहरु राखिएका छन ।

(ख) उपदफा (८) मा रहेको “नव्वे दिनभित्र” भन्ने शब्दको सट्टा “साठी दिनभित्र” भन्ने शब्दहरु राखिएकोछन् ।

(६४) दफा ११७ को , -

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) कुनै व्यक्तिले देहाय बमोजिम नगरेमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ :-

(क) दफा ९५ को उपदफा (१) बमोजिम कुनै आय वर्षको आय विवरण दाखिला नगरेमा प्रति विवरण दुई हजार रुपैया,र

(ख) दफा ९६ को उपदफा (१) बमोजिम कुनै आय वर्षको आय विवरण दाखिला नगरेमा ऐनको दफा ४ को उपदफा (४) मा उल्लिखित व्यक्तिको हकमा एक सय रुपैयाँ प्रति महिनाका दरले हुने रकम र अन्य व्यक्तिको हकमा सो आय वर्षको आयको गणना गर्दा कुनै रकम कटाई पाउने भए सो नकटाई र कुनै रकम समावेश गर्नु पर्ने भए सो समावेश गरी हुने निर्धारणयोग्य आयको रकमको सून्य दशमलब एक प्रतिशत प्रति वर्षका दरले हुने रकम वा एक सय रुपैयाँ प्रति महिनाका दरले हुने रकममध्ये जुन बढी हुन्छ सो रकम। "

(ख) उपदफा (२) मा रहेका "डेढ प्रतिशत" भन्ने शब्दहरुको सट्टा "शून्य दशमलव एक प्रतिशत" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "प्रति महिनाका दरले" भन्ने शब्दहरुको सट्टा "प्रति वर्षका दरले" भन्ने शब्दहरु राखिएकाछन्।

(६५) दफा ११८ को सट्टा देहायको दफा ११८ राखिएकोछ :-

"११८. <u>किस्ताबन्दीमा दाखिला गर्नेले अनुमानित कर कम हुने गरी बुझाएमा ब्याज लाग्ने</u> : (१) कुनै व्यक्तिले कुनै आय वर्षमा दफा ९४ बमोजिम दाखिला गर्नु पर्ने किस्ता रकम सम्बन्धमा खण्ड (क) मा उल्लिखित रकमभन्दा खण्ड (ख) मा उल्लिखित रकम बढी भएमा यसरी बढी भएको रकममा उपदफा (२) बमोजिम ब्याज लाग्नेछ :-

(क) सो व्यक्तिले कुनै आय वर्षमा तिरेको प्रत्येक किस्ताको रकम,

(ख) सो आय वर्षमा प्रत्येक किस्ता अवधिको लागि किस्ताबन्दीको रुपमा बुझाउनु पर्ने कूल रकमको अनुमान वा संशोधित अनुमान सही भएको भए सो रकम र सो रकम सहि नभएको भए दफा ३ को खण्ड (क) र (ख) मा उल्लिखित व्यक्तिले दाखिला गर्नु पर्ने कर रकमको प्रत्येक किस्ता अवधिको लागि किस्ताबन्दीको रुपमा बुझाउनु पर्ने रकमको असी प्रतिशत रकम ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिलाई सो वर्षको सो किस्ता बुझाउनु पर्ने मितिदेखि देहायको अवधिसम्मको प्रत्येक महिना र महिनाको भागको सामान्य ब्याजदरले ब्याज लाग्नेछ :-

(क) दफा ९९ को उपदफा (१) बमोजिमको कर निर्धारण गर्ने व्यक्तिको हकमा आय विवरण वुझाउनु पर्ने मितिसम्म,

(ख) दफा ९९ को उपदफा (१) बमोजिमको कर निर्धारण नगरेको कारणले विभागले दफा १०१ बमोजिम पहिलो पटक संशोधित कर निर्धारण गरेको व्यक्तिको हकमा दफा १०२ बमोजिम सो संशोधित कर निर्धारणको सूचना वुझाएको मितिसम्म ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि “किस्तावन्दीको रुपमा बुझाउनु पर्ने रकम” भन्नाले एक पटक अनुमान पेश गरी सकेपछि संशोधित अनुमान पेश नगर्नेको तथा अनुमान पेश नगरेको कारणले दफा ९५ को उपदफा (७) बमोजिम विभागले अनुमान गरेको

हकमा दफा ९४ को उपदफा (१) बमोजिम र संशोधित अनुमान पेश गर्नेको हकमा तथा पेश गरिएको अनुमान वा संशोधित अनुमानमा सन्तुष्ट नभई दफा ९५ को उपदफा (७) बमोजिम विभागले अनुमान गरेको दफा ९५ को उपदफा (५) को व्यवस्था अनुसार गणना गरिएको किस्ताको रकमलाई जनाउनेछ ।"

(६६) दफा ११९क. को सट्टा देहायको दफा ११९क. राखिएको छः-

"११९क. शुल्क लाग्ने : यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुका कुनै व्यवस्थाको पालना नगर्ने व्यक्तिलाई दफा १२८ बमोजिम तोकिएको जरिवाना सरहको शुल्क लाग्नेछ ।"

(६७) दफा १३६ पछि देहायको दफा १३६क. थपिएकोछः-

"१३६क. पुरस्कारको व्यवस्था **:-** कुनै व्यक्तिले आफनो करको दायित्व सम्पूर्ण वा केहि अंश छलेको वा छल्न कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई त्यस्तो सूचनाको आधारमा असुल उपर गरिएको करको रकममध्ये निजले पेश गरेको प्रमाणबाट निर्धारण भए जतिको कर रकमको बीस प्रतिशत बराबरको रकम महानिर्देशकको निर्णयले पुरस्कार दिन सकिनेछ । "

(६८) दफा १४१ पछि देहायको दफा १४१क. थपिएकोछः-

"१४१क. कर लाग्नेः- "राजा तथा राजपरिवारका सदस्यहरुको आयमा कर लगाई असुलउपर गरिनेछ ।"

(६९) खारेजी र संशोधन : औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ को,-

(१) खण्ड (क), (ग), (घ), (ङ), (ञ) (ठ), (त), (थ),

(द) र (ध) झिकिएकाछन् ।

(२) खण्ड (च) मा रहेका “आयकरमा सञ्चालन मितिले दश वर्षसम्म क्रमशः तीस, पच्चीस र बीस प्रतिशत तथा” भन्ने शब्दहरु झिकिएकाछन् ।”

(७०) अनुसूची-१ मा संशोधन :

(१) दफा १ को,-

(क) उपदफा (१), (२), (३), र (४) को ठाँउ ठाँउमा रहेका “रु.११,२५०।-” भन्ने अङ्क र अक्षरको सट्टा “रु.१२,७५०।-” भन्ने अङ्क र अक्षर तथा “पचपन्न हजार रुपैयाँ”, “पचहत्तर हजार रुपैयाँ”, “एक लाख तीस हजार रुपैयाँ” र “एक लाख पचास हजार रुपैयाँ” भन्ने शब्दहरुको सट्टा क्रमशः “एक लाख पन्ध्र हजार रुपैयाँ”, “एक लाख चालिस हजार रुपैयां”, “दुई लाख रुपैयाँ” र “दुई लाख पच्चीस हजार रुपैयाँ” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (४) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश झिकिएकोछ ।

(ग) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएकोछ :-

“(५) नेपाल सरकारले तोकेको दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको दुर्गम भत्ता वापत तोकिएबमोजिम बढीमा तीसहजार रुपैयाँसम्म करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।”

(घ) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएकोछ :-

“(६) नेपाल राज्यका विदेश स्थित कूटनैतिक नियोगमा कार्यरत

कर्मचारीको वैदेशिक भत्ताको पचहत्तर प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा यस दफा बमोजिम करको गणना गरिनेछ।"

(ङ) उपदफा (९) पछि देहायको उपदफा (९क) थपिएको छ :

"(९क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्ति अपांग रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिको लागि उपदफा (१) को खण्ड (क) दम्पतिको लागि उपदफा (२) को खण्ड (क) मा उल्लिखित रकमको पचास प्रतिशत थप रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ।"

(च) उपदफा (९क) पछि देहायका उपदफा (१०), (११), (१२), (१३) र (१४) थपिएका छन् :-

"(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको रहेछ भने सो वापत भुक्तानी गरेको प्रिमियम मध्ये लगानी बीमा गरेको अंकको सात प्रतिशतले हुने रकम वा दश हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भाडाका सवारी साधन धनीहरुबाट देहाय बमोजिमको वार्षिक कर असुल

गरिनेछ । सवारी साधन धनी प्राकृतिक व्यक्ति भएमा यसरी तिरेको कर नै अन्तिम हुनेछ ।

| सवारीको किसिम | प्रतिसवारी साधनमा बुझाउनु पर्ने वार्षिक कर |
|---|---|
| (क) मिनिबस, मिनि ट्रक, ट्रक र बस | रु. १,५००।- |
| (ख) कार, जिप, भ्यान, माइक्रो बस | रु. १,२००।- |
| (ग) थ्रि ह्विलर, अटो रिक्सा, टेम्पो | रु. ८५०।- |
| (घ) ट्रेक्टर र पावर टिलर | रु. ७५०।- |

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राकृतिक व्यक्तिले कुनै वर्षभरी पूर्णरुपले यस ऐनको दफा ११ मा उल्लिखित विशेष उद्योग सञ्चालनमा संलग्न रहेमा, यस दफा बमोजिम करको गणना गर्दा पच्चीस प्रतिशत कर लाग्ने करयोग्य आयमा बीस प्रतिशतका दरले कर लाग्नेछ ।

(१३) कुनै प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा निकासीबाट भएको करयोग्य आयमा वीस प्रतिशतका दरले कर लाग्नेछ ।

(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्राकृतिक व्यक्ति वा दफा ५० बमोजिमको दम्पतिलाई उपदफा (१) को खण्ड (ग) वा उपदफा (२) को खण्ड (ग) मा उल्लेखित करयोग्य आय भन्दा वढी भएको करयोग्य आयमा एक दशमलव पाँच प्रतिशतका दरले हुने रकम थप कर लाग्नेछ ।"

(२) दफा २ को,-

(क) उपदफा (२) मा रहेका "कुनै आय वर्षमा कुनै" भन्ने शव्दहरु पछि "चुरोट, बिडी, सिगार, खानेसूर्ति, खैनी, मदिरा, बियर," भन्ने शव्दहरु थपिएका छन् ।

(ख) उपदफा (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

"(ख) सो निकायले,-

(१) कुनै सडक, पुल, टनेल, रोप-वे वा आकाशे पुल निर्माण गरी सञ्चालन गरेमा,

(२) कुनै ट्रली बस वा ट्राम सञ्चालन गरेमा, वा

(३) सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई कर छुट कारोबार गर्ने बाहेकको कारोबार गर्ने सहकारी संस्था ।

(ग) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएकोछ :-

"(३क) कुनै निकायको नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको करयोग्य आयमा बीस प्रतिशतका दरले कर लाग्नेछ ।"

(घ) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएकोछ :-

"(५) कुनै आय वर्षमा कुनै मृत बासिन्दा व्यक्तिको सम्पत्ति प्राप्त गर्ने वा रेखदेख गर्ने वा अशक्त बासिन्दा प्राकृतिक व्यक्तिको ट्रष्टको करयोग्य आयमा सो सम्पत्ति प्राप्त गर्ने वा रेखदेख गर्ने वा सो ट्रष्टलाई बासिन्दा प्राकृतिक व्यक्ति सरह मानी यस अनुसूचीको दफा १ को उपदफा (१) र उपदफा (४) बमोजिम कर लाग्नेछ ।"

(ङ) उपदफा (६) मा रहेको " दश " भन्ने शब्दको सट्टा "पाँच "भन्ने शब्द राखिएकोछ :-

(च) उपदफा (७) मा संशोधन :-

"(७) कुनै आय वर्षमा दफा ७० मा उल्लिखित आयको सम्बन्धमा कुनै गैर-वासिन्दा व्यक्तिको करयोग्य आयमा पाँच प्रतिशतका दरले कर लाग्नेछ ।

तर नेपाल राज्यबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने जल यातायात, हवाई यातायात वा दूरसंचार सेवा उपलव्ध गराउने गैर वासिन्दा व्यक्तिको हकमा दुई प्रतिशतका दरले कर लाग्नेछ ।

(छ) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएकोछः-

"(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दफा २ को उपदफा (६) र (७) मा उल्लेखित वाहेकको निकायलाई कायम हुने करयोग्य आयमा एक दशमलव पाँच प्रतिशतका दरले हुने रकम थप कर लाग्नेछ ।"

## अनुसूची -१

१. **भन्सार महसुल** :

विदेशबाट नेपालभित्र पैठारी हुने मालवस्तुमा आर्थिक ऐन, २०६३ को अनुसुची-१ मा उल्लिखित शीर्षक, उपशीर्षक, मालवस्तुका विवरणहरु र अन्य व्यवस्थाहरुमा समेत देहायबमोजिम संशोधन र थप गरी भन्सार महसुल दर लगाइएको छ । यसमा उल्लिखित संशोधन र थप बाहेकका परिच्छेद र भागका द्रष्टब्यहरु, शीर्षक, उपशीर्षकहरु, मालवस्तुका विवरणहरु र मालवस्तुको पैठारीका दरहरु समेत आर्थिक ऐन, २०६३ बमोजिम नै हुनेछन् ।

| शीर्षक | उपशीर्षक | माल वा वस्तुको विवरण | पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा) |
|---|---|---|---|
| १ | २ | ३ | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ०१०५९२०० र ०१०५९३०० लाई हटाई देहायको उपशीर्षक ०१०५.९४.०० थप गरिएको छः** | |
| | ०१०५.९४.०० | --ग्यालुस डोमेष्टिकस जातका चराहरु | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ०२०८.२०.०० हटाइएको छ ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ०३०१.९३.०० पछि देहायका उपशीर्षकहरु ०३०१.९४.०० र ०३०१.९५.०० थप गरिएका छन्:** | |
| | ०३०१.९४.०० | --ब्लुफिन टुनास (थुनस थाइनस) | १० |
| | ०३०१.९५.०० | --दक्षिणी ब्लुफिन टुनास (थुनस म्याकोई) | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ०३०२.६६.०० पछि देहायका उपशीर्षकहरु ०३०२.६७.०० र ०३०२.६८.०० थप गरिएका छन्:** | |
| | ०३०२.६७.०० | --सोर्डफिस (जिफियास ग्ल्याडिअस) | १० |
| | ०३०२.६८.०० | --टुथफिस (डिसोसटिकस एसपीपी) | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ०३०३.५०.०० र ०३०३.६०.०० लाई हटाई देहायका शब्दावलीहरु र उपशीर्षकहरु थप गरिएका छन्:** | |

| | | | |
|---|---|---|---|
| | | -हेरिङस् (हिलसा) (क्लुपिया हेरेङ्गस, क्लुपिया पलासी) र कोड (ग्याडस मोरहुवा, ग्याडस ओग्याक, ग्याडस म्याक्रोसेफालस), कलेजो र फुल बाहेक: | |
| | ०३०३.५१.०० | --हेरिङस् (हिलसा) (क्लुपिया हेरेङ्गस, क्लुपिया पलासी) | १० |
| | ०३०३.५२.०० | --कोड (ग्याडस मोरहुवा, ग्याडस ओग्याक, ग्याडस म्याक्रोसेफालस) | १० |
| | | -सोर्डफिस (जिफियाज ग्ल्याडिअस) र टुथफिस (डिसोस्टिकस एसपीपी) कलेजो र फुल बाहेक: | |
| | ०३०३.६१.०० | --सोर्डफिस (जिफियाज ग्ल्याडिअस) | १० |
| | ०३०३.६२.०० | --टुथफिस (डिसोस्टिकस एसपीपी.) | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ०३०४ का सम्पूर्ण उपशीर्षकहरु हटाई देहायका शब्दावली र उपशीर्षकहरु राखिएका छन्:** | |
| | | -ताजा वा चिसो पारेको: | |
| | ०३०४.११.०० | --सोर्डफिस (जिफियाज ग्ल्याडिअस) | १० |
| | ०३०४.१२.०० | --टुथफिस (डिसोस्टिकस एसपीपी.) | १० |
| | ०३०४.१९.०० | --अन्य | १० |
| | | -हिमीकृत (फ्रोजेन) फिलेटस: | |
| | ०३०४.२१.०० | --सोर्डफिस (जिफियाज ग्ल्याडिअस) | १० |
| | ०३०४.२२.०० | --टुथफिस (डिसोस्टिकस एसपीपी.) | १० |
| | ०३०४.२९.०० | --अन्य | १० |
| | | -अन्य: | |
| | ०३०४.९१.०० | --सोर्डफिस (जिफियाज ग्ल्याडिअस) | १० |
| | ०३०४.९२.०० | --टुथफिस (डिसोस्टिकस एसपीपी.) | १० |
| | ०३०४.९९.०० | --अन्य | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ०४०६.४०.०० को सट्टा देहायको उपशीर्षक ०४०६.४०.०० राखिएको छ:** | |
| | ०४०६.४०.०० | -ब्ल्यू-भेइण्ड चीज र पेनीसिलियम रोकफोटीद्वारा उत्पादित भेइन्स भएको अन्य चिज | १५ |

| | | | |
|---|---|---|---|
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ०५.०३, उपशीर्षक ०५०३.००.००, शीर्षक ०५.०९ र उपशीर्षक र ०५०९.००.०० हटाइएका छन् । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ०६०३.१०.०० हटाई देहायका शब्दावली र उपशीर्षकहरु राखिएका छन्: | |
| | | -ताजा: | |
| | ०६०३.११.०० | --गुलाफहरु | १० |
| | ०६०३.१२.०० | --कार्नेसनहरु | १० |
| | ०६०३.१३.०० | --अर्किडहरु | १० |
| | ०६०३.१४.०० | --क्रिसानथेममहरु | १० |
| | ०६०३.१९.०० | --अन्य | १० |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ०७०९.१०.००, ०७०९.५२.०० र ०७११.३०.०० हटाइएका छन् । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ०८०२.५०.०० पछि देहायको उपशीर्षक ०८०२.६०.०० थप गरिएको छ: | |
| | ०८०२.६०.०० | -म्याकाडानिया नट्स | १० |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ०८०५.४०.०० को सट्टा देहायको उपशीर्षक ०८०५.४०.०० राखिएको छ: | |
| | ०८०५.४०.०० | -ग्रेपफ्रुट (भोगटे), पोमेलोस समेत | १० |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ०८१०.३०.०० हटाइएको छ । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ०९०६.१०.०० लाई हटाई देहायका शब्दावली र उपशीर्षकहरु ०९०६.११.०० र ०९०६.१९.०० राखिएका छन्: | |
| | | -नधुल्याइएको र टुक्रा नपारिएको: | |
| | ०९०६.११.०० | --दालचिनी | १० |
| | ०९०६.१९.०० | --अन्य | १० |

| | | | |
|---|---|---|---|
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ०९१०.४०.०० र ०९१०.५०.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ११ को द्रष्टब्य २ को (क) को सट्टा देहायको (क) राखिएको छः**<br>(क)पिंधिएका खाद्यान्नहरु सुख्खा उत्पादनमा वजनको हिसावले तल लेखिएबमोजिमको अवस्थामा यस भाग अन्तरगत पर्नेछन्:<br>(१) मोडिफाइड युअर्स पोलारिमेट्रिक प्रणालीद्वारा निर्दिष्ट माडको मात्रा महल (२) मा देखाइएको भन्दा बढी भएमा; र<br>(२) मिसिएको खनिज पदार्थ हटाउंदा खरानीको मात्रा महल (३) मा देखाइएको भन्दा बढी नभएमा; अन्यथा शीर्षक २३.०२ अन्तरगत तिनको वर्गीकरण गरिने छ ।<br>तर, खाद्यान्नहरुको वीजाङ्कुर (जर्म), सिङ्गो चेप्टाइएको, पाप्रो पारिएको (फ्लेक्ड) वा पिधिंएको, जस्तो भए पनि सवै शीर्षक ११.०४ मा वर्गीकरण गरिनेछ । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ११०२.३०.०० हटाइएको छ ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु १२०७.१०.००, १२०७.३०.००, १२०७.६०.००, १२०९.२६.००, १२११.१०.००, १२१२.१०.०० र १२१२.३०.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकरु १३०१.१०.०० र १३०२.१४.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग १४ को द्रष्टब्य ३ को सट्टा देहायको द्रष्टब्य ३ राखी द्रष्टब्य ४ हटाइएको छः**<br>३. शीर्षक १४.०४ काठको मिहीन छ्याकन (उड ऊल) (शीर्षक ४४.०५) र कुचो वा ब्रस बनाउनका लागि तयार पारिएका गाँठा वा मुठ्ठा (झुप्पा) (शीर्षक ९६.०३) मा लागु हुनेछैन । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ का शीर्षकहरु १४.०२, १४.०३, तिनका सम्पूर्ण उपशीर्षकहरु र उपशीर्षक १४०४.१०.०० हटाइएको छ ।** | |

| | | | |
|---|---|---|---|
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक १५१५.४०.०० हटाइएको छ ।** | |
| १७.०१ | | **ठोस रुपमा उखु वा चुकन्दर र रासायनिक तवरबाट शुद्ध गरिएको सुक्रोज (उखुको चिनी) ।** | |
| | | -रंगाउने र सुवास र स्वाद आउने पदार्थ नमिसाएको कच्चा चिनीः | |
| | | --उखुको चिनीः | |
| | १७०१.११.१० | ---चिनी | २५ |
| | १७०१.१२.०० | --चुकुन्दरको चिनी | २५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग १९ को द्रष्टब्य ३ को सट्टा देहायको द्रष्टब्य ३ राखिएको छः** | |
| | | ३. पूर्णतः निःस्नेहित (डिफ्याटेड) आधार (बेसिस) मा गणना गरिंदा, तौलमा ६ प्रतिशत भन्दा बढी कोको भएको वा पूर्णरुपमा चकलेट आच्छादित (कोटेड्) परिकारहरु वा कोको भएका शीर्षक १८.०६ मा पर्ने अन्य परिकारहरु शीर्षक १९.०४ अन्तर्गत पर्दैनन् (शीर्षक १८.०६) । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २० को द्रष्टब्य १को (ख) र (ग) को सट्टा देहायको (ख) र (ग) राखी देहायको (घ) थप गरिएको छः** | |
| | | (ख)ससेज, मासु, अफल, रगत, माछा वा क्रुष्टासियन, मोलस्क, अन्य सामुद्रिक जलचर (एक्वेटीक इन्भरटिब्रेट्स) वा तिनीहरुको संयोजनको २० प्रतिशत भन्दा बढी वजन भएको खाद्य पदार्थ (भाग १६); | |
| | | (ग)शीर्षक १९.०५ को बेकरी र अन्य उत्पादनहरु; वा | |
| | | (घ)शीर्षक २१.०४ को समरुपी (होमोजीनाइज्ड) मिश्रित खाद्य परिकारहरु । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २००५.९०.०० लाई हटाई देहायको शब्दावली र उपशीर्षकहरु राखिएका छन्:** | |
| | | -अन्य वनस्पति र वनस्पतिका मिश्रणः | |
| | २००५.९१.०० | --बाँसको तामा | १५ |
| | २००५.९९.०० | --अन्य | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २००९.१९.०० पछि रहेको शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको छः** | |
| | | -भोगटे (पोमेलो समेत) को रस (ग्रेपफ्रुट इन्क्लुडिङ्ग पोमेलो जूस) : | |

| | | | |
|---|---|---|---|
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २२ को द्रष्टव्य १ को (ग) को अन्त्यमा कोष्ठभित्र रहेको "(२८.५१)" को सट्टा "(२८.५३)" राखिएको छ। | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २२०८.३०.९० पछि रहेको शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको छ: | |
| | | -उखुको उत्पादनहरुलाई कुहाएर चुलाई गरी निकालिएको रम र अन्य स्प्रीट: | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २२०८.४०.१० को सट्टा देहायको उपशीर्षक २२०८.४०.१० राखिएको छ: | |
| | २२०८.४०.१० | --रम र अन्य स्प्रीटहरुको कच्चा पदार्थको रुपमा प्रयोग हुने उखुको उत्पादनहरुलाई कुहाएर चुलाई गरी निकालिएको स्प्रीट समेतका मादक द्रबहरु | प्र.लि. रु.२७०।- |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु २३०२.२०.०० र २३०६.७०.०० हटाइएका छन्। | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २५ को द्रष्टब्य २ को (झ) को सट्टा देहायको (झ) राखिएको छ: | |
| | | (झ)लेख्ने खरी अथवा चित्र बनाउने खरी (ड्रइङ चक) वा सूचिकारले प्रयोग गर्ने खरी (टेलर्स चक) (शीर्षक ९६.०९)। | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २५०६.१०.०० पछि रहेको "-संगठित स्फटिक (क्वार्जाइट)" भन्ने शब्द हटाई देहायको उपशीर्षक २५०६.२०.०० राखी उपशीर्षकहरु २५०६.२१.०० र २५०६.२९.०० हटाइएका छन्: | |
| | २५०६.२०.०० | -क्वार्जाइट | १० |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशर्षिक २५०८.२०.०० हटाइएको छ। | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक २५.१३ पछि रहेको "-आग्नेय पत्थर (प्यूमिस स्टोन)" भन्ने शब्दावली हटाई देहायको उपशीर्षक २५१३.१०.०० राखी उपशीर्षकहरु २५१३.११.०० र २५१३.१९.०० हटाइएका छन्: | |
| | २५१३.१०.०० | -आग्नेय पत्थर (प्यूमिस स्टोन) | १० |

| | | | |
|---|---|---|---|
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २५१६.१२.०० पछि रहेको "बलौट ढुङ्गा" भन्ने शब्दहरु हटाई देहायको उपशीर्षक २५१६.२०.०० राखी उपशीर्षकहरु २५१६.२१.०० र २५१६.२२.०० हटाइएका छन्: | |
| | २५१६.२०.०० | -बलौट ढुङ्गा | २५ |
| २५.२३ | | पोर्टलेण्ड सिमेण्ट (चुन ढुंगा र दुमट माटोलाई भट्टीमा पोल्दा बनिने सिमेण्ट), एलुमिनस सिमेण्ट (एलुमिनियम अक्साइड युक्त सिमेण्ट), स्लाग सिमेण्ट, सुपर सल्फेट सिमेण्ट र अन्य यस्तै हाइड्रोलिक सिमेण्टहरु (पानीमा कडा हुने सिमेण्ट), रंगीन वा रंगहीन अथवा क्लिन्कर (धातुमल) को रुपमा । | |
| | | -पोर्टल्याण्ड सिमेण्ट: | |
| | २५२३.२९.०० | --अन्य | प्र.मे.टन रु.२४००। |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक २५.२३ र उपशीर्षक २५२३.३०.०० को शब्दावलीमा रहेका "(सिमेन्ट फोन्डु)" भन्ने शब्दहरु हटाइका छन् । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक २५.२४ को सट्टा देहायको शीर्षक २५.२४ र उपशीर्षकहरु २५२४.१०.०० र २५२४.९०.०० राखिएका छन्: | |
| २५.२४ | | एस्वेस्टस । | |
| | २५२४.१०.०० | -क्रोसिडोलाइट | १० |
| | २५२४.९०.०० | -अन्य | १० |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक २५.२९ र उपशीर्षक २५२९.१०.०० को सट्टा देहायको शीर्षक २५.२९ र उपशीर्षक २५२९.१०.०० राखिएको छ: | |
| २५.२९ | | फेल्डस्पार, ल्यूसाइट, नेफेलिन र नेफेलिन साएनाइट, फ्लुओर्सपार | |
| | २५२९.१०.०० | -फेल्डस्पार | १० |

| | | | | |
|---|---|---|---|---|
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २६ को द्रष्टब्य ३ को (क) र (ख) को सट्टा देहायको (क) र (ख) राखिएको छः**<br><br>(क)धातु निकाल्ने उद्योग (धातु उध्दरणः एक्सट्राक्सन अफ मेटल) मा वा धातुको रसायनिक यौगिक (केमिकल कम्पाउण्ड अफ मेटल) को उत्पादन गर्ने उद्योगमा आधार (बेसिस) स्वरुप प्रयोग हुने खालको धातुमल, क्षार (खरानीः ऐस) र अवशेष (रेसिड्यूज) हरु, तर नगरिय उत्सर्जित पदार्थ (म्युनिसिपल वेष्ट) को भष्मीकरणबाट निस्कने क्षार र अवशेषहरु बाहेक (शीर्षक २६.२१); तथा<br><br>(ख)घातक विष (आर्सिनिक) वा धातुहरु उध्दरण (निकाल्न वा स्क्स्ट्राक्सन) गर्न प्रयोग हुने खालको वा तिनको रासायनिक यौगिक (केमिकल कम्पाउण्ड) को उत्पादनको लागि प्रयोग हुने खालको, धातुहरु भए वा नभएको, घातक विष (आर्सेनिक) भएको धातुमल, क्षार (खरानी) र अवशेषहरु (रेसिड्यूज) ।<br><br>**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २६ को उपशीर्षक-द्रष्टब्य २ को सट्टा देहायको उपशीर्षक-द्रष्टब्य २ राखिएको छः**<br><br>२. घातक विष (आर्सेनिक), पारो (मरक्यूरी), सिक्ष्य धातु (थ्यालियम) वा तिनका मिश्रणहरु भएका धातुमल, क्षार (खरानी) तथा अवशेषहरु (रेसिड्यूज), घातक विष उध्दरण गर्न (निकाल्न) वा ती धातुहरु (मेटल्स) निकाल्न अथवा तिनका रसायनिक यौगिक(केमिकल कम्पाउण्ड) उत्पादन गर्न प्रयोग गरिने खालका भएमा, उपशीर्षक २६२०.६०.०० मा वर्गीकरण गरिनेछन् ।<br><br>**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक २६.२० को सट्टा देहायको शीर्षक २६.२० राखिएको छः** | | |
| २६.२० | | **धातुहरु (मेटल्स), घातक विष (आर्सेनिक) वा तिनका यौगिकहरु (कम्पाउण्डस) भएका धातुमल (स्ल्याग), क्षार (ऐस) र अवशेषहरु (रेसिड्यूज) (फलाम वा इस्पातको उत्पादनबाट निस्कने बाहेक) ।** | | |

| | | | |
|---|---|---|---|
| २६.२१ | | **अन्य धातुमल (स्ल्याग) तथा क्षार (ऐश), समुद्री वनस्पति (सीविड्) को खरानी (केल्प) समेत; नगरिय उत्सर्जित पदार्थ (फोहोर मैलाः म्यूनिसिपिल वेष्ट) को भष्मीकरण (इनसिनरेशन) बाट हुने क्षार र अवशेषहरु ।** | |
| | २६२१.१०.०० | -नगरीय उत्सर्जित पदार्थ (नगरको फोहोर मैलो) भष्मीकरणबाट हुने क्षार र अवशेषहरु | प्र.मे.टन १०००।- |
| | २६२१.९०.०० | -अन्य | प्र.मे.टन १०००।- |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २७ को उपशीर्षक-द्रष्टव्य ३ को सट्टा देहायको उपशीर्षक-द्रष्टब्य ३ राखिएको छः** | |
| | | ३. उपशीर्षकहरु २७०७.१०.००, २७०७.२०.००, २७०७.३०.०० र २७०७.४०.०० का प्रयोजनार्थ; "बेनजोल (वेनजिन)", "टोल्यूओल (टोल्यूइन)"; "जाइलोल (जाइलिन्स)"; र "नेप्थालीन" शब्दहरु त्यस्ता उत्पादनहरुको लागि प्रयुक्त हुन्छन्, जसमा तौलको हिसावले क्रमशः बेनजीन, टोलुइन, जाइलीन्स र नेप्थालीनको मात्रा ५०% भन्दा बढी रहन्छ । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २७०७.६०.०० हटाइएको छ ।** | |
| २७.१० | | **कच्चा (क्रुड) बाहेक पेट्रोलियम तेल र बिटुमिन खनिजबाट प्राप्त तेल; तौलमा ७० प्रतिशत वा सो भन्दा बढी पेट्रोलियम तेल वा बिटुमिन खनिजबाट प्राप्त तेल भएका, यिनै तेल नै मुख्य घटक (बेसिक कन्स्टिच्यूएण्ट्स) भएका, अन्यत्र समावेश वा निर्दिष्ट नगरिएका तयारी वस्तुहरु (प्रिपरेसन्स); रद्दी तेलहरु (वेष्ट आयल्स) ।** | |
| | | -पेट्रोलियम तेलहरु र विटुमिन खनिजहरुबाट प्राप्त तेलहरु (कच्चा तेल बाहेक) तथा अन्यत्र निर्दिष्ट वा समावेश नभएका, तौलको हिसावले ७० प्रतिशत वा सो भन्दा बढी पेट्रोलियम तेलहरु वा विटमिन खनिजबाट प्राप्त तेलहरु भएको, यिनै तेलहरु मुख्य घटक (बेसिक कन्स्टिच्यूएण्ट) भएका तयारी वस्तुहरु (प्रिपरेसन्स), रद्दी तेलहरु (वेष्ट आयल्स) बाहेक : | |
| | | --हल्का तेलहरु र तयारी वस्तुहरु (प्रिपरेसन्स) : | |
| | २७१०.११.१२ | ---अन्य स्प्रीट (पेट्रोल समेत) | रु.१४७५०। प्र.कि.लि. |

| | | | |
|---|---|---|---|
| | २७१०.११.१५ | ---अन्य मट्टितेलहरु | रु.१३००।-प्र.कि.लि. |
| | | --अन्य : | |
| | २७१०.१९.११ | ---इन्धन तेलहरु (फर्निस आयल) | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २७११.१४.०० को सट्टा देहायको उपशीर्षक २७११.१४.०० राखिएको छ:** | |
| | २७११.१४.०० | --इथाइलिन, प्रोपाइलिन, बुटाइलिन एट वुटाडाइन | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को परिच्छेद ६ को द्रष्टब्य १ को (ख) को सट्टा देहायको (ख) राखिएको छ:** | |
| | | (ख)माथिको प्रकरण (क) का अधीनमा रही शीर्षक २८.४३, २८.४६ वा २८.५२ का विवरणसंग मिल्ने सामानहरुलाई त्यही शीर्षकमा नै वर्गीकरण गरिनेछ, यस परिच्छेदको अन्य कुनै शीर्षकमा वर्गीकरण गरिने छैन । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २८ को द्रष्टब्य २ को सट्टा देहायको द्रष्टब्य २ राखिएको छ:** | |
| | | २. प्रांगारिक पदार्थद्वारा स्थिर गराइएका डिथियोनाइट र सल्फो जाइलेट (शीर्षक २८.३१), अप्रांगारिक भष्म (वेस) का कार्वोनेट र पेरोक्सोकार्वोनेट (शीर्षक २८.३६), अप्रांगारिक भष्म (वेस) का साएनाइड, साएनाइड अक्साइड र जटिल साइनाइडहरु (शीर्षक २८.३७), अप्रांगारिक भष्म (वेस) का फुलमिनेटहरु, साइनेटहरु र थायोसायोनेटहरु (शीर्षक २८.४२) शीर्षक २८.४३ देखि २८.४६ र २८.५२ मा पर्ने प्रांगारिक उत्पादनहरु र धातु र कारवाइडहरु (शीर्षक २८.४९) का अतिरिक्त निम्न कार्बन यौगिकहरुलाई मात्र यस भाग भित्र वर्गीकरण गरिनु पर्छ: | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २८ को द्रष्टब्य २ को (ङ) को सट्टा देहायको (ङ) राखिएको छ:** | |

| | | | |
|---|---|---|---|
| | | (ङ) शुद्ध गरिएको वा नगरिएको क्याल्सीयम साइनामाइड बाहेक (भाग ३१) युरियाद्वारा सघनीकृत हाइड्रोजन पेरोक्साइड (शीर्षक २८.४७), कार्बन आक्सीसल्फाइड, थियो कार्वोनिल हलाइड्स, सायनोजेन, साइनोजेन हलाइड्स र साइनामाइड र यसका धातुका ब्युत्पत्तिहरु (शीर्षक २८.५३) । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २८ को द्रष्टब्य ६ को (घ) को सट्टा देहायको (घ) राखिएको छः** | |
| | | (घ) धातु मिश्रणहरु, प्रकीर्णन (डिस्पर्शन) हरु (सरमिटहरु सहित), सिरामिक उत्पादनहरु र यी तत्वहरु वा आइसोटोप (समस्थानीय तत्व) हरु वा यिनका अप्रांगारिक वा प्रांगारिक यौगिकहरु (कम्पाउण्ड) भएका ७४ बीक्यू/जी (०.००२_सीआइ/जी); भन्दा वढी विशिष्ट रेडियोधर्मिता (रेडियो एक्टिभिटी) भएका मिश्रणहरु; | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु २८११.२३.००, २८२४.२०.००, २८२६.११.००, २८२६.२०.००, २८२७.३३.००, २८२७.३४.००, २८२७.३६.००, २८३०.२०.००, २८३०.३०.००, २८३३.२३.००, २८३३.२६.००, २८३५.२३.००, २८३६.१०.०० र २८३६.७०.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक २८.३८ र उपशीर्षक २८३८.००.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु २८३९.२०.००, २८४१.१०.०० र २८४१.२०.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक २८.५१ र उपशीर्षक २८५१.००.०० हटाई देहायको शीर्षक २८.५२, उपशीर्षक २८५२.००.००, शीर्षक २८.५३ र उपशीर्षक २८५३.००.०० राखिएका छन् ।** | |
| २८.५२ | २८५२.००.०० | **एमलगम बाहेक पारोको प्राङ्गारिक वा अप्राङ्गारिक यौगिकहरु** | १० |

| | | | |
|---|---|---|---|
| २८.५३ | २८५३.००.०० | **अन्य प्राङ्गारिक यौगिकहरु (उर्द्धपातित र संवाहनशील पानी र त्यस्तै शुद्ध पानी समेत); तरल हावा (बिरल ग्याँसहरु हटाइएका वा नहटाइएका); संपीडित (कम्प्रेस्ड) हावा; एमलगम बहुमूल्य धातुको एमलगम बाहेक ।** | ४० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २९ को द्रष्टव्य ५ को (ग) को सट्टा देहायको (ग) राखिएको छः** | |
| | | (ग) परिच्छेद ६ को दृष्टव्य १ र भाग २८ को दृष्टव्य २ को अधीनमा रही : | |
| | | (१) उपभाग **क** देखि **ञ** सम्मका वा शीर्षक २९.४२ का प्रांगारिक यौगिकका एसिड-, फेनोल-वा एनोल-फङ्सन यौगिक जस्ता वा प्रांगारिक भष्म (वेस) का अप्रांगारिक लवणहरुलाई प्रांगारिक यौगिकका उपयुक्त शीर्षकमा वर्गीकरण गरिनेछ; | |
| | | (२) उपभाग **क** देखि **ञ** सम्म वा शीर्षक २९.४२ अन्तर्गत पर्ने प्रांगारिक यौगिकहरु वीच निर्मित लवणलाई भष्म (वेस) वा अम्ल (फेनोल-वा एनोल-फङ्सन यौगिकहरु समेत) को लागि उपयुक्त शीर्षक हरु मध्ये सांख्यिक क्रममा सवभन्दा पछि आउने शीर्षकमा वर्गीकरण गरिनेछ; र | |
| | | (३) उपभाग **ट** वा शीर्षक २९.४१ मा वर्गीकरण हुने उत्पादनहरु बाहेकका समन्वयी यौगिकहरु, जुन धातु कार्बन बाहेकका संयोजित धातुलाई खण्डित गर्दा तयार हुने उपयुक्त अंश मध्ये पर्दछ, लाई भाग २९ को सांख्यिक क्रममा सबैभन्दा पछि आउने शीर्षकमा वर्गीकरण गरिने छ । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २९ को द्रष्टव्य ६ को सट्टा देहायको द्रष्टब्य ६ राखिएको छः** | |
| | | ६. शीर्षक २९.३० र २९.३१ का यौगिकहरु त्यस्ता प्रांगारिक यौगिकहरु हुन जसका अणुहरुमा हाइड्रोजन, अक्सीजन वा नाइट्रोजनका अणुहरुका अतिरिक्त अन्य गैरधातु वा धातुहरु (जस्तै गन्धक, आर्सेनिक वा सिसा) का अणुहरु सोझै कार्बन अणुहरुका साथ संयुक्त भई समाविष्ट रहन्छन् । | |

शीर्षक २९.३० (प्रांगारिक गन्धक, यौगिकहरु) र शीर्षक २९.३१ (अन्य प्रांगारिक-अप्रांगारिक यौगिकहरु) मा सल्फोनेटेड वा हयालोजेनेटेड ब्युत्पत्तिहरु (यौगिक ब्युत्पत्तिहरु समेत) समावेश हुंदैनन् । हाइड्रोजन, अक्सीजन र नाइट्रोजनका अतिरिक्त यिनका सल्फर र हयालोजेनका अणुहरु सोझै कार्बनका साथ जोडिने हुन्छन् जस्ले तिनलाई सल्फोनेटेड वा हयालोजेनेटेड ब्युत्पत्तिहरु (वा यौगिक ब्युत्पत्तिहरु) को प्रकृति वा स्वभाव प्रदान गर्दछन् ।

**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २९ को द्रष्टब्य ७ पछि देहायको द्रष्टब्य ८ थप गरिएको छः**

८. शीर्षक २९.३७ को प्रयोजनको लागिः

(क)“हार्मोन्स” भन्ने शब्दले हार्मोन-निर्मोचक (हार्मोन-रिलिजिङ्ग) वा हार्मोन-उद्दीपक (हार्मोन-स्टिमुलेटिङ्ग) कारकहरु (फ्याक्टर्स), हार्मोन-अवरोधक (हार्मोन-इनहिबिटर्स) तथा हार्मोन-प्रतिरोधी (हार्मोन-एण्टागोनिष्ट्स) प्रति-हार्मोनः (एण्टीहार्मोन्स) लाई समेत समावेश गर्दछ;

(ख)मुख्यतः हार्मोनको रुपमा प्रयुक्त; भन्ने उक्ति हार्मोनका निर्गम वा ब्युत्पत्ति (डेरिभेटिभ्स) तथा मुख्यतः हार्मोन सम्बन्धी प्रभाव निमित्त प्रयोग हुने संरचनात्मक अनुषंगी (स्ट्रक्चरल एनालौग्स) हरुको लागि मात्र लागु नभई यस शीर्षकका उत्पादनहरुको संश्लेषण (सिन्थेसिस) मा मुख्य रुपले प्रयोग हुने माध्यमिक (इण्टरमेडिएट्स) हरुको रुपको ब्युत्पत्ति (डेरिभेटिभ्स) तथा संरचनात्मक अनुषंगी (स्ट्रक्चर एनालौग्स) हरुको हकमा समेत लागु हुन्छ ।

**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग २९ को उपशीर्षक-द्रष्टब्यको सट्टा देहायको उपशीर्षक-द्रष्टब्य राखिएको छः**

| | | | |
|---|---|---|---|
| | | <u>उपशीर्षक-द्रष्टव्य :</u><br>१. सम्बन्धित उपशीर्षकहरुको श्रृंखलामा बढी विशेषतापूर्ण ढंगबाट निर्देशित गर्ने उपशीर्षक वा "अन्य" भन्ने उपशीर्षक नभएको अवस्थामा यस भागका कुनै एक शीर्षक भित्र पर्ने रासायनिक यौगिक (वा रासायनिक यौगिकको समूह) का ब्युत्पत्तिहरुलाई त्यही यौगिक (वा यौगिकको समूह) पर्ने उपशीर्षकमा वर्गीकरण गरिनेछ ।<br>२. यस भागको उपशीर्षकहरुमा भाग २९ को द्रष्टव्य ३ लागू हुने छैन । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९०३.१५.०० को सट्टा देहायको उपशीर्षक २९०३.१५.०० राखिएको छ :** | |
| | २९०३.१५.०० | --इथाइलिन डाइक्लोराइड (आइएसओ) (१,२-डाइक्लोरोइथेन) | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९०३.३०.०० हटाई देहायको शब्दावली र उपशीर्षकहरु थप गरिएका छन्:** | |
| | | -फ्लोरीनेटेड, ब्रोमिनेटेड वा आयोडिनेटेड एसाइक्लिक हाइड्रोकार्बनहरुका ब्युत्पत्तिहरुः | |
| | २९०३.३१.०० | --इथाइलिन डिब्रोमाइड (आइएसओ) (१,२-डिब्रोमोइथेन) | १० |
| | २९०३.३९.०० | --अन्य | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९०३.५१.०० को सट्टा देहायको उपशीर्षक २९०३.५१.०० राखी सो पछि देहायको उपशीर्षक २९०३.५२.०० थप गरिएको छः** | |
| | २९०३.५१.०० | --१,२,३,४,५,६- हेक्साक्लोरोसाइक्लोहेक्जेन (एचसीएच (आइएसओ)), लिन्डेन (आइएसओ, आइएनएन) समेत | १० |
| | २९०३.५२.०० | --आल्ड्रिन (आइएसओ, क्लोरडेन (आइएसओ र हेप्टाक्लोर (आइएसओ) | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९०३.६२.०० को सट्टा देहायको उपशीर्षक २९०३.६२.०० राखिएको छः** | |

| | | | |
|---|---|---|---|
| | २९०३.६२.०० | --हेक्साक्लोरोवेन्जीन (आइएसओ) र डीडीटी (आइएसओ) (क्लोफेनोटेन (आइएनएन), १,१,१-ट्राइक्लोरो-२, २-वीस (पि-क्लोरोफेनिल) इथेन) | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु २९०५.१५.००, २९०६.१४.०० र २९०७.१४.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु २९०८.१०.००, २९०८.२०.०० र २९०८.९०.०० हटाई देहायका शब्दावली र उपशीर्षकहरु राखिएका छन्:** | |
| | | -ह्यालोजन प्रतिस्थापक र तिनका लवणहरु मात्र भएका ब्युत्पत्तिहरु: | |
| | २९०८.११.०० | --पेण्टाक्लोरोफेनोल (आइएसओ) | १० |
| | २९०८.१९.०० | --अन्य | १० |
| | | -अन्य: | |
| | २९०८.९१.०० | --डिनोसेब (आइएसओ) र यसका लवणहरु | १० |
| | २९०८.९९.०० | --अन्य | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९०९.४२.०० हटाइएको छ ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९१०.३०.०० पछि देहायको उपशीर्षक २९१०.४०.०० थप गरिएको छ:** | |
| | २९१०.४०.०० | -डियलड्रिन (आइएसओ, आइएनएन) | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९१२.१३.०० हटाइएको छ ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु २९१५.२२.००, २९१५.२३.००, २९१५.३४.०० र २९१५.३५.०० हटाई देहायको उपशीर्षक २९१५.३६.०० थप गरिएको छ:** | |
| | २९१५.३६.०० | --डिनोसेब (आइएसओ) एसिटेट | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९१६.३५.०० पछि देहायको उपशीर्षक २९१६.३६.०० थप गरिएको:** | |
| | २९१६.३६.०० | --बाइनापाक्रिल (आइएसओ) | १० |

| | | | |
|---|---|---|---|
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९१७.३१.०० हटाइएको छ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९१८.१६.०० पछि देहायको उपशीर्षक २९१८.१८.०० थप गरिएको छः** | |
| | २९१८.१८.०० | --क्लोरोवेन्जिलेट (आइएसओ) | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९१८.९०.०० लाई हटाई देहायको शब्दावली र उपशीर्षकहरु थप गरिएका छन्ः** | |
| | | -अन्यः | |
| | २९१८.९१.०० | --२,४,५-टी (आइएसओ) (२,४,५-टीक्लोरोफेनोक्सीएसेटिक अम्ल), यसका लवणहरु इस्टरहरु | १० |
| | २९१८.९९.०० | --अन्य | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक २९.१९ र उपशीर्षक २९१९.००.०० को सट्टा देहायको शीर्षक २९.१९ र उपशीर्षकहरु राखिएका छन्ः** | |
| २९.१९ | | **फोस्फोरिक इष्टरहरु र तिनका लवणहरु, ल्याक्टोफोष्फेटहरु समेत; तिनका ह्यालोजनीकृत, सल्फोनीकृत, नाइट्रीकृत वा नाइट्रोसोनीकृत ब्युत्पत्तिहरु।** | |
| | २९१९.१०.०० | -ट्रिस (२,३-डिब्रोमोप्रोपाइल) फोस्फेट | १० |
| | २९१९.९०.०० | -अन्य | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९२०.१०.०० हटाई देहायका शब्दावली र उपशीर्षकहरु राखिएका छन्ः** | |
| | | -थायोफोष्फेरिक इष्टरहरु (फोष्फोरोथायोटहरु) र तिनका लवणहरु; तिनका ह्यालोजनीकृत, सल्फोनीकृत, नाइट्रीकृत वा नाइट्रोसोनीकृत ब्यूत्पत्तिहरुः | |
| | २९२०.११.०० | --पाराथियन (आइएसओ) र पाराथियन-मिथाइल (आइएसओ) (मिथाइल-प्याराथियन) | १० |
| | २९२०.१९.०० | --अन्य | १० |

| | | | |
|---|---|---|---|
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु २९२१.१२.०० र २९२२.२२.०० हटाइएका छन्:** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९२४.११.०० पछि देहायको उपशीर्षक २९२४.१२.०० थप गरिएको छ:** | |
| | २९२४.१२.०० | --फ्लुरोएसेटामाइड (आइएसओ), मोनोक्रोटोपस (आइएसओ) र फोस्फामाइडन (आइएसओ) | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९२५.२०.०० हटाई देहायका शब्दावलीहरु र उपशीर्षकहरु थप गरिएका छन्:** | |
| | | -इमाइनहरु र तिनका ब्युत्पत्तिहरु; तिनका लवणहरु: | |
| | २९२५.२१.०० | --क्लोडिमेफर्म (आइएसओ) | १० |
| | २९२५.२९.०० | --अन्य | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९३०.१०.०० हटाई उपशीर्षक २९३०.४०.०० पछि देहायको उपशीर्षक २९३०.५०.०० थप गरिएको छ:** | |
| | २९३०.५०.०० | -क्याप्टाफोल (आइएसओ) र मेथामाइडोफोस (आइएसओ) | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक २९३६.१०.०० हटाइएको छ ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु २९३९.१९.०० पछि रहेको शब्दावली हटाई देहायको उपशीर्षक २९३९.२०.०० थप गरी उपशीर्षकहरु २९३९.२१.०० र २९३९.२९.०० हटाइएका छन्:** | |
| | २९३९.२०.०० | -सिन्कोनाको अल्कालाइडहरु र तिनका ब्युत्पत्तिहरु; तिनका लवणहरु | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ३० को द्रष्टब्य ४ को (क), (ग), (झ) र (ञ) को सट्टा देहाय को (क), (ग), (झ) र (ञ) राखी त्यसपछि देहायको (ट) थप गरिएको छ:** | |

| | | | |
|---|---|---|---|
| | | (क) जीवाणु रहित शल्यचिकित्सा सम्बन्धी तन्तु (तार वा क्याटगट), यस्तै टांका दिने (स्यूचर) वस्तुहरु (जीवाणुविहिन अवशोषणीय शल्यचिकित्सा वा दन्तचिकित्सा सम्बन्धी धागोहरु समेत) र शल्यचिकित्सामा घाउ बन्द गर्ने टिस्यु एडहेसिभहरु;<br><br>(ग) जीवाणु रहित शल्यचिकित्सा सम्बन्धी रगत शोषण क्षमता भएका वा दन्तचिकित्सि सम्बन्धी रक्त स्तंभक (ह्यामोस्टेटिक्स) वस्तुहरु; शोषण क्षमता भएका वा नभएका जीवाणुरहित शल्यचिकित्सा वा दन्त चिकित्सा सम्बन्धी टँसाइ अवरोधकहरु;<br><br>(झ) शल्य चिकित्सा (सर्जिकल अपरेसन्स)मा शरीरका अंगलाई वा शारीरिक परीक्षणमा चिप्लो पार्ने (लुब्रिक्याण्ट) वस्तुको रुपमा वा शरीर र चिकित्सा उपकरणहरु वीच संयोजन कारक (कपलिंग एजेण्ट) को रुपमा मानव वा पशुको चिकित्सा औषधीको रुपमा आकल्पि (डिजाइण्ड) शिलषि विरचन (जेल प्रिपरेसन्स) हरु;<br><br>(ञ) बेकम्मा औषधीय उत्पादनहरु (वेष्ट फार्मास्यूटिकल्स), अर्थात् त्यस्ता औषधीय उत्पादनहरु जो तिनका मौलिक (ओरिजिनल) अभिष्ट उद्देश्य (इण्टेण्डेड परपस) को लागि अनुपयुक्त (अनफिट) छन्, उदाहरणतः भण्डारण अवधि (शेल्फ-लाइफ) को समाप्ति (एक्सपाइरी) भएको; र<br><br>(ट) ओस्टोमी प्रयोगका लागि उपयोग हुनसक्ने उपकरणहरु, जस्तै आकारमा काटिएका कोलोस्टोमी, आइलेओस्टोमी र युरोस्टोमीका थैलाहरु (पाउचेज) र तिनका अग्रभागका टाँसिने पदार्थहरु ।<br><br>**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ३००१.१०.०० हटाइएको छ ।**<br><br>**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ३००४.३२.०० को सट्टा देहायको उपशीर्षक ३००४.३२.०० राखिएको छः** | |
| | ७०१३.४२.०० | --$०^{\circ}$ से. देखि $३००^{\circ}$ से. सम्मको तापको वीचमा $५x१०^{-६}$ प्रति केल्भिन सम्मको विस्तारको लिनियर को-इफिसेण्ट भएको अन्य काँच | १५ |
| | ७०१३.४९.०० | --अन्य | १५ |
| | | -अन्य कांचका सामानहरु: | |
| | ७०१३.९१.०० | --सिसा-स्फटिक (लिड्-कृष्टल) को | १५ |
| | ७०१३.९९.०० | --अन्य | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ७१ को द्रष्टब्य ९ को (क) र (ख) को सट्टा देहायको (क) र (ख) राखिएको छ:** | |
| | | (क) व्यक्तिगत शोभा वा सजावटको कुनै पनि सानो वस्तु (उदाहरणको लागि औंठी, बाला, कण्ठाहार (नेकलेस) ब्रोचेज, इयरिङ्ग (कानको गहना), घडीको सिक्री (वाच चेन), फौब (जेवघडीको खल्ती बाहिर झुण्डिएको सिक्री), लोलक-अलंकरण (पेण्डेन्ट), टाइ-पिन, कफ-लिंक्स, ड्रेस-स्टड (टांक), धार्मिक वा अन्य पदक (मेडल) र चिन्ह (इनसिग्निया) हरु; र | |

| | | | |
|---|---|---|---|
| | | (ख) खल्तीमा, हातेझोलामा वा शरीरमै सामान्यतया धारण गरिने व्यक्तिगत प्रयोगका वस्तुहरु (जस्तै सिगार वा चुरोटको बट्टा, नशको बट्टा, कत्था वा चक्की (पिल) को बट्टा, पाउडरको बट्टा, सिक्रीको थैली (चेन पर्सेस) वा जप्ने माला (प्रेयर बिड्स) । | |
| | | यी वस्तुहरु प्राकृतिक वा संवर्धित मोती, बहुमूल्य वा अर्ध बहुमूल्य पत्थर, कृत्रिम वा पुनर्निर्मित बहुमूल्य वा अर्ध बहुमूल्य पत्थर, कछुवाको खबटा, मोतीको आवरण (मदर अफ पर्ल) हस्ती हाड, प्राकृतिक वा पुनर्निर्मित तृणमणि (एम्बर), कालो पत्थर (जेट) वा मुगा जस्ता वस्तुहरुसंग जडित हुन सक्दछन् । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ७२२५.२०.००, ७२२६.९३.००, ७२२६.९४.०० र ७२२९.१०.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ७३.०४ का सम्पूर्ण उपशीर्षकहरु र शब्दावलीको सट्टा देहायका शब्दावली र उपशीर्षकहरु राखिएका छन्:** | |
| | | -तेल वा ग्याँस पाइप लाइनको प्रयोगको लागि हुने खालका लाइन पाइपहरु: | |
| | ७३०४.११.०० | --स्टेनलेस स्टीलको | १५ |
| | ७३०४.१९.०० | --अन्य | १५ |
| | | -तेल वा ग्याँसको निमित्त छेदन (प्वाल वा ड्रिलिङ्ग) गर्न प्रयोग हुने खालका, केसिङ्ग, ट्यूविङ्ग र ड्रिल पाइप : | |
| | ७३०४.२२.०० | --स्टेनलेस स्टीलको ड्रिल पाइप | १५ |
| | ७३०४.२३.०० | --अन्य ड्रिल पाइप | १५ |
| | ७३०४.२४.०० | --अन्य, स्टेनलेस स्टीलका | १५ |
| | ७३०४.२९.०० | --अन्य | १५ |
| | | -अन्य, सर्कुलर क्रस सेक्सनको, फलाम वा अमिश्रित स्पात (नन् एल्वाय स्टील) को: | |
| | ७३०४.३१.०० | --कोल्ड-ड्रन वा कोल्ड-रोल्ड (कोल्ड रिड्यूस्ड) | १५ |
| | ७३०४.३९.०० | --अन्य | १५ |

| | | | |
|---|---|---|---|
| | | -अन्य, सर्कुलर क्रस सेक्सनको, स्टेनलेस स्टीलको : | |
| | ७३०४.४१.०० | --कोल्ड-ड्रन वा कोल्ड-रोल्ड (कोल्ड रिड्युस्ड) | १५ |
| | ७३०४.४९.०० | --अन्य | १५ |
| | | -अन्य, सर्कुलर क्रस सेक्सनको, अन्य मिश्रित इस्पातको : | |
| | ७३०४.५१.०० | --कोल्ड–ड्रन वा कोल्ड-रोल्ड (कोल्ड रिडुयूस्ड) | १५ |
| | ७३०४.५९.०० | --अन्य | १५ |
| | ७३०४.९०.०० | -अन्य | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ७३.०६ का सम्पूर्ण उपशीर्षकहरु र तिनका शब्दावलीको सट्टा देहायका शब्दावली र उपशीर्षकहरु राखिएका छन्:** | |
| | | -ग्यांस वा तेलको पाइप लाइनमा प्रयोग हुने प्रकारको लाइनपाइपः | |
| | ७३०६.११.०० | --रसायन गरेको (वेल्डेड्), स्टेनलेस स्टीलको | ४० |
| | ७३०६.१९.०० | --अन्य | ४० |
| | | -तेल वा ग्याँस झिक्न प्वाल पार्ने काममा प्रयोग हुने खालको केसिङ र ट्यूवीङः | |
| | ७३०६.२१.०० | --रसायन गरेको (वेल्डेड्), स्टेनलेस स्टीलको | ४० |
| | ७३०६.२९.०० | --अन्य | ४० |
| | ७३०६.३०.०० | -अन्य, रसायन गरेको (वेल्डेड), सर्कुलर क्रस सेक्सनको, फलाम वा अमिश्रित इस्पातको: | ४० |
| | ७३०६.४०.०० | -अन्य, रसायन गरेको (वेल्डेड), सर्कुलर क्रस सेक्सनको, स्टेनलेस स्टीलको | ४० |
| | ७३०६.५०.०० | -अन्य, रसायन गरेको (वेल्डेड), सर्कुलर क्रस सेक्सनको, अन्य मिश्रित इस्पातको | ४० |
| | | -अन्य, रसायन गरेको (वेल्डेड), ननसर्कुलर क्रस सेक्सनको: | |
| | ७३०६.६१.०० | --वर्गाकार वा आयाताकार (रेक्टेङ्गुलर) क्रस सेक्सनको | ४० |
| | ७३०६.६९.०० | --अन्य ननसर्कुलर क्रस सेक्सनको | ४० |
| | ७३०६.९०.०० | -अन्य | ४० |

| | | | |
|---|---|---|---|
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ७३१४.१३.०० र ७३१९.१०.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ७३२१.१३.०० हटाई देहायको उपशीर्षक ७३२१.१९.०० थप गरिएको छः** | |
| | ७३२१.१९.०० | --अन्य, ठोस इन्धन निमित्तका उपकरणहरु समेत | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ७३२१.८३.०० हटाई देहायको उपशीर्षक ७३२१.८९.०० राखिएको छः** | |
| | ७३२१.८९.०० | --अन्य, ठोस इन्धन निमित्तका उपकरणहरु समेत | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ७४ को द्रष्टब्य १ को (च) को सट्टा देहायको (च) राखिएको छः** | |
| | | (च) **तार (वायर)** | |
| | | सम्पूर्ण लम्वाइभरि बृत्त (सर्कल), दीर्घबृत्त (ओभल), चतुर्भुज (वर्ग समेत), समभुज त्रिभुज वा उत्तल समबहुभुज (रेगुलर कन्भेक्स पोलिगन) (चेप्टोबृत्त) (फ्लाटेण्ड सर्कल्स) र आपरिवर्तित चतुर्भुज (मोडिफाइड रेक्टाङ्गल्स) समेत, जसका सम्मुखका (अपोजिट) दुइटा भुजाहरु उत्तल चाप (कन्भेक्स आर्कस), अर्को दुइ भुजा सरल बरावर लम्वाइका र समानान्तर हुन्छन्) आकारको समरुप (यूनिफर्म) ठोस तिर्यक्च्छेद (क्रस सेक्सन) भएको, कुण्डली (क्वाइल) मा भएको वेल्लित (रोल्ड), निःस्रावित (एक्सट्रुडेड) वा निकर्षित (ड्रन) उत्पादनहरु । चतुर्भुज (वर्ग समेत), त्रिभुज वा बहुभुज (पोलिगन) आकारको तिर्यक्च्छेद (क्रस-सेक्सन) भएका उत्पादनहरुको सम्पूर्ण लम्वाइभरी कुना वा चुच्चाहरु गोल्याइएका (राउण्डेड) हुन सक्तछन् । चतुर्भुजाकार (अपरिवर्तित चतुर्भुज समेत) तिर्यक्च्छेद भएका त्यस्ता उत्पादनहरुको मोटाइ (थिकनेस) चौडाइको दशांश (वन टेन्थ) भन्दा बढी हुन्छ । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ७४.०१ र सोका सम्पूर्ण उपशीर्षकहरुको सट्टा देहायको शीर्षक ७४.०१ र उपशीर्षक ७४०१.००.०० राखिएको छः** | |

| | | | |
|---|---|---|---|
| ७४.०१ | ७४०१.००.०० | गन्धकयुक्त तामा (कपर मेट्स); सिमेण्ट तामा (प्रेसिपिटेटेड कपर) । | ५ |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ७४०३.२३.०० र ७४०७.२२.०० हटाइएका छन् । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ शीर्षक ७४.१४ र सोका सम्पूर्ण उपशीर्षकहरु हटाइएका छन् । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ७४.१६ र शीर्षक ७४.१७ र तिनका सम्पूर्ण उपशीर्षकहरु हटाइएका छन् । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ७८.०३ र ७८.०५ तथा तिनका उपशीर्षकहरु हटाइएका छन् । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ७९.०६ र सोको उपशीर्षक हटाइएको छ । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ८० को द्रष्टब्य १ को (घ) को सट्टा देहायको (घ) राखिएको छः | |
| | | (घ) पाता (प्लेट), चादर (सिट्स), पाता (स्ट्रिप) र पन्नी (फ्वाइल) | |
| | | मोडिएका चुच्चाहरु (राउण्डेड कर्नर्स) सहित वा रहित, ठोस चतुर्भुजाकार (वर्गाकार बाहेक) ("आपरिवर्तित चतुर्भुज", जसका दुई सम्मुख भुजाहरु उत्तल चाप (कन्भेक्स आर्क) र अन्य दुई भुजाहरु सरल, समान लम्वाइका र समानान्तर हुन्छन्, समेत) तिर्यक्च्छेद (क्रससेक्सन) भएको, समान मोटाइ (थिकनेस) को चेप्टो सतह (फ्ल्याट सर्फेस्ड) भएका उत्पादनहरु (शीर्षक ८०.०१ को काम नगरिएका (अनरौट) उत्पादनहरु बाहेक), जो: | |
| | | ▪ चतुर्भुज (वर्ग समेत) आकारका, मोटाई चौडाइको दशांशमा नबढ्ने गरी रहेका हुन्छन्, | |
| | | ▪ चतुर्भुज वा वर्ग बाहेक अन्य आकार (शेप) का, जुनसुकै नाप (साइज) का हुन्छन्, तर तिनले अन्य शीर्षकहरुका वस्तुहरु वा उत्पादनहरुको लक्षण भने धारण गरेको हुनु हुंदैन । | |

| | | | |
|---|---|---|---|
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८०.०४, ८०.०५ र ८०.०६ तथा तिनका उपशीर्षकहरु हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ८१०१.९५.००, ८११२.३०.०० र ८११२.४०.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८३११.९०.०० को सट्टा देहायको उपशीर्षक ८३११.९०.०० राखिएको छः** | |
| | ८३११.९०.०० | -अन्य | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को परिच्छेद १६ को द्रष्टब्य १ को (ख) को सट्टा देहायको (ख) राखिएको छः** | |
| | | (ख)यन्त्र वा यान्त्रिक उपकरणहरुमा प्रयोग हुने खालका वा अन्य प्राविधिक प्रयोग निमित्तको, छाला वा संमिश्रण छाला (कम्पोजिसन लेदर) को (शीर्षक ४२.०५) वा भुवादारी छाला (फरस्किन) का (शीर्षक ४३.०३) सामानहरु; | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को परिच्छेद १६ को द्रष्टब्य २ को (क) र (ग) को सट्टा देहायको (क) र (ग) राखिएको छः** | |
| | | (क)भाग ८४ वा ८५ का जुनसुकै शीर्षकहरुमा (शीर्षकहरु ८४.०९, ८४.३१, ८४.४८, ८४.६६, ८४.७३, ८४.८७, ८५.०३, ८५.२२, ८५.२९, ८५.३८ र ८५.४८ बाहेक) सामानको रुपमा समाविष्ट अंग (पार्टस) हरुलाई सबै स्थितिमा तिनका सम्बन्धित् शीर्षकहरुमै वर्गीकरण गरिनेछ; | |
| | | (ग) अन्य सबै अङ्गहरु (पार्टपूर्जा) लाई शीर्षक ८४.०९, ८४.३१, ८४.४८, ८४.६६, ८४.७३, ८५.०३, ८५.२२, ८५.२९ वा ८५.३८ मा जहां उपयुक्त हुन्छ वर्गीकरण गरिनेछ अथवा, सो हुन नसकेमा, शीर्षक ८४.८७ वा ८५.४८ मा वर्गीकरण गरिनेछ । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ८४ को द्रष्टब्य १ को (ङ) र (च) को सट्टा देहायको (ङ) र (च) राखी सो पछि देहायको (छ) थप गरिएको छः** | |

(ङ) शीर्षक ८५.०८ का निर्वात मार्जनीहरु (भ्याकुम क्लिनर्स);

(च) शीर्षक ८५.०९ का विद्युत-यान्त्रिकीय घरेलु उपकरणहरु (डोमेष्टिक अप्लायन्सेस), शीर्षक ८५.२५ का डिजिटल क्यामराहरु; वा

(छ) हस्त-परिचालित (ह्याण्ड ओपरेटेड) भुई बढार्ने यान्त्रिक उपकरणहरु (फ्लोर स्वीपर्स), मोटररहित (शीर्षक ९६.०३) ।

**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ८४ को द्रष्टब्य २ को सट्टा देहायको द्रष्टब्य २ राखिएको छः**

२. परिच्छेद १६ को द्रष्टब्य ३ र यस भागको द्रष्टब्य ९ को कार्यविधि (ओपरेशन) का अधीनमा रही, शीर्षक ८४.०१ देखि ८४.२४ सम्मका वा शीर्षक ८४.८६ का एक वा अधिक (शीर्षकका) विवरण अनुरुपका, साथसाथै शीर्षक ८४.२५ देखि ८४.८० सम्मका एक वा अर्को (शीर्षकको) विवरणसंग पनि मिल्ने खालका यन्त्र (मशीन) वा साधित्र (उपकरण वा अप्लायन्सेस) लाई पछिल्लो वर्ग (ल्याटर ग्रुप) मा होइन, अघिल्लो वर्ग (फोर्मर ग्रुप) को उपयुक्त शीर्षक वा शीर्षक ८४.८६ अन्तर्गत नै वर्गीकरण गरिनेछ ।

तर, देहायका वस्तुहरु शीर्षक ८४.१९ अन्तर्गत पर्दैनन् :

(क) अंकुरण संयन्त्र (जर्मिनेशन प्लाण्ट), उद्‌भवन-पात्र (इन्क्यूवेटर) वा फुल कोरल्ने मशीन (ब्रुडर्स) (शीर्षक ८४.३६);

(ख) अन्न ओस्याउने यन्त्रहरु (ग्रेन ड्याम्पेनिङ्ग मशीन्स) (शीर्षक ८४.३७);

(ग) उखुको रस निकाल्नको लागि विसरण औजारहरु (डिफ्यूजिंग एपरेट्स) (शीर्षक ८४.३८);

(घ) कपडा वुन्ने धागो (टेक्सटाइल यार्न्स), वुनेको कपडा (फ्याब्रिक्स) वा कपडा पदार्थका तयारी वस्तुहरुको तापोपचार (हिट ट्रिटमेण्ट) निमित्तका यन्त्रावली (मशिनरी) (शीर्षक ८४.५१); वा

| | | |
|---|---|---|
| | | (ङ) यान्त्रिक परिचालनको लागि अभिकल्पित (डिजाइन्ड), तापमानको परिवर्तन, आवश्यक भए पनि पूरक (वा गौण) मात्र भएको, यन्त्रावली (मशिनरी) वा संयन्त्र (प्लाण्ट);<br><br>देहायका वस्तुहरु शीर्षक ८४.२२ अन्तर्गत पर्दैनन् :<br><br>(क) झोला वा त्यस्तै किसिमका आधानपात्र (कन्टेनर्स) लाई बन्द गर्ने सिउने कल (सुइङ्ग मशीन) (शीर्षक ८४.५२); वा<br><br>(ख) शीर्षक ८४.७२ को कार्यालय (अफिस) यन्त्रावली (मशिनरी) ।<br><br>शीर्षक ८४.२४ मा देहायको सामान पर्दैन:<br><br>इङ्क-जेट मुद्रण यन्त्रहरु (प्रिण्टिङ्ग मशिन्स) (शीर्षक ८४.४३) ।<br><br>**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ८४ को द्रष्टब्य ५ को सट्टा देहायको द्रष्टब्य ५ राखिएको छः**<br><br>५.(अ) शीर्षक ८४.७१ को प्रयोजनको लागि "अटोम्याटिक डेटा प्रोसेसिंग मशीन" भन्नाले देहायको कार्य गर्न सक्षम मेशिनहरु भन्ने अर्थ लाग्दछ :<br><br>(१)प्रोसेसिंग पोग्राम वा प्रोग्रामहरु र त्यस प्रोग्रामको कार्यान्वयन (एक्जिक्यूशन) को लागि कम से कम तुरुन्त आवश्यक पर्ने डेटालाई संचय गर्न सक्ने;<br><br>(२)प्रयोगकर्ताको आवश्यकताहरु बमोजिम स्वतन्त्र रुपले प्रोग्राम गर्न सक्ने;<br><br>(३)प्रयोगकर्ताद्वारा निर्दिष्ट (स्पेसिफाइड) संख्यात्मक (अर्थमेटिकल) संगणना (कम्प्यूटेशन) संपादन गर्न सक्ने; र<br><br>(४)प्रोसेसिंग रनको क्रममा तार्किक निर्णयद्वारा कार्यान्वयनको सुधार (मोडिफिकेशन) को अपेक्षा गर्ने प्रोसेसिंग प्रोग्रामलाई मानव हस्तक्षेपविना नै कार्यान्वयन गर्न सक्ने संख्या सम्बन्धी यन्त्र; |

(आ)स्वचालित आंकडा प्रशोधन यन्त्रहरु (अटोमेटिक डेटा प्रोसेसिङ्ग मसिन्स) परिवर्तनशील संख्या (भ्यारिएबल नम्बर) मा बेग्ला बेग्लै इकाइहरु भएको एक प्रणाली (सिष्टम) को रुपमा हुन सक्तछ ।

(इ) तलको अनुच्छेद (पाराग्राफ) (ई) र (उ) का अधीनमा रही, इकाइलाई, यदि देहायका शर्तहरु पूरा हुन्छन् भने, पूर्ण प्रणाली (कम्प्लीट सिष्टम) कै एक अङ्गको रुपमा लिइनु पर्दछ:

(१)यो पूर्णतया वा मुख्यतया कुनै स्वचालित आंकडा प्रशोधन प्रणाली (अटोमेटिक डेटा प्रोसेसिङ्ग सिष्टम) मा प्रयोग हुने खालको हुन्छ;

(२)यो सोझै (डाइरेक्टली) वा एक वा बढी अन्य इकाइहरु मार्फत केन्द्रीय प्रशोधन वा अभिसंस्करण इकाई (सेण्ट्रल प्रोसेसिङ्ग यूनिट) का साथ संयोज्य (कनेक्टेबल) हुन्छ; र

(३) यो प्रणालीद्वारा प्रयोग गर्न सकिने रुप (शीर्षक वा चिन्ह) मा आंकडाहरु (डेटा) ग्रहण (एक्सेप्ट) गर्न वा प्रदान (डेलिभर) गर्न सक्षम हुन्छ ।

कुनै पनि स्वचालित आंकडा प्रशोधन (अभिसंस्करण) यन्त्रका वेग्ला वेग्लै प्रस्तुत हुन आएका (सेपरेटली प्रिजेण्टेड्) इकाइहरुलाई शीर्षक ८४.७१ मा वर्गीकरण गरिनेछ ।

तर, कुंजीपटलहरु (की बोर्ड्स), एक्स-वाई निर्देशाङ्क निवेश साधनहरु (एक्स-वाइ कोओर्डिनेट इनपुट डिभाइसेस) र चक्र संचय इकाइहरु (डिस्क स्टोरेज यूनिट्स) जसले माथिका अनुच्छेदहरु इ(२) र इ(३) का शर्तहरु (कण्डिसन्स) लाइ पूरा गर्दछन्, तिनलाई सबै स्थितिमा (इन अल केसेस) शीर्षक ८४.७१ का इकाइहरुको रुपमा वर्गीकरण गरिनेछ ।

(ई) माथिको द्रष्टव्य ५ (इ) मा उल्लेख भएका सम्पूर्ण शर्तहरु पूरा गरेको भएपनि तलका वस्तुहरु वेग्लै प्रस्तुत भएमा शीर्षक ८४.७१ अन्तर्गत पर्दैनन् :

(१)मुद्रण यन्त्रहरु, प्रतिलिपि उतार्ने यन्त्रहरु, फ्याक्स गर्ने यन्त्रहरु, संयुक्त भएका वा नभएका;

(२)ध्वनी प्रशारण वा ग्रहण गर्ने उपकरणहरु, छवि चित्रहरु (इमेजेज) वा अन्य आंकडा (डेटा), तार सहित वा तार रहित संचार उपकरणहरु समेत (जस्तै स्थानीय वा विस्तृत क्षेत्र संजाल) (लोकल अर वाइड एरिया नेटवर्क);

(३) लाउड स्पीकरहरु, माइक्रोफोनहरु;

(४)टेलिभिजन क्यामराहरु, डिजिटल क्यामराहरु र भिडियो क्यामरा रेकर्डरहरु;

(५) मनिटरहरु र प्रक्षेपकहरु (प्रोजेक्टर्स), टेलिभिजन संग्रहण निमित्तका उपकरणहरुसंग समाविष्ट नभएका ।

(उ) आंकडा अभिसंस्करण (डेटा प्रोसेसिङ्ग) बाहेक विशेष कार्य संपादन गर्ने यन्त्रहरु र स्वचालित आंकडा प्रशोधन (अभिसंस्करण) यन्त्र समाविष्ट भएका वा स्वचालित आंकडा प्रशोधन यन्त्रका संगै (इन कन्जङ्कसन विथ) काम गर्ने यन्त्रहरुलाइ तिनका आ-आफ्नो कार्यहरु (फङ्कसन्स) अनुरुपका शीर्षकहरुमा वा, सो हुन नसकेमा, अवशिष्ट (रेसिडुअल) शीर्षकहरुमा वर्गीकरण गरिनेछ ।

**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ८४ को द्रष्टब्य ८ पछि देहायको द्रष्टब्य ९ थप गरिएको छः**

९. (अ) क्रमशः "अर्धचालक (सेमीकन्डक्टर) उपकरणहरु" र "इलेक्ट्रोनिक इन्टिग्रेटेड सर्किट (परिपथ)" भन्ने उक्तिहरुका सम्बन्धमा पनि, यो द्रष्टब्य र शीर्षक ८४.८६ मा प्रयोग भएजस्तै, भाग ८५ का द्रष्टब्य हरु ८(अ) र ८(आ) लागू हुन्छन् । तथापि यो द्रष्टब्य र शीर्षक ८४.८६ को प्रयोजनको लागि "अर्धचालक(सेमिकन्डक्टर) उपकरणहरु" भन्ने उक्तिले फोटोसेन्सेटिभ (प्रकाशसंग बढी संवेदनशील हुने) अर्धचालक (सेमिकन्डक्टर) उपकरणहरु र प्रकाश उत्सर्जन गर्ने डायोड्सलाई पनि समावेश गर्दछ ।

(आ) यो द्रष्टव्य र शीर्षक ८४.८६ को प्रयोजनका लागि "फ्ल्याट प्यानल डिस्प्ले (चौडा र लामो प्रदर्शन पट)" को निर्माण भन्ने उक्तिले चौडा र लामो प्रदर्शन पटको आधारहरु (सबस्ट्रेट्स) को निर्माणलाई समावेश गर्दछ । यसले काँचका उत्पादन वा मुद्रित परिपथ पाटीहरु (प्रिन्टेड सर्किट बोर्ड्स) को जडान वा फ्ल्याट प्यानलमा लाग्ने अन्य विद्युतीय अवयवहरुलाई समावेश गर्दैन । "फ्ल्याट प्यानल डिस्प्ले (चौडा र लामो प्रदर्शन पट)" भन्ने उक्तिले क्याथोड रे ट्यूब प्रविधिलाई समावेश गर्दैन ।

(इ) तलका कार्यहरु गर्दा पूर्णरुपमा वा मुख्यरुपमा प्रयोग हुने यन्त्रहरु र उपकरणहरु पनि शीर्षक ८४.८६ मा पर्दछन्:

(१) नकाव (मास्क) र रेटिकल्स (दूरवीनको सिसामा राखिने रेखा) को उत्पादन वा मर्मत,

(२) अर्धचालक (सेमिकन्डक्टर) उपकरणहरु वा इलेक्ट्रोनिक इण्टिग्रेटेड सर्किट्स (परिपथहरु) को जडान; र

(३) बुल्स, वेफर्स (टाँस्न हुने पातलो चक्का), अर्धचालक (सेमिकन्डक्टर) उपकरणहरु, इलेक्ट्रोनिक इन्टिग्रेटेड सकिर्टस (परिपथहरु) र फ्ल्याट प्यानल डिस्प्ले (चौडा र लामो प्रदर्शन पट) को उत्तोलन, संचालन (हेन्डलिङ्ग), लदाई (लोडिङ्ग) वा भार अवतरण (अनलोडिङ्ग) ।

(ई)परिच्छेद १६ को द्रष्टव्य १ र भाग ८४ को द्रष्टव्य १ का अधिनमा रही शीर्षक ८४.८६ को विवरणसंग मिल्ने यन्त्र र उपकरणहरु सोही शीर्षकमा वर्गीकरण हुनेछन् र यस दरबन्दीका अन्य शीर्षकमा वर्गीकरण हुने छैनन् ।

**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८४.१६ को सट्टा देहायको शीर्षक ८४.१६ र उपशीर्षक ८४१६.३०.०० को सट्टा देहायको उपशीर्षक ८४१६.३०.०० राखिएको छः**

| | | | |
|---|---|---|---|
| ८४.१६ | | **तरल इन्धनको लागि, संपिष्ट (पल्भराइज्ड) ठोस इन्धनका लागि वा ग्याँसको लागि भट्टीको दाहक (फर्नेस बर्नर); आगोमा इन्धन झोक्ने यन्त्र (मेकानिकल स्टोकर), तिनका यान्त्रिक जाली (मेकानिकल ग्रेट्स) समेत, यान्त्रिक क्षार विसर्जक (मेकानिकल यास डिसचार्जर) र यस्तै उपकरणहरु ।** | |
| | ८४१६.३०.०० | -आगोमा इन्धन झोंक्ने यन्त्र, तिनका यान्त्रिक जालि (मेकानिकल ग्रेट) समेत, यान्त्रिक क्षार विसर्जक (मेकानिकल यास डिसचार्जर) र यस्तै उपकरणहरु | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८४१८.२२.०० हटाइएको छ ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८४१८.५०.०० को सट्टा देहायको उपशीर्षक ८४१८.५०.०० राखिएको छः** | |
| | ८४१८.५०.०० | -संचय र प्रदर्शनका लागि अन्य फर्निचर सन्दुकहरु (चेष्ट्स), पिटारीहरु (क्याविनेटस्), प्रदर्शन फलकहरु (डिस्प्ले काउण्टर्स), प्रदर्शन मंजुषा (शो-केसेस), र यस्तै सामानहरु)), प्रशीतक (रेफ्रिजरेटिड) वा हिमीकरण (फ्रिजिङ्ग) उपकरणहरु समावेश भएका | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८४१८.६१.०० को सट्टा देहायको उपशीर्षक ८४१८.६१.०० राखिएको छः** | |
| | ८४१८.६१.०० | --शीर्षक ८४.१५ का वातानुकुलित यन्त्रहरु (एयर कण्डीसनिङ्ग मेशिन्स) बाहेकका हिट पम्पहरु | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ८४२५.२०.०० र ८४२८.५०.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८४.४२ र सोका उपशीर्षकहरुको सट्टा देहायको शीर्षक ८४.४२ र उपशीर्षकहरु राखिएका छन्:** | |

| | | | |
|---|---|---|---|
| ८४.४२ | | **पाताहरु (प्लेट्स), बेलनहरु (सिलिन्डर्स) वा अन्य मुद्रण अवयवहरु तयार गर्न वा बनाउनका लागि चाहिने यन्त्रावली, औजार र उपकरणहरु (शीर्षक ८४.५६ देखि ८४.६५ सम्मका यन्त्र र औजारहरु बाहेक); पाताहरु (प्लेट्स), बेलनहरु (सिलिन्डर्स) र अन्य मुद्रण अवयवहरु; मुद्रण प्रयोजनका लागि तयार पारिएका पाताहरु (प्लेट्स), बेलनहरु (सिलिन्डर्स) र लिथोग्राफिक स्टोनहरु (उदाहरणको लागि समतल पारिएको (प्लेण्ड), कणिकाङ्कित (ग्रेण्ड) वा चम्काइएको (पोलिश्ड)) ।** | |
| | ८४४२.३०.०० | -यन्त्रावली, औजार (एपरेटस) र उपकरण (इक्विपमेण्ट) | ५ |
| | ८४४२.४०.०० | -माथि उल्लेख भएका यन्त्रावली (मशिनरी), औजार (एपरेटस) वा उपकरण (इक्विपमेण्ट) का अङ्गहरु (पार्ट्स) | ५ |
| | ८४४२.५०.०० | -प्लेटहरु, बेलनहरु (सिलिण्डर्स) र अन्य मुद्रण अवयवहरु (प्रिण्टिङ्ग कम्पोनेण्ट्स); मुद्रण प्रयोजनका लागि तयार गरिएका (उदाहरणतः समतल पारिएको (प्लेण्ड), कणिकाङ्कित (ग्रेण्ड) गरेका वा चम्काइएको (पोलिश्ड), प्लेटहरु, बेलनहरु (सिलिण्डर्स) र ढुङ्गेछापाका पत्थरहरु (लिथोग्राफिक स्टोन्स)) | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८४.४३, सोका सम्पूर्ण शब्दावली र उपशीर्षकहरुको सट्टा देहायको शीर्षक ८४.४३, शब्दावलीहरु र उपशीर्षकहरु राखिएका छन्:** | |
| ८४.४३ | | **प्लेटहरु, सिलिण्डरहरु र शीर्षक ८४.४२ का छपाईका अन्य उपादानहरुद्वारा मुद्रण कार्यको लागि प्रयोग हुने छाप्ने (मुद्रण) यन्त्रावली; अन्य मुद्रण यन्त्रहरु, प्रतिलिपि उतार्ने यन्त्रहरु, र फ्याक्स गर्ने यन्त्रहरु, संयोजित भएका वा नभएका; तिनका अङ्गहरु र सहायक वस्तुहरु (पार्ट्स एण्ड एसेसरिज) ।** | |
| | | -प्लेटहरु, सिलिण्डरहरु र शीर्षक ८४.४२ का छपाईका अन्य उपादानहरुद्वारा मुद्रण कार्यको लागि प्रयोग हुने छाप्ने (मुद्रण) यन्त्रावलीः | |
| | ८४४३.११.०० | -- अफसेट मुद्रण यन्त्रावली, रिल फेड | ५ |

| | | |
|---|---|---|
| ८४४३.१२.०० | --अफसेट मुद्रण यन्त्रावली, शीट फेड (कागतको ताउमा छाप्ने), कार्यालय प्रकारको (अफिस टाइप) (नदोबारिएको अवस्थामा एकापट्टि २२ से.मि.भन्दा बढी नभएको र अर्कोपट्टि ३६ से.मि. भन्दा बढी नभएको ताउ (शीट) हरु प्रयोग हुने) | ५ |
| ८४४३.१३.०० | --अन्य अफसेट मुद्रण यन्त्रावली | ५ |
| ८४४३.१४.०० | --लेटर प्रेस प्रिन्टिङ्ग मशिनरी, रिल फेड, फ्लेक्सोग्राफिक प्रिण्टिङ्ग बाहेक | ५ |
| ८४४३.१५.०० | --लेटर प्रेस प्रिन्टिङ्ग मशिनरी, रिल फेड बाहेक, फ्लेक्सोग्राफिक प्रिण्टिङ्गबाहेक | ५ |
| ८४४३.१६.०० | --फ्लेक्सोग्राफिक प्रिण्टिङ्ग मशिनरी | ५ |
| ८४४३.१७.०० | --उत्कीर्णन मुद्रण यन्त्रावली (ग्रावुअर प्रिण्टिङ्ग मशिनरी) | ५ |
| ८४४३.१९.०० | --अन्य | ५ |
| | -अन्य मुद्रकहरु, प्रतिलिपि उतार्ने यन्त्रहरु र फ्याक्स गर्ने यन्त्रहरु; संयोजन भएका वा नभएका: | |
| ८४४३.३१.०० | --मुद्रण गर्ने, प्रतिलिपि उतार्ने वा फ्याक्स पठाउने मध्ये दुई वा दुई भन्दा बढी कार्यहरु सम्पन्न गर्न सक्ने यन्त्रहरु, स्वचालित आँकडा प्रशोधन यन्त्र वा संजाल (नेटवर्क) मा जोड्न सकिने किसिमका | १० |
| ८४४३.३२.०० | --अन्य, स्वचालित आँकडा प्रशोधन यन्त्र वा संजाल (नेटवर्क) मा जोड्न सकिने किसिमका | ५ |
| ८४४३.३९.०० | --अन्य | १० |
| | -अङ्गहरु (पार्ट्स) र सहायक वस्तुहरु: | |
| ८४४३.९१.०० | --प्लेटहरु, सिलिण्डरहरु र अन्य मुद्रण उपादानहरुद्वारा मुद्रण कार्य गर्ने शीर्षक ८४.४२ का यन्त्रावलीका अङ्गहरु र सहायक वस्तुहरु | ५ |
| ८४४३.९९.०० | --अन्य | ५ |
| | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८४४८.४१.०० हटाइएको छ ।** | |
| | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८४५६.३०.०० पछि देहायको उपशीर्षक ८४५६.९०.०० राखी उपशीर्षकहरु ८४५६.९१.०० र ८४५६.९९.०० तथा तिनका शब्दावलीहरु हटाइएका छन्:** | |

| | | | |
|---|---|---|---|
| | ८४५६.९०.०० | -अन्य | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८४.६९ र सोका शब्दावली र सम्पूर्ण उपशीर्षकहरुको सट्टा देहायको शीर्षक ८४.६९ र उपशीर्षक ८४६९.००.०० राखिएको छः** | |
| ८४.६९ | ८४६९.००.०० | **शीर्षक ८४.४३ का मुद्रण यन्त्रहरु (प्रिण्टर्स) बाहेकका टंकणयन्त्रहरु (टाइपराइटर्स); शब्द-अभिसंस्करण यन्त्रहरु (वर्डप्रोसेसिङ्ग मशिन्स) ।** | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ८४७०.४०.०० र ८४७१.१०.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८४७१.३०.००, सोपछि रहेको शब्दावली र उपशीर्षक ८४७१.५०.०० को सट्टा देहायको उपशीर्षक ८४७१.३०.००, शब्दावली र उपशीर्षक ८४७१.५०.०० राखिएका छन्:** | |
| | ८४७१.३०.०० | -कम से कम एक केन्द्रीय अभिसंस्करण इकाई (सेण्ट्रल प्रोसेसिङ्ग यूनिट), एक कुंजीपटल (कीबोर्ड) र एक प्रदर्शक (डिस्प्ले) भएका, १० केजी भन्दा बढी तौल नभएका, संवहनीय (पोर्टेबल) स्वचालित (अटोमेटिक) आंकडा प्रशोधन यन्त्रहरु (डेटा प्रोसेसिङ्ग मसिन्स) | ५ |
| | | -अन्य स्वचालित आंकडा प्रशोधन यन्त्रहरु (अटोम्याटिक डेटा प्रोसेसिङ्ग मशिन्स): | |
| | ८४७१.५०.०० | -उपशीर्षक ८४७१.४१ वा ८४७१.४९ बाहेकका अभिसंस्करण इकाइहरु (प्रोसेसिङ्ग यूनिट्स), एउटै उही ढांचा (हाउजिङ्ग) भित्र देहायका किसिम (टाइप) का एक वा दुई इकाई समाविष्ट भएका वा नभएका: संचय इकाइहरु (स्टोरेज यूनिट्स), निवेश इकाइहरु (इनपुट यूनिटस्), उत्पादन इकाइहरु (आउटपुट यूनिट्स) | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८४७२.२०.०० हटाइएको छ ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८४.८५ र सोका सम्पूर्ण उपशीर्षकहरु हटाई देहायका शीर्षकहरु ८४.८६, ८४.८७ र तिनका उपशीर्षकहरु थप गरिएका छन्:** | |

| | | | |
|---|---|---|---|
| ८४.८६ | | **अर्धसंवाहक (सेमिकण्डक्टर) वुल्स वा वेफर्स (टाँस्न हुने पातो चक्का), अर्धसंवाहक उपकरणहरु, इलेक्ट्रोनिक सघन परिपथहरु (इन्टीग्रेटेड सर्किट्स) वा चौडा र लामो प्रदर्शन पट (फ्ल्याट प्यालन डिस्प्ले) यन्त्रहरुका यस भागका द्रष्टब्य ९(इ) मा उल्लिखित यन्त्र र उपकरणहरु र सहायक वस्तुहरु बनाउनका लागि पूर्णरुपमा वा मुख्य रुपमा प्रयोग हुने किसिमका यन्त्र र उपकरणहरु; अङ्गहरु र सहायक वस्तुहरु ।** | |
| | ८४८६.१०.०० | -वुल्स वा वेफर्स (टाँस्न हुने पातलो चक्का) बनाउनका लागि चाहिने यन्त्र र उपकरणहरु | ५ |
| | ८४८६.२०.०० | -अर्धसंवाहक उपकरणहरु वा इलेक्ट्रोनिक सघन परिपथहरु (इन्टीग्रेटेड सर्किट्स) बनाउनका लागि चाहिने यन्त्र र उपकरणहरु | ५ |
| | ८४८६.३०.०० | -चौडा र लामो प्रदर्शन पटहरु (फ्ल्याट प्यालन डिस्प्लेज) बनाउनका लागि चाहिने यन्त्र र उपकरणहरु | ५ |
| | ८४८६.४०.०० | -यस भागको द्रष्टब्य ९(इ) मा उल्लिखित यन्त्र र उपकरणहरु | ५ |
| | ८४८६.९०.०० | -अङ्गहरु र सहायक वस्तुहरु | ५ |
| ८४.८७ | | **वैद्युतिक कनेक्टरहरु, इन्सुलेटरहरु, क्वायलहरु, कन्ट्याक्टहरु वा अन्य वैद्युतिक विशिष्ट वस्तु (फिचर्स) नभएका, यस भागमा अन्यत्र उल्लेख वा समावेश नगरिएका, यन्त्रावलीका अङ्गहरु (मशिनरी पार्टस्) ।** | |
| | ८४८७.१०.०० | -पानी जहाजका प्रणोदक (प्रोपेलर) हरु र तिनका निमित्तका पत्तीहरु (ब्लेड्स) | ५ |
| | ८४८७.९०.०० | -अन्य | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ८५ को द्रष्टब्य १ को (ख) र (ग) को सट्टा देहायको (ख) र (ग) राखी सोपछि देहायको (घ) र (ङ) थप गरिएको छः**<br>(ख)शीर्षक ७०.११ का कांचका वस्तुहरु;<br>(ग)शीर्षक ८४.८६ का यन्त्र र उपकरणहरु;<br>(घ)चिकित्सा, शल्यचिकित्सा, दन्तचिकित्सा वा पशु चिकित्साको निमित्त प्रयोग हुने किसिमका निर्वात (भ्याकुम) उपकरणहरु (भाग ९०); वा | |

| | | | |
|---|---|---|---|
| | | (ङ) भाग ९४ का विजुलीद्वारा तापित (हिटेड) फर्निचर ।<br><br>**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ८५ को द्रष्टब्य ३ को (क) को सट्टा देहायको (क) राखिएको छः**<br><br>(क) फ्लोर पोलिशर्स (भूईं चम्काउने), फुड ग्राइन्डर्स एण्ड मिक्सर्स (आहार पेषक र मिश्रक) र फल वा सागसब्जीको रस निस्सारकहरु (जूस एक्सट्रयाक्टर्स), जतिसुकै तौलको भएपनि;<br><br>**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ८५ को द्रष्टब्य ४, ५, ६ र ७ को सट्टा देहायका द्रष्टब्य ४, ५, ६ र ७ राखी सोपछि देहायका द्रष्टब्यहरु ८ र ९ थप गरिएका छन्:**<br><br>४. शीर्षक ८५.२३ को प्रयोजनका लागि:<br><br>(क) सुगठित अवस्थाका वास्पिकरण नहुने संचय उपकरणहरु (जस्तै, "फ्ल्यास मेमोरी कार्डस" वा "फ्ल्यास इलेक्ट्रोनिक स्टोरेज कार्डस") मुद्रित परिपथ पट (प्रिन्टेड सर्किट बोर्ड) मा जडित इन्टिग्रेटेड सर्किट (परिपथ) को स्वरुपमा रहेका जोड्ने सकेट भएका एउटै हाउजिङ्गमा समाविष्ट भएका एक वा बढी फ्ल्यास मेमोरीहरु (जस्तै, एफ एल ए एस एच इ[२] पि आर ओ एम") संचय उपकरणहरु हुन् । तिनीहरुमा क्यापासिटर्स र रेसिस्टर्स जस्ता खण्डित निस्कृय अवयवहरु र इन्टिग्रेटेड सर्किटको रुपमा एउटा नियन्त्रक समावेश भएको हुन सक्दछ ।<br><br>(ख)"स्मार्ट कार्डस" भन्नाले चिप्स (साना पातला चक्काहरु) को रुपमा रहेका एक वा बढी इलेक्ट्रोनिक इन्टिग्रेटेड सर्किट्स(माइक्रोप्रोसेसर, र्‍यान्डम एक्सेस मेमोरी (र्‍याम) वा रिड वान्ली मेमोरी (रोम) भएका कार्डहरु भन्ने बुझिन्छ । ती कार्डहरुमा चुम्वकीय पट्टी (स्ट्रिप) वा जडित शृङ्गिका (एन्टेना) जोडिएका हुन सक्छन् तर अन्य कुनै सक्रिय वा निस्क्रिय परिपथका अंशहरु (सर्किट एलिमेन्ट्स) समावेश भएका हुँदैनन् । | |

| | | | |
|---|---|---|---|
| | | ५. शीर्षक ८५.३४ को प्रयोजनको लागि “मुद्रित परिपथ” (प्रिन्टेड सर्किट) भन्नाले वैद्युतिक संकेत (इलेक्ट्रिकल सिग्नल) उत्पादन (प्रोड्यूस) गर्न परिशोधन (रेक्टिफाइ) गर्न आवश्यकता अनुसार घटबढ गर्न वा बदल्न (मोड्यूलेट) वा परिवर्द्धित (एम्पिलिफाइ) गर्न सक्ने इलिमेन्टहरु (उदाहरणतः अर्ध संवाहक (सेमिकण्डक्टर) इलिमेण्टहरु) बाहेक, विद्युत रोधन (इन्सुलेटिङ्ग) आधार (बेस) मा बनाएर, कुनै पनि मुद्रण प्रकिया (जस्तै- समुद्रभरण (इम्बोसिङ), प्लेटिङ-अप, उत्कीर्णन (एचिङ)) द्वारा वा आवरण परिपथ “फिल्म सर्किट”) प्रविधि, सम्बाहक (कण्डक्टर) इलिमेण्टहरु, सम्पर्कहरु (कन्ट्रयाक्ट्स) वा अन्य मुद्रित अवयवहरु (उदाहरणको लागि-संस्पर्शीहरु (इण्डक्टेन्स), तरंगरोधकहरु (रेसिष्टर्स), धारित्रहरु (क्यापासिटर्स) एक्लै वा पूर्व स्थापित ढांचा (प्याटर्न) अनुसार अन्तर्सम्वन्धित् (इन्टरकनेक्टेड) द्वारा उपलब्ध परिपथ (सर्किट्स) लाई जनाउंछ ।<br><br>“मुद्रित परिपथ” (प्रिण्टेड सर्किट्स) भन्ने उक्तिले मुद्रण प्रक्रियाको क्रममा उपलब्ध बाहेकका तत्वहरु (एलिमेण्ट्स) संग संयुक्त परिपथ (सर्किट) हरुलाइ समावेश गर्दैन, न ता यसले वैयक्तिक (इनडिभिड्यूअल), पृथक (डिस्क्रीट) प्रतिरोधकहरु (रेसिस्टर्स), संधारित्रहरु (क्यापासिटर्स) वा प्रेरित्रहरु (इनडक्टान्सेस) लाइ नै समावेश गर्दछ । तर मुद्रित परिपथ (प्रिन्टेड सर्किटस) अमुद्रित संयोगी (नन् प्रिन्टेड कनेक्टिङ) एलिमेन्टस जडित पनि हुन सक्तछन् ।<br><br>सोही प्राविधिक (टेक्नोलजिकल) प्रक्रियाको क्रममा प्राप्त हुने निष्कृय र सक्रिय (प्यासिभ एण्ड एक्टिभ) एलिमेण्ट्स समावेश (कम्प्राइजिङ) भएको पातलो वा बाक्लो “आवरण परिपथ” (फिल्म सर्किट) लाई शीर्षक ८५.४२ मा वर्गीकरण गरिनेछ । | |

६. शीर्षक ८५.३६ को प्रयोजनको लागि चाक्षुषीय तन्तुहरु (अप्टिकल फाइवर्स) को निमित्तका संयोजकहरु (कनेक्टर्स), चाक्षुषीय तन्तुका मुट्ठाहरु वा मोटा तारहरु (केवल्स): भन्नाले डिजिटल प्रशारण प्रणालीमा चाक्षुषीय तन्तुहरुको टुप्पालाई सामान्य यान्त्रिक तवरले जोड्ने संयोजकहरु (कनेक्टर्स) लाई जनाउंदछ । तिनीहरुले अन्य कार्यहरु, जस्तै संकेतलाई विस्तार, पुनरुत्पादन वा रुपान्तरण, सम्पादन गर्दैनन् ।

७. टेलिभिजन रिसिभरहरु वा अन्य विद्युतीय उपकरण (शीर्षक ८५.४३) का दूर नियन्त्रण (रिमोट कन्ट्रोल) का लागि तारविहिन परावैजनी (इन्फ्रारेड) उपकरणहरु शीर्षक ८५.३७ मा पर्दैनन् ।

८. शीर्षक ८५.४१ र ८५.४२ को प्रयोजनको लागि:

(अ)"द्विद्वारक (डायोड्स) हरु, ट्रान्जिस्टरहरु र त्यस्तै अर्ध-संवाहक (सेमि कन्डक्टर) साधनहरु (डिभाइसेस)" भन्नाले विद्युत क्षेत्र (इलेक्ट्रिक फिल्ड) को अनुप्रयोग (अप्लिकेशन) मा प्रतिरोधकता (रेसिस्टिभिटी) को विभिन्नता (भ्यारिएशन) माथि परिचालन (अपरेशन) भर पर्ने अर्ध संवाहक साधनहरु (सेमिकन्डक्टर डिभाइसेज) लाई जनाउंछ;

(आ)"विद्युदणु सघन परिपथहरु" (इलेक्ट्रोनिक इन्टिग्रेटेड सर्किटस), भन्नाले:

(१)नछुट्टिने गरी संवद्ध (इनसेपरेब्ली एसोसिएटेड), अर्धसंवाहक पदार्थ (सेमिकन्डक्टर म्याटेरियल) (जस्तै डोप्ड सिलिकोन, ग्यालियम आर्सेनाइड, सिलिकोन जरम्यानियम, इन्डियम फोस्फाइड) को सतहमा (आवश्यक रुपले) एकीकृत ढंगले (इन द मास) रचना गरिएका (क्रिएटेड) परिपथ (सर्किट) एलिमेन्टहरु (डायोड्स, ट्रान्जिस्टर्स, रेसिस्टर्स, क्यापासिटर्स, इन्डक्टेन्सेस आदि) भएका अखण्ड सघन परिपथहरु (मोनोलिथिक इन्टीग्रेटेड सर्किट्स) लाई जनाउंछ;

| | | | | |
|---|---|---|---|---|
| | | | (२) पातलो वा बाक्लो आवरण (थिन अर थिक फिल्म) प्रविधि (टेक्नोलोजी) द्वारा उपलब्ध निष्कृय तत्व (एलिमेन्ट्स) (रेसिस्टर्स, क्यापासिटर्स इन्टरकनेक्सन्स आदि) र अर्ध-संवाहक प्रविधि (सेमिकन्डक्टर टेक्नोलोजी) द्वारा उपलब्ध क्रियाशील तत्वहरु (एलिमेन्ट्स) (डायोडस, ट्रान्जिस्टर्स, अखण्ड सघन परिपथहरु (मोनोलिथिक इन्टिग्रेटेड सर्किट्स) आदि) लाई यथार्थतः अविभाजनीय ढंगले (इनडिभिजिबली), अन्तरङ्ग रुपमा वा अन्तरसंयोजक तारद्वारा (बाइ इन्टरकनेक्सन्स अर इन्टरकनेक्टिङ्ग केवल्स), एउटै (सिङ्गल) विद्युतरोधन (इन्सुलेटिङ) आधार (सब्स्ट्रेट) (कांच, सेरामिक वा चिनिया माटो आदि) माथि संयोजन गरिएको (कम्वाइन्ड) संकर सघन परिपथ (हाइव्रिड इन्टिग्रेटेड सर्किटस) लाई जनाउंछ । यी परिपथहरु (सर्किट्स) मा विविक्त उपादानहरु (डिस्क्रीट कम्पोनेन्ट्स) पनि समावेश भएका हुन सक्तछन्;<br>(३) दुई वा सोभन्दा बढी अन्तरसंयोजित अखण्ड सघन परिपथहरु (इन्टरकनेक्टेड मोनोलिथिक इन्टिग्रेटेड सर्किट्स) समावेश भएका, यथार्थतः अविभाजनीय ढङ्गले (इनडिभिजिवली) संयोजन गरिएका, एक वा सोभन्दा बढी विद्युत अवरोधी आधारहरु (इन्सुलेटिङ्ग सब्स्ट्राट्स) मा संयोजन गरिएको वा नगरिएको, सिसाकृतिहरु (लिडफ्रेम्स) भएको वा नभएको तर अन्य सकृय वा निस्कृय परिपथ तत्वहरु नभएको बहुलघुचक्र (मल्टीचिप) सघन परिपथहरु (इन्टिग्रेटेड सर्किट्स) । | |

| | | | | |
|---|---|---|---|---|
| | | यस दृष्टव्यमा परिभाषित वस्तुहरुको वर्गीकरणको लागि शीर्षक ८५.४१ र ८५.४२ ले यस अनुसूचीका, शीर्षक ८५.२३ को हकमा बाहेक, अन्य कुनैपनि शीर्षक, जसले ती वस्तुहरुलाई खासगरी तिनको कार्यको सन्दर्भबाट समावेश गर्न सक्ने हुन्छ, त्यो भन्दा प्रमुखता पाउंदछन् । | | |
| | | ९. शीर्षक ८५.४८ को प्रयोजनको लागि, "प्रयुक्त प्राथमिक सेलहरु (स्पेण्ट प्राइमरी सेल्स), प्रयुक्त प्राथमिक ब्याटरीहरु र प्रयुक्त विद्युत संचायकहरु (स्पेण्ट इलेक्ट्रिक एक्यूमुलेटर्स)" ती हुन् जो टुटफुट (ब्रेकेज), टुक्राटाक्री भएर (कटिङ्ग-अप), घर्षण (वियर) वा अन्य कारणहरुले गर्दा न प्रयोगको लागि उपयुक्त हुन्छन्, न रिचार्ज गर्न सकिने हुन्छन् । | | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ८५ को उपशीर्षक-द्रष्टब्यको सट्टा देहायको उपशीर्षक-द्रष्टब्य राखिएको छः** | | |
| | | <u>उपशीर्षक-द्रष्टब्यः</u> | | |
| | | १. उपशीर्षक ८५२७.१२ ले, परिवर्द्धक यन्त्र समाविष्ट भएको (विथ बिल्ट-इन एम्लिफायर), ध्वनि विस्तारक यन्त्र समाविष्ट नभएको (विदाउट बिल्ट-इन लाउड्स्पीकर), वैद्युतिक शक्तिको बाह्य श्रोत बिना संचालन हुन सक्षम (क्यापाबल अफ अपरेटिङ्ग) र जसको परिमाप (डाइमेन्सन्स) हरु १७० मिमि x १०० मिमि x ४५ मिमि भन्दा बढी हुंदैन, त्यस्ता क्यासेट प्लेयरहरुलाई मात्र समावेश गर्दछन् । | | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८५०५.३०.०० हटाइएको छ ।** | | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.०७ पछि देहायको शीर्षक ८५.०८, शब्दावली र उपशीर्षकहरु थप गरिएका छन्:** | | |
| ८५.०८ | | **निर्वात मार्जनीहरु (भ्याकुम क्लिनर्स)** | | |
| | | -स्वचालित विद्युतीय मोटरयुक्तः | | |

| | | | |
|---|---|---|---|
| | ८५०८.११.०० | --१५०० वाट भन्दा बढी शक्ति नभएको र धुलो जम्मा गर्ने थैली (डष्ट ब्याग) वा अन्य ग्रहण क्षमता (रिसेप्टेकल क्यापासिटी) २० लिटर ननाघेको | १५ |
| | ८५०८.१९.०० | --अन्य | १५ |
| | ८५०८.६०.०० | -अन्य निर्वात मार्जनीहरु (भ्याकुम क्लिनर्स) | १५ |
| | ८५०८.७०.०० | -अङ्गहरु (पार्टस) | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.०९ को सट्टा देहायको शीर्षक ८५.०९ राखी उपशीर्षकहरु ८५०९.१०.००, ८५०९.२०.०० र ८५०९.३०.०० हटाइएका छन्:** | |
| ८५.०९ | | **स्वचालित विद्युत मोटरयुक्त विद्युत यान्त्रिक घरेलु उपकरणहरु, शीर्षक ८५.०८ का निर्वात मार्जनीहरु बाहेक ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.१७, सोका सम्पूर्ण शब्दावली र उपशीर्षकहरुको सट्टा देहायको शीर्षक ८५.१७, शब्दावली र उपशीर्षकहरु राखिएका छन्:** | |
| ८५.१७ | | **टेलिफोन सेटहरु, सेलुलर संजालहरु वा अन्य तारविहिन संजालहरुका लागि प्रयोग हुने टेलिफोनहरु समेत; ध्वनी, छवी वा अन्य आँकडा प्रसारण वा संग्रहण निमित्तका उपकरणहरु, तारसहित वा ताररहित संजाल (जस्तैः स्थानीय वा बृहत क्षेत्र संजाल (लोकल अर वाइड एरिया नेटवर्क)) मा संचार गर्न प्रयोग हुने उपकरणहरु समेत, शीर्षक ८४.४३, ८५.२५, ८५.२७ वा ८५.२८ का प्रसारण वा संग्रहण उपकरणहरु बाहेक ।** | |
| | | -टेलिफोन सेटहरु; सेलुलर संजालहरु वा अन्य तारविहिन संजालहरुका लागि प्रयोग हुने समेतः | |
| | ८५१७.११.०० | --ताररहित हाते सेटहरु (कर्डलेस ह्याण्ड सेट्स) सहितका लाइन टेलिफोन सेटहरु | ५ |
| | ८५१७.१२.०० | --सेलुलर संजालहरु वा अन्य तारविहिन संजालहरुका लागि प्रयोग हुने टेलिफोनहरु | ५ |
| | ८५१७.१८.०० | --अन्य | ५ |

| | | | |
|---|---|---|---|
| | | -ध्वनी, छवी वा अन्य आँकडा प्रसारण वा संग्रहण निमित्तका उपकरणहरु, तारसहित वा ताररहित संजाल (जस्तैः स्थानीय वा बृहत क्षेत्र संजाल (लोकल अर वाइड एरिया नेटवर्क)) मा संचार गर्न प्रयोग हुने उपकरणहरु समेतः | |
| | ८५१७.६१.०० | --आधार स्थानहरु (बेस स्टेशन्स) | ५ |
| | ८५१७.६२.०० | --ध्वनी, छवी वा अन्य आँकडालाई संग्रहण गर्ने परिवर्तन गर्ने र प्रसारण वा पुनरुत्पादन गर्ने यन्त्रहरु, स्वीचीङ्ग र राउटिङ्ग उपकरणहरु समेत | ५ |
| | ८५१७.६९.०० | --अन्य | ५ |
| | ८५१७.७०.०० | -अङ्गहरु (पार्टस) | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.१९, सोका सम्पूर्ण शब्दावली र उपशीर्षकहरुको सट्टा देहायको शीर्षक ८५.१९, शब्दावली र उपशीर्षकहरु राखिएका छन्:** | |
| ८५.१९ | | **ध्वनी अभिलेखन वा पुनरुत्पादन गर्ने उपकरणहरु।** | |
| | ८५१९.२०.०० | -मुद्रा वा चक्का, बैङ्क नोटहरु, बैङ्क कार्डहरु, टोकनहरु वा भुक्तानीका अन्य साधनहरुले संचालन गर्ने उपकरणहरु | १० |
| | ८५१९.३०.०० | -टर्नटेबल (रेकर्ड डेक्स) | १० |
| | ८५१९.५०.०० | -टेलिफोनमा जवाफ दिने यन्त्रहरु | १० |
| | | -अन्य उपकरणहरु : | |
| | ८५१९.८१.०० | --चुम्वकीय, चाक्षुषीय (अप्टिकल) वा अर्धसंवाहक (सेमिकन्डक्टर) माध्यम (मिडिया) प्रयोग हुने | १० |
| | ८५१९.८९.०० | --अन्य | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.२०, सोका शब्दावली र सम्पूर्ण उपशीर्षकहरु हटाइएका छन्।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.२३, सोका शब्दावली र सम्पूर्ण उपशीर्षकहरुको सट्टा देहायको शीर्षक ८५.२३, शब्दावली र उपशीर्षकहरु राखिएका छन्:** | |

| | | | |
|---|---|---|---|
| ८५.२३ | | डिस्कहरु, टेपहरु, सुगठित अवस्थाका वाष्पीकरण नहुने (सोलिड-स्टेट नन्-भोलाटाइल) संचय उपकरणहरु, "स्मार्ट कार्डहरु" र ध्वनी वा अन्य प्रवृत्तिलाई अभिलेखन गर्न निमित्तका अन्य माध्यम, अभिलेखन गरिएका वा नगरिएका डिस्क उत्पादनका लागि प्रयोग हुने म्याट्रिसहरु र माष्टरहरु, तर भाग ३७ का उत्पादनहरु बाहेक । | |
| | | -चुम्वकीय माध्यमः | |
| | ८५२३.२१.०० | --चुम्वकीय पट्टि भएका कार्डहरु | ५ |
| | ८५२३.२९.०० | --अन्य | ५ |
| | ८५२३.४०.०० | -चाक्षुषीय (अप्टिकल) माध्यम | ५ |
| | | -अर्धसंवाहक (सेमिकन्डक्टर) माध्यमः | |
| | ८५२३.५१.०० | --सुगठित अवस्थाका वाष्पीकरण नहुने (सोलिड-स्टेट नन्-भोलाटाइल) संचय उपकरणहरु | ५ |
| | ८५२३.५२.०० | --"स्मार्ट कार्डहरु" | ५ |
| | ८५२३.५९.०० | --अन्य | ५ |
| | ८५२३.८०.०० | -अन्य | ५ |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.२४, सोका शब्दावली र सम्पूर्ण उपशीर्षकहरु हटाइएका छन् । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.२५, सोका शब्दावली र सम्पूर्ण उपशीर्षकहरुको सट्टा देहायको शीर्षक ८५.२५, शब्दावली र उपशीर्षकहरु राखिएका छन्: | |
| ८५.२५ | | संग्रहण उपकरण (रिसेप्सन ऐपरेटस) वा ध्वनि अभिलेखन (साउण्ड रिकर्डिङ्ग) वा पुनरुत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरण (ऐपरेटस) समाविष्ट भए वा नभएको, रेडियो प्रसारण (रेडियो-ब्रोडकास्टिङ्ग) वा टेलिभिजन निमित्तका प्रसारण उपकरण (ट्रान्समिसन एपरेटस); टेलिभिजन क्यामराहरु; डिजिटल क्यामराहरु र भिडियो क्यामरा-रिकर्डर्स । | |
| | ८५२५.५०.०० | -ट्रान्समिसन उपकरणहरु | ५ |
| | ८५२५.६०.०० | -संग्रहण उपकरण (रिसेप्सन एपरेटस्) समाविष्ट ट्रान्समिसन उपकरणहरु | ५ |

| | | | |
|---|---|---|---|
| | ८५२५.८०.०० | -टेलिभिजन क्यामराहरु, डिजिटल क्यामराहरु र भिडियो क्यामरा रिकर्डरहरु (भिडियो क्यामरा रेकर्डर्स) | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.२७ तथा ८५.२८, तिनका सम्पूर्ण शब्दावली र उपशीर्षकहरुको सट्टा देहायका शीर्षक ८५.२७, ८५.२८, तिनका शब्दावली र उपशीर्षकहरु राखिएका छन्:** | |
| ८५.२७ | | **एउटै डिब्बामा ध्वनि रेकर्ड गर्ने र ध्वनि उतार्ने वा घडी समेत भएको वा नभएको रेडियो ब्रोडकाष्टिङ (प्रसारण) सम्बन्धी संग्रहण (रिसेप्सन) उपकरणहरु ।** | |
| | | -वाह्य शक्तिको स्रोत विना नै चल्न सक्ने क्षमता भएको रेडियो प्रशारण) (ब्रोडकाष्ट) ग्राहकहरु (रिसिभर्स): | |
| | ८५२७.१२.०० | --बगली मापको (पौकेट-साइज) रेडियो क्यासेट प्लेयरहरु | १० |
| | ८५२७.१३.०० | --ध्वनि अभिलेखन वा उत्पादन उपकरण संयुक्त भएका अन्य उपकरणहरु | १० |
| | ८५२७.१९.०० | --अन्य | १० |
| | | -वाह्य शक्तिको स्रोत विना नै चल्न सक्ने क्षमता नभएको मोटरगाडीमा प्रयोग हुने रेडियो ब्रोडकाष्ट रिसिभर: | |
| | ८५२७.२१.०० | --ध्वनि रेकर्ड गर्ने वा ध्वनि उतार्ने उपकरणहरु जोडिएको | १० |
| | ८५२७.२९.०० | --अन्य | १० |
| | | -अन्य: | |
| | ८५२७.९१.०० | --ध्वनि रेकर्ड गर्ने वा ध्वनि उतार्ने उपकरणहरुसंग जोडिएका | १० |
| | ८५२७.९२.०० | --ध्वनि रेकर्ड गर्ने वा उतार्ने उपकरणहरुसंग नजोडिएको तर घडीसंग जोडिएको | १० |
| | ८५२७.९९.०० | --अन्य | १० |

| | | | |
|---|---|---|---|
| **८५.२८** | | **रेडियो प्रसारण (ब्रोडकास्ट) ग्राहकहरु (रिसिभर्स) अथवा ध्वनि वा भिडियो अभिलेखन (रिकर्डिङ्ग) वा पुनरुत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरणहरु (ऐपरेटस) समाविष्ट (इनकरपोरेटिङ्ग) भएका वा नभएका, टेलिभिजन निमित्तका संग्रहण (रिसेप्सन) उपकरण (ऐपरेटस); टेलिभिजन संग्रहण उपकरणहरु समाविष्ट नभएका मोनिटरहरु (परीविक्षकहरु) र प्रोजेक्टर (प्रक्षेपित्र) हरु ।** | |
| | | -क्याथोड-रे ट्यूब मनिटरहरुः | |
| | ८५२८.४१.०० | --शीर्षक ८४७१ को स्वचालित आँकडा प्रशोधन प्रणालीमा पूर्णरुपमा वा मुख्यरुपमा प्रयोग हुने किसिमको | ५ |
| | ८५२८.४९.०० | --अन्य | ३० |
| | | -अन्य मोनिटर (परीविक्षक) हरु : | |
| | ८५२८.५१.०० | --शीर्षक ८४७१ को स्वचालित आँकडा प्रशोधन प्रणालीमा पूर्णरुपमा वा मुख्यरुपमा प्रयोग हुने किमिसको | ५ |
| | ८५२८.५९.०० | --अन्य | ३० |
| | | -प्रोजेक्टर (प्रक्षेपित्र) हरु | |
| | ८५२८.६१.०० | --शीर्षक ८४७१ को स्वचालित आँकडा प्रशोधन प्रणालीमा पूर्णरुपमा वा मुख्यरुपमा प्रयोग हुने किसिमको | १० |
| | ८५२८.६९.०० | --अन्य | १० |
| | | -रेडियो ब्रोडकाष्ट रिसिभरहरु वा ध्वनी वा दृष्य अभिलेखन वा पुनरुत्पादन उपकरणहरु समावेश भएका वा नभएका टेलिभिजन निमित्तका संग्रहण उपकरणहरुः | |
| | ८५२८.७१.०० | --दृश्य प्रदर्शन (भिडियो डिस्प्ले) वा स्क्रीन समावेश गर्ने गरी डिजाइन नगरिएको | १५ |
| | ८५२८.७२.०० | --अन्य, रङ्गिन | ३० |
| | ८५२८.७३.०० | --अन्य, श्यामस्वेत वा अन्य एकरङ्गी (मोनोक्रोम) | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.३५ को शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको छः** | |

| | | | |
|---|---|---|---|
| ८५.३५ | | १,००० भोल्टभन्दा बढी भोल्टेजको वाल्ने निभाउने (स्वीचिङ) को लागि वा विद्युतीय परिपथ (सर्किट) को सुरक्षाको लागि वा विद्युत् परिपथमा वा संग जोड्नको लागि चाहिने वैद्युतिक उपकरणहरु (जस्तै (स्वीच, फ्यूज, लाइटिङ एरेष्टर, भोल्टेज लिमिटर्स, सर्ज सप्रेसर्स, प्लगहरु र अन्य संयोजकहरु (कनेक्टर्स), जंगसन बक्सेस) । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.३६ को शब्दावलीको सट्टा देहायको शब्दावली राखी उपशीर्षक ८५३६.६९.०० पछि देहायको उपशीर्षक ८५३६.७०.०० थप गरिएको छः | |
| ८५.३६ | | १००० भोल्टसम्मको भोल्टेज भएको वाल्ने निभाउने (स्वीचिङ) वा विद्युतीय परिपथको लागि वा विद्युत परिपथमा वा संग जोड्नको लागि चाहिने वैद्युतिक उपकरणहरु (जस्तै, स्वीच, रिले, फ्यूज, सर्ज सप्रेसर, प्लग, सकेट, ल्याम्प-होल्डर र अन्य संयोजकहरु (कनेक्टर्स) जक्सन बक्सेस); चाक्षुषीय तन्तुहरु (अप्टिकल फाइवर्स), चाक्षुषीय तन्तुका मुठ्ठा वा मोटा तारहरु निमित्तका संयोजकहरु (कनेक्टर्स) । | |
| | ८५३६.७०.०० | -चाक्षुषीय तन्तुहरु (अप्टिकल फाइवर्स), चाक्षुषीय तन्तुका मुठ्ठा वा मोटा तारहरु निमित्तका संयोजकहरु (कनेक्टर्स) । | १५ |
| ८५.४० | | तातो, चीसो क्याथोड वा फोटोक्याथोड भल्भस् र ट्यूबस् (जस्तै-भ्याकुम वा भेपोर वा ग्याँस फिल्ड भल्भ र ट्यूब, मर्करी आर्क रेक्टीफाइङ भल्भ र ट्यूब, क्याथोड रे ट्यूब, टेलिभिजन क्यामरा ट्यूब) । | |
| | | -क्याथोड-रे, टेलिभिजन पिक्चर ट्यूब, भिडियो मनिटर क्याथोड रे ट्यूब समेत : | |
| | ८५४०.११.०० | --रंगीन | १० |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.४२, सोका शब्दावली र सम्पूर्ण उपशीर्षकहरुको सट्टा देहायको शीर्षक ८५.४२, शब्दावली र उपशीर्षकहरु राखिएका छन्: | |
| ८५.४२ | | इलेक्ट्रोनिक इन्टिग्रेटेड सर्किट (परिपथ) । | |
| | | -इलेक्ट्रोनिक इन्टिग्रेटेड सर्किट (परिपथ) : | |

| | | | |
|---|---|---|---|
| | ८५४२.३१.०० | --मेमोरीहरु, कन्भर्टरहरु, लजिक सर्किटहरु, एम्प्लीफायरहरु, घडी र टाइमिङ्ग सर्किटहरु वा अन्य सर्टिकहरुसंग जोडिएका वा नजोडिएका प्रोसेसरहरु र कन्ट्रोलरहरु | १० |
| | ८५४२.३२.०० | --मेमोरीहरु | १० |
| | ८५४२.३३.०० | --एम्प्लीफायरहरु | १० |
| | ८५४२.३९.०० | --अन्य | १० |
| | ८५४२.९०.०० | -अङ्गहरु (पार्टस) | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८५.४३ पछि देहायको उपशीर्षक ८५४३.१०.०० राखी उपशीर्षकहरु ८५४३.११.०० र ८५४३.१९.०० र तिनका शब्दावली हटाइएका छन्:** | |
| | ८५४३.१०.०० | -अणु वा कण त्वरित्रहरु (पार्टिकल एक्सिलरेटर्स) | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८५४३.४०.०० र सोपछि रहेको शब्दावली हटाई देहायको उपशीर्षक ८५४३.७०.०० थप गरी उपशीर्षकहरु ८५४३.८१.०० र ८५४३.८९.०० हटाइएका छन्:** | |
| | ८५४३.७०.०० | - अन्य यन्त्रहरु र उपकरणहरु | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८५४४.३०.०० पछि रहेको शब्दावली र उपशीर्षक ८५४४.४१.०० हटाई देहायको शब्दावली र उपशीर्षकहरु ८५४४.४२.०० र ८५४४.४९.०० थप गरिएका छन्:** | |
| | | -१००० भोल्टसम्मको लागि अन्य इलेक्ट्रिक कण्डक्टरहरु: | |
| | ८५४४.४२.०० | --कनेक्टरसंग जोडिएका | १५ |
| | ८५४४.४९.०० | --अन्य | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८५४४.४९.०० पछि रहेको शब्दावली र उपशीर्षकहरु ८५४४.५१.०० र ८५४४.५९.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को परिच्छेद १७ को द्रष्टब्य १ को सट्टा देहायको द्रष्टब्य १ राखिएको छः** | |

| | | | |
|---|---|---|---|
| | | १. यस परिच्छेदमा शीर्षक ९५.०३ वा ९५.०८ का वस्तुहरु, वा शीर्षक ९५.०६ का बौब स्लेज, हिमयान (टोबोगन्स) वा त्यस्तै वस्तुहरु समावेश हुंदैनन् । | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८६०६.२०.०० हटाइएको छ ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ८६०६.३०.०० को सट्टा देहायको उपशीर्षक ८६०६.३०.०० राखिएको छः** | |
| | ८६०६.३०.०० | -उपशीर्षक ८६०६.१० बाहेकका स्वयं विर्शजक (सेल्फ डिस्चार्जिङ्ग) भ्यान र वागेन | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ८७ को द्रष्टब्य ४ को सट्टा देहायको द्रष्टब्य ४ राखिएको छः** | |
| | | ४. शीर्षक ८७.१२ अन्तरगत केटाकेटीहरुका सवै दुइपांग्रे साइकलहरु (बाइसाइकलहरु) समावेश हुन्छन् । केटाकेटीका अन्य साइकलहरु शीर्षक ९५.०३ मा पर्दछन् । | |
| ८७.०३ | | **मूलतः मानिसको यातायातको लागि बनेका मोटर कारहरु र अन्य मोटर गाडीहरु (शीर्षक ८७.०२ बाहेकका), स्टेसन वागेन र रेसीङ कार समेत ।** | |
| | | -स्पार्क-इग्निसन इन्टरनल कम्वसन रेसीप्रोकेटिङ पिष्टोन इन्जिन भएका अन्य गाडीहरुः | |
| | ८७०३.२२.०० | --सिलिण्डर क्षमता १,००० सी.सी. नाघेको तर १,५०० सी.सी. ननाघेको | ८० |
| | ८७०३.२३.०० | --सिलिण्डर क्षमता १,५०० सी.सी. नाघेको तर ३,००० सी.सी. ननाघेको | ८० |
| | ८७०३.२४.०० | --सिलिण्डर क्षमता ३,००० सी.सी. नाघेको | ८० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८७.०८ को उपशीर्षक ८७०८.२९.०० पछिका सम्पूर्ण शब्दावली र उपशीर्षकहरुको सट्टा देहायको उपशीर्षकहरु र शब्दावलीहरु राखिएका छन्:** | |
| | ८७०८.३०.०० | -ब्रेकहरु (गतिरोधक) र सहायक ब्रेकहरु; तिनका पार्टपूर्जाहरु | १५ |
| | ८७०८.४०.०० | -गेयर बाकसहरु र तिनका पार्टपूर्जाहरु | १५ |

| | | | |
|---|---|---|---|
| | ८७०८.५०.०० | -अन्य ट्रान्समिसन कम्पोनेन्टसंग जोडेको वा नजोडेको डिफरेन्सीयलसंगको ड्राइभ एक्सल र ननड्राइभिङ्ग एक्सेलहरु; तिनका पार्टपुर्जाहरु | १५ |
| | ८७०८.७०.०० | -सडक पांग्राहरु (रोड ह्विल्स) र तिनका पार्टपूर्जाहरु र सहायक सामग्रीहरु | १५ |
| | ८७०८.८०.०० | -सस्पेन्सन प्रणालीहरु र तिनका पार्टपुर्जाहरु (शक-एब्जोर्वरहरु समेत) | १५ |
| | | -अन्य पार्टपूर्जाहरु र सहायक सामग्रीहरु: | |
| | ८७०८.९१.०० | --रेडिएटर र तिनका पार्टपुर्जाहरु | १५ |
| | ८७०८.९२.०० | --साइलेन्सर (मफलर्स) र एक्जष्ट पाइपहरु; तिनका पार्टपुर्जाहरु | १५ |
| | ८७०८.९३.०० | --क्लच र तिनका पार्टपुर्जाहरु | १५ |
| | ८७०८.९४.०० | --स्टेरिङ पांग्राहरु, स्टेरिङ कोलम (स्तंभ) र स्टेरिङ बाकसहरु; तिनका पार्टपुर्जाहरु | १५ |
| | ८७०८.९५.०० | --इन्फ्ल्याटर प्रणाली भएका सेफ्टी एयरब्यागहरु; तिनका पार्टपुर्जाहरु | १५ |
| | ८७०८.९९.०० | --अन्य | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ८८.०१ र सोका सम्पूर्ण उपशीर्षकहरुको सट्टा देहायको शीर्षक ८८.०१ र उपशीर्षक ८८०१.००.०० राखिएको छ:** | |
| ८८.०१ | ८८०१.००.०० | **गुब्बारा (वेलुन) र जतासुकै लैजान सकिने गुब्बारा (डिरीजिवल); ग्लाइडर, ह्याङ्ग ग्लाइडर र अन्य शक्ति नभइ चल्ने हवाइजहाज ।** | १० |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ९० को द्रष्टब्य १ को (क), (छ) र (ज) को सट्टा देहायको (क), (छ) र (ज) राखिएको छ:** | |
| | | (क)कडा रबर बाहेक गन्धकीकृत (भल्कनाइज्ड) रबरका, यन्त्रहरुमा, उपकरणहरु (एप्लाइएन्सेज) मा वा अन्य प्राविधिक प्रयोजनको लागि प्रयोग हुने खालका वस्तुहरु (शीर्षक ४०.१६), छाला वा मिश्रित छाला (कम्पोजिसन लेदर) का (शीर्षक ४२.०५) वा कपडा पदार्थका (शीर्षक ५९.११); | |

| | | | |
|---|---|---|---|
| | | (छ)शीर्षक ८४.१३ को, मापन (मेजरिङ) साधन (डिभाइसेज) समावेश भएका पम्पहरु; भार-चालित (वेट ओपरेटेड) गणना गर्ने वा जांच गर्ने यन्त्रावली (मशिनरी) वा तराजु (ब्यालेन्सेज) को लागि चाहिने छुट्टै प्रस्तुत हुन आएका ढकहरु (वेट्स) (शीर्षक ८४.२३); उचाल्ने वा उठाउने (लिफ्टिङ्ग) वा (मालवस्तुको) व्यवस्था गर्ने (ह्याण्डलिङ्ग) यन्त्रावली (मेशिनरी) (शीर्षक ८४.२५ देखि ८४.२८); कागत वा कागतको गाता (पेपरबोर्ड) काट्ने सबै किसिमका यन्त्रहरु (शीर्षक ८४.४१); यन्त्र औजार (मशिन टुल्स) हरुमा काम वा औजार मिलाउने (एडजस्टिङ) शीर्षक ८४.६६ का जडानका सामानहरु (फिटिङ्गस), माप (स्केल) वताउने (उदाहरणतः ओप्टिकल डिभाइडिङ हेड), चाक्षुष साधनहरु (ओप्टिकल डिभाइसेस) भएका जडानका सामानहरु (फिटिङ्गस) समेत, तर जो स्वयंमा मूल रुपले (एसेन्सीयली) चाक्षुष (ओप्टिकल) उपकरणहरु (इन्स्ट्रुमेन्ट्स) छन् (जस्तै एलाइनमेन्ट टेलिस्कोपहरु) त्यस्ता चांहि होइन गणना (क्यालकुलेटिङ) गर्ने यन्त्र (मशीन) (शीर्षक ८४.७०); भाल्भ र शीर्षक ८४.८१ का अन्य साधित्रहरु(एप्लायन्सेज); शीर्षक ८४.८६ का यन्त्र र उपकरणहरु (संवेदनशील (सेन्सीटाइज्ड) अर्धसंवाहक (सेमिकन्डक्टर) सामग्रीहरुमा प्रक्षेपण (प्रोजेक्सन) वा परिपथ (सर्किट) को नमूना (प्याटर्न) को रेखाङ्कन निमित्तका उपकरणहरु समेत)। | |

| | | | |
|---|---|---|---|
| | | (ज)साइकल वा मोटरगाडीहरु निमित्त प्रयोग हुने खालका खोजवत्ती (सर्चलाइट) हरु वा विन्दु प्रदीप (स्पोट लाइट) हरु (शीर्षक ८५.१२); शीर्षक ८५.१३ का यताउति लान ल्याउन हुने (पोर्टेवल) विद्युत प्रदीप (एलेक्ट्रिक ल्याम्प); चलचित्र सम्बन्धी (सिनेमाटोग्राफिक) ध्वनि अभिलेखन, पुनरुत्पादन वा पुनर्भिलेखन उपकरणहरु (साउण्ड रिकर्डिङ्ग रिप्रोड्यूसिङ्ग अर रि-रिकर्डिङ्ग एपरेटस) (शीर्षक ८५.१९); ध्वनीमुखहरु (साउण्डहेडस) (शीर्षक ८५.२२); टेलिभिजन क्यामरहरु, डिजिटल क्यामराहरु र दृष्य क्यामरा अभिलेखन यन्त्रहरु (भिडियो क्यामरा रेकर्डर्स) शीर्षक ८५.२५); राडार (सर्वदर्शित्र) उपकरणहरु, रेडियो मार्ग निर्देशन सहायक उपकरणहरु (रेडियो नेविगेशनल एड एपरेटस्) रेडियो रिमोट कन्ट्रोल एपरेटस (रेडियो दुरुस्थ नियन्त्रण उपकरणहरु) (शीर्षक ८५.२६); चाक्षुषीय तन्तुहरु (अप्टिकल फाइबर्स) निमित्तका संयोजकहरु (कनेक्टर्स), चाक्षुषीय तन्तु (अप्टिकल फाइबर) का मुठाहरु (बन्डल्स) वा मोटो तारहरु (केवल्स) (शीर्षक ८५.३६); शीर्षक ८५.३७ का सांख्यिक नियन्त्रण उपकरणहरु (न्यूमेरिकल कन्ट्रोल एपरेटस); शीर्षक ८५.३९ का सिल्ड विम ल्याम्प युनिट्स (बन्द किरणपुन्ज इकाइहरु); शीर्षक ८५.४४ का चाक्षुषीय तन्तुका तारहरु (अप्टिकल फाइवर केवल्स);<br><br>**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ९० को द्रष्टब्य २ को (क) को सट्टा देहायको (क) राखिएको छः**<br><br>(क)यस भागका वा भाग ८४, ८५ वा ९१ (शीर्षक ८४.८७, ८५.४८ वा ९०.३३ बाहेक) का कुनैपनि शीर्षकहरुमा समावेश भएका सामानहरुको रुपमा भएका अङ्गहरु (पार्ट्स) र सहायक सामग्रीहरु (एक्सेसरिज) लाई सबै स्थितिमा तिनको सम्वन्धित् शीर्षकहरुमा वर्गीकरण गरिनेछ;<br><br>**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ९० को द्रष्टब्य ३ को सट्टा देहायको द्रष्टब्य ३ राखिएको छः** | |

| | | | |
|---|---|---|---|
| | | ३. परिच्छेद १६ को दृष्टव्य ३ र ४ मा भएका व्यवस्थाहरु यस भागको हकमा पनि लागु हुन्छन् । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ९००६.२०.०० र ९००६.६२.०० हटाइएका छन् । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ९०.०९, सोका शब्दावलीहरु र सम्पूर्ण उपशीर्षकहरु हटाइएका छन् । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ९०.१० को शब्दावलीको सट्टा देहायका शब्दावली राखिएको छ : | |
| ९०.१० | | यो भागको अन्यत्र उल्लेख नभएको वा समावेश नभएको तस्वीर सम्बन्धी (चलचित्र सम्बन्धी समेत) प्रयोगशालाहरुमा प्रयोग हुने उपकरण र औजारहरु; नेगेटोस्कोप; प्रोजेक्सन स्क्रीन (प्रक्षेपक पर्दा) । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ९०१०.१०.०० पछि रहेका शब्दावली र उपशीर्षकहरु ९०१०.४१.००, ९०१०.४२.०० र ९०१०.४९.०० हटाइएका छन् । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ९०.११ को शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको छ: | |
| ९०.११ | | सूक्ष्म फोटोग्राफी (फोटोमाइकोग्राफी), सिनेफोटोमाइकोग्राफी वा माइकोप्रोजेक्सन (सूक्ष्म प्रक्षेपण) को लागि समेत संयुक्त चाक्षुष सूक्ष्मदर्शी यन्त्रहरु (कम्पाउण्ड अप्टिकल माइकोस्कोप) । | |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ९०११.२०.०० को सट्टा देहायको उपशीर्षक ९०११.२०.०० राखिएको छ: | |
| | ९०११.२०.०० | -सूक्ष्म फोटो खिच्ने (फोटोमाइक्रोग्राफी), सूक्ष्म चलचित्र खिच्ने (सिनेफोटोमाइकोग्राफी) वा सूक्ष्म प्रक्षेपण (माइक्रो प्रोजेक्सन) का अन्य सूक्ष्म दर्शक यन्त्रहरु (माइक्रोस्कोप्स) | ५ |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ९०२७.४०.०० हटाइएको छ । | |

| | | | |
|---|---|---|---|
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ९०३०.२०.०० को सट्टा देहायको उपशीर्षक ९०३०.२०.०० राखिएको छः** | |
| | ९०३०.२०.०० | -ओसीलोस्कोप (विद्युत-दोलनदर्शी उपकरण) र ओसीलोग्राफ (विद्युत दोलनको अभिलेख राख्ने उपकरण) | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ९०३०.२०.०० पछि रहेको शब्दावली, उपशीर्षकहरु ९०३०.३१.०० र ९०३०.३९.०० को सट्टा देहायका शब्दावली र उपशीर्षकहरु राखिएका छन्:** | |
| | | -भोल्टेज, करेन्ट, रेसीस्टेन्स (प्रतिरोध) वा शक्ति (पावर) नाप्ने वा जांच्ने अन्य औजारहरु र उपकरणहरु : | |
| | ९०३०.३१.०० | --अभिलेखन (रेकर्डिङ्ग) उपकरण नभएका मल्टी मिटर | ५ |
| | ९०३०.३२.०० | --अभिलेखन (रेकर्डिङ्ग) उपकरण भएका मल्टी मिटर | ५ |
| | ९०३०.३३.०० | --अन्य, अभिलेखन (रेकर्डिङ्ग) उपकरण नभएका | ५ |
| | ९०३०.३९.०० | --अन्य, अभिलेखन (रेकर्डिङ्ग) उपकरण भएका | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ९०३०.८३.०० लाई हटाई देहायको उपशीर्षक ९०३०.८४.०० राखिएको छः** | |
| | ९०३०.८४.०० | --अन्य, अभिलेखन साधन (रिकर्डिङ्ग डिभाइस) युक्त | ५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ९०३१.३०.०० हटाइएको छ ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ९१०१.१२.०० र ९१०६.२०.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ९२.०३, ९२.०४ र तिनका सम्पूर्ण उपशीर्षकहरु हटाइएका छन्:** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ९२०९.१०.००, ९२०९.२०.०० र ९२०९.९३.०० हटाइएका छन् ।** | |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ९३०६.१०.०० हटाइएको छ ।** | |

| | | | |
|---|---|---|---|
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ९४०१.४०.०० पछि देहायको शब्दावली र उपशीर्षकहरु ९४०१.५१.०० र ९४०१.५९.०० राखी उपशीर्षक ९४०१.५०.०० हटाइएको छः**<br>-वेत, ओजियर, बाँस वा यस्तै पदार्थका आसनहरुः | |
| | ९४०१.५१.०० | --बाँस वा लहरेताड (र्‍याटन) को | १५ |
| | ९४०१.५९.०० | --अन्य | १५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षक ९४०३.७०.०० पछि देहायको शब्दावली र उपशीर्षकहरु ९४०३.८१.०० र ९४०३.८९.०० राखी उपशीर्षक ९४०३.८०.०० हटाइएको छः**<br>-अन्य पदार्थका फर्निचर, बेत, ओसियर, बांस वा यस्तै पदार्थहरुको समेतः | |
| | ९४०३.८१.०० | --बाँस वा लहरेताड (र्‍याटन) को | २५ |
| | ९४०३.८९.०० | --अन्य | २५ |
| | | **आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ९५ को द्रष्टब्य १ को (क), (ध) र (न) को सट्टा देहायको (क), (ध) र (न) राखी सोपछि देहायको (प) थप गरिएको छः**<br>(क) मैनबत्तीहरु (शीर्षक ३४.०६);<br>(ध) सबै किसिमका विद्युत मालाहरु (इलेक्ट्रिक गार्ल्याण्ड्स) (शीर्षक ९४.०५);<br>(न) र्‍याकेटका तन्तुहरु (स्ट्रिङ्गस्), पालहरु (टेन्टस्) वा शिविर हाल्ने (क्याम्पिङ्गग) सामानहरु वा पन्जाहरु (ग्लोभ्स), बुढी औंला एकातिर र अरु चार औंला एकै ठाउं अर्कोतिर ढाक्ने गरी बनाइएको पन्जाहरु (मिटेन्स) तथा औंलाहरु खुल्ला रहने गरी बनाइएको पन्जाहरु (मिट्स) (तिनका रचक पदार्थ अनुसार वर्गीकरण हुने); वा | |

(प) टेवुलका सामान, भान्छाका सामान, शौचालयका सामानहरु, भूई ढाक्ने वस्तुहरु (कार्पेट्स) र अन्य कपडा पदार्थका भूई ढाक्ने वस्तुहरु (टेक्स्टाइल फ्लोर कभरिङ्स), कपडाहरु (एप्यारेल), तन्ना, टेबुलपोश, तौलिया, भान्सामा प्रयोग हुने रुमाल (बेड लिनेन, टेवुल लिनेन, ट्वाइलेट लिनेन, किचन लिनेन) र उपयोगी कार्य भएका यस्तै प्रकारका सामग्रीहरु । (तिनीहरुका अवयवी पदार्थ (कन्स्टिचुएन्ट म्याटेरियल) अनुरुप वर्गीकरण भएका)

**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को भाग ९५ को द्रष्टव्य ४ को सट्टा देहायको द्रष्टव्य ४ राखी सोपछि देहायको द्रष्टव्य ५ थप गरिएको छः**

४. माथिको द्रष्टव्य १ का अधिनमा रही, एक वा सोभन्दा बढी वस्तुहरु (आइटम्स) संग संयोजित (कम्बाइन्ड) भएका वस्तुहरु यदि खुद्रा बिक्रीका लागि एकैसाथ राखिएका (पुट अप टुगेदर फर रिटेल सेल) छन् र तिनीहरुको संयोजन (कम्बिनेशन) मा खेलौनाहरु (ट्वायज) को आधारभूत गुण(एसेन्सियल क्यारेक्टर) रहेको छ भने त्यस्ता वस्तुहरुको हकमा, अन्य कुराका साथसाथै, शीर्षक ९५.०३ लागू हुन्छ र व्याख्या सम्बन्धी सामान्य नियमहरुको ३(ख) अन्तर्गत समूहहरु (सेट्स) को रुपमा व्यवहार गर्न नसकिने त्यस्ता वस्तुहरु यदि पृथक रुपमा प्रस्तुत भएका छन् भने अन्य शीर्षकहरुमा वर्गीकरण हुनेछन् ।

५. रुपाङ्कन (डिजाइन), आकृति (शेप) वा रचक पदार्थ (कन्स्टिच्यूएण्ट म्याटेरियल) का कारण अन्य रुपले जनावरहरुको लागि अभिप्रेत (इन्टेन्डेड्) भनी अभिज्ञेय (आइडेन्टिफाएबल) हुन आउने वस्तुहरु, उदाहरणतः "पेट ट्वाइज", शीर्षक ९५.०३ मा समावेश हुंदैनन् (तिनका वर्गीकरण तिनको आफ्नै उपयुक्त शीर्षकमा गरिन्छ) ।

**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ९५.०१ तथा शीर्षक ९५.०२ र तिनका सम्पूर्ण उपशीर्षकहरु र शब्दावली हटाइएका छन्:**

**आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ९५.०३ र सोका सम्पूर्ण उपशीर्षकहरु र शब्दावलीको सट्टा देहायको शीर्षक ९५.०३ र उपशीर्षक ९५०३.००.०० राखिएको छः**

| | | | |
|---|---|---|---|
| ९५.०३ | ९५०३.००.०० | ट्राइसाइकल, स्कुटर, पेडल कार र यस्तै पांग्रा भएका खेलौनाहरु; पुतलीको कोक्रो (क्यारेज); पुतली; अन्य खेलौना; आकार घटाएको ("स्केल") नमूनाहरु र यस्तै मनोरंजनात्मक नमूनाहरु, चल्ने वा नचल्ने; सबै प्रकारका बुद्धिका खेलौनाहरु (पजल्स)। | ५ |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को उपशीर्षकहरु ९५०४.२०.०० र ९५०४.३०.०० को सट्टा देहायका उपशीर्षकहरु ९५०४.२०.०० र ९५०४.३०.०० राखिएका छन्: | |
| | ९५०४.२०.०० | -सबै प्रकारका विलियार्ड खेलका सामानहरु र सहायक सामानहरु | ५ |
| | ९५०४.३०.०० | -बाउलिङ्ग एली उपकरण (इक्विपमेण्ट) बाहेक, मुद्रा (क्वाइन्स), बैंक नोट्स् (कागजी मुद्रा), बैङ्क कार्डस्, टोकन वा भुक्तानीका अन्य माध्यमद्वारा संचालन गरिने (ओपरेटेड्) अन्य खेलहरु (गेम्स) | ५ |
| | | आर्थिक ऐन, २०६३ को अनुसूची-१ को शीर्षक ९६.१४ र सोका सम्पूर्ण उपशीर्षकहरुको सट्टा देहायको शीर्षक ९६.१४ तथा उपशीर्षक ९६१४.००.०० राखिएको छ: | |
| ९६.१४ | ९६१४.००.०० | धूमपान गर्ने पाइपहरु (पाइप बाउलहरु समेत) र सिगार वा चुरोट धारक (होल्डर्स) र तिनका अङ्गहरु (पार्टस)। | २५ |

आर्थिक ऐन, २०६३ को अनुसूची-१ को दफा २ देखि दफा २९ सम्मका सम्पूर्ण ब्यवस्थाहरु खारेज गरी सोको सट्टा देहायका ब्यवस्थाहरु राखिएका छन्। यस अनुसूचीको दफा १ मा जुनसुकै कुरा उल्लेख भएतापनि देहायका दफाहरुमा उल्लिखित ब्यवस्थाहरुको सम्बन्धमा देहायबमोजिम नै हुनेछ :

२. (१) यात्रुहरुले भन्सार महसुल छुटमा ल्याउन पाउने मालवस्तु बाहेक गुण्टा फिटी भारी आदेश अनुसार विदेशबाट आफूसंग ल्याएको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको (अनएकम्पनिड) मालवस्तुमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि करको सट्टा देहायबमोजिम एकमुष्ट समदरबाट भन्सार महसुल लाग्नेछ :

(क) ५ प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा २० प्रतिशत,

तर सुन, सुनका गहना र चाँदीको हकमा दफा १४ को उपदफा (२०) मा उल्लेख भए बमोजिमको दर लाग्नेछ;

(ख) १० प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा २६ प्रतिशत;

(ग) १५ प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा ३२ प्रतिशत;

(घ) २० प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा ३७ प्रतिशत;

(ङ) २५ प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा ४३ प्रतिशत;

(च) ३० प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा ४९ प्रतिशत; र

(छ) ४० प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा ६० प्रतिशत ।

तर चांदीका गहना, चुरोट, पाइप टोबाको, मदिरा, सवारी साधनहरु, हातहतियार, खरखजाना एवं अन्य आयात इजाजत पत्र लिई पैठारी गर्न पाइने मालवस्तुहरुमा दरबन्दीबमोजिम नै महसुल लाग्ने छ ।

(२) गुण्टा भिटी भारी आदेश सम्बन्धी सूचनामा तोकिएको संख्याभन्दा बढी भएको मालवस्तु जफत हुनेछ ।

३. भारतमा उत्पादित मालवस्तु भारतबाटै नेपालभित्र पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दरबाहेक) अनुसार लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशतसम्मको दरमा सात प्रतिशत र सोभन्दा बढीका दरहरुमा पाँच प्रतिशत छुट दिइनेछ ।

४. जनवादी गणतन्त्र चीनमा उत्पादित मालवस्तु चीनको स्वशासित क्षेत्र तिब्बतबाट नेपालभित्र प्रतीतपत्रको माध्यमबाट पैठारी हुंदा मूल्यगत दर (परिमाणगत दरबाहेक) अनुसार लाग्ने भन्सार महसुल दरमा ४ प्रतिशत छुट दिइनेछ ।

५. सार्क मुलुकमा उत्पादित साप्टा सम्झौता अन्तर्गत तोकिएका मालवस्तु सोही मुलुकमा प्रतीतपत्र. खोली विल विजक बनी सोही मुलुकबाटै

सिप्मेण्ट भई पैठारी भएमा तोकिएको दरमा भन्सार महसुल छुट दिइनेछ ।

५क यस अनुसूचीको दफा २९ मा उल्लिखित सम्वेदनशील सूचीमा परेका मालवस्तुहरुबाहेक सार्क मुलुकमा उत्पादित अन्य मालवस्तुहरु सोही मुलुकमा प्रतीतपत्र खोली सोही मुलुकबाटै विल/विजक बनी सोही मुलुकबाटै पैठारी भएमा २०६२ साल पुस १७ गते कायम रहेको देहायअनुसारको भन्सार महसुल दरमा आंशिक छुट दिई देहायबमोजिमको दरमा भन्सार महसुल असुल गरिनेछ ।

| **१७ पुस २०६२ मा कायम रहेको भन्सार महसुल दर** | **सार्क मुलुकहरुबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर** |
|---|---|
| ५% | ५% |
| १०% | ९% |
| १५% | १३.५% |
| २५% | २२.५% |
| ३५% | ३०% |
| ४०% | ३०% |
| ८०% | ३०% |

तर,

(क) सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भनी माथि उल्लेख भएकोभन्दा यस आर्थिक ऐनद्वारा तोकिएको भन्सार महसुल दर घटी भएमा सोही दरबमोजिम महसुल असुल गरिनेछ ।

(ख) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि यस अनुसूचीको अन्य दफाहरुबाट भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएको कारणले यस दफा अनुसार लाग्ने महसुलभन्दा घटी महसुल लाग्ने वा महसुल नलाग्ने भएमा सोही बमोजिम हुनेछ ।

(ग) १७ पुस, २०६२ मा कायम नरहेका तर आर्थिक ऐन, २०६४ को अनुसूची-१ मा थपिएको र उक्त अनुसूचीको दफा २९ (संवेदनशील सूची) मा नपरेका उपशीर्षकहरु (उपशीर्षक ३८०८.९१.१०, ७३२१.८९.००, ८४४३.३१.००, ८४४३.३९.००, शीर्षक ८५.१९ का सबै उपशीर्षकहरु, शीर्षक ८५.२७ का सबै उपशीर्षकहरु, उपशीर्षक ८५२८.६१.००, शीर्षक ८५.४२ का सबै उपशीर्षकहरु, उपशीर्षक ९४०१.५१.००, ९४०१.५९.००, ९४०३.८१.०० र

९४०३.८९.०० बाहेक) मा उल्लिखित मालवस्तुहरु दफा ५क बमोजिम सार्क मुलुकबाट पैठारी गर्दा उक्त दफामा उल्लिखित सार्क मुलुकहरुबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर नै लाग्नेछ ।

६. यस अनुसूचीमा उल्लेख भएबमोजिम कुनै मालवस्तुमा दिइएको छुट प्रदान गर्दा दोहोरो नपर्ने गरी कुनै एक छुट मात्र प्रदान गरिने छ ।

७. **मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) पैठारी हुने मालवस्तुको मूल्याङ्कन कारोवार मूल्यको आधारमा गरिनेछ ।

(२) उपदफा (१) मा उल्लिखित "कारोवार मूल्य" भन्नाले कुनै पनि क्रेताले नेपालभित्र कुनै मालवस्तु पैठारी गर्न विक्रेतालाई वास्तविक तिरेको वा तिर्नुपर्ने रकम र सो वस्तु पैठारीमा नेपालको सीमासम्म लागेको वा लाग्न सक्ने भाडा, बीमा तथा अन्य सम्पूर्ण खर्च जोडी सो अनुसार हुन आउने कूल रकमलाई सम्झनु पर्दछ । त्यस्तो कूल रकम वाणिज्यिक विजकमा समावेश भएको देखिएमा वाणिज्यिक विजक (Commercial Invoice) को आधारमा कारोवार मूल्य निर्धारण हुनेछ । वाणिज्यिक विजकमा भाडा, बीमा तथा अन्य खर्च समावेश भएको नदेखिएमा मूल्याङ्कन गर्ने अधिकारीले पूर्व अनुमानित खर्च जोडी कारोवार मूल्य निर्धारण गर्नेछ । त्यस्तो कारोवार मूल्य निर्धारण गर्दा महानिर्देशकले त्यस्तो मालवस्तुमा लागेको वा लाग्न सक्ने खर्च जोड्ने आधार तोक्न सक्नेछ ।

(३) पैठारीकर्ताले पैठारी भएका मालवस्तुहरुको मूल्य सम्बन्धी विवरण एवं कागजातहरु सहित कारोवार मूल्य घोषणा गर्नुपर्नेछ । पैठारी भएका मालवस्तुको मूल्य एवं सोसंग सम्बन्धित विवरणहरु घोषणा गर्ने फारामको ढाँचा विभागले तोकेबमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम घोषणा भएको मूल्य विश्व व्यापार संगठनको मूल्याङ्कन सम्बन्धी पद्धतिको कारोवार मूल्य निर्धारण गर्ने प्रावधानसंग मेल खाएमा भन्सार अधिकृतले त्यस्तो कारोवार मूल्यलाई मान्यता दिनेछ ।

(५) उपदफा (३) बमोजिम घोषित मूल्यको सत्यता वा यथार्थतामा शंका गर्नुपर्ने यथेष्ट कारण भएमा भन्सार अधिकृतले त्यस्तो मूल्यलाई वास्तविक कारोवार मूल्यको रुपमा प्रमाणित गर्ने थप कागजात वा प्रमाण पैठारीकर्तासंग माग गर्न सक्नेछ । कारोवार

मूल्यलाई प्रमाणित गर्न पैठारीकर्ताले पेश गर्नुपर्ने कागजात वा प्रमाण भन्सार विभागले तोकिदिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम पैठारीकर्ताले पेश गरेको थप कागजात वा प्रमाणबाट पैठारीकर्ताले घोषणा गरेको कारोवार मूल्य सत्य वा यथार्थ देखिएमा भन्सार अधिकृतले त्यस्तो कारोवार मूल्यलाई मान्यता दिनेछ।

(७) उपदफा (५) बमोजिम भन्सार अधिकृतले माग गरेको कागजात वा प्रमाण पैठारीकर्ताले पेश गर्न नसकेमा वा पेश भएको कागजात वा प्रमाणबाट पनि घोषित मूल्य प्रमाणित हुन नसकी कारोवार मूल्यको निर्धारण नभएमा भन्सार अधिकृतले उपदफा (८) देखि उपदफा (११) मा उल्लिखित मूल्याङ्कन सम्वन्धी अन्य सिद्धान्त एवं तिनको क्रमवद्धता र प्रक्रियाबमोजिम मूल्य निर्धारण गर्नेछ।

(८) उपदफा (४) वा उपदफा (६) बमोजिम मूल्य निर्धारण गर्न नसकिएमा भन्सार अधिकृतले पहिले पैठारी भएका समरुपका मालवस्तु (Identical goods) को कारोवार मूल्यको आधारमा मूल्य निर्धारण गर्नेछ।

(९) उपदफा (८) बमोजिम मूल्य निर्धारण गर्न नसकिएमा भन्सार अधिकृतले पहिले पैठारी भएका उस्तै प्रकारका मालवस्तु (Similar goods) को कारोवार मूल्यको आधारमा मूल्य निर्धारण गर्नेछ।

(१०) उपदफा (९) बमोजिम मूल्य निर्धारण गर्न नसकिएमा भन्सार अधिकृतले Deductive Value Method वा Computed Value Method मध्ये पैठारीकर्ताले छनौट गरेको पद्धति (Method) को आधारमा मूल्य निर्धारण गर्नेछ।

(११) उपदफा (१०) बमोजिम पनि मूल्य निर्धारण गर्न नसकेमा भन्सार अधिकृतले विश्व व्यापार संगठनको मूल्याङ्कन सम्बन्धी सिद्धान्तको प्रतिकूल नहुने गरी अवशिष्ट पद्धति (Fall back method) को आधारमा मूल्य निर्धारण गर्नेछ।

(१२) भन्सार अधिकृतले माथि उपदफाहरुमा उल्लेख भएका मूल्याङ्कनका पद्धतिहरुबमोजिम मूल्य निर्धारण गर्दा विश्व व्यापार संगठनका मूल्याङ्कन सम्बन्धी पद्धतिहरु (Valuation Methods) का मूलभूत सिद्धान्त एवं प्रक्रियाको अवलम्वन गर्नुपर्नेछ।

(१३) भन्सार अधिकृतले निर्धारण गरेको मूल्यउपर चित्त नबुझेमा त्यस्तो पैठारीकर्ताले भन्सार अधिकृतले निर्धारण गरेको मूल्यअनुसार लाग्ने कर महसुल धरौटीमा राखी मालवस्तु छुटाई त्यस्तो मालबस्तु धरौटीमा छुटाएको १५ दिनभित्र सम्बन्धित भन्सार कार्यालय मार्फत वा सिधै महानिर्देशकसमक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ । भन्सार कार्यालयमा परेको उक्त निवेदन ७ दिनभित्र महानिर्देशककहां पठाउनुपर्नेछ । त्यस्तो निवेदनउपर महानिर्देशकले सामान्यतया २१ दिनभित्र निर्णय दिनुपर्नेछ । पुनरावलोकनको लागि प्राप्त निवेदनउपर निर्णय गर्दा महानिर्देशकले विशेषज्ञ समितिको परामर्श लिन सक्नेछ ।

(१४) पैठारीकर्ताले घोषणा गरेको मूल्य भन्सार अधिकृतले निर्धारण गरेको मूल्यभन्दा घटी भएमा यसरी घटी भएको जति मूल्यमा पचास प्रतिशत थप महसुल असुल गरी जांचपास गर्न वा महानिर्देशकको पूर्व स्वीकृति लिई त्यस्तो मालवस्तुको घोषित मूल्यमा पाँच प्रतिशत मुनाफासमेत जोडी हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिने गरी त्यस्तो मालवस्तु खरीद गर्न गराउन सकिनेछ ।

(१५) भन्सार अधिकृतले पैठारी भएका मालवस्तुको तत्काल मूल्य निर्धारण गर्न नसकेमा र सो मालवस्तु मूल्य निर्धारण हुनु भन्दा अगावै पैठारीकर्ताले छुटाउन चाहेमा अस्थायी (Provisonal) मूल्य कायम गर्न सक्नेछ । यसरी कायम भएको मूल्यमा लाग्ने महसुल धरौटीमा राखी पैठारीकर्ताले मालवस्तु छुटाई लैजान पाउनेछ । मालवस्तु जाँचपास गरिसकेपछि भन्सार अधिकृतले माथि उपदफाहरुमा उल्लेखित सिद्धान्त एवं प्रकृयाबमोजिम सामान्यतः ३० दिनभित्र मूल्यांकन गर्नु पर्नेछ ।

(१६) भन्सार कार्यालयबाट जांचपास भइसकेपछि भन्सार विभागद्वारा छानिएका फर्म वा मालवस्तुहरु र भन्सार मूल्य कम भएको भनी सूचना प्राप्त भएका मालवस्तुहरुको जाँचपास पछिको परीक्षण (Post Clearance Audit) महानिर्देशकले तोकेको अधिकारी वा भन्सार अधिकृतले गर्न सक्नेछ । जाँचपास पछिको परीक्षण (Post Clearance Audit) को लागि फर्म वा मालवस्तु छनौट गर्ने आधार महानिर्देशकले तोकेबमोजिम हुनेछ । यसरी परीक्षण गर्दा मूल्याङ्कन कम भई राजस्व घटी असुल भएको प्रमाणित भएमा त्यस्तो पैठारीकर्ताबाट घटी भएको मूल्यको छुट कर, महसुल र उपदफा (१४) बमोजिमको थप महसुल असुल

गरी प्रचलित कानूनबमोजिम अन्य सजाय गर्न सकिनेछ । यस उपदफाबमोजिम जाँचपास पछिको परीक्षण (Post Clearance Audit) गर्दा मालवस्तु जाँचपास भएको मितिले सामान्यतया ६० दिनभित्र गर्नुपर्नेछ ।

(१७) कुनै पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा लागेको भाडा, बीमा वा अन्य खर्चको कागजात तत्काल पेश गर्न नसकी अनुमानित रकम कायम गरि पाउँ भनी निवेदन दिएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुमा लाग्न सक्ने भाडा, बीमा वा अन्य खर्च वापतको अनुमानित रकम कायम गरी मालवस्तु जाँचपास गरिदिन सक्नेछ । यसरी जाँचपास भएकोमा पैठारीकर्ताले मालवस्तु जाँचपास भएको मितिले ९० दिनभित्र वास्तविक लागेको भाडा, बीमा एवं अन्य खर्चको कागजात पेश गरी थप रकमको महसुल बुझाउन पाउनेछ । त्यसरी थप भएको रकममा उपदफा (१४) बमोजिमको थप महसुल लाग्नेछैन । मालवस्तु पैठारी भएको ९० दिनभित्र भाडा, बीमा वा अन्य खर्चको कागजात पेश नगरेमा भन्सार अधिकृतले मालवस्तु जाँचपास गर्दाका बखत कायम गरेको अनुमानित रकम अन्यथा प्रमाणित नभएमा अन्तिम भएको मानिनेछ ।

(१८) भन्सार ऐन २०१९ को दफा १३ को उपदफा (४), (५), (६), (७) र (९) मा जुनसुकै कुरा लेखिएको भएतापनि पैठारी हुने मालवस्तुको मूल्य निर्धारण यस ऐनबमोजिम नै हुनेछ ।

(१९) गुण्टा भिnटी भारी आदेश अन्तर्गत पैठारी हुने मालवस्तुको मूल्य भन्सार अधिकृतले कायम गरेबमोजिम हुनेछ ।

(२०) भारतबाट डी.आर.पी. अन्तर्गत पैठारी हुने मालवस्तुको भारतमा तिरेको अन्तःशुल्क रकम नियमानुसार लाग्ने भन्सार महसुलमा कट्टा गरिने छ । तर भाडा, बीमा, मूल्यमा देखिएको फरक रकम र अन्य खर्चमा लाग्ने महसुलमा भारतीय अन्तःशुल्क कट्टा गरिने छैन ।

(२१) पुराना सवारी साधन एवं यन्त्र उपकरणहरुको मूल्य कायम गर्दा देहायबमोजिम ह्रासकट्टी गरिने छः

(क) कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका वा आयोजना वा आयोजनाको ठेकेदार वा परामर्शदाताका नाममा पछि फिर्ता लैजाने शर्तमा पूर्ण वा आंशिक महसुल सुविधा वा बैङ्क ग्यारेण्टी वा धरौटीमा पैठारी भएका वा अन्य संघ, संस्थाको नाममा

पूर्ण वा आंशिक भन्सार महसुल छुटमा पैठारी भएका सवारी साधन एवं यन्त्र उपकरण नेपालभित्र  कसैलाई उपहार दिएमा वा बिक्री गरेमा वा पैठारी गर्नेले आफ्नै प्रयोजनको लागि राख्ने भएमा त्यस्ता सवारी साधन एवं यन्त्र उपकरणहरुको भन्सार महसुल लिने प्रयोजनको लागि पैठारी हुँदाको अवस्थामा कायम भएको मूल्यमा (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) वार्षिक  दश प्रतिशतको दरबाट अधिकतम पाँच वर्षको ह्रासकट्टी गरी मूल्य कायम गरिनेछ ।

(ख) खण्ड (क) बाहेक निजी प्रयोगका लागि आंशिक भन्सार महसुल छुटमा व्यक्तिगत रुपमा आयात भएका सवारी साधनहरु अन्य व्यक्तिलाई बिक्री गर्ने वा हक हस्तान्तरण गर्ने भएमा भन्सार महसुल लिने प्रयोजनको लागि मूल्य कायम गर्दा वार्षिक दश प्रतिशतका दरले अधिकतम पाँच वर्षको ह्रासकट्टी गरी मूल्य कायम गरिनेछ । तर उत्पादन भएको मितिले दश वर्ष ब्यतित भइसकेका सवारी साधनहरुको हकमा पैठारी हुँदा कायम भएको मूल्यमा साठी प्रतिशत ह्रासकट्टी गरी मूल्य कायम गरिनेछ ।

(ग) खण्ड (क) वा (ख) बमोजिम पैठारी भएका सवारी साधनहरुको पैठारीका अवस्थामा कायम भएको मूल्य अन्य त्यस्तै सवारी साधनहरुको मूल्यभन्दा धेरै कम भएको अवस्थामाबाहेक सामान्यतः पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई आधारमानी खण्ड (क) वा (ख) बमोजिम मूल्य कायम गरिनेछ ।

(घ) खण्ड (क) वा (ख) बमोजिम सवारी साधनहरुमा ह्रासकट्टी गर्दा उक्त सवारी साधनको उत्पादन मितिदेखि गणना गरिनेछ र पैठारी हुनुपूर्व विदेशमा ब्यतित भएको अवधि कटाई बाँकी अवधिको मात्र ह्रासकट्टी गरिनेछ ।

(२२) नेपालभित्र पैठारी हुने मालवस्तुको कारोवार मूल्य कायम गर्दा सामान्यतः विदेशी मुद्रामा गरिनेछ । पैठारीको अवस्थामा भन्सार महसुल बुझाउनु पर्ने मालवस्तुको मूल्याङ्कन विदेशी मुद्रामा भएकोमा सोको नेपाली रुपैयाँमा परिवर्तन गर्दा नेपाल राष्ट्र बैङ्कबाट मालवस्तु जांचपास हुंदाका दिन (कुटनैतिक सुविधा महसुल सुविधा पूर्ण वा आंशिक महसुल छुटमा पहिले पैठारी

भई पछि महसुल बुझाउनेको हकमा बांकी भन्सार महसुल बुझाउने दिनको) तोकिएको दरको बिक्री मूल्यलाई परिवर्तन दर कायम गरिनेछ । यसरी नेपाल राष्ट्र बैङ्कबाट विनिमय दर नतोकिएको विदेशी मुद्राको हकमा सो विदेशी मुद्रालाई यु. एस. डलरमा परिवर्तन गर्दा हुने यु. एस. डलरको बिक्री मूल्यबाट परिवर्तन दर कायम हुनेछ ।

(२३) हवाइमार्गबाट ब्यापारिक रुपमा पैठारी गरिने मालवस्तुहरुको भन्सार कार्यालयमा मूल्य घोषणा गर्दा पैठारीकर्ताले मालवस्तुको मूल्य, भाडा तथा बीमा रकम छुट्टाछुट्टै घोषणा गर्नुपर्नेछ । पैठारीकर्ताले घोषणा गरेको भाडा रकम र एयर वे विलमा उल्लिखित भाडा रकममध्ये जुन बढी देखिन्छ सोही भाडा रकमलाई समावेश गरी मूल्य निर्धारण गरिनेछ । एयर वे विलमा भाडा रकम उल्लेख नभएको र पैठारीकर्ताले घोषणा गरेको भाडा रकम वास्तविक भाडा रकमभन्दा कम देखिएमा भन्सार अधिकृतले उक्त मालवस्तु हवाइमार्गबाट पैठारी गर्दा लाग्न सक्ने अनुमानित भाडा रकम समेत समायोजन गरी मूल्य निर्धारण गर्नुपर्नेछ । हवाइमार्गबाट मालवस्तु पैठारी गर्दा लाग्ने भाडा रकमको जानकारी भन्सार अधिकृतले सम्बन्धित हवाई सेवाबाट लिन सक्नेछ । यसरी भन्सार अधिकृतले मालवस्तुमा लागेको वा लाग्न सक्ने भाडा रकमको जानकारी मागेको बखत त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित हवाई सेवाको कर्तब्य हुनेछ ।

८. <u>वण्डेड वेयर हाउसको सुविधा सम्बन्धी व्यवस्थाः</u>

(१) देहायका उद्योगहरुलाई वण्डेड वेयर हाउसको इजाजत दिन सकिनेछः-

(क) भारत तथा तेस्रो मुलुकमा तयारी पोशाक निकासी गर्ने उद्योगहरु,

(ख) आफ्नो उत्पादन तेस्रो मुलुकमा निकासी गर्ने उद्योगहरु,

(ग) खण्ड (क) मा उल्लिखित उद्योगबाहेक आफ्नो उत्पादनको न्यूनतम ६० प्रतिशत भारतमा निकासी गर्ने उद्योगहरु ।

(२) उपदफा (१) मा उल्लिखित उद्योगहरुले आफ्नो उत्पादन निकासी गर्दा प्रतीतपत्र वा प्रचलित बैङ्किङ कागजातको माध्यमबाट गर्नु पर्नेछ ।

(३) वण्डेड वेयर हाउसको इजाजत प्राप्त उद्योगहरुले उपदफा (२) बमोजिम आफ्नो उत्पादन विदेशमा निकासी गर्ने भएमा निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा दरवन्दीबमोजिम लाग्ने भन्सार महसुल, सो को २५% ले हुने थप रकम र स्थानीय विकास शुल्क समेतको ६ महिनादेखि १ वर्षसम्मको बैङ्क ग्यारेण्टी लिई सोको आधारमा लगतमा राखी पैठारी गर्न दिइनेछ । नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलको हकमा उद्योग विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरी वण्डेड वेयर हाउसको सुविधा दिन सिफारिस गरेको अवस्थामा मात्र यस्तो सुविधा दिइनेछ । ६ महिनाको बैङ्क ग्यारेण्टी दिएकोमा पछि म्याद थप गर्नुपरेमा बढीमा ६ महिनासम्म थप गर्न सकिनेछ ।

तर उपदफा (६), (१३) तथा (१५) बमोजिम म्याद थप भएकोमा सोहीबमोजिम बैङ्क ग्यारेण्टीकोसमेत म्याद थप गर्नुपर्नेछ ।

(४) वण्डेड वेयर हाउसको इजाजत पत्र भन्सार विभागले जारी गर्नेछ । वण्डेड वेयर हाउसको इजाजतपत्र जारी गर्दा रु.५०००।- (पाँच हजार) र इजाजतपत्र नवीकरण गर्दा रु.२०००।- (दुई हजार) दस्तुर लिइनेछ । तोकिएको समयावधिभित्र नवीकरण नगरेमा प्रतिवर्ष रु.१०००।- थप दस्तुर लिई त्यस्तो इजाजतपत्र नवीकरण गर्न सकिनेछ ।

(५) वण्डेड वेयर हाउसको इजाजतपत्र जारी गर्ने, नवीकरण गर्ने, रद्द गर्ने, वैङ्क ग्यारेण्टी फुकुवा गर्ने र सोसम्बन्धी अन्य प्रकिया भन्सार विभागले तोकेबमोजिम हुनेछ

(६) बण्डेड वेयर हाउस सुविधा अन्तर्गत पैठारी भएको कच्चापदार्थ वा सहायक कच्चापदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट ११ महिनाभित्र तयारी सामान बनाई निकासी गरी देहायका कागजातसहित तोकिएको भन्सार कार्यालयमा बैङ्क ग्यारेण्टी फुकुवाको लागि निवेदन दिइसक्नुपर्नेछः-

(क) तयारी मालवस्तु निकासी गरेको प्रमाण,

(ख) सम्बन्धित बैङ्कबाट प्रमाणित गरेको विदेशी मुद्रा आर्जन गरेको प्रमाण,

(ग) सम्बन्धित निकायबाट प्रमाणित कच्चापदार्थ एवं सहायक कच्चापदार्थ (प्याकिङ्ग मेटेरियल समेत) को खपत अनुपातको प्रमाण ।

तर

(क) यस उपदफामा उल्लिखित समयभित्र निकासी गर्न नसकेको मनासिव माफिकको कारणसहित म्याद थप गर्नको लागि निवेदन गरेमा भन्सार विभागले बढीमा तीन महिनाको म्याद थप गरिदिन सक्नेछ ।

(ख) यस उपदफामा उल्लिखित म्यादभित्र सम्पूर्ण शर्त र प्रक्रिया पूरा गरी निकासी गरिसकेका र विदेशी मुद्रासमेत म्यादभित्रै प्राप्त गरिसकेका तर बैङ्क ग्यारेण्टी फुकुवा गराउन निवेदन दिन नसकेका उद्योगहरुको हकमा त्यस्तो बैङ्क ग्यारेण्टीको रकम सम्बन्धित भन्सार कार्यालयमा प्राप्त भई नसकेको भएमा २०६४ साल असोज मसान्तभित्र यस उपदफाबमोजिमका कागजातसहित निवेदन दिएमा त्यस्ता बैङ्क ग्यारेण्टीहरु फुकुवा गरिनेछ ।

(७) उपदफा (६) बमोजिम बैङ्क ग्यारेण्टी फुकुवाको लागि निवेदन पर्न आएपछि भन्सार कार्यालयले १ महिनाभित्र बैङ्क ग्यारेण्टी फुकुवा गर्नुपर्नेछ । बैङ्क ग्यारेण्टी फुकुवाको लागि आवश्यक कागजातसहित निवेदन परेको तर कुनै कारणवश भन्सार कार्यालयले १ महिनाभित्र बैङ्क ग्यारेण्टी फुकुवा गर्न नसकेमा बैङ्क ग्यारेण्टीको म्यादभित्र सोको जानकारी सम्बन्धित बैङ्कलाई दिनुपर्नेछ ।

(८) उपदफा (३) बमोजिम पैठारी भएको कच्चा पदार्थ एवं सहायक कच्चापदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट तयारी मालवस्तु बनाई निकासी गर्दा भन्सारले कायम गरेको मूल्यको न्यूनतम २० प्रतिशत मूल्य अभिवृद्धि भएको हुनुपर्नेछ ।

(९) उपदफा (६) मा उल्लिखित कागजात सहित उक्त अवधिमा बैङ्क ग्यारेण्टी फुकुवाको लागि निवेदन नगरेको कारणबाट बैङ्क ग्यारेण्टी फुकुवा हुन नसकेमा पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलमा २५%

समेत थप गरी हुने भन्सार महसुल र स्थानीय विकास शुल्क असुल गरिनेछ । पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) आंशिक रुपमा मात्र प्रयोग भएमा प्रयोग नभएजति कच्चापदार्थ र सहायक कच्चापदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने भन्सार महसुलमा २५% थप गरी हुने भन्सार महसुल र स्थानीय विकास शुल्क असुल गरिनेछ । यसरी असुल गर्दा बैङ्क ग्यारेण्टीबाट कुनै कारणवश रकम असुल हुन नसकेमा वा नपुग भएमा पैठारीकर्ताबाटै असुल गरिनेछ ।

(१०) भन्सार महसुल प्रयोजनको लागि बैङ्क ग्यारेण्टी लिंदा वाणिज्य बैङ्कहरु तथा नेपाल राष्ट्र बैङ्कबाट ग्यारेण्टी जारी गर्ने स्वीकृत प्राप्त वित्त कम्पनीको ग्यारेण्टी समेतलाई मान्यता दिइनेछ । बैङ्क ग्यारेण्टी जारी गर्ने बैङ्क तथा वित्त कम्पनीहरुले बैङ्क ग्यारेण्टीको अवधि समाप्त हुनुभन्दा १ महिना अगावै सम्बन्धित भन्सार कार्यालयलाई पूर्व सूचना दिनुपर्नेछ । यसरी पूर्व सूचना नदिई बैङ्क ग्यारेण्टीको म्याद समाप्त भएको अवस्थामा सम्बन्धित भन्सार कार्यालयले दावी गरेको रकम भुक्तानी दिने दायित्व सम्बन्धित बैङ्क तथा वित्तीय कम्पनीमा रहने छ । जुन कार्य वा प्रयोजनको लागि बैङ्क ग्यारेण्टी दिएको हो सो पूरा नभई सम्बन्धित भन्सार कार्यालयले बैङ्क ग्यारेण्टी वापतको रकम दावी गरेमा तुरुन्त भुक्तानी दिनुपर्नेछ । यसरी दावी गरेको १५ दिनसम्म पनि भुक्तानी नगर्ने बैङ्क वा वित्तीय कम्पनीहरुले ग्यारेण्टी दिएको रकम सरकारी बाँकी सरह असुल गरी त्यस्ता बैङ्क वा वित्तीय कम्पनीहरुको बैङ्क ग्यारेण्टी स्वीकार नगर्न सकिनेछ ।

(११) बण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलको लागि पैठारी गर्ने मालवस्तुमा लाग्ने भन्सार महसुल र स्थानीय विकास शुल्क बैङ्क ग्यारेण्टी वा नगद धरौटीमा लिइनेछ र पैठारी भएका मालवस्तु करमुक्त पसलमा बिक्री गरेको प्रमाण सम्बन्धित भन्सार कार्यालयमा पेश भएपछि भन्सार प्रमुखले लाग्ने भन्सार महसुल र स्थानीय विकास शुल्क छुट दिई बैङ्क ग्यारेण्टी फुकुवा गर्ने वा धरौटी फिर्ता दिनुपर्नेछ ।

तर,

(क) यस उपदफाबमोजिम पैठारी गरेको मालवस्तु एकवर्षभित्र करमुक्त पसलमा बिक्री गरी सोही अवधिभित्र बैङ्क ग्यारेण्टी फुकुवाको लागि सम्बन्धित भन्सार कार्यालयमा बिक्री गरेको प्रमाण सहित निवेदन दिनु पर्नेछ ।

(ख) खण्ड (क) मा उल्लिखित अवधिभित्र बिक्री गर्न नसकेको वा सो अवधिभित्र वैङ्क ग्यारेण्टी फुकुवाको लागि निवेदन दिन नसकेकोमा पैठारी गर्दा राखेको वैङ्क ग्यारेण्टीबाट लाग्ने महसुल असुल गरिने र नगद धरौटी राखेको भए त्यस्तो धरौटी रकम सदरस्याहा गरिने छ ।

(ग) खण्ड (ख) मा जुनसुकै कुरा उल्लेख भएतापनि खण्ड (क) मा उल्लिखित म्यादभित्र करमुक्त पसलमा बिक्री गर्न नसकेको मनासिव माफिकको कारण सहित निवेदन दिएमा भन्सार विभागले बढीमा ३ महिनाको म्याद थप दिन सक्नेछ ।

(घ) यो ऐन प्रारम्भ हुनुभन्दा पहिले पैठारी भई मौज्दात रहेका मालवस्तुको सम्बन्धमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र खण्ड (क) बमोजिम गरी निवेदन दिनुपर्नेछ ।

(१२) अन्तर्राष्ट्रिय उडानको लागि हवाई कम्पनीहरुले पैठारी गर्ने क्याटरिङका मालवस्तु र इन्फ्लाइट करमुक्त पसलमा बिक्री गर्ने मालवस्तु पैठारी गर्दा लाग्ने भन्सार महसुल बैङ्क ग्यारेण्टी वा नगद धरौटीमा लिइनेछ र यस्ता मालवस्तु अन्तर्राष्ट्रिय उडानमा खर्च भएको प्रमाण सम्बन्धित हवाई कम्पनीबाट भन्सार कार्यालयमा पेश भएपछि भन्सार कार्यालयका प्रमुखले लाग्ने महसुल छुट दिई बैङ्क ग्यारेण्टी फुकुवा वा नगद धरौटी फिर्ता दिनुपर्नेछ । यस्ता हवाई कम्पनीहरुले उपर्युक्त प्रयोजनको लागि मालवस्तु आफैंले पैठारी नगरी करमुक्त पसल वा वण्डेड वेयर हाउसबाट खरिद

गर्न चाहेमा भन्सार विभागले तोकेको वण्डेड वेयर हाउस वा करमुक्त पसलबाट खरिद गर्न दिन सक्नेछ ।

(१३) नेपाली कपडा उद्योगहरुले उत्पादन गर्ने कपडा निकासीमूलक तयारी पोशाक उद्योगलाई बिक्री गर्ने भएमा सो कपडा उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ (धागो) पैठारी गर्दा कपडा उद्योग संघको सिफारिसमा बण्डेड वेयर हाउसको सुविधा दिन सकिनेछ । यसरी खरिद बिक्री भएकोमा धागो पैठारी गर्ने उद्योगले उक्त धागोबाट कपडा बनाई ११ महिनाभित्र तयारी पोशाक उद्योगलाई बिक्री गरिसक्नु पर्नेछ । उक्त कपडा खरिद गर्ने तयारी पोशाक उद्योग र धागो पैठारी गर्ने कपडा उद्योग बीच भएको खरिद बिक्री सम्झौता र धागो पैठारी गर्दा लागेको महसुल वापतको बैङ्क ग्यारेण्टी तयारी पोशाक उद्योगबाट पेश भएपछि उक्त धागो पैठारी गर्दा राखेको बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ । तयारी पोशाक उद्योगले यसरी खरिद गरेको कपडाबाट ११ महिनाभित्र तयारी पोशाक बनाई निकासी गरि उपदफा (६) बमोजिम बैङ्क ग्यारेण्टी फुकुवाको लागि निवेदन गरेमा तयारी पोशाक उद्योगको बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ । तयारी पोशाक उद्योगले कपडा उद्योगबाट कपडा खरिद गर्दा बैङ्क ग्यारेण्टी नदिएको अवस्थामा कपडा उद्योगले बैङ्क ग्यारेण्टीको म्याद थप गर्न पाउनेछ । तयारी पोशाक उद्योगले उक्त कपडाबाट तयारी पोशाक बनाई तोकिएको प्रक्रियाबमोजिम निकासी गरेपछि कपडा उद्योगले उपदफा (६) बमोजिमका कागजात सहित कपडा बिक्री गरेको ११ महिनाभित्र बैङ्क ग्यारेण्टी फुकुवाको लागि निवेदन दिएमा पनि बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ । उक्त अवधिभित्र निकासी नगरेमा उपदफा (९) बमोजिम महसुल असुल गरिनेछ । कच्चा पदार्थ (धागो) बाट कपडा बनाउंदा र कपडाबाट तयारी पोशाक बनाउंदा न्यूनतम २० प्रतिशत मूल्य अभिवृद्धि भएको हुनुपर्नेछ ।

तर कपडा उद्योगहरुले यस उपदफामा उल्लिखित म्यादभित्र तयारी पोशाक उद्योगहरुलाई बिक्री गर्न नसकेको वा तयारी पोशाक उद्योगहरुले

यस उपदफामा उल्लिखित म्यादभित्र निकासी गर्न नसकेको मनासिव माफिकको कारण सहित निवेदन दिएमा भन्सार विभागले बढीमा ३ महिनाको म्याद थप गर्न सक्नेछ ।

(१४) वण्डेड वेयर हाउसको इजाजत प्राप्त उद्योगहरुले आफ्नो उत्पादन खरिद गर्ने विदेशी क्रेतासंग गरेको सम्झौता अनुसार वाणिज्य विभागको सिफारिसमा विना मूल्य, विना प्रतीतपत्र, Buy back agreement अन्तर्गत आयात गर्ने कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थबाट तयारी वस्तु बनाई निकासी गर्ने भएमा वाणिज्य विभागले तोकेको प्रकृया अनुसार त्यस्तो कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थ पैठारी गर्दा दरबन्दीबमोजिम लाग्ने भन्सार महसुल र स्थानीय विकास शुल्क उपदफा (३) बमोजिम बैङ्क ग्यारेण्टीमा पैठारी गर्न दिन सकिनेछ । यसरी आयातित कच्चा पदार्थबाट तयारी वस्तु बनाई निकासी गर्दा वाणिज्य विभागले निर्धारण गरे बमोजिम मूल्य अभिवृद्धि भएको हुनुपर्नेछ । बैङ्क ग्यारेण्टी फुकुवा गर्दा पैठारी मूल्यमा अभिवृद्धि भएको रकमको भुक्तानीलाई मान्यता दिइनेछ।

(१५) वण्डेड वेयर हाउसको सुविधा अन्तर्गत पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट तयारी मालवस्तु बनाई उपदफा (६) को अवधि भित्र निकासी गरी उक्त उपदफाको खण्ड (क) र (ग) मा उल्लिखित कागजात सहित निवेदन दिइसकेका तर विदेशी मुद्रा आर्जन गरेको प्रमाण उक्त अवधिभित्र पेश गर्न नसकी म्याद थपको लागि निवेदन दिएमा भन्सार विभागले औचित्य हेरी ३ महिनासम्म म्याद थप गरिदिन सक्नेछ । यसरी थप गरिएको म्यादभित्र सम्बन्धित बैङ्कले प्रमाणित गरेको विदेशी मुद्रा आर्जन गरेको प्रमाण पेश हुन आएमा त्यस्ता बैङ्क ग्यारेण्टी फुकुवा गरिने छ ।

(१६) वण्डेड वेयर हाउस र नगद धरौटी (पासवुक) को सुविधा नलिएका उद्योगहरुले आफूले निकासी गर्ने मालवस्तु उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गरी सोबाट उत्पादित

तयारी मालवस्तु तोकिएको अवधिभित्र तोकिएको प्रक्रिया अनुसार निकासी गरेमा त्यस्ता कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा भन्सार विन्दूमा लागेको कर, महसुल नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएबमोजिमका मालवस्तुमा तोकिएबमोजिमको मितिदेखि तोकिएबमोजिमको समदरमा भन्सार विन्दूबाटै फिर्ता दिइनेछ ।

९. <u>निर्यात हुने वस्तुको कच्चा पदार्थ धरौटीमा पैठारी गर्न सकिने</u>: वण्डेड वेयर हाउसको इजाजत नपाएका उद्योगहरुले आफ्नो उत्पादन प्रतीतपत्रको माध्यमद्वारा वा प्रचलित बैकिङ्ग कागजातको माध्यमबाट निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा लाग्ने भन्सार महसुल र स्थानीय विकास शुल्क निम्नलिखित शर्त र कार्यविधिको अधिनमा रही धरौटी राखी पैठारी गर्न पाउनेछ । नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलको हकमा उद्योग विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरी सुविधा दिन सिफारिस गरेको अवस्थामा मात्र यस्तो सुविधा दिइनेछ ।

(१) यस्ता उद्योगहरुले यस दफाबमोजिम पैठारी गर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा तयारी वस्तु निकासी गर्ने व्यहोरा जनाई उक्त कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा दरबन्दी अनुसार लाग्ने भन्सार महसुल एवं स्थानीय विकास शुल्क धरौटीमा जांचपास गर्ने व्यवस्थाको लागि तोकिएको ढांचामा भन्सार अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उक्त निवेदनको आधारमा, पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने भन्सार महसुल र स्थानीय विकास शुल्क वापतको रकम धरौटीमा राखी जांचपास गरिनेछ । साथै कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा वा निकासी प्रक्रिया पुरा गरेपछि सोको विवरण पैठारीकर्तालाई दिइने निर्धारित ढांचाको पासबूकमा स्पष्टसंग उल्लेख गरिनेछ ।

(३) यस दफाबमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट उत्पादित तयारी

मालवस्तु १२ महिनाभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिसक्नुपर्नेछ ।

(४) उद्योगले आफ्नो उत्पादन परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गर्दा नेपाल सरकारबाट आंशिक वा पूर्णरुपमा महसुल सुविधा पाएको आयोजना वा निकायलाई बिक्री गर्ने भएमा मात्र उपर्युक्तबमोजिमको सुविधा प्रदान गरिनेछ ।

(५) यसरी निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेश मैं बिक्री गरेको प्रमाण, बैङ्कद्वारा प्रमाणित विदेशी मुद्रा आर्जन भएको कागजात वा वस्तु विनिमय अन्तर्गत मालवस्तु निकासी भएको भए सोवापत मालवस्तु पैठारी भएको प्रमाण र उद्योग विभागको खपत अनुपातको प्रमाण सहित तोकिएको ढांचामा उक्त धरौटी फुकुवा वा फिर्ताको लागि उपदफा (३) को अवधिभित्रै सम्बन्धित भन्सार कार्यालयमा निवेदन गर्नुपर्नेछ ।

(६) धरौटी फुकुवाको लागि उपदफा (५) बमोजिम को अवधिभित्र निवेदन गरेपछि पेश भएका कागजातको छानविन गरी एक महिनाभित्र धरौटी फुकुवा गरिनेछ । यसरी धरौटी फुकुवा भएको विवरण पासबूकमा जनाइदिनु पर्नेछ ।

(७) उद्योगले यस दफाबमोजिम पैठारी गर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने महसुल र स्थानीय विकास शुल्कमा फुकुवा भएको धरौटी मिलान गरी पासवुकमा जनाइनेछ । एक महिनासम्म त्यस्तो फुकुवा भएको धरौटी मिलान हुन नसकेमा त्यस्तो बढी भएको धरौटी रकम फिर्ता दिइनेछ ।

(८) यस दफाबमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट तयारी वस्तु बनाई निकासी गर्दा पैठारीको अवस्थाको कारोवार मूल्यमा कम्तीमा २० प्रतिशत मूल्य अभिवृद्धि भएको हुनुपर्नेछ ।

(९) यस दफाबमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट उत्पादित मालवस्तु शर्तबमोजिम पूर्ण वा आंशिक निकासी नगरेमा वा स्वदेशमै उपदफा (३) अनुसार परिवर्त्य विदेशी मुद्रामा बिक्री नगरेमा स्थानीय बिक्री मानी स्थानीय बिक्री गरे जतिको हकमा नियमानुसार लाग्ने महसुल धरौटी रहेको रकमबाट सदरस्याहा गरी लाग्ने महसुलको १० प्रतिशत जरिवाना समेत पैठारीकर्ताबाट असुल गरिनेछ ।

(१०) यसरी धरौटीमा कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्ने र त्यसबाट निर्मित मालवस्तु निकासी गर्ने प्रयोजनका लागि भन्सार विभागले भन्सार कार्यालयहरु तोक्नेछ ।

तर, उद्योगले यस्तो सुविधामा कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा भन्सार विभागले तोकेकोमध्ये कुनै एउटा भन्सार कार्यालयबाट मात्र गर्नुपर्दछ ।

९क. <u>विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले पैठारी तथा निकासी गर्ने मालवस्तुमा नेपाल सरकारले भन्सार महसुल छुट तथा अन्य सुविधा दिने:</u> (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष आर्थिक क्षेत्र भनी तोकिदिएको क्षेत्रमा अवस्थित उद्योगले पैठारी तथा निकासी गर्ने देहायका मालवस्तुमा नेपाल सरकारले बैङ्क जमानतमा भन्सार महसुल छुट प्रदान गर्नेछ :

(क) निकासी गर्ने तयारी मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) एवं उत्पादनमा प्रयोग हुने अन्य पदार्थ,

(ख) उद्योगको लागि आवश्यक पर्ने प्लान्ट, मेशिनरी, यन्त्र उपकरण, औजारहरु तथा पार्टपुर्जा ।

(२) कुनै पैठारीकर्ताले पैठारी गरेको मालवस्तु विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगलाई तोकिएबमोजिम बिक्री गरेमा निजले त्यस्तो मालवस्तु पैठारी गर्दा भन्सार महसुल तिरेको रहेछ भने भन्सार कार्यालयले निजलाई त्यस्तो भन्सार महसुल तोकिएबमोजिम फिर्ता दिनेछ ।

(३) विशेष आर्थिक क्षेत्रबाहिर रहेको कुनै उद्योगले उत्पादन गरेको तयारी मालवस्तु विशेष आर्थिक क्षेत्रभित्र अवस्थित उद्योगलाई तोकिएबमोजिम बिक्री गरेमा सो बिक्रीलाई निकासी गरेसरह मानी निकासी गर्दा पाएसरहको भन्सार महसुल तथा अन्य सुविधा प्रदान गरिनेछ ।

(४) विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले यस दफाबमोजिम भन्सार महसुल छुटमा पैठारी गरेका कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट तयार भएका मालवस्तु सम्बन्धित उद्योगले नेपालमा खपत गर्ने गरी बिक्री गरेमा त्यस्तो मालवस्तुमा प्रयोग भएको कच्चा पदार्थ वा

सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने महसुल बुझाएपछिमात्र त्यस्तो मालवस्तु विशेष आर्थिक क्षेत्रबाहिर लैजान दिइने छ ।

१०. **<u>मालवस्तु पुनःनिर्यात वा पुनःआयात सम्बन्धी व्यवस्थाः</u>** (१) नेपालभित्र उत्पादन भएको वा तयार भएको मालवस्तुहरु भन्सार कार्यालयबाट निकासीको प्रक्रिया पूरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कारणले पुनः पैठारी गरी ल्याएको अवस्थामा भन्सार ऐनको दफा १० बमोजिम लाग्ने भन्सार महसुल भन्सार कार्यालयको प्रमुखले पूर्णरुपमा छुट दिन सक्नेछ । यसरी छुट दिएको महसुल सहितको जानकारी भन्सार कार्यालयको प्रमुखले तुरुन्त महानिर्देशकलाई दिनु पर्नेछ । साथै पुनः पैठारी भएको मालवस्तुको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ बैङ्क ग्यारेण्टीमा पैठारी भएको रहेछ भने उक्त कच्चा पदार्थ वा सहायक कच्चा पदार्थमा लाग्ने महसुल असुल गरिनेछ ।

(२) नेपालको अन्य राष्ट्रहरुसंग भएका द्विपक्षीय तथा बहुपक्षीय सम्झौता वा सन्धिको प्रतिकूल नहुने गरी नेपाल सरकारले तोकेको प्रक्रियाबमोजिम एक मुलुकबाट आयातित मालवस्तुहरु पुनः अर्को मुलुकमा ६ महिनाभित्र निर्यात गर्ने गरी पैठारी गरेमा उक्त मालवस्तुमा दरवन्दी अनुसार लाग्ने भन्सार महसुल एवं अन्य शुल्कहरु धरौटीमा राखी पैठारी गर्न दिन सकिनेछ । यस्ता वस्तुहरु निकासी गर्दा पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको विदेशी मुद्रामा नघट्ने गरी आर्जन गरेको प्रमाण र निकासी भएको प्रमाण पेश गरेको एक महिनाभित्र धरौटी रहेको रकमबाट लाग्ने पैठारी महसुलको १० प्रतिशत रकम असुल गरी बाँकी भन्सार महसुल र अन्य शुल्कहरु फिर्ता गरिनेछ ।

(३) नेपालभित्र पैठारी भएका मालवस्तुहरु जुन उद्देश्यको लागि पैठारी गरेको हो सो उद्देश्य परिपूर्ति हुन नसकेको वा नेपालमा खपत नहुने भई फिर्ता पठाउनु परेको वा प्रयोगशाला परीक्षणबाट गुणस्तरहीन ठहरिएमा सोको सट्टा सोही प्रकारको अर्को मालवस्तु यस उपदफाबमोजिम पैठारी गरिसकेको वा फिर्ता पठाएको तीन महिनाभित्र सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्ने वा सो वापत भुक्तानी भएको विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा भन्सार कार्यालयका प्रमुखको स्वीकृति लिई त्यस्तो मालवस्तु पैठारी भएको वा भन्सार कार्यालयमा आइपुगेको मितिले तीन महिनाभित्र फिर्ता लैजान दिइनेछ । फिर्ता पठाउनु पर्ने मालवस्तु फिर्ता गर्नु अगावै आपूर्तिकर्ताले

सोको सट्टा सोही प्रकारको अर्को मालवस्तु पठाएको अवस्थामा पैठारीकर्ताको निवेदन र पेश भएका कागजातबाट उक्त मालवस्तु सट्टा भर्ना स्वरुप पैठारी भएको देखिएमा लाग्ने महसुल लिई भन्सार अधिकृतले जाँचपास गर्न सक्नेछ । यसरी फिर्ता पठाएको मालवस्तुमा भन्सार महसुल लाग्नेछैन र पैठारी गर्दा भन्सार महसुल तिरिसकेको भए फिर्ता दिइनेछ । मालवस्तु फिर्ता पठाएको तीन महिनाभित्र सट्टाभर्ना स्वरुप मालवस्तु पैठारी नगरेमा वा पहिले भुक्तानी भएको विदेशी मुद्रा फिर्ता नल्याएमा प्रचलित कानूनबमोजिम कारवाई गरिनेछ । यस उपदफाबमोजिम मालवस्तु पैठारी गर्दा र निकासी गर्दा एउटै भन्सार कार्यालयबाट गर्नुपर्नेछ ।

(४) दुई पक्षीय सन्धीमा असर नपर्ने गरी प्रयोग भइसकेको औद्योगिक मेशिनरी यन्त्र एवं उपकरणहरु विदेशमा बिक्री गर्न चाहेमा बिक्री वापतको विदेशी मुद्रा अग्रिम रुपमा प्राप्त भई सकेको वा सो वापत खोलिएको प्रतीतपत्रको आधारमा उद्योग विभागको सिफारिसमा निकासी गर्न दिइनेछ ।

(५) दुई पक्षीय सन्धीमा असर नपर्ने गरी नेपालमा प्रयोग भइसकेका निर्माण सम्बन्धी पुराना यन्त्र उपकरणहरु विदेशमा बिक्री गर्न चाहेमा बिक्री वापतको विदेशी मुद्रा अग्रिम रुपमा प्राप्त भएको वा सो वापत खोलिएको प्रतीतपत्रको आधारमा निकासी गर्न दिइनेछ ।

११. **वस्तु वर्गीकरण**: (१) निकासी वा पैठारी हुने मालवस्तुको भन्सार महसुल निर्धारण गर्दा कुन मालवस्तु भन्सार दरबन्दीको कुन शीर्षक/उपशीर्षकमा पर्दछ भन्ने द्विविधा परी भन्सार ऐन, (संशोधन सहित) २०१९ को दफा ४४क बमोजिम महानिर्देशकले शीर्षक तोक्दा, अन्तर्राष्ट्रिय कन्भेन्सनको आधारमा तोक्नेछ । यसको लागि नेपाल समेत सदस्य रहेको विश्व भन्सार संगठनको औपचारिक अंग्रेजी प्रतिलाई मुख्य आधार मानिनेछ ।

(२) निकासी/पैठारीकर्ताले मालवस्तु निकासी पैठारी गर्नुपूर्व नै मालवस्तुको शीर्षक तोकिदिन आवेदन गरेमा आवश्यकतानुसार सम्बन्धित कागजात र नमूना समेत जांचबुझ गरी भन्सार विभागले शीर्षक यकिन गरिदिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम वर्गीकरण गर्दा भन्सार प्रयोगशाला वा अन्य प्रयोगशाला वा सम्बन्धित विषयको विशेषज्ञको राय लिन सकिनेछ ।

(४) मालवस्तु जांचपास गर्दा वस्तु वर्गीकरण वा वस्तु पहिचान तथा गुणस्तर परीक्षण गर्न आवश्यक देखिएका वा महानिर्देशकले प्रयोगशाला परीक्षण गराई मात्र जाँचपास गर्ने भनी तोकिदिएका माल वा वस्तुहरुको नमूना संकलन गरी परीक्षणका लागि भन्सार अधिकृतले भन्सार प्रयोगशाला वा प्रचलित कानूनले निर्धारित गरेको प्रयोगशालामा पठाउनु पर्नेछ ।

(५) भन्सार दरबन्दी प्रयोजनको लागि निर्धारित ८ अंकको उपशीर्षकलाई तथ्यांक प्रयोजनको लागि महानिर्देशकले अंक थप गर्न सक्नेछ ।

१२. **सवारी साधन पैठारी सम्बन्धी विशेष व्यवस्थाः** (१) रिकण्डिसन, प्रयोग भइसकेका तथा नेपाल सवारी प्रदूषण मापदण्ड २०५६ भित्र नपर्ने सवारी वा ढुवानीका साधनहरु (एम्बुलेन्स र दमकलबाहेक) पैठारी गर्न पाइने छैन । उल्लिखित मापदण्डभित्र नपर्ने सवारी वा ढुवानीका साधन पैठारी भएमा सोको जिम्मेवारी पैठारीकर्तामा नै रहनेछ ।

तर एक वर्षभन्दा बढी विदेशस्थित नेपालको कूटनीतिक नियोगमा काम गरी कार्य अवधि समाप्त भई फर्केका नेपाली नागरिकहरुले विदेशमा आफ्नो नाममा दर्ता गरी आफैंले प्रयोग गरेको सवारी साधन वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिसमा पैठारी गर्न सक्नेछन् ।

(२) कार्नेट अन्तर्गत पर्यटकहरुले ल्याएका व्यक्तिगत प्रयोगका यातायातका साधनहरु नेपालभित्र अस्थायी रुपमा प्रथम पटक प्रवेश गरेको मितिले प्रत्येक १२ महिना (एकवर्ष) को अवधिमा लगातार वा पटक पटक गरी जम्मा ६ महिनाको अवधिसम्म नेपालभित्र विना महसुल राख्न पाउनेछन् । यसरी ल्याइएका (पैठारी भएका) यातायातका साधनहरु ६ महिनाभित्र फिर्ता नलगेमा स्वतः जफत हुनेछ । तर दुर्घटना भई प्रहरी हिरासतमा रहेको वा मर्मतको लागि वर्कशपमा रहेको भनी प्रहरी कार्यालयले सिफारिस गरेको अवधि भने भन्सारले कार्नेटमा तोकिदिएको अवधिमा गणना हुनेछैन । यसरी कार्नेट अन्तर्गत पैठारी भएका सवारी साधनहरु दान, दातब्य वा उपहार दिन वा बिक्री गर्न पाइनेछैन । कार्नेट अर्न्तगत सवारी साधनसाथ रहेका मालवस्तुहरु सवारी साधन साथ फिर्ता लैजान पर्ने व्यहोरा कार्नेटमा जनाई छाड्न सकिनेछ ।

(३) कार्नेटबाहेक अस्थायी तवरबाट पैठारी गरी ल्याएका मोटरकार, स्टेशन वाइगन, लैण्डरोभर, जीप, ट्रक, ट्रयाक्टर, लहरी, भ्यान र

मोटरसाइकल आदि साधनहरु र तिनका टेलर समेतमा देहायबमोजिम भन्सार महसुल लगाई असुल उपर गरिनेछः

(क) अस्थायी पैठारी गरी ल्याएको ट्र्याक्टरमा दैनिक रु.१००।- का दरले पैठारी महसुल असुल गरिनेछ । तर ट्रेलर फिट भएको ट्र्याक्टर वा ट्रेलर मात्र अस्थायी पैठारी गरी ल्याएमा प्रति दिन रु.३००।- का दरले महसुल असुल गरिनेछ । तर मालवस्तु बोकी ल्याएका ट्रेलर सहितको ट्र्याक्टर ४८ घण्टाभित्र रित्तै फर्किगएमा सो ट्र्याक्टरको महसुल लिइने छैन । यसरी पैठारी गरी ल्याएको ट्र्याक्टर, ट्रेलर वा ट्रेलरसहितको ट्र्याक्टर तीन महिनाभन्दा बढी नेपालमा राख्न पाइने छैन ।

(ख) अस्थायी तवरबाट पैठारी गरिएका र कार्नेट नभएका सवारी साधनहरु पैठारी हुंदा नजिकको बजारसम्म पुगी सोही दिन प्रवेश गरेकै नाकाबाट फिर्ता भएमा कुनै महसुल लाग्ने छैन । सोबाहेकको कार, जीप र भ्यानको अस्थायी पैठारीमा ३० दिनसम्मको लागि दैनिक रु.३००।- का दरले र बस, मिनिबस लगायतका टुरिष्ट गाडीमा दैनिक रु.३५०।- का दरले महसुल लाग्नेछ । तर मोटरसाइकल तथा स्कूटरको हकमा दैनिक रु.१००।- र तीन पाङ्ग्रे सवारी साधनमा दैनिक रु.२००।- महसुल लाग्नेछ । यसरी महसुल तिरी अस्थायी पैठारी भएका सवारी साधनहरु एक वर्षमा ३० दिनभन्दा बढी नेपालभित्र राख्न पाइनेछैन ।

तर दुई देशबीच भएको सम्झौता वा सहमतिबमोजिम संचालन गरिने यात्रुवाहक बस तथा मिनिबसहरु अस्थायी पैठारी गर्दा सम्झौता वा सहमतिमा तोकिएबमोजिम हुनेछ ।

(ग) मालवस्तुहरुको परिवहनको लागि ट्रेक्टरबाहेकका गाडीहरुलाई अस्थायी रुपमा एकपटकमा ७ दिनसम्म प्रति दिन रु.६००।- का दरले महसुल लिई पैठारी गर्न दिन सकिनेछ ।

(घ) अस्थायी पैठारी गरी ल्याएका सवारी र ढुवानीका साधनहरु अनिवार्यरुपमा फिर्ता लैजानु पर्नेछ । उपरोक्त (क), (ख) र (ग) मा उल्लिखित सवारी र ढुवानीका

साधनहरु प्रज्ञापनपत्रमा घोषणा गरेको अवधिभन्दा बढी बसेको फेला परेमा वा नेपालभित्र भुट्टा विवरण दिई बसेको ठहरेमा जफत गर्न सकिनेछ । फिर्ता लैजाने क्रममा मनासिव कारण भएमा सवारी साधनको मूल्यमा नबढ्ने गरी बढी बसेको अवधिको मोटरसाइकलमा दैनिक रु.४००।- र अन्य सवारी साधनमा दैनिक रु.७००।- का दरले महसुल असुल गरी फिर्ता लैजान दिन सकिनेछ ।

(ङ) विदेशबाट मालवस्तु ढुवानी गरी ल्याएको ट्रक र मालवस्तुसहितको कन्टेनर बोकी ल्याएको ट्रेलरलाई सो मालवस्तु गन्तव्यस्थलमा अनलोड गर्नको लागि र रित्तो कन्टेनर लिई आएको ट्रेलरलाई  भन्सार क्षेत्रभित्र रहेको मालवस्तु लोड गर्नका निमित्त ७२ घण्टासम्म अस्थायी पैठारी महसुल लिइने छैन । यसरी नेपाल प्रवेश गरेका ट्रक वा ट्रेलरले भन्सार क्षेत्रबाहिरबाट मालवस्तु ढुवानी गरेमा नेपालभित्र प्रवेश गरेको दिनदेखिकै महसुल लाग्नेछ ।

तर बन्द, हड्ताल, दैवीप्रकोप, दूर्घटना जस्ता कारणले ७२ घण्टाभित्र फिर्ता हुन नसकेकोले अस्थायी महसुल लाग्ने अवस्था भएमा भन्सार कार्यालयका प्रमुखले बढीमा २४ घण्टासम्मको म्याद थप दिन सक्नेछ र यसरी म्याद थप दिइएको अवधिको महसुल लाग्नेछैन ।

(४) भाग ८७ को गाडी र तिनका चेसिस पैठारी भएकोमा जुन किसिमको सवारी साधनको चेसिस वा जुन किसिमको गाडी भनी महसुल बुझाएको छ सोही किसिमको सवारी साधनमा दर्ता गर्नु पर्नेछ । अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्नु परेमा भन्सार कार्यालयले, महसुल नपुग हुने भए सो रकम असुल गरी स्वीकृति दिएको अवस्थामा मात्र अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्न सकिनेछ र उपरोक्तानुसार स्वीकृति नलिई दर्ता गरेको वा प्रयोगमा ल्याएको सवारी साधनहरु जफत गरिनेछ ।

(५) यस भागको शीर्षक ८७०२ को प्रयोजनका लागि सीट संख्या गणना गर्नु पर्दा नियमित सीट र ड्राइभर सिट गणना गरिनेछ । तर कण्डक्टर सीट एवं अन्य अतिरिक्त सीट तथा फोल्डीङ्ग सीटलाई गणना गरिनेछैन ।

(६) विद्युत, वा ब्याट्रीबाटमात्र चल्ने सवारी साधन उत्पादन गर्ने उद्योगले तीन पांग्रे सवारी (सफा टेम्पो) को चेसिस, इन्जीन, मोटर, एकुमुलेटर (ब्याट्री), ब्याट्री चार्जर पैठारी गर्दा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(७) यातायात व्यवस्था कार्यालयमा दर्ता भइसकेका डिजेल तथा पेट्रोलबाट चल्ने टेम्पोलाई ब्याट्रीबाट संचालन गरी सफा टेम्पो बनाउने प्रयोजनका लागि यस्ता उद्योग वा टेम्पोधनीले पैठारी गर्ने यन्त्र तथा उपकरणमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(८) टेम्पोबाहेक विद्युत वा ब्याट्रीबाटमात्र चल्ने अन्य सवारी तथा ढुवानी साधनको उत्पादन गर्ने उद्योगले उक्त सवारी साधनको उत्पादनमा प्रयोग हुने चेसिस, इन्जिन, मोटर, एकमुलेटर (ब्याट्री), ब्याट्री चार्जर पैठारी गरेमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(९) विद्युत वा ब्याट्रीबाटमात्र चल्ने गरी उत्पादन भएका भाग ८७ का सवारी तथा ढुवानी साधन पैठारी गर्दा दरबन्दीबमोजिम लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट हुनेछ ।

(१०) नेपाल सरकार र नेपाल सरकारको पूर्ण स्वामित्व रहेका संस्थाहरुले महसुल सुविधामा पैठारी गरिएका ५ वर्ष भन्दा पुराना गाडीहरु र यन्त्रोपकरण समेत लिलाम बिक्री गर्दा त्यसमा भन्सार तथा अन्य कर महसुलहरु लाग्ने छैन । तर भन्सार ऐन, नियम अनुसार जफत भई नेपाल सरकारको निर्णयानुसार नेपाल सरकारको स्वामित्वमा रहेका सवारी साधन लिलाम गर्दा उपरोक्त ५ वर्षको बन्देज लागू हुनेछैन ।

(११) भाग ८७ मा व्यवस्था भए अनुसार अस्थायी पैठारी भएका सवारी तथा ढुवानी साधनहरु दुर्घटना भई वा अन्य अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यहोरा सम्बन्धित प्रहरी वा राजस्व अनुसन्धान विभाग वा अन्तर्गत कार्यालयबाट प्रमाणित भएमा सो अवधिको लाग्ने महसुल मूल भन्सार कार्यालयको प्रमुखले मिनाहा दिनसक्नेछ ।

(१२) कृषि कार्यमा प्रयोग हुने ट्रयाक्टरमा २.५ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ र यसरी पैठारी भएका ट्रयाक्टर ढुवानी कार्यमा प्रयोग गर्ने गरी दर्ता गर्नुपरेमा पैठारी हुँदा कायम भएको मूल्यमा प्रति वर्ष १० प्रतिशतका दरले (वार्षिक अवशिष्ट मूल्य) अधिकतम ५ वर्षको ह्रासकट्टी गरी बाँकी मूल्यमा दरवन्दी

अनुसार लाग्ने भन्सार महसुलमा पहिले तिरेको भन्सार महसुल कट्टा गरी बाँकी महसुल बुझाएरमात्र दर्ता गर्नुपर्नेछ ।

(१३) सवारी प्रदूषण कम गर्ने उद्देश्यले सवारी साधनमा प्रयोग गर्नेगरी पैठारी गर्ने क्याटलिक कन्भर्टर र म्याग्नेटाइजरमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(१४) मालवस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी पूर्णरुपले रेफ्रिजिरेटिङ्ग प्रणाली जडान गरिएका शीर्षक ८७०४ मा पर्ने ढुवानीका साधनहरुमा १०% मात्र भन्सार महसुल लाग्नेछ ।

(१५) सरकारी एवं निजी क्षेत्रका अस्पतालबाहेक कानूनबमोजिम दर्ता भएका अन्य संघ, संस्था, कम्पनी एवं उद्योगले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा उपदफा (१७) को खण्ड (ख) बमोजिमको शर्तका अधिनमा रही पैठारी गर्ने एम्बुलेन्स र शवबाहन एक/एक थानमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल छुट दिइने छ । यस उपदफाबमोजिम सिफारिस गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उक्त संस्थाले त्यसभन्दाअघि यस्तो सुविधा उपभोग नगरेको व्यहोरा उक्त सिफारिस पत्रमा खुलाउनु पर्नेछ ।

(१६) सरकारी अस्पतालले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा पैठारी गर्ने एम्बुलेन्स र शवबाहनमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल छुट दिइनेछ ।

(१७) स्वीकृति प्राप्त निजी अस्पतालहरुले एम्बुलेन्स र शवबाहन पैठारी गर्दा देहायबमोजिमको शर्तमा देहायबमोजिम भन्सार महसुल छुट दिइनेछ :

(क) एक सयभन्दा कम शैया भएको निजी अस्पतालको लागि एउटा एम्बुलेन्स र एउटा शवबाहन तथा एक सय वा सोभन्दा बढी शैया भएको अस्पतालको लागि दुइवटासम्म एम्बुलेन्स र एउटा शववाहनमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूशन नेपालको सिफारिसमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल छुट दिइने छ । यस खण्डबमोजिम सिफारिस गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा एसोसियसन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूशन नेपालले उक्त संस्थाले त्यसभन्दा अघि यस्तो सुविधा उपभोग नगरेको व्यहोरा उक्त सिफारिस पत्रमा खुलाउनु पर्नेछ ।

यसरी सुविधामा पैठारी भएको एम्बुलेन्स पुरानो भई प्रयोग गर्न नसकिने भएमा त्यसलाई स्क्र्याप गरेको प्रमाण भन्सार कार्यालयमा पेश गरेपछि सोही प्रकारको अर्को एम्बुलेन्स पैठारी गर्दा समेत यो सुविधा दिइनेछ ।

(ख) उपदफा (१५) वा यस उपदफाको खण्ड (क) बमोजिमको महसुल छुट सुविधाको लागि पैठारीकर्ताले निम्नबमोजिमको शर्त पालना गर्नुपर्नेछः

(१) एम्बुलेन्स वा शवबाहन पैठारी गर्दा पैठारीकै अवस्थामा त्यस्तो एम्बुलेन्स वा शवबाहनको अगाडि पछाडि टाढैबाट देखिने गरी ठूला ठूला अक्षरमा एम्बुलेन्स (Ambulance) वा शवबाहन भनी लेखिएको हुनुपर्नेछ ।

(२) एम्बुलेन्समा साइरन, इमर्जेन्सी बत्ती, स्ट्रेचरका साथै अन्य आवश्यक औजारहरु फिट गरिएको हुनुपर्नेछ ।

(३) एम्बुलेन्स वा शवबाहनमा चालकको पछाडिपट्टि कुनै पनि सीट राखिएको हुनुहुँदैन ।

(४) त्यस्तो एम्बुलेन्स विरामीको सेवाबाहेक अन्यत्र प्रयोग गर्न र शवबाहन शवको ओसार पसार गर्नबाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइनेछैन ।

(५) उक्त एम्बुलेन्स वा शवबाहन नेपाल सरकारको सवारी प्रदूषण मापदण्डभित्र रहेर संचालन गर्नुपर्नेछ ।

(६) यसरी पैठारी भएको एम्बुलेन्स वा शवबाहनको सवारी दर्ता गर्दा एम्बुलेन्स वा शवबाहन भनी सवारी दर्ता प्रमाणपत्रमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(ग) खण्ड (ख) मा उल्लेखित शर्त उल्लघंन गरेको पाइएमा त्यस्तो एम्बुलेन्स वा शवबाहन जफत गरी बिगोबमोजिम जरिवाना गरिनेछ ।

(१८) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा सरकारी अस्पतालले र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा एशोसियसन

अफ प्राइभेट हेल्थ इन्स्टिच्यूसन नेपालको सिफारिसमा निजी अस्पतालले पैठारी गर्ने माइक्रोबस एवं मिनिबसहरुमा देहायबमोजिम भन्सार महसुल छुट दिइनेछः

(क) न्यूनतम पन्ध्र शैयादेखि पचास शैयासम्म भएको अस्पतालको लागि माइक्रोबस वा मिनिबसमध्ये एउटा र पचास शैयाभन्दा बढी भएको अस्पतालको लागि माइक्रोबस वा मिनिबस मध्ये जम्मा दुइवटा सवारी साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट दिइनेछ ।

(ख) खण्ड (क) बमोजिम सुविधामा पैठारी भएको माइक्रोबस वा मिनिबस पुरानो भई प्रयोग गर्न नसकिने भएमा त्यसलाई स्क्र्याप गरेको प्रमाण भन्सार कार्यालयमा पेश गरेपछि सोही प्रकारको अर्को सवारी साधन पैठारी गर्दा समेत यो सुविधा दिइनेछ ।

(१९) विदेशी नियोग तथा दातृ संस्थाले कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेको सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरुप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएकोबाहेक) पैठारी भएका सवारी साधन आयोजना समाप्तिपछि अर्थ मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा परिवर्तन गरी सरकारी निकायमा हस्तान्तरण गर्दा एक प्रतिशत भन्सार महसुल लाग्नेछ ।

(२०) कूटनीतिक नियोग, परियोजना र अन्य निकायहरुले (सरकारी एवं गैरसरकारी संघ संस्था) महसुल सुविधामा पैठारी गरेका शुरु उत्पादन वर्षले १५ वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा लाग्ने भन्सार महसुल पूर्ण छुट हुनेछ ।

(२१) निजी प्रयोगको लागि आंशिक भन्सार महसुल सुविधामा पैठारी गरिएका सवारी साधनका धनीको मृत्यु भई उक्त सवारी साधनलाई निजको हकवाला पति वा पत्नीको नाममा नामसारी गर्दा भन्सार महसुल लाग्नेछैन ।

१३. **भन्सार सुविधा (कूटनीतिक सुविधा), पूर्ण वा आंशिक महसुल सुविधा, लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण वा मालवस्तुहरु सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारबाट भन्सार सुविधा (कूटनीतिक सुविधा) वा पूर्ण वा आंशिक महसुल सुविधा पाई वा नेपाल सरकारको निर्णयबाट १ प्रतिशत भन्सार महसुल लिई वा लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुहरु बिक्री गरेमा वा उपहार दिएमा वा आफैंले उपयोग गरेमा माथि अनुसूची-१ बमोजिम लाग्ने कुल भन्सार महसुलको ६० प्रतिशत छुट हुनेछ । आंशिक महसुल छुटमा पैठारी भएका सवारी साधनका हकमा पहिले तिरेको भन्सार महसुल रकम कट्टा गरी बाँकी महसुल असुल गरिनेछ ।

तर, यस्ता सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुहरु पैठारी गरेको मितिले ५ वर्ष अवधि ब्यतित भइसकेको हुनुपर्नेछ । भन्सार सुविधा (कूटनीतिक सुविधा) वा महसुल सुविधामा पैठारी भएका यस्ता सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुको हकमा सो सुविधा कुनै व्यक्तिको हकमा उपलब्ध गराउंदा निजको नेपालमा पदाधिकार रहेको अवधिभर एकपटकमात्र दिइनेछ ।

(२) कुनै खास कार्य वा प्रयोजनको लागि अस्थायी तवरबाट पछि फिर्ता लैजाने शर्तमा लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं अन्य मालवस्तुहरु उक्त कार्य समाप्त भएपछि नेपालभित्र कसैलाई उपहार दिई वा बिक्री गरी वा आफैले प्रयोग गर्ने गरी महसुल बुझाई सकेको अवस्थामाबाहेक ३ महिनाभित्र फिर्ता लगिसक्नु पर्नेछ । यसरी तोकिएको अवधिभित्र फिर्ता नलगेका वा महसुल नबुझाएका सवारी साधन, यन्त्रोपकरण एवं अन्य मालवस्तुहरु नेपाल सरकारले म्याद थप दिएको अवस्थामाबाहेक जफत गरिनेछ ।

(३) उपदफा (२) को अवधिभित्र फिर्ता नलगेका वा महसुल नबुझाई म्याद नघाइ राखिएका सवारी साधन, यन्त्रोपकरण वा अन्य मालवस्तुहरुको यथार्थ सूचना दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई त्यस्तो मालवस्तु लिलाम गरी प्राप्त हुने रकमको १५ प्रतिशत रकम पुरस्कार स्वरुप दिइनेछ ।

(४) नेपालभित्रका आयोजना संचालनार्थ ती आयोजना वा ठेकेदारको नाममा पैठारी हुने सवारी र ढुवानीका साधन लगायतका निर्माण उपकरण र यन्त्रहरु समेतको सम्वन्धमा देहायबमोजिम हुनेछः

(क) नेपाल सरकारसंग भएको सम्झौता वा नेपाल सरकारको निर्णयको अधिनमा रही आयोजना वा सम्बन्धित ठेकेदारको नाममा पैठारी भएको सवारी र ढुवानी साधन, निर्माण उपकरण र यन्त्रहरु लगायतका मालवस्तु समेत आंशिक भन्सार महसुल लिई वा महसुल वापतको बैङ्क ग्यारेण्टी लिई वा लगतमा जनाई अस्थाई पैठारी गर्न दिइनेछ ।

(ख) यसरी पैठारी हुने सवारी र ढुवानी साधन लगायतका मालवस्तु पैठारी गर्दा प्रज्ञापन पत्रमै नेपालभित्र रहने अवधि उल्लेख गरी जांचपास गर्नुपर्नेछ । निर्धारित अवधिमा आयोजना सम्पन्न नभएको कारणले प्रज्ञापन पत्रमा उल्लिखित अवधिभन्दा बढी अवधिसम्म नेपालभित्र राख्नुपर्ने भएमा सम्बन्धित निकायबाट स्वीकृति लिई आयोजनाको अवधि थप भएको जानकारी भन्सार विभागलाई दिनुपर्नेछ । सो आधारमा भन्सार विभागले सम्बन्धित भन्सार कार्यालय एवं अन्य निकायलाई जानकारी गराउनेछ ।

(ग) उपर्युक्तानुसार पैठारी हुने सवारी र ढुवानी साधनको दर्ता गर्दा छुट्टै पहिचान हुने किसिमले दर्ता गरिने छ र परियोजना अवधि समाप्त भएपछि यस्ता साधनको नवीकरण गरिनेछैन ।

(घ) यसरी पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तु नेपालको एउटा आयोजनाबाट अर्को आयोजना संचालनको लागि भन्सार महसुल नतिरी लगत हस्तान्तरण गरिनेछैन ।

(ङ) नेपाल सरकारले म्याद थप दिएकोमाबाहेक आयोजना सम्पन्न भएको मितिले ३ महिनाभित्र उपरोक्तानुसारका मालवस्तुहरु फिर्ता लगिसक्नु पर्नेछ ।

(च) खण्ड (ङ) बमोजिम फिर्ता नलगी आफैंले उपयोग गरेमा, कसैलाई उपहार दिएमा वा बिक्री गरेमा उल्लेखित अवधिभित्रै यस अनुसूचीबमोजिम लाग्ने महसुल बुझाई सक्नुपर्नेछ । यसरी म्यादभित्र फिर्ता नलगेका र महसुल पनि नबुझाएका उक्त सवारी साधन, यन्त्रोपकरण एवं अन्य मालवस्तुहरुको हकमा माथि उपदफा (२) मा लेखिएबमोजिम हुनेछ ।

(छ) तोकिएको अवधिभित्र फिर्ता नलगी वा महसुल नबुझाई म्याद नघाई राखेका यस्ता मालवस्तुहरुको यथार्थ सूचना दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई माथि उपदफा (३) बमोजिम पुरस्कार दिइनेछ ।

(ज) सम्बन्धित ठेकेदारले एउटा परियोजनाको नाममा पैठारी गरेको मालवस्तु फिर्ता नलगी वा महसुल नतिरी अर्को परियोजनाका लागि सोही ठेकेदारले सवारी साधन यन्त्रोपकरण एवं मालवस्तुहरु पैठारी गर्न पाउनेछैन ।

१४. **देहायका मालवस्तुहरुमा देहायबमोजिम आंशिक भन्सार महसुल छुट दिइनेछ** : (१) मूल्य अभिवृद्धि करमा दर्ता भएका धागो उद्योगहरुले पैठारी गर्ने भाग ५४ र ५५ मा पर्ने आंशिक चहकिलो पारिएको धागो (पि.ओ.वाई) र सबै किसिमका मानव निर्मित स्टेपुल फाइवर्समा लाग्ने भन्सार महसुल पूर्ण रुपले छुट हुनेछ । साथै कार्पेट उद्योगहरुले पैठारी गर्ने भाग ५५ मा पर्ने सबै किसिमका मानवनिर्मित स्टेपुल फाइवरमा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट दिइनेछ :

(२) १० कि.वा. वा सोभन्दा बढी क्षमताको जेनेरेटर पैठारी गर्दा एक प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(३) (क) हवाइजहाज, हेलिकोप्टर, तिनका इन्जिन, टायर र पार्टपूर्जाको पैठारीमा १ प्रतिशतमात्र भन्सार महसुल लिई बाँकी भन्सार महसुल छुट दिइनेछ । लिजमा पैठारी भएको अवस्थामा पनि १ प्रतिशतमात्र भन्सार महसुल धरौटीमा लिइनेछ र त्यस्ता हवाइजहाज, हेलिकोप्टर वा तिनका इन्जिन फिर्ता गएपछि धरौटी फिर्ता दिइनेछ ।

(ख) हवाई सेवा सञ्चालन गर्ने गरी दर्ता भएका हवाई कम्पनीहरुले हवाइजहाज वा हेलिकोप्टरको इन्जिन मर्मत गर्नुपर्ने भई त्यस्ता इन्जिन मर्मत गर्न लाग्ने अवधिको लागि विदेशबाट भाडामा इन्जिन पैठारी गर्नु परेमा खण्ड (क) बमोजिम लाग्ने भन्सार महसुल बराबरको बैङ्क प्रत्याभूति भन्सार कार्यालयमा राखी बढीमा ८ महिनासम्मको लागि पैठारी गर्न सक्नेछन् । उक्त अवधिभित्र त्यस्ता इन्जिनहरु फिर्ता लगेमा बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ र उक्त अवधिभित्र फिर्ता

नगरेमा खण्ड (क) बमोजिम लाग्ने महसुल असुल गरिनेछ ।

(४) भन्सार महसुल दरबन्दीको भाग ३० मा पर्ने दरबन्दीमा माफी जनिएबाहेकका औषधि (च्यवनप्रास, बाम, भिक्स, स्वीचो तथा बाम, भिक्स वा स्वीचोको कार्य गर्ने अन्य यस्तै उत्पादनहरुबाहेक) मा ५ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(५) भन्सार महसुल दरबन्दीको भाग ८४ अन्तर्गत ५ प्रतिशतसम्म महसुल लाग्ने घरायसी प्रयोग हुनसक्नेबाहेकका मिल मेशिनरी एवं यन्त्रोपकरणहरु (मोल्डिङ गर्ने सांचो समेत) मा (पार्टपूर्जाबाहेक) को पैठारीमा २.५ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ । यस्ता मेशिनहरु सि.के.डी र एस.के. डी. अवस्थामा पैठारी हुंदा उल्लिखित सुविधा प्रदान गर्न द्विविधा भएमा न्यूनतम लाग्ने २.५ प्रतिशत महसुल पैठारीकै अवस्थामा असुल गरी बाँकी दरबन्दी अनुसार लाग्ने महसुलको बैंङ्क ग्यारेण्टी लिई जांचपास गर्न सकिनेछ र औद्योगिक स्थलमा मेशिन सम्पूर्ण रुपमा जडान भइसकेपछि सम्बन्धित भन्सार कार्यालयबाट औद्योगिक स्थलको निरीक्षण गरी मेशिन ठहरिने जति मालवस्तुको बैंङ्क ग्यारेण्टी फुकुवा गरिनेछ ।

तर पुराना वा प्रयोग भइसकेको मिल मेशिनरी यन्त्रोपकरणमा उपर्युक्तबमोजिमको छुट सुविधा नदिई दरबन्दीबमोजिमकै महसुल लिइनेछ ।

(६) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५क. मा जुनसुकै कुरा लेखिएको भए तापनि देशको आन्तरिक तथा बाह्य कारणले राम्रोसंग चल्न नसकि ठूलो नोक्सानी ब्यहोर्नु परेका उद्योगहरुको प्रवर्द्धन तथा सुधारको लागि नेपाल सरकारले निश्चित मापदण्ड निर्धारण गरेर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई रुग्ण उद्योग घोषणा गरी त्यस्ता उद्योगलाई सोही सूचनामा तोकिएको निकायको सिफारिसमा त्यस्ता रुग्ण उद्योगहरुको पुनर्स्थापनाको लागि पैठारी गर्ने औद्योगिक मेशिनरी र पार्टपूर्जामा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(७) चलचित्र धुलाई गर्ने ध्वनी भर्ने समेत उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीहरुले चलचित्र विकास बोर्डको सिफारिसमा पैठारी गर्ने देहायका खण्ड (क), (ख) र (ग) मा उल्लिखित मालवस्तु र चलचित्र प्रदर्शन गर्ने उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीहरुले खण्ड (घ) मा उल्लिखित मालवस्तुहरु पहिलो पटक

पैठारी गर्दा २.५ प्रतिशत महसुल लिई बांकी महसुल छुट हुनेछ । यसरी सिफारिस गर्दा चलचित्र विकास बोर्डले सम्बन्धित उद्योग वा कम्पनीको क्षमता र प्रयोगको आधारमा परिमाण किटान गरी सिफारिस गर्नुपर्नेछ ।

(क) नेगेटिभ प्रोसेसिङ्ग मेशिन, कम्प्यूटराइज्ड प्रिभ्यूएवल नेगेटिभ कटिङ मेशिन सेट, फाइनल नेगेटिभ अल्ट्राक्लिनिङ मेशिन, भिडियो एसिष्ट सहित कलर एनालाइजिङ्ग (करेक्सन) मेशिन सेट, फाइनल प्रिन्टिङ्ग तथा फाइनल प्रोसेसिङ्ग मेशिन, प्रोसेसर एवं प्रिन्टर, एनालाइजर, प्रोजेक्टर, स्टेनवेक, साउण्ड रिडर, सिक्रोमीटर, स्पालाइजर, रिवाइण्डर, ३ चिप एच.डी. क्यामेरा र सोको लेन्स, एच.डी. टेप रेकर्डर, एच.डी. हार्ड डिस्क, एच.डी.मोनिटर, पी २ रेकर्डर, पी. २ कार्ड र भिडियो क्यामेरा स्टेवलाइजर ।

(ख) कलर करेक्सन समेतको टेलिसिने मेशिन, वेटा-एस. पी. भिडियो रेकर्डर एवं टेलिसिने सम्बन्धी उपकरणहरु, मनिटर, अडियो मिक्सिङ्ग कन्सोल र बेटा भीडियो एस. पी. एवं टेपरिकर्डरहरु, डवर, मिक्चर, एम्प्लीफायर, स्पीकर र माइक्रोफोन ।

(ग) साउण्ड अप्टिकल ट्रान्सफरिङ्ग मेशिन सेट, प्रिन्ट प्रिभ्यू प्रोजेक्टरहरु, १६ एम. एम. एवं ३५ एम. एम. का क्यामराहरु, साउण्ड अप्टीकल क्यामरा, लेन्स, फिल्टरहरु, म्यागेजिन, क्यामेरा स्टैण्ड, बैट्री चार्जरहरु, ट्रली, डली, क्रेन र रिफ्लेक्टरहरु । वेवी, सपुर मल्टी-१०, मल्टी-२० सोलार, एच. एम. आई, डीमर ।

(घ) लग्जरी सिट्स, ४ टनभन्दा बढी क्षमताका एयर कण्डीसन्स, प्रोजेक्टर लेन्स, प्रोजेक्टर ल्याम्पस र रेक्टिफाइर्स, प्रोजेक्ट कन्सोल, जेनन वल्वस, प्रोजेक्ट कार्बनस, डिजिटल फिल्म सर्वर, सवउफर्स, फिल्म प्लाटर्स, फिल्म अटोमेशन इक्विपमेण्ट्स, स्क्रिन्स, डिजिटल सिनेमा प्रोजेक्टर (५००० ल्युमेन्स-नेटिभ १०८०x ७२० रिसोलुसन) र सोको लेन्स ।

(८) दाना तथा पशुपंक्षी उद्योगहरुले स्वदेशमा प्रयोग गर्ने गरी पैठारी गर्ने भन्सार दरबन्दीको शीर्षक ०५.११ मा पर्ने माछाका टुक्रा टाक्री वा धूलो, सिपीको टुक्रा, भाग २३ को

फिड सप्लीमेण्ट र भाग २५ को चून ढुंगाको धूलोमा १ प्रतिशत भन्सार महसुल लाग्नेछ । साथै, उल्लिखित उद्योगहरुले पशुसेवा विभागको सिफारिसमा पैठारी गर्ने भन्सार दरबन्दीको भाग २८, २९ र ३० मा पर्ने कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ एवं प्याकिंग मेटेरियलमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ । यसरी सिफारिस गर्दा पशु सेवा विभागले एक आर्थिक वर्षमा खपत हुनसक्ने परिमाण एकैपटक सिफारिस गर्न सक्नेछ । यस्तो सुविधा अनुसार पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं उद्योगको ट्रेडमार्क अङ्कित प्याकिंग मेटेरियलको सिफारिस गर्दा पशु सेवा विभागले खपत अनुपात र तयारी वस्तुको स्वदेशमा उपभोगको आधारमा गर्नुपर्नेछ ।

(९) औषधी व्यवस्था विभागको सिफारिशमा औषधी उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रासायनिक पदार्थ एवं प्याकिङ मेटेरियलमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ । यस्तो सिफारिस गर्दा औषधी व्यवस्था विभागले कच्चा पदार्थको खपत अनुपात, स्वदेशमा हुने उपभोग एवं विदेशमा भएको निकासीको आधारमा एक आर्थिक वर्षको लागि चाहिने परिमाण एकैपटक सिफारिस गर्नसक्नेछ ।

(१०) उद्योगहरुले औद्योगिक प्रयोजनका लागि भाग ८४ अन्तरगत पर्ने ४ टनभन्दा बढी क्षमताको एयर कण्डीसनर यूनिट पैठारी गरेमा ५ प्रतिशत भन्सार महसुल लाग्नेछ ।

(११) डेरी उद्योगहरुले विदेशबाटै आफ्नो नाम छपाई पैठारी गर्ने शीर्षक ८०.०७ का टीनका वट्टाहरुमा लाग्ने महसुलमा ५० प्रतिशत छुट हुनेछ ।

(१२) शीर्षक ५२.०५ र ५२.०७ को सूती धागोको पैठारीमा ५ प्रतिशत भन्सार महसुलमा ८० प्रतिशत छुट हुनेछ ।

(१३) मसी बनाउने उद्योग र मसलन्द उद्योगले पैठारी गर्ने शीर्षक ७०.१० को ०.३३ लिटरसम्मको बोतलमा एक प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ । साथै मसी बनाउने उद्योगले उद्योग विभागको सिफारिसमा पैठारी गर्ने रासायनिक पदार्थमा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट दिइनेछ ।

(१४) तोरी, रायो, सर्स्यूं र क्यानोला (रेपसीड) को गेडामा १ प्रतिशतमात्र भन्सार महसूल लाग्नेछ ।

(१५) मूल्य अभिवृद्धि करमा दर्ता भएका पोलिकोटिङ्ग पेपर र प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्ने उद्योगहरुले शीर्षक ३९.१९, ३९.२० र ३९.२१ को पोलिष्टर फिल्म, वि. ओ. पी. पी. फिल्म, एक्स्ट्रुटेड पोलिफिल्म पैठारी गरेमा १५ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल छुट दिइनेछ ।

(१६) शीर्षक १२.१२ मा पर्ने उखु र दाना तथा पशुपंक्षी उद्योगले पैठारी गर्ने उपशीर्षक २३०४.००.०० अन्तर्गत पर्ने भटमासको पिनामा लाग्ने कृषि सुधार शुल्कमा ५० प्रतिशत छुट हुनेछ ।

(१७) एल.पी. ग्याँस आयात गर्दा ६.७५ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(१८) उद्योगले पैठारी गर्ने शीर्षक ९०.२७ का सम्पूर्ण यन्त्र उपकरण एवं औजारहरु र तीनका पार्टपूर्जामा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(१९) शीर्षक ७१.०२ मा पर्ने हीरामा १ प्रतिशत र शीर्षक ७१.०१, ७१.०३, ७१.०४ र ७१.०५ मा पर्ने प्राकृतिक वा सम्वर्धित बहुमूल्य वा अर्ध बहुमूल्य पत्थरहरु पैठारी गर्दा २ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(२०) भाग ७१ को शीर्षक ७१.०८ मा पर्ने सुनमा प्रति १० ग्राम रु.१३०।- (एक सय तीस) र शीर्षक ७१.०६ मा पर्ने चाँदीमा प्रति १० ग्राम रु.३।- (तीन) मात्र भन्सार महसुल लाग्नेछ । साथै शीर्षक ७१.१३ मा पर्ने सुनका गहनामा १० प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(२१) शीर्षक ८४.६९, ८४.७१, ८४.७२, ८४.७३ र ८४.७६ मा पर्ने सबै मालवस्तुहरु, उपशीर्षक ८४४३.३२.०० मा पर्ने कम्प्यूटर प्रिन्टर, शीर्षक ८५.२३ मा पर्ने कम्प्यूटर हार्ड डिस्क तथा फ्लोपी डिस्क र शीर्षक ८५.२८ मा पर्ने कम्प्यूटरमा प्रयोग हुने मनिटरमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(२२) टायर उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने सम्पूर्ण कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थहरुमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(२३) शीर्षक ०९.०१ र २१.०१ मा पर्ने कफी तथा उपशीर्षक २७१०.१९.१९ मा पर्ने चिल्लो पार्ने तेल र बाक्लो तेल उत्पादनहरुमा ३५ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(२४) शीर्षक ६२.११ मा पर्ने साडी, लुङ्गी, सुतीको गम्छा र सुतीको धोती (जनाना/मर्दाना) मा ५ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(२५) उद्योग विभागको सिफारिसमा चाउचाउ उद्योगले आफ्नो उत्पादनमा प्रयोग गर्ने Palm Oil आयात गर्दा लाग्ने भन्सार महसुलमा २५ प्रतिशत छुट दिइनेछ ।

(२६) खाद्य उद्योगले आफ्नो उत्पादनको नाउँमा छपाई पैठारी गर्ने भाग ३९ अन्तर्गत पर्ने नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल्समा लाग्ने भन्सार महसुलमा २५ प्रतिशत छुट दिइने छ । यस्तो छुट प्रदान गर्दा नेपालमा उत्पादन नहुने भनी उद्योग विभागले प्रमाणित गरी छुट दिन सिफारिस गरेको हुनुपर्नेछ ।

(२७) बिटुमिन उद्योगले पैठारी गर्ने बल्क बिटुमिनमा लाग्ने भन्सार महसुलमा २० प्रतिशत छुट दिइनेछ ।

(२८) शीर्षक ५२.०८, ५२.०९ र ५२.१२ मा पर्ने सुती कपडा भारतबाट पैठारी हुँदा पाँच प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(२९) शीर्षक ८५.१७ मा पर्ने सेलुलर टेलिफोन सेट (मोबाइल फोन सेट) मा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(३०) भाग ३९ मा पर्ने प्लाष्टिक दाना (ग्रेनुअल्स) मा लाग्ने भन्सार महसुलमा २५ प्रतिशत छुट दिइनेछ ।

(३१) शीर्षक ३९.२० मा पर्ने फिलर मास्टर ब्याचमा लाग्ने भन्सार महसुलमा २५ प्रतिशत छुट दिइनेछ ।

१५. <u>नेपाल सरकारको सम्बन्धित निकायबाट प्रमाणित गरी सुविधा दिनु पर्ने सिफारिस भएमा देहायबमोजिमको पैठारीमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछः</u> (१) पर्यटन उद्योगको प्रचार तथा प्रवर्द्धनको लागि नेपालबाहिरबाट छपाई ल्याएको स्तरीय प्रचार सामग्री,

(२) वैकल्पिक उर्जाका स्रोत सम्बन्धी देहायबमोजिमका मालवस्तुहरुः

(क) वैकल्पिक उर्जाको स्रोत जस्तै हावाबाट विद्युत उत्पादन गर्ने हावा मिल र तिनका एसेसरिज र पार्टपूर्जा,

(ख) सौर्य शक्तिबाट विद्युत उत्पादन गर्ने उपकरण, तिनका पार्टपूर्जा, सोलार फोटोभोल्टिक ट्यूबलर ब्याट्री, सोलार फोटोभोल्टिक ट्यूबलर ब्याट्री र सफा टेम्पोको ब्याट्री

उत्पादन गर्ने आवश्यक पर्ने एन्टिमोनियल लिड एल्वाय इन्गट, लिड, ब्याट्री बक्स, सेपरेटर र ट्यूबलर ब्याग तथा सौर्यशक्तिबाट संचालन हुने अन्य संयन्त्र, उपकरण र पार्टपूर्जा,

(ग) गोबर ग्याँस लगायत बायोग्याँसका लागि आवश्यक पर्ने उपकरण जस्तै मेन ग्याँस भल्भ, गोबरग्याँस बत्ती, ग्याँस टेप (ब्रास) गोबरग्याँस चुल्हो र तिनका पार्टपूर्जा, रिडक्सन इल्वो र रवर होज पाइप,

(घ) गोबरबाट विद्युत उत्पादन गर्ने ब्याट्री बनाउने उद्योगले आयात गर्ने कच्चा पदार्थ (उद्योगको वार्षिक क्षमता र स्वीकृत स्कीममा तोकिएको परिमाणसम्म) सो ब्याट्री बनाउन आवश्यक कच्चा पदार्थहरु भनी उद्योग विभाग वा घरेलु उद्योग विभागबाट सिफारिस भई आएका कच्चा पदार्थहरु ।

(३) ट्रलीबस सेवा संचालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र, उपकरण, ट्रलीबस तथा त्यसका पार्टपूर्जाहरु,

(४) कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शित भण्डारको लागि आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु र थर्मोकोल,

(५) बालीनालीको लागिमात्र प्रयोग हुने भाग ३८ का कीटनाशक, ढुसीनाशक, झारपातनाशक, मुसानाशक औषधी र त्यसको कच्चा पदार्थ,

(६) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा सरकारी, सरकारी अनुदान प्राप्त र सामुदायिक अस्पतालले पैठारी गर्ने भाग ८४ र ९० का औषधीय एवं शल्यचिकित्सा सम्बन्धी यन्त्र उपकरण तथा औजारहरु, मुटुभित्र प्रत्यारोपण गरिने भल्भहरु, स्टेन्टहरु र पेस मेकरहरु,

तर यसरी पैठारी गरेका मालवस्तुहरु वारेण्टी वा ग्यारेण्टीको अवधिमा पैठारी गरेको मितिले १ वर्षभित्र मर्मत गर्न लैजांदा वा मर्मत गरी ल्याउंदा वा सोको सट्टा सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्दा त्यसमा भन्सार महसुल पूर्ण छुट हुनेछ ।

१६. <u>देहायका मालवस्तुहरुमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ</u> :

(१) पशुको चारा काट्ने मेशिन धान तथा गहुँ चुट्ने, निफन्ने थ्रेसर, पंखी, उपशीर्षक ८४३२.१०.००, ८४३२.२१.००,

८४३२.२९.००, ८४३२.३०.०० र ८४३२.४०.०० मा पर्ने कृषि तथा बागवानीमा प्रयोग हुने कल्टिभेटर, लेभलर, हलो, ह्यारो, वीउ तथा विरुवा रोप्ने (सिडर्स, प्लाण्टर्स, ट्रान्सप्लाण्टर्स), मल छर्ने (म्यान्योर स्प्रेडर्स र फर्टिलाइजर डिष्ट्रिब्यूटर्स) र उपशीर्षक ८४३३.५१.००, ८४३३.५३.०० र ८४३३.५९.०० मा पर्ने कृषि कार्यमा प्रयोग हुने हार्भेष्टिङ्ग सम्बन्धी यन्त्र तथा यन्त्रावलीहरु ।

(२) सिचाई कार्यमा प्रयोग हुने २ हर्ष पावरदेखि ८ हर्ष पावरसम्म शक्ति भएको इन्जिन सहितको पम्पिङ सेट र सोको साथमा पैठारी हुने होज पाइप ।

(३) तयारी पोशाक निर्यात गर्ने उद्योगहरुले पैठारी गर्ने भ्याकुम आइरनिङ टेवुल र स्टीम आइरन ।

(४) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने सेपरेटर, मिल्क चिलिङ भ्याट, लिक्वीड नाइट्रोजन, औद्योगिक रेफ्रिजरेटर, कन्टेनर र शीर्षक ८४३६ को इन्कुवेटर, फिडिङ प्लाण्ट, (सामान्य भाडावर्तनबाहेकका कुखुराको दाना खुवाउने विशेष किसिमका भाँडा) र कुखुरा पालन व्यवसायका लागि आवश्यक पर्ने सम्पूर्ण यन्त्र । यस्ता यन्त्र उपकरणहरु सि.के.डी. वा एस. के. डी. रुपमा पैठारी हुँदा द्विविधा पर्न गएमा पैठारी गर्दाकै अवस्थामा १ प्रतिशत भन्सार महसुल लिई बाँकी महसुल वापतको बैङ्क ग्यारेण्टी लिने र उक्त यन्त्रोपकरण जडान भइसकेपछि मेशिन ठहरिएमा उक्त बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ ।

(५) कफी परफुरेटर (शीर्षक ८५.१६), वीऊ विजन स्क्रिनिङ सर्टिङ सम्बन्धी मेशिन (शीर्षकहरु ८४.३७ र ८४.७४), मौरी पालन व्यवसायको मेशिन (शीर्षक ८४.३६), फलफूलको रस निकाल्ने मेशिन (शीर्षक ८४.३५), फुल सफा गर्ने मेशिन, मह छान्ने र रस छान्ने मेशिन (शीर्षक ८४.३३), सिंचाइमा प्रयोग हुने स्प्रिङ्कल र ड्रिप इरिगेशन सम्बन्धी उपकरणहरु ।

(६) चिया उद्योगले पैठारी गर्ने मेशिनरी (शीर्षक ८४.३८), उपकरण र पार्टपूर्जाहरु, स्प्रीङकल, ड्रिप इरिगेशन र सो सम्बन्धी सहायक सामग्रीहरु, चिया प्याकिङ्गमा प्रयोग हुने टी-चेष्ट ।

(७) दर्ता भएका मत्स्य फार्महरुले पैठारी गर्ने विभिन्न किसिमका तयारी जालहरु, जाल बनाउन प्रयोग गरिने नाइलन धागो र माछा पाल्ने तयारी केजहरु, पम्पसेट, ह्याककिट, एरेटर, हांसको चल्ला कटाउने इन्कुवेटर, मत्स्य विष एवं मत्स्य प्रजननका लागि आवश्यक हार्मोन ।

(८) कृषि, वागवानी तथा पुष्प फार्महरुले पैठारी गर्ने ग्रिन हाउस, सिंचाई उपकरण र यस्तै अन्य यन्त्र उपकरण ।

(९) मूल्य अभिवृद्धि करमा दर्ता भएका जेनेरेटर उत्पादन गर्ने उद्योगहरुले पैठारी गर्ने जेनरेटिङ पार्टस् ।

(१०) उद्योगहरुले प्रदूषण नियन्त्रणका लागि पैठारी गर्ने संयन्त्र र उपकरण ।

(११) भाग ५१ को पश्मीना धागो ।

(१२) कम्प्यूटरका प्रोग्राम सहितका कम्प्याक्ट डिस्कहरु ।

१७. <u>देहायका मालवस्तुहरु भारत र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिव्वतबाट पैठारी हुंदा भन्सार महसुल पूर्णरुपले छुट हुनेछः</u>

(१) भाग १ को जीवित जन्तु सबै,

(२) भाग ३ को शीर्षक ०३.०१ देखि ०३०४.९९ सम्मका मालवस्तुहरु,

(३) भाग ४ को शीर्षक ०४.०१ का उत्पादनहरु शीर्षक ०४.०७ का उत्पादनहरु शीर्षक ०४.०९ को अप्रशोधित प्राकृतिक मह,

(४) शीर्षक ०५.०६ का उत्पादनहरु,

(५) भाग ६ का सबै उत्पादनहरु,

(६) भाग ७ को उपशीर्षक ०७०३.२० मा पर्ने सुकाएको लसुन, उपशीर्षकहरु ०७१३.१०, ०७१३.२०, ०७१३.३१, ०७१३.३२, ०७१४.१०.०० र ०७१४.९० बाहेकका सबै उत्पादनहरु,

(७) भाग ८ को उपशीर्षकहरु ०८०१.१९, ०८०३.००, ०८०४.२० को ताजा अंजिर, उपशीर्षकहरु ०८०४.३०, ०८०४.४०, ०८०४.५०, शीर्षक ०८.०५ को सबै उत्पादन, उपशीर्षक ०८०६.१० र शीर्षक ०८.०७ देखि उपशीर्षक ०८१०.९० सम्मका उत्पादनहरु,

(८) भाग ९ को शीर्षक ०९.१० को कांचो अदुवा, उपशीर्षक ०९१०.३० को कांचो बेसार,

(९) भाग १० का खाद्यान्नहरु सबै,

(१०) भाग ११ को शीर्षक ११.०१ देखि उपशीर्षक ११०४.३० सम्मका उत्पादनहरु,

(११) भाग १२ को शीर्षक १२.०१ देखि उपशीर्षक १२०२.२० सम्मका उत्पादन, शीर्षक १२.०६, उपशीर्षक १२०७.२०, उपशीर्षक १२०७.४० र उपशीर्षक १२०७.९९ का उत्पादन। शीर्षकहरु १२.०८, १२.०९, १२.१० र १२.११, उपशीर्षकहरु १२१२.९१ र १२१२.९९ का उत्पादनहरु, शीर्षक १२.१३ र शीर्षक १२.१४ का उत्पादनहरु,

(१२) भाग १४ का सबै उत्पादनहरु,

(१३) भाग १५ को उपशीर्षक १५२१.९० का उत्पादन,

(१४) भाग १७ को शीर्षक १७.०१ को गुंड सख्खर,

(१५) भाग २३ का शीर्षकहरु २३.०४, २३.०५ र २३.०६ का सबै उत्पादनहरु,

१८. <u>पैठारीमा भन्सार महसुल पूर्ण छुट हुने</u> :

(१) भारतमा उत्पादन भई भारतबाटै पैठारी भएमा देहायका मालवस्तुहरुमा भन्सार महसुल पूर्ण छुट हुनेछ :

(क) भाग २५ र २६ का निम्न उपशीर्षकहरुका अप्रशोधित खनिज उत्पादनहरु:

| | | | | |
|---|---|---|---|---|
| २५०२०००० | २५०४१००० | २५०४९००० | २५१०१००० | २५१११००० |
| २५११२००० | २५१३१००० | २५१३२००० | २५१८१००० | २५१८२००० |
| २५१८३००० | २५१९९००० | २५२१०००० | २५२४१००० | २५२४९००० |
| २५२५१००० | २५२८१००० | २५२८९००० | २५३०९००० | २६०१११०० |
| २६०११२०० | २६०१२००० | २६०२०००० | २६०३०००० | २६०४०००० |
| २६०५०००० | २६०६०००० | २६०७०००० | २६०८०००० | २६०९०००० |
| २६१००००० | २६११०००० | २६१२१००० | २६१२२००० | २६१३१००० |
| २६१३९००० | २६१४०००० | २६१५१००० | २६१५९००० | २६१६१००० |
| २६१६९००० | २६१७१००० | २६१७९००० | | |

(ख) भाग २७ को शीर्षक २७.०९ को कच्चा पेट्रोलियम तेल र विटुमिन खनिजबाट प्राप्त कच्चा तेल।

(२) भारत लगायत अन्य मुलुकहरुबाट पैठारी हुने देहायका मालवस्तुहरुमा भन्सार महसुल पूर्ण छुट हुनेछः-

(क) निम्न उपशीर्षकहरुमा पर्ने मालवस्तुहरु :

| | | | | |
|---|---|---|---|---|
| ०५११९९१० | २५०१००९० | २७१६०००० | ४०१४१००० | ४४०११००० |
| ४४०१२१०० | ४४०१२२०० | ४४०१३००० | ४४०२१००० | ४४०२९००० |
| ४४०३१००० | ४४०३२००० | ४४०३४१०० | ४४०३४९०० | ४४०३९१०० |
| ४४०३९२०० | ४४०३९९०० | ४४०४१००० | ४४०४२००० | ४४०६१००० |
| ४४०६९००० | ४४०७१००० | ४४०७२१०० | ४४०७२२०० | ४४०७२५०० |
| ४४०७२६०० | ४४०७२७०० | ४४०७२८०० | ४४०७२९०० | ४४०७९१०० |
| ४४०७९२०० | ४४०७९३०० | ४४०७९४०० | ४४०७९५०० | ४४०७९९०० |
| ४९०२१००० | ४९०२९००० | ५००१०००० | ५१०१११०० | ५१०११९०० |
| ५१०१२१०० | ५१०१२९०० | ५१०१३००० | ५२०१०००० | ५२०२१००० |
| ५२०२९१०० | ५२०२९९०० | ५२०३०००० | | |

(ख) महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयको सिफारिसमा पैठारी हुने दृष्टिविहिनहरुले प्रयोग गर्ने सेतो छडी, (White cane) स्लेटस्टाइलस, ब्रेल नोटटेकर, ब्रेलो (ब्रेल प्रिन्टर), रङ्गसूचक, पानीसूचक र प्रकाशसूचक यन्त्रहरु, आवाज दिने थर्मामिटर, ब्रेल टाइपराइटर, ब्रेल घडी, एवाकस, मेग्नीफाइङ्ग ग्लास, ब्रेल कम्पास, ब्रेल पुस्तक, ब्रेल इम्वोसर, ब्रेल स्टेनसिल मेशिन ।

(ग) महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयको सिफारिसमा पैठारी हुने अपाङ्ग व्यक्तिहरुले प्रयोग गर्ने ह्वील चेयर, ट्राई साइकल, बैशाखीहरु, कृत्रिम अंगहरु, हेरिङ्ग एड एवं अपाङ्गहरुले प्रयोग गर्ने गरी विशेष किसिमले डिजाइन गरी बनाइएका स्कूटर एवं जुत्ताहरु ।

(घ) उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने इथाइलिन ग्लाइकोल (उपशीर्षक २९०५.३१.००) र टेरिप्याथेलिक एसिड र यस्का लवणहरु (उपशीर्षक २९१७.३६.००) ।

(ङ) उद्योग विभागले तोकेको हदसम्मका कच्चा पदार्थका खपत अनुपात, स्वदेशमा हुने उपभोग एवं विदेशमा हुने निकासीको आधारमा उद्योगले आयात गर्ने उपशीर्षक ३९०७.६०.०० मा पर्ने Pet Chips ।

१९. भाग ३१ को मलखादहरुको पैठारीमा भन्सार महसुल पूर्ण रुपमा छुट हुनेछ ।

२०. <u>**पैठारीमा भन्सार महसुल तथा कृषि सुधार शुल्क पूर्ण छुट हुने:**</u> देहायका मालवस्तुहरु पैठारी गर्दा भन्सार महसुल तथा कृषि सुधार शुल्क पूर्ण रुपमा छुट हुनेछ :

(क) शीर्षक ०१.०५ अन्तर्गत पर्ने माउ जाती (भाले पोथी) को चल्ला ।

(ख) पुष्प फार्महरुले पैठारी गर्ने फूलका विरुवा (Mother plants) कलमी विरुवाहरु, फूलको गाना तथा जराहरु र फूलको बीउ बीजन ।

(ग) कुखुराको दाना उत्पादन गर्ने उद्योग वा ह्याचरी फर्महरुले पैठारी गर्ने कुखुराको दानामा प्रयोग हुने शीर्षक ०५.०६ मा पर्ने हाडको धूलो र अवशेषहरु ।

(घ) नेपालमा जैविक मल उत्पादन गर्नेगरी दर्ता भएका उद्योगले जैविक मलको उत्पादनका लागि पैठारी गर्ने निमखली र अण्डीखली ।

२१. भाग ३२ का सिन्दूर, भाग ३९ र ७० मा पर्ने चुरा, टीका र टिकुलीमा भन्सार महसुल पूर्ण छुट हुनेछ ।

२२. जूट उद्योगहरुले पैठारी गर्ने भाग ५३ को कच्चा जूटमा भन्सार महसुल पूर्ण छुट हुनेछ ।

२३. परम्परागत पात्रो, नेपाल सरकारले पैठारी गर्ने अप्रकाशित हुलाक टिकट, पोष्टकार्ड, हवाईपत्र, टिकट छापिएको खाम, राहदानी, प्रश्नपत्र र अन्तःशुल्क टिकट, शीर्षक ४९.०१ तथा ४९.०३ का मुद्रित किताबहरु र शीर्षक ४९.०४ को किताबमा भन्सार महसुल पूर्ण छुट हुनेछ ।

तर नेपाली प्रकाशक, वितरक वा सोल एजेण्ट वा प्रतिलिपि अधिकार उल्लेख भएका पुस्तक नेपालबाहिरबाट मुद्रण गरी पैठारी गरेमा त्यसरी पैठारी भएको पुस्तकको छपाई मूल्य (कागज, मुद्रणमा लागेको खर्च, भाडा र बीमा जोडी हुन आउने मूल्य) मा दश प्रतिशत भन्सार महसुल लाग्नेछ ।

२४. <u>नेपाल सरकारको सम्बन्धित निकायबाट प्रमाणित गरी सुविधा दिनु पर्ने भनी सिफारिस भएमा देहायबमोजिमको पैठारीमा लाग्ने भन्सार महसुलमा निम्नानुसार आंशिक छुट हुनेछः</u>

(१) स्वदेशी प्रेस (मुद्रण) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि दफा १४ को (५) ले दिएको सुविधाको अतिरिक्त मेशिनरी पार्टपूर्जा तथा उपकरण छाप्ने टाइप ब्लक, प्लेट, शीट, ग्राफिक आर्ट, फिल्म, शीर्षक ९०.०६ अन्तर्गतका भर्टिकल क्यामरा, केमिकलहरु पैठारी गरेमा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट हुनेछ । साथै, यस्ता उद्योगले पैठारी गर्ने मसीको पैठारीमा भने ५ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(२) ट्राभल एजेन्सीले आफ्नो प्रयोगको लागि प्रोजेक्टर र फोटोकपी मेशिन एक/एक थान पहिलो पटक पैठारी गर्दा ५ (पांच) प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(३) ट्रेकिङ्ग एजेन्सीले आफ्नो प्रयोजनको लागि पाल (टेन्ट) आइस एक्स, क्याम्पन, पिटन, क्लाइम्बिङ रोप, क्लाइम्बिङमामात्र प्रयोग हुने मालवस्तुहरु, विशेष प्रकारका क्याम्पिङ क्रोकरी तथा कटलरी, रुकस्याक र फोटोकपी मेशिन एक थान पहिलो पटक पैठारी गर्दा ५ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ । साथै, यस्ता एजेन्सीहरुले सूचना तथा सञ्चार मन्त्रालयको सिफारिसमा पैठारी गर्ने संचार उपकरणमा समेत लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट हुनेछ । यसरी पैठारी हुने मालवस्तु मध्ये क्याम्पिङ क्रोकरी र कटलरीमा ट्रेकिङ्ग एजेन्सीको नाम र चिन्ह अङ्कित भएको हुनुपर्नेछ ।

(४) जलयात्राको व्यवसाय गर्ने राफ्टिङ्ग एजेन्सीले आफ्नो व्यवसाय संचालनको लागि फोटोकपी मेशिन १, रबर र मोटरको डुङ्गा १०/१० थान, हेलमेट १०० थान, प्याडल १०० जोर र बाटर प्रुफ क्यामरा कण्टेनर १० थान पहिलो पटक पैठारी गर्दा भन्सार महसुल ५ प्रतिशतमात्र लाग्नेछ ।

(५) नेपालमा छायाङ्कन गरिएको सिनेमाको फिल्म धुन वा प्रिन्ट गर्न वा डेभलप गर्न वा साउण्ड रेकर्ड गर्न वा प्रदर्शन गर्न अस्थायी निकासी गर्नु परेमा चलचित्र विकास बोर्डको सिफारिसमा भन्सार महसुल नलिई लगतमा राखी निकासी गर्न दिइनेछ । यस्तो फिल्म पुनः पैठारी गर्दा प्रतिमिटर रु.१।- मात्र भन्सार महसुल लाग्नेछ । तर विदेशमा प्रदर्शनका लागि लगिएको सिनेमा फिर्ता ल्याउंदा भन्सार महसुल लाग्नेछैन ।

साथै नेपालमा चलचित्र छायाङ्कन गर्नको लागि विदेशी नागरिकहरुले आफूसंग ल्याउने चलचित्र सम्बन्धी यन्त्र उपकरणहरु र सोसंग सम्बन्धित मालवस्तुहरु चलचित्र विकास बोर्डको सिफारिसमा पछि फिर्ता लैजाने शर्तमा भन्सार महसुल नलिई लगतमा राखी पैठारी गर्न दिन सकिनेछ ।

(६) स्थायी स्वीकृत प्राप्त ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी, राफ्टिङ्ग एजेन्सी र तारे तथा रिसोर्ट होटलले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा पैठारी गरेको लग्जरी कोच, माइक्रोबस र मिनिबसमध्ये जम्मा दुई थानमा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट हुनेछ ।

तर यसरी पैठारी हुने सवारी साधनहरु पैठारी भएको आठ वर्षसम्म निजी सवारीको रुपमा दर्ता गर्न वा नामसारी गर्न नपाइने र सवारी साधनमा बाहिरपट्टी त्यस्ता एजेन्सी वा होटलको नाम लेखिएको हुनुपर्नेछ । यस्ता सवारी साधन आठ वर्ष नपुगी नामसारी गरेमा नियमानुसार पूरै भन्सार महसुल लाग्नेछ र आठ वर्षपछि नामसारी भएमा भन्सार महसुल लाग्ने छैन । एकपटक यस्तो सुविधा उपभोग गरिसकेको आठ वर्ष व्यतित गरिसकेपछिमात्र पुनः यस्तो सुविधा प्रदान गरिनेछ ।

(७) तारे होटलहरुले स्वीकृत योजनाअनुसार होटेलको निर्माण वा क्षमता विस्तार वा स्तरबृद्धिका लागि वा पहिले पैठारी गरेका मालवस्तुहरु पुराना भई तिनलाई प्रतिस्थापन गर्नको लागि पैठारी गर्ने देहायका खण्ड (क) मा उल्लिखित मालवस्तुमा पाँच प्रतिशतमात्र भन्सार महसुल लाग्नेछः

(क) किचेन इक्यूपमेण्ट, लिफ्ट, एयरकण्डीसनिङ, फर्निचर एण्ड फिक्सचर्स, रंगहरु, कार्पेट, इलेक्ट्रिक इन्स्टलेशन एण्ड फिक्सचर्स, लण्ड्री तथा ड्राइक्लिनिङ, हाउसकिपिङ्ग इक्यूपमेण्ट, इलेक्ट्रिकल पार्टस, कम्प्रेसर एण्ड पम्पस्, लक्स एण्ड लकिङ्ग फर डोर्स, इलेक्ट्रिकल ट्रान्सफमर एण्ड जेनेरेटर्स, क्रकरी, ग्लास वेयर, कटलरी एण्ड टेवुलवेयर्स, सेनिटरी फिटिङ्ग र लिनेन्स ।

(ख) खण्ड (क) मा उल्लिखित मालवस्तुमध्ये क्रकरी, ग्लासवेयर, कटलरी, टेवुलवेयर, सेनिटरी फिटिङ्ग र लिनेन्समा होटेलको नाम र चिन्ह अङ्कित भएको हुनुपर्दछ ।

(ग) यस उपदफामा उल्लिखित सुविधा पाँच वर्षको अवधिमा एकपटकमात्र प्रदान गरिनेछ ।

२५. बारुण यन्त्र (दमकल) एवं ढलको फोहोर पानी प्रशोधनको लागि पैठारी हुने ट्रिटमेण्ट प्लान्ट, मेशिनरी र संयन्त्रहरुमा सम्बन्धित नगरपालिकाको सिफारिसमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

२६. फोहर मैला संकलन गरी पुनः उत्पादन गर्ने उद्योगहरुले पैठारी गर्ने गार्वेज कम्पाक्टर, गार्वेज कन्टेनर तथा फोहर मैला प्रशोधन गरी पुनः उत्पादन गर्ने मेशिनरीहरुमा सम्बन्धित नगरपालिकाको सिफारिसमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

२७. **डेमरेज सम्बन्धी व्यवस्थाः** (१) भन्सार कार्यालयले संचालन गरेको सरकारी गोदाममा राखिएका मालवस्तुहरुमामात्र भन्सार नियमावलीमा तोकिएको म्यादभित्र नउठाएमा डेमरेज (विलम्व) शुल्क असुल गरिनेछ ।

(२) भन्सार नियमावली, २०२६ को नियम १४ को उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि भन्सार कार्यालयको प्रमुखले भन्सार कार्यालयले संचालन गरेको सरकारी गोदाममा रहेको कुनै मालवस्तुमा लागेको डेमरेज (विलम्व शुल्क) मिन्हा दिनुपर्ने मनासिव कारण भएमा अधिकतम १ लाख रुपैयाँसम्ममात्र मिन्हा दिन सक्नेछ । सो भन्दा बढी डेमरेज मिन्हा दिनुपर्ने मनासिव कारण भएमा भन्सार कार्यालयका प्रमुखले आफ्नो राय सहित भन्सार विभागको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी पेश भएकोमा भन्सार विभागले मिनाहा दिनुपर्ने मनासिव कारण भएमा डेमरेज मिनाहा दिने गरी स्वीकृति दिन सक्नेछ । डेमरेज (विलम्व शुल्क) को अधिकतम हद उक्त वस्तुको मूल्यभन्दा बढी हुनेछैन ।

(३) भन्सार मूल्याङ्कन, मालवस्तुको वर्गीकरण एवं अन्य कुनै कारणले मालवस्तु जांचपास गर्न भन्सार कार्यालयलाई द्विविधा परी समयमा भन्सार जांचपास हुन नसकेको मालवस्तुको हकमा विलम्व शुल्क लाग्ने छैन । यसरी द्विविधा परेको कारण सम्बन्धित कार्यालयले तुरुन्त भन्सार विभागलाई दिनुपर्नेछ ।

२८. **विविधः**

(१) भन्सार कार्यालयहरुमा पैठारी तथा निकासीकर्ताले आर्थिक ऐनबमोजिम तिर्नु वुझाउनु पर्ने कर महसुलहरु भन्सार वर्गीकरण फरक परी वा गणितीय भूलबस वा अन्य कुनै कारणले छुट भएको पछि देखिन आएमा छुट भएको कर

महसुल तुरुन्त असुल उपर गरिनेछ । यसरी छुट भएको कर महसुल तुरुन्त नबुझाउने निकासी वा पैठारीकर्ताको कारोवार रोक्का गर्न सकिनेछ । निकासी पैठारीकर्ताले तिर्नु बुझाउनु पर्ने रकम भन्दा बढी महसुल असुल भएको प्रमाणित भएमा त्यस्तो बढी रकम सम्बन्धित निकासी/ पैठारीकर्तालाई फिर्ता गरिनेछ । यस्तो रकम फिर्ता माग गर्दा पैठारी भएको मितिले ६० दिनभित्र सम्बन्धित भन्सार कार्यालयमा निवेदन गरिसकेको हुनुपर्नेछ । रकम फिर्ताको लागि समयावधिभित्र निवेदन गरेकोमा फिर्ता पाउने ठहर भएको रकम ३० दिनभित्र फिर्ता दिइनेछ ।

(२) उद्योगले आफ्नो उद्योगको सञ्चालनको लागि आफैं प्रयोग गर्ने गरी उद्योग विभागको सिफारिसमा पैठारी गर्ने वा नेपालमा सञ्चालित आयोजनाहरुले आयोजना सञ्चालनको लागि पैठारी गर्ने पुराना मिल, मेशिनरी, यन्त्र, उपकरणहरु र हवाई सेवा कम्पनीहरुले हवाई सेवा संचालनको लागि पैठारी गर्ने हवाइजहाज, हेलिकोप्टर र तिनका इन्जिनबाहेक पुराना मालवस्तु पैठारी गर्न पाइने छैन ।

तर गुण्टा झिटी भारी आदेश अन्तर्गत पैठारी गर्न पाइने निजी प्रयोगका मालवस्तु र राहत तथा उद्धार कार्यका लागि अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त भई नेपाल सरकारको स्वीकृति लिई पैठारी हुने मालवस्तुमा यो उपदफा लागू हुनेछैन ।

(३) पैठारी भएका माल वा वस्तु भन्सार जाँचपास गरिसकेपछि त्यस्ता माल वा वस्तु लादिएका ट्रक, कन्टेनर (ढुवानी साधन) मा सम्भव भएसम्म सिलछाप लगाई प्रज्ञापनपत्रमा उल्लिखित गन्तव्य स्थलसम्म जान पाउँने गरी प्रमाणित गरिनेछ । सिलछाप लगाउँने प्रयोजनका लागि ढुवानी साधनमा सिलछाप लगाउँन सकिने गरी व्यवस्था गर्न पैठारीकर्तालाई भन्सार अधिकृतले आदेश दिन सक्नेछ । उपरोक्त अनुसार सिलछाप गरिएका ढुवानी साधन र त्यसमा रहेका माल वा वस्तु भन्सार बिन्दूदेखि गन्तव्य स्थलको बीचमा राजस्व अनुसन्धान विभागबाहेक अन्य निकायले खोल्न, हेर्न र जाँच्न पाउने छैन ।

(४) नेपालभित्र पैठारी हुने माल वा वस्तुको प्रतीतपत्र खोल्दाकै अवस्थामा माल वा वस्तुको किटानी (स्पेसिफिक) विवरण, वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति इकाई मूल्य र परिमाण, उत्पत्तिको मुलुक एवं यथासंभव मालवस्तुको प्रकृति अनुसार मोडेल नम्बर र कम्पनी समेत प्रतीतपत्र र विजकमा खुलाउनु

पर्नेछ । राजस्व असुलीमा नकारात्मक प्रभाव पर्ने गरी उपर्युक्तबमोजिमको विवरण नखुलाई प्रतीतपत्र खोल्ने वा विजक पेश गर्ने आयातकर्तालाई भन्सार अधिकृतले त्यस्तो मालवस्तुको भन्सार महसुल प्रयोजनका लागि निर्धारित मूल्यको १ प्रतिशत जरिवाना गरी आवश्यक विवरण माग गर्न सक्नेछ । यसरी प्राप्त विवरणका आधारमा पनि किटानी (स्पेसिफिक) हुन नसकेमा सो माल वा वस्तुको भौतिक परीक्षण गरी सोबाट प्राप्त किटानी विवरण भन्सार प्रज्ञापनपत्रमा उल्लेख गरी जाँचपास गर्नुपर्नेछ ।

(५) भन्सार ऐन, २०१९ र निकासी पैठारी (नियन्त्रण) ऐन,२०१३ बमोजिम भन्सार कार्यालयबाट जफत भई लिलाम गर्नुपर्ने मालवस्तुहरु, सवारी साधन यन्त्रोपकरण आदि लिलाम बिक्री गर्दा अन्य कानूनहरुमा जुनसुकै कुराहरु उल्लेख भएतापनि भन्सार ऐन नियममा उल्लेखित प्रावधान अनुसारनै लिलाम बिक्री गरिनेछ ।

(६) भारतबाट डि.आर.पी. वा इनवण्डको माध्यमबाट पैठारी हुनेमाबाहेक सबै मालवस्तुहरुको पैठारी बैकिङ्ग प्रणाली अनुसार गर्नु पर्नेछ । यस अनुसूचीको दफा ३ मा जुनसुकै कुरा लेखिएतापनि बैकिङ्ग प्रणाली अनुसार पैठारी गर्नुपर्ने मालवस्तुहरु सो अनुसार पैठारी नगरेमा उक्त छुट प्रदान गरिनेछैन ।

तर निकासी गर्दा र रु.१६०००।- सम्मको मालवस्तु पैठारी गर्दा बैङ्किङ प्रणाली अनिवार्य हुनेछैन ।

(७) चीनको स्वशासित क्षेत्र तिब्बतबाट मालवस्तुहरु पैठारी गर्दा देहायमा उल्लिखित मालवस्तु वस्तु विनिमय वा बैङ्किङ प्रणाली अनुसार र अन्य सबै मालवस्तु बैङ्किङ प्रणाली अनुसार गर्नुपर्नेछः

(क) कच्चा ऊन

(ख) जीवित भेडा च्यांग्रा

(ग) नून

(घ) चौरी गाई र चौरी गाईको पुच्छर

(ङ) गलैंचा

(च) जडीबुटी

तर निकासी गर्दा र रु.१६,०००।- सम्मको मालवस्तु पैठारी गर्दा बैङ्किङ प्रणाली अनिवार्य हुनेछैन ।

(८) ब्रुअरी कम्पनीले क्राउनकर्क पैठारी गर्दा आन्तरिक राजस्व कार्यालयको सिफारिसमामात्र पैठारी गर्नुपर्नेछ ।

(९) विद्युतीय यन्त्रबाट प्रशोधित भएको तथ्याङ्क अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेपछि मान्यता दिइनेछ ।

(१०) कुनै आयातकर्ताले मालवस्तु पैठारी हुनुपूर्व नै आवश्यक कागजात सहित घोषणा गरी महसुल बुझाउन चाहेमा उक्त मालवस्तु पैठारी हुनुपूर्व नै नियमानुसार लाग्ने महसुल बुझ्न सकिनेछ । यसरी महसुल बुझाइसकिएको मालवस्तु भन्सारमा आएपछि भन्सार कार्यालयले प्राथमिकताका साथ भौतिक परीक्षण गरी पूर्व घोषणा अनुसार मिल्न आएमा जाँचपास गर्नेछ ।

(११) भन्सार कार्यालयले छनौट प्रणाली अपनाई मालवस्तु जाँचपास गर्नसक्नेछ । यसरी छनौट गर्ने आधार अर्थ मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

(१२) तेस्रो मुलुकमा निकासी हुने मालवस्तु कुनै निकासीकर्ताले काठमाडौंमैं त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा जाँचपास गराई बन्द कन्टेनरमा भन्सारको सिलछाप लगाई स्थल मार्गस्थित भन्सार कार्यालयबाट निकासी गर्न चाहेमा भन्सार विभागले प्रकृया तोकी उक्त सुविधा प्रदान गर्नेछ ।

(१३) भन्सार नियमावली, २०२६ को नियम ६ बमोजिम मर्मतको लागि विदेशमा लैजाने मालवस्तुहरुमा उक्त नियमको उपनियम (२) बमोजिम हवाइजहाज, हेलिकोप्टर र सोको पार्टपूर्जामा मूल्यको ०.५ प्रतिशत र अन्य मालवस्तुमा मूल्यको ५ प्रतिशत धरौटी लिइनेछ ।

(१४) भन्सार नियमावली, २०२६ को नियम ६ बमोजिम मर्मतको लागि विदेश लगिएका मालवस्तु वा मेशिनरी पार्टपूर्जा उक्त नियमले तोकेको म्यादभित्र फिर्ता नल्याई सो अवधिपछि फिर्ता ल्याएमा नयाँ मालवस्तु पैठारी गरेसरह महसुल लाग्नेछ र पहिले राखिएको धरौटी फिर्ता हुनेछैन ।

(१५) कुनै ब्यक्ति, संस्था वा विदेशी नागरिकले कुनै खास कार्य प्रयोजनको लागि (ब्यापारिक प्रयोजनबाहेक) पछि फिर्ता लैजाने शर्तमा पैठारी गर्ने मालवस्तु सम्बन्धित मन्त्रालय वा दूतावासको सिफारिसमा बढीमा ३ महिनासम्मको लागि लगतमा राखी पैठारी गर्न दिन सकिनेछ । यसरी सिफारिस नभएको अवस्थामा

भन्सार विभागले औचित्य हेरी पछि फिर्ता गर्ने शर्तमा अवधि तोकी लाग्ने कर, महसुल तथा शुल्कहरु धरौटी लिई जाँचपास गर्न स्वीकृति दिन सक्नेछ । तोकिएको समयमा मालवस्तु फिर्ता गरेमा धरौटी रकम फिर्ता दिइनेछ ।

(१६) चीनको स्वशासित क्षेत्र तिब्बतबाट क्रेडिट सुविधा अन्तर्गत मालवस्तु पैठारी गर्दा राखेको धरौटी रकम फिर्ता पाउनको लागि उक्त मालवस्तु पैठारी गरेको मितिले ३ महिनाभित्र बैङ्किङ प्रणालीबाट भुक्तानी पठाएको प्रमाण पेश गरी धरौटी फिर्ता लिइसक्नु पर्नेछ । मालवस्तु पैठारी भएको मितिले ३ महिनाभित्र उपरोक्तबमोजिम फिर्ता नभएको धरौटी रकम सदरस्याहा गरिनेछ र त्यसमा पैठारीकर्ताको दाबी लाग्नेछैन ।

२९. **देहायका उपशीर्षक अन्तर्गत वर्गीकरण हुने साफ्टा सम्झौता अन्तर्गत नेपाल सरकारको सम्वेदनशील सूचीमा परेका मालवस्तुहरुमा लाग्ने पैठारी महसुल दरमा यस अनुसूचीको दफा ५क मा उल्लिखित छुट प्रदान गरिनेछैन । तर यस अनुसूचीका अन्य दफाहरुबाट लाग्ने भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएकोमा सोहीबमोजिम हुनेछ ।**

| | | | | |
|---|---|---|---|---|
| भाग-१ | | | | |
| ०१०४.२० | ०१०५.९४ | ०१०५.९९ | | |
| भाग-२ | | | | |
| ०२०४.१० | ०२०४.२१ | ०२०४.२२ | ०२०४.२३ | ०२०४.३० |
| ०२०४.४१ | ०२०४.४२ | ०२०४.४३ | ०२०४.५० | ०२०७.११ |
| ०२०७.१२ | ०२०७.१३ | ०२०७.१४ | ०२०७.२४ | ०२०७.२५ |
| ०२०७.२६ | ०२०७.२७ | ०२०७.३२ | ०२०७.३३ | ०२०७.३४ |
| ०२०७.३५ | ०२०७.३६ | | | |
| भाग-३ | | | | |
| ०३०१.१० | ०३०१.९१ | ०३०१.९२ | ०३०१.९३ | ०३०१.९४ |
| ०३०१.९५ | ०३०१.९९ | ०३०२.११ | ०३०२.४० | ०३०२.५० |
| ०३०२.६१ | ०३०२.६२ | ०३०२.६३ | ०३०२.६४ | ०३०२.६६ |
| ०३०२.६७ | ०३०२.६८ | ०३०२.६९ | ०३०२.७० | ०३०३.२१ |
| ०३०३.३१ | ०३०३.३३ | ०३०३.३९ | ०३०३.७६ | ०३०३.८० |
| ०३०४.११ | ०३०४.१२ | ०३०४.१९ | ०३०४.२१ | ०३०४.२२ |
| ०३०४.२९ | ०३०४.९१ | ०३०४.९२ | ०३०४.९९ | ०३०५.१० |
| ०३०५.२० | ०३०५.३० | ०३०५.४२ | ०३०५.४९ | ०३०५.५१ |

| | | | | |
|---|---|---|---|---|
| ०३०५.५९ | ०३०५.६१ | ०३०५.६२ | ०३०५.६३ | ०३०५.६९ |
| **भाग-४** | | | | |
| ०४०१.१० | ०४०१.२० | ०४०१.३० | ०४०२.१० | ०४०२.२१ |
| ०४०२.२९ | ०४०२.९१ | ०४०२.९९ | ०४०३.१० | ०४०३.९० |
| ०४०४.१० | ०४०४.९० | ०४०५.१० | ०४०५.२० | ०४०५.९० |
| ०४०६.१० | ०४०६.२० | ०४०६.३० | ०४०६.४० | ०४०६.९० |
| ०४०७.०० | ०४०९.०० | | | |
| **भाग-६** | | | | |
| ०६०३.११ | ०६०३.१२ | ०६०३.१३ | ०६०३.१४ | ०६०३.१९ |
| ०६०३.९० | | | | |
| **भाग-७** | | | | |
| ०७०१.१० | ०७०१.९० | ०७०२.०० | ०७०३.१० | ०७०३.२० |
| ०७०३.९० | ०७०४.१० | ०७०४.२० | ०७०४.९० | ०७०६.१० |
| ०७०६.९० | ०७०७.०० | ०७०८.१० | ०७०८.२० | ०७०८.९० |
| ०७०९.२० | ०७०९.३० | ०७०९.४० | ०७०९.५१ | ०७०९.५९ |
| ०७०९.६० | ०७०९.७० | ०७०९.९० | ०७१०.१० | ०७१०.२१ |
| ०७१०.२२ | ०७१०.२९ | ०७१०.३० | ०७१०.८० | ०७१०.९० |
| ०७११.४० | ०७११.५१ | ०७११.५९ | ०७११.९० | ०७१२.२० |
| ०७१२.३१ | ०७१२.३२ | ०७१२.३९ | ०७१२.९० | ०७१३.१० |
| ०७१३.२० | ०७१३.३१ | ०७१३.३२ | ०७१३.३३ | ०७१३.३९ |
| ०७१३.४० | ०७१३.५० | ०७१३.९० | | |
| **भाग-८** | | | | |
| ०८०१.३१ | ०८०१.३२ | ०८०२.११ | ०८०२.१२ | ०८०२.३१ |
| ०८०२.३२ | ०८०२.४० | ०८०२.६० | ०८०२.९० | ०८०३.०० |
| ०८०४.३० | ०८०४.४० | ०८०४.५० | ०८०५.१० | ०८०५.२० |
| ०८०५.४० | ०८०५.५० | ०८०५.९० | ०८०७.११ | ०८०७.१९ |
| ०८०७.२० | ०८०८.१० | ०८०८.२० | ०८०९.३० | ०८०९.४० |
| ०८१०.१० | ०८१०.९० | ०८११.१० | ०८११.९० | ०८१३.१० |
| ०८१३.२० | ०८१३.३० | ०८१३.४० | ०८१३.५० | |
| **भाग-९** | | | | |
| ०९०१.११ | ०९०१.१२ | ०९०१.२१ | ०९०१.२२ | ०९०१.९० |
| ०९०२.१० | ०९०२.२० | ०९०२.३० | ०९०२.४० | ०९०८.३० |

| | | | | |
|---|---|---|---|---|
| ०९१०.१० | ०९१०.३० | ०९१०.९१ | ०९१०.९९ | |
| भाग-१० | | | | |
| १००१.९० | १००५.१० | १००५.९० | १००६.१० | १००६.२० |
| १००६.३० | १००६.४० | | | |
| भाग-११ | | | | |
| ११०१.०० | ११०२.१० | ११०२.२० | ११०२.९० | ११०३.११ |
| ११०३.१३ | ११०३.१९ | ११०३.२० | ११०४.१२ | ११०४.१९ |
| ११०४.२२ | ११०४.२३ | ११०४.२९ | ११०४.३० | ११०५.१० |
| ११०५.२० | ११०६.१० | ११०६.२० | ११०६.३० | ११०७.१० |
| ११०७.२० | | | | |
| भाग-१२ | | | | |
| १२०१.०० | १२०२.१० | १२०२.२० | १२०४.०० | १२०५.१० |
| १२०५.९० | १२०६.०० | १२०७.४० | १२०७.५० | १२०७.९९ |
| १२१२.९१ | १२१२.९९ | | | |
| भाग-१५ | | | | |
| १५०७.१० | १५०७.९० | १५११.९० | १५१२.११ | १५१२.१९ |
| १५१२.२१ | १५१२.२९ | १५१४.११ | १५१४.१९ | १५१४.९१ |
| १५१४.९९ | १५१५.२१ | १५१५.२९ | १५१५.५० | १५१५.९० |
| १५१६.२० | १५१७.१० | | | |
| भाग-१७ | | | | |
| १७०१.११ | १७०१.९१ | १७०१.९९ | १७०३.१० | १७०३.९० |
| १७०४.१० | १७०४.९० | | | |
| भाग-१८ | | | | |
| १८०६.१० | १८०६.२० | १८०६.३१ | १८०६.३२ | १८०६.९० |
| भाग-१९ | | | | |
| १९०२.११ | १९०२.१९ | १९०२.२० | १९०२.३० | १९०५.१० |
| १९०५.२० | १९०५.३१ | १९०५.३२ | १९०५.४० | १९०५.९० |
| भाग-२० | | | | |
| २००१.१० | २००१.९० | २००२.१० | २००२.९० | २००३.१० |
| २००३.२० | २००३.९० | २००४.१० | २००४.९० | २००५.१० |
| २००५.२० | २००५.४० | २००५.५१ | २००५.५९ | २००५.८० |
| २००५.९१ | २००५.९९ | २००६.०० | २००७.१० | २००७.९१ |

| | | | | |
|---|---|---|---|---|
| २००७.९९ | २००८.११ | २००८.१९ | २००८.२० | २००८.३० |
